पौराणिक नारी परिचय

४
८४ पौ

– गोमा

पौराणिक नारी परिचय

लेखिकाः– गोमा

सम्पादिका
गार्गी

प्रकाशक
भगीरथ कापले "गौरव"
सुश्री गोपा कापले
सुश्री ग्रीष्मा कापले

प्रकाशक

भगीरथ काफ्ले "गौरव"
सुश्री गोपा काफ्ले
सुश्री ग्रीष्मा काफ्ले
क्षेत्रपाटी, काठमाडौं।

305.4
305.4
गो५८४पौ

प्रथमावृत्ति (२०४८ श्रावण)

सर्वाधिकार प्रकाशकमा सुरक्षित

मूल्य रू. १००।– (एक शय)

मुद्रकः– मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौं।

विषय–सूची

क्र.सं.	विषय	पृष्ठ
१.	अदिति	१
२.	अन्जना	५
३.	अनुसूया	८
४.	अहल्या	१३
५.	आत्रेयी	१७
६.	कयाधू	२१
७.	कालिन्दी	२६
८.	कुन्ती	३२
९.	केतकी–द्रौपदी	३९
१०.	कैकेयी	४८
११.	कौशल्या	५४
१२.	गान्धारी	६०
१३.	गुणवती–सत्यभामा	६६
१४.	जरत्कारू (नागकन्या)	७३
१५.	जाम्बवती	७८
१६.	जुन्हा एवं मदनमञ्जरी	८२
१७.	तारा	९३

१८.	दमयन्ती	९८
१९.	देवकी	१०४
२०.	देवहूति	११२
२१.	मदालसा	११७
२२.	महाश्वेता	१२२
२३.	मन्दोदरी	१२९
२४.	माद्री	१३५
२५.	यशोदा	१३९
२६.	रति	१४७
२७.	राधा	१५४
२८.	रूक्मिणी	१५८
२९.	लोपामुद्रा	१६३
३०.	वृन्दा	१६६
३१.	शतरूपा	१७२
३२.	शवरी	१७६
३३.	सन्ध्या–अरून्धती	१८४
३४.	सीता	१९१
३५.	सुमित्रा	२००
३६.	सुभद्रा	२०५
३७.	सुलोचना	२११

अदिति

अति तीव्रव्रत धर्म साधना शुभ निरस्त्र भएर तपोवनका बीचमा जुन महासतीले सती ज्योतिर्जगत् सृष्टिको उषाकाल प्राज्ज्वल्य गराइन् उनै देवीको नाम हो अदिति । उनले आफ्नो विभिन्न कठोर तप साधनाले गर्दा देवमाता बन्ने सौभाग्य पाएकी थिइन् । हिन्दू संस्कृतिको इतिहासमा उनको योगदान सदा सर्वदा अप्रतिम भएको छ । महासती अदितिले सबै दिशा देखाइन् जसमा साक्षात् भगवान् विष्णु स्वयं उनको पुत्रको रूपमा जन्म लिएकोले आफूलाई परम भाग्यमानी संझिन् ।

यो कथा सृष्टिको मिरमिरे उषा कालको हो । त्यसबेला देवयोनी पनि विकास भइसकेको थिएन । पृथिवी वनस्पतिले सिंगारिएको मात्र थियो । आकाशम भगवान सूर्यको आफ्नो अनन्त यात्रा भरखरै शुरू भएको थियो । सृष्टिको शुरूमा भगवती अदितिले दक्षप्रजापतिकी कन्या भएर अवतार लिएकी थिइन् । दक्षपुत्री अदितिले जन्मैदेखि सात्विक भावनाको ज्योतिर्मय आभूषण धारणा गरेकी थिइन् । प्रजापतिले आफ्नी अद्वितीय छोरी अदितिको सात्विकताको अनुरूप परम तपस्वी कश्यपका साथ विवाह सम्पन्न गरिदिए । कश्यप हरहमेशा लोकमङ्गल कार्यमा तल्लीन भएर आफ्नो तपोवनमा तपस्यामै मस्त हुन्थे । कश्यप जस्तो सर्वज्ञ पति प्राप्त गरेकीले अदिति आफ्ना पिताको समस्त धन सम्पत्ति एवं सुख शयललाई तिलाञ्जली दिई

अ फूलाईसमेत तपोवनको कठोर दिनचर्यामा मिलाउन समर्थ भइन् । भगवती अदितिले श्रेयप्रिय एवं आराध्यदेव उनै महर्षि कश्यप मात्र मान्दथिन् । उनैलाई आफ्नो आत्मीय देवता मानेकी थिइन् । उनले आफ्नो सम्पूर्ण तन मन अनुराग महर्षि कश्यपमा नै समर्पित गरेकी थिइन् । लोकमङ्गलका उद्दाम साधनामा निरन्तर तल्लीन भएका महर्षि यस्तो धर्म कर्म परायण पत्नी पाउँदा तपोवनका सम्पूर्ण चिन्तावाट स्वतन्त्र भएका थिए । उनको तपस्याको प्रकाशमान रथ अव्याहत रूपले सृष्टिको परम मङ्गलमय मार्गमा गतिशील भएर अगाडि वढिरहेको थियो ।

धर्माशास्त्रानुसार आमा अनुरूपका सन्तान हुन्छन् । त्यस्तै अदिति सात्विक स्वभावकी भएकी हुँदा उनका सम्पूर्ण देवपुत्र समेत सात्विक स्वभावकै भए । अदिति उग्र तपस्याका प्रभाव एवं कश्यप ऋषिका आशिर्वादले सम्पूर्ण देवताकी आमा बनिन् । महर्षि कश्यपकी अर्की पत्नीको नाम दिति थियो । दिति पतिपरायण थिइन् तापनि सांसारिक वैभवबाट अलग्गिन सकिनन् । त्यस्तै दितिका मानसिक इच्छानुसार उनका छोराहरू दैत्यराज भौतिकवादका अनुयायी भए । दैत्यहरूको स्वाभाविक प्रवृत्तिको कारणले गर्दा दैत्य देवताहरूको सात्विकतालाई देख्न सक्दैनथे । उनीहरू सदा सर्वदा देवताहरूप्रति ईर्ष्याको ज्वालामा दग्ध हुन्थे र देवताहरूलाई जुनसुकै कार्यमा पनि हराउने कोशिश गर्दथे । यसैगरी एक पटक देवता र दैत्यमा ठूलो संग्राम मच्चियो । देवताहरू हारे र उनीहरुको समस्त सत्ता दैत्यहरुले आफनो अधीनमा लिइ छोडे ।

आफना छोराहरुको यस्तो विपन्नावस्था देखेर अदिति ज्यादै चिन्तित भइन् । उनी आफना पतिको प्रत्येक पल कल्याण चाहन्थिन् त्यसैले उनको तपस्यामा विघ्न पार्न चाहन्थिन् । छोराहरूको कल्याणका लागि स्वयं अदितिले उग्र तपस्या गर्न लागिन् । उनी भगवान सूर्यकी उपासिका भएकीले सूर्यकै सकेसम्म आराधना गरिन् । अदितिको यस्तो घोर तपस्याले द्रवित भएर ज्योतिपुञ्ज भगवान सूर्य अदितिका सामू प्रकट भए । अनि अदितिका

इच्छानुसार सूर्यले वरदान दिए, "म स्वयं तिम्रो पुत्रको रूपमा अवतरित हुनेछु र आफ्नो परम तेजले दैत्यहरूलाई भष्म गर्नेछु ।"

तपस्या जनित वरदान अनुसार भगवती अदिति गर्भवती भइन् । गर्भस्थ सन्तान सात्विक गुणले युक्त हुनाको कारणले गर्दा समस्त उग्रवत धारण गर्न लाग्यो । अदितिले पनि कृच्छ एवं चन्द्रायण व्रतको विधिनुसार पालन गरिन् । देवीको यस्तो उग्र साधना देखेर महर्षि कश्यप चिन्तित भए । यस्तो कठोर साधनाले गर्दा गर्भस्थ शिशुको समेत मृत्यु हुने सम्भावना थियो । त्यसैले महर्षि अलि रिसाएर भने– "तिमीले गर्भको बालक-लाई मार्न ता आटिनौं ?"। अदितिले ज्यादै विनम्रतासाथ आफ्नो गर्भको हत्या हुनै सक्दैन भनिन् । यदि विश्वास लाग्दैन भने हेर्नुहोस् भनेर आफ्नो गर्भको नवजात शिशुलाई सुरक्षासाथ बाहिर निकालिन् । त्यस बालकको तेजले गर्दा समस्त तपोवन प्रज्वलित भयो । अनि महर्षि कश्यपले "मारित्व अण्डम" को उच्चारण गर्नासाथ उनका शब्द अनुसार अदितिले पनि शिशुलाई प्रकट गराइन् । त्यस बालकको नाम मार्तण्ड राखियो । कालान्तरमा देवता र दैत्यका बीचमा पुनः ठूलो संग्राम हुँदा देवताहरूको नेतृत्व मार्तण्ड भगवानबाट भएको थियो । युद्धमा मदोन्मत्त दैत्य मार्तण्डका प्रज्ज्वलित तेजका सामु सबै भष्म खरानी भए ।

शास्त्रमा भगवती अदितिका परम तेजका सम्बन्धित धेरै कथाहरू छन् । यस्तैमा पुनः एक पटक कालचक्र विपरित दिशामा घुम्यो । अनि देवताहरू दैत्यबाट फेरि पराजित भए । भगवती अदितिको मन फेरि शोक समुद्रमा डुब्यो । महर्षि कश्यपले पनि आफ्नो समाधि त्यागेर तपोवनको कुशलताको विषयमा जिज्ञासु बने । महर्षिले अदितिसंग आश्रमका विषयमा सोधपुछ गरे । अदितिले पनि आफ्नो मार्मिक वेदना महर्षिलाई सुनाइन् र देवताहरूको दुःख पार लगाई दिने अनुरोध गरिन् । महर्षिले अदितिलाई भगवानको आराधना गर, उनैले मात्र दुःख संकष्ट हटाउने छन् भने । देवीले मेरा निमित्त तपाई नै भगवान हुनुहुन्छ भन्दा महर्षिबाट फेरि एक पटक

प्रचण्ड तपस्या गर्नलाई प्रेरित गरियो । कश्यपले अदितिलाई परम दुर्लभ दुसाध्य पयोव्रत धारण गर्ने आदेश दिए । श्रीमद्भागवतको अष्टम स्कन्धमा अदितिको परम कठोर साधना एवं पयोव्रतको विस्तृत उल्लेख गरिएको छ । उनको आराधनाको फलस्वरूप साक्षात् भगवान नारायण स्वयं अदितिका पुत्रको रूपमा अवतरित भए । यही वेला वामनावतारको रूपमा विश्व विश्रुत भएको पाइन्छ ।

भगवान् वामन स्वयंबाट राजा वलिको यज्ञमा तीन पाउ जमीन मागिएको हो । वलिका स्वीकृति पश्चात् वामनले आफ्नो विराटरूप धारण गरेर दुई पाउले नै समस्त विश्व ढाके । तेश्रो पाउ स्वयं वलिको शिरमा राख्दा स्वर्गको इच्छा गर्ने दैत्यराज वलि सुतल नामक पातालमा निवास गर्ने भए ।

यसरी तीनै लोकमा भगवती अदितिको धर्मको तेज छाएको छ । उनी अजर अमर भएर निरन्तर परमेश्वरका सेवामा लीन भएकी छन् । आफ्नो पावन मनोवृत्तिका कारणले गर्दा उनी देवताकी आमा मात्र नभई साक्षात् भगवान विष्णुकी आमा वन्ने सौभाग्य पाइन् । उनी नारीत्वको आदर्श एवं सतीत्वको तेजपुञ्ज राशी हुन् । उनै अदितिका तेजपुञ्ज राशीले कोटि कोटि रश्मि निसृत भएरै विश्वमा सात्विकताको ज्योति फैलिएको छ । अदितिको तेजपुञ्ज सतीत्व साधना एवं त्यागमय ज्योति विश्वको अस्तित्व छउन्जेल आर्य नारीहरूले ग्रहण गरिरहने छन् ।

आमा अन्जना

जय जय आमा अञ्जना पावन सती महान्
जन्मे जसका गर्भबाट पुत्र रूप हनुमान् ।

जसको हृदयासनमा मर्यादा पुरूषोत्तम राम विराजमान भएका छन् उनै रूद्रावतार रामदूत पवन कुमार हनुमानलाई सबैले शिर झुकाउँछन् । यस्ता जगत्वन्द्य हनुमानलाई जन्माउने परम साध्वी पतिपरायण आमा अञ्जनालाई नचिन्ने को होलान् ?

सती अञ्जनाको चरित्र नारीहरूका लागि अतिनै आदर्श मानिन्छ । उनले आफ्नो अलौकिक कामद्वारा गौरवको जुन स्वर्ण शिखरको सृजना गरेकी छन् त्यही नै हाम्रो अविनश्वर संस्कृतिको स्वर्णकोष मानिन्छ । देवी अञ्जना पूर्व जन्मकी पुजिकास्थली नामकी अपसरा थिइन् । एक पटक देवराज इन्द्रको सभामा परम तपस्वी एवं क्रोधका साक्षात् प्रतीक महात्मा दुर्वासा आएका थिए । महर्षिको स्वागतमा उनका सम्मुख सबै शान्तिपूर्वक खडा थिए । त्यहाँ पुजिकास्थली पनि थिइन् । तिनी कुनै कामले गर्दा दुई चार पटक सभा भवनबाट बाहिर निस्किन् । अब महर्षिलाई चाहियो के ? उनलाई रिस उठ्नसम्म उठ्यो । उनले पुजिकास्थलीलाई उल्टीखेरै सराप दिइहाले, "मेरो घोर अपमान भएको बुझिन्छ । तिमीले यस चञ्चलताको सजायँ अवश्य भोग्ने छौं । तिमीले बाँदर्नीको रूप धारण गर्नु परोस् ।"

महर्षिको सराप सुनेर सभामा हाहाकार भयो । सबैले उनलाई अनुनय विनय गरे । आखिर दुर्वासाको मन पग्ल्यो र भने– "मेरो सराप कहिल्यै निस्फल हुँदैन । तर तिमी आफ्नो इच्छानुसार कुनै पनि रूप धारण गर्न सक्ने छौ । अनि तिम्रो यश तीनै लोकमा फैलिने छ ।"

महर्षिका सरापले गर्दा उनै पूजिकास्थली अप्सरा वानर श्रेष्ठ वीरजकी छोरी भएर जन्मिन् । देवी अञ्जनाको जन्म वाँनर वंशमा भए तापनि उनले आफ्नो इच्छा माफिक रूप धारण गर्न सक्दथिन् । जब उनी विवाह योग्य भइन्, उनका पिताले अञ्जनाको विवाह महावली केशरीका साथ गरिदिए । परम रूपवती एवं सदाचारिणी पत्नी पाएर केशरी आफूलाई धन्य सम्झन्थे । यिनै दम्पतिबाट हनुमान जस्ता पुज्य पुत्र प्राप्त भएका हुन् । हनुमानको जन्मको कथा पनि निकै रोचक छ ।

एक पटक परम प्रतापी केशरी देश भ्रमण गर्न घरबाट निस्केर घुम्दा घुम्दा प्रभास तीर्थका नजीकै पुगे । त्यहाँ ठूल ठूला विद्वान् ऋषि मुनि एवं महात्मा एकत्र भएर कोही नुहाइरहेका थिए त कोही ध्यानमा तल्लीन भएका थिए त कोही तर्पण दिइरहेका थिए । ठीक त्यही बेला एउटा शंख-सबल नामक उन्मत्त हात्तीले ऋषिहरूलाई झम्टेर मार्न लाग्यो । ती ऋषिहरू मध्ये महात्मा भरद्वाज पनि थिए । त्यसबेला भरद्वाज आफ्नो आशनमा शान्त भएर बसेका थिए । त्यस दुष्ट हात्तीले उनलाई पनि झम्टनै लाग्यो । वीर श्रेष्ठ केशरीले यो घटना देखिरहेका थिए । अनि भयंकर सिंहनाद गर्दै त्यस मत्ता हात्तीतिर कुद्दै गए । दुवैमा भयंकर द्वन्द चल्यो । केही बेर घमासान भएपछि महावली केशरीले त्यस हात्तीको दुईटै उज्ज्वल दाँत उखेलेर मारिदिए ।

हात्ती मारे पछि मुनि श्रेष्ठ भरद्वाजले प्रसन्नतापूर्वक वरदान माग भने । केशरीले हात जोडेर–भने "हे महात्मन ! पवन जस्तै पराक्रमी एवं रूद्र समान महा दुर्धर्ष, शत्रुहरूका लागि सदा अजेय एवं इच्छारूप धारण गर्न सक्ने छोरा पाऊँ" । त्यहाँ भएका स बै ऋषिहरू खुशी भएर "एवमस्तु" वचन दिए ।

एक दिन देवी अञ्जना परम सुन्दर मानवी रूप धारण गरी दिव्य वस्त्रालंकारहरूले आभूषित भएर पर्वतका टाकुरामा घुमिरहेकी थिइन् । त्यसबेला भुवन भास्कर अस्ताचलतिर जाँदै थिए । अस्ताचलगामी सूर्यको अरुणिमा शोभा निहारेर अञ्जना देवी आनन्दले विभोर भएकी थिइन् । त्यसै बेला एक अनौठो घटना घट्यो । पर्वत शिखरका समस्त रुख, बिरुवा, लता आदि शान्त थिए । एउटा पात मात्र पनि हल्लेको थिएन । तर अञ्जना देवीका नजिक भने बतासको प्रबल वेग थियो । उनले लगाएका लुगा वस्त्र केही उडेका थिए । उनलाई यो कुनै मायावी राक्षसको जाल चक्र हुनु पर्दछ भन्ने शंका लाग्यो र क्रोधित भएर "कुन दुष्ट नराधम लुकी लुकी म पति-परायण नारीको अपमान गर्दै मेरो शरीर स्पर्श गरिरहेको छस् ? यदि तँ देखा पर्दैनस् भने म तँलाई अहिल्यै सराप दिन्छु" भनिन् । सत्यवादी अञ्जनाको सराप दिने कुरा सुनेर पवन देवता देखा परेर हात जोड्दै भने "हे देवी ! म जगत्को स्वास रूप पवन हुँ, त्यसैले म सराप भोग्न योग्य होइन । मैले कुनै दुर्भावनाबस तपाईको पवित्र शरीरलाई स्पर्श गरेको होइन । महात्माहरूका प्रेरणाले नै मैले केवल बाह्य रूपले तपाईको शरीरमा स्पर्श गरेको हुँ । स्पर्शद्वारा महादुर्धर्ष भगवान स्वयं तपाईको शरीरमा प्रविष्ट भइसकेका छन् । ऋषिहरूले तपाईको परम पराक्रमी पतिलाई म समान पराक्रमी एवं गतिशील, भगवान रुद्र समान अजेय पुत्र प्राप्तिको वरदान दिएका थिए । त्यसैले तपाई मसँग नरिसाउनु होस् ।"

केही महीना पश्चात् प्रातः कालीन सूर्य बिम्ब समान तेजस्वी पुत्र देवी अञ्जनाको गर्भबाट जन्मे । हनुमान जस्ता दुर्धर्ष दुष्ट विनाशक र रामको अटल भक्त सुपुत्र जन्माएकीले आमा अञ्जना लोक पूज्या बनिन् । आफ्नो सतीत्व एवं सदाचारका शक्तिले नै उनले यस्ता तेजस्वी पुत्रकी आमा हुने सौभाग्य प्राप्त गरिन् । अञ्जनाको सत्चरित्र आर्य नारीहरूका लागि अनन्त कालसम्म अनुकरणीय हुनेछ ।

देवमाता अनसूया

सती अनसूया स्वायम्भू मनुकी नातिनी, देवहुति एवं महान् तपस्वी कर्दम ऋषिकी छोरी तथा साँख्य शास्त्रका प्रवर्तक भगवान विष्णुको अवतार सिद्धेश्वर कपिलकी जेठी दिदी थिइन् । ब्रह्माजीका मानस पुत्र अत्रि ऋषिसंग अनसूयाको विवाह भएको थियो । महासती अनसूयाको तपस्या साधन पराकाष्ठामा पुगेको थियो । उनले सर्वप्रथम पातिव्रत्य धर्मलाई नै सर्वश्रेष्ठ आचरणको रूपमा स्वीकारेकी थिइन् । यस्ता उनको महिमा गाएर साध्य नै छैन । यदि समस्त पृथिवी कागज, समुद्र मसी एवं कल्पवृक्ष कलम बनेर साक्षात् सरस्वतीले नै लेखन बसे तापनि अनसूयाको गौरव गरिमामयी गाथा लेखेर साध्य हुँदैन । यो कुनै अतिशयोक्ति होइन । परम पवित्र सतीत्वको तेज एवं पातिव्रत्य धर्मका प्रभावले सृष्टिका सृजनकर्ता ब्रह्मा, पालन कर्ता विष्णु, संहारकर्ता शिव पनि छ छ महीनाका बालक बनेर कोक्रोमा खेल्ने बनेका थिए । अनि तीनैजना महादेवीहरूले एकै स्वरमा महादेवी अनसूयाको गौरव गान गरेका थिए ।

अनसूया सती शिरोमणि पतिव्रता धर्मकी साधिका मध्ये एक थिइन् । उनको आश्रममा तीनैजना महान् देवताहरू शिशु बनेर कोक्रोमा आनन्दित भई बालक्रिडा गरेका थिए । अनसूयाको एक वाक्य थियो—"यदि मेरो पातिव्रत्य धर्म सत्य छ भने,अनि मैले मेरो पति बाहेक सपनामासम्म पनि परपुरुषको कल्पना नगरेको भए यी आगन्तुक महात्मा छ छ महिनाका

शिशु बनून् ।" महासती अनसूयाको मुखबाट यो वाक्य निस्कनासाथ साधुवेश धारी त्रिदेव तुरुन्त शिशु रुपमा परिणत भए । ब्रह्माको सम्पूण सृजन शक्ति, विष्णुको पालन शक्ति एवं शिवको संहार शक्तिनै असमर्थ भयो । सती अनसूयाले नै मातृत्वको पालन गरिन् । अनसूया ज्यादै महिमामयी नारी थिइन् । उनको आफ्ना पति महर्षि अत्रिका लागि गङ्गाको एक धारा मन्दाकिनीलाई चित्रकूटमै उतारेकी थिइन् ।

महर्षि अत्रि लामो समयदेखि पद्मासन बाँधेर र समाधि कसेर बसेका थिए । महर्षिको समाधिमा पनि अनसूया उनकै सेवामा तल्लीन थिइन् । अन्य गृहकार्य तथा स्वयं आफ्नो हेरविचार पनि बिर्सेकी थिइन् । चित्रकूटमा कैयौं वर्षदेखि अनावृष्टि परेको थियो । वर्षा शून्य भएकोले कतै हरियो घाँस पात एवं झार केही उम्रेको थिएन । तर यही बेला आफ्नो समाधि भङ्ग गरेर महर्षि अत्रिले अनसूयासंग पानी ल्याउ भनेर कमण्डलु उचाले । विचरी अनसूया के गरुन् ? तर तुरुन्तै आश्रमबाट बाहिर निस्केर आफ्नो महनीय चरित्रको प्रभावले गङ्गालाई पुकारेर आराध्य अर्चनाको लागि पानी मागिन् । गङ्गा प्रसन्न भएर एकै क्षणमा त्यहाँ सयौं जल धारा झरेर सबै एकै ठाउँमा मिलेर मन्दाकिनीको एउटै धारा बन्यो । खडेरीले सुख्खा भएको ठाउँमा चारैतिर हरियाली छायो, अत्रि पनि छक्क परे। यसरी एक आदर्श धर्मावलम्बी नारीको प्रभावले चित्रकूटमा मन्दाकिनी समेत ओराली छोडिन् ।

एक पटक लक्ष्मी, सरस्वती एवं पार्वती तीनै जना आफ्नो पातिव्रत्य धर्ममा अभिमानी बनेका थिए । उनीहरू जस्ता पतिव्रता नारी तीनै लोकमा कोही छैनन् भन्ने पक्का थियो । भगवान भक्तहरूको अभिमान हटाएर समानता ल्याउँछन् । त्यसकारण त्रिदेवीहरूको घमण्ड टोड्न नारद मुनिलाई हार्दिक प्रेरणा भरिदिए । यसले गर्दा देवर्षि नारद आफ्नो वीणा बजाउँदै वैकुण्ठ धाममा पुगे । लक्ष्मीले खुसी हुँदै नारदको स्वागत गरेर सोधपूछ गरिन् । नारद छुल्याई लगाउने कलामा

निपूण थिए। उनले भने "माता म सती शिरोमणी अनसूयाका आश्रमवाट आउँदैछु। उनको पातिव्रत्य धर्म देखेर आश्चर्य मानेको छु। सारा ऋषि-मुनिहरूले आफ्ना शिर झुकाएर उनको वन्दना गरेका छन्।" अनि लक्ष्मीले फेरि सोधिन्– "के अनसूया मभन्दा पनि वढी पतिव्रता छन् ?" नारदले जवाफ दिए, "आमा ! पतिव्रता अनसूयाको अगाडि तपाई केही होइन, उनी महान् पतिव्रता छन्।" यति भनेर नारद ऋषि त्यहाँवाट हिडिहाले। छुल्याई गर्ने उनको वानी नै थियो सो पूरा भइहाल्यो। अनि लक्ष्मीको मनमा विभिन्न कुरा खेल्न लागे। अव कसरी अनसूयाको पतिव्रता धर्मलाई भङ्ग गरौं भन्ने चिन्ता गर्न लागिन् लक्ष्मी। यस्तै विचारले उनी रिसले क्रुद्ध भएर वसेकी थिइन्। एक छिन पछि भगवान् विष्णु आएर लक्ष्मी किन दिक्क भइन् भनी सोधे। अनि लक्ष्मीले सरोषपूर्ण अनुरोध गरिन् "यदि तपाईको हृदयको एक कुनामा मेरो स्थान छ भने जसरी हुन्छ अनसूयाको पतिव्रता धर्म भङ्ग गरिदिनु होस्।" विष्णुले सवै कुरा थाहा पाए। लक्ष्मीलाई खुशी गराउन गरुडमा वसेर अनसूयाको आश्रम चित्रकूटतिर गए।

अनि अर्कोतिर नारद कैलाशमा पुगे। पार्वतीले नारद ऋषिलाई लड्डू खान दिइन्। प्रशंसा गरेपछि नारदले फेरि उनको मनमा आगो सल्काए। नारदले भने "माता ! जत्तिको स्वाद सती अनसूयाले वनाएको लड्डूमा थियो उत्तिको स्वाद यसमा छैदैछैन।" नारदले अनसूयाको पतिव्रता धर्मको प्रशंसा हृदयदेखि गरेका थिए। त्यस पछि मुनिले जोड दिदै पातिव्रत्य क्षेत्रमा तपाई अनसूयाका पाउको धूलाको कण जति पनि हुनुहुन्न भन्दै नारद त्यहाँवाट गईहाले। यसैले गर्दा पार्वतीका मनमा आगाको राँको सल्क्यो। उनी शिवका साम् गएर आफ्नो रोष व्यक्त गर्दै अनसूयाको पातिव्रत्य धर्म भङ्ग गर्न विन्ति गरिन्। महान् परम् ज्ञानी भोले वावा शिवजीले अनसूयाप्रति सती पार्वतीको रोष सम्झेर उनलाई धेरै सम्झाए। तर केही नलाग्दा नतमस्तक भएर चित्रकूततिर लागे।

यता नारद ब्रह्मलोकमा पुगे । आमा सरस्वतीलाई प्रणाम गरेपछि त्यही विष-वीज सरस्वतीको मनमा रोपिदिए । सरस्वतीले नारदसँग विभिन्न कुराकानी गर्दागर्दै ऋषिले अनसूयाको प्रशंसा गर्दै भने– "तपाई जगतमाता हुनुहुन्छ, तापनि अनसूयाका सामूमा तपाई केही पनि हुनुहुन्न ।" नारदका कुराले सरस्वतीको मनमा कस्तो कस्तो लाग्यो र निकै ग्लानी पनि भयो । अनि तुरुन्त ब्रह्माजीलाई बोलाइन् र रुँदै अनुरोध गरिन्–"अनसूयाको पातिव्रत्य धर्म जसरी हुन्छ भङ्ग गरिदिनु होस्, त्यस पछि मात्र म खुशी हुनेछु ।" ब्रह्माले अनसूयाका बारेमा कति सम्झाए तैपनि सरस्वतीले आफ्नो जिद्दी छाडिनन् । आखिरमा ब्रह्माजी चित्रकूटतर्फ जानै पऱ्यो ।

तीनै आदि देवता अत्रिका आश्रममा पुगे । त्यसवेला महर्षि अत्रि आश्रममा थिएनन् । तीनै देवता साधु वेशमा गएका थिए । अनि आमा अनसूयाको सामुमा गए र उनले यथोचित सम्मान सम्गरिन् । तर तीनै जनाले आतिथ्य स्वीकारेनन् । आतिथ्य स्वीकार नगर्नाको कारण सोध्दा तीनै जनाले एकै स्वरमा भने– " तपाई निर्वस्त्र भएर हाम्रा सामू आए-पछि मात्र तपाईको आतिथ्य स्वीकार्ने छौं ।" उनी धर्म सङ्कटमा परिन् । त्यसवेला उनको सतीत्वको कठोर परीक्षा थियो । एकातिर तीनैजना सृष्टि नियन्ता छन् भने अर्कातिर आर्य हिन्दू एउटी महासती ।

सती अनसूयाले आफ्नो पातिव्रत्य धर्मको लागि प्रतिक्षा गर्दै सोचिन्, "यदि यिनीहरूलाई छ छ महिनाका शिशु बनाएँ भने तिनीहरूका सामुन्ने निर्वस्त्र भएर जानलाई मेरो सतीत्व नष्ट हुँदैन ।" उनले सङ्कल्प मात्र के गरेकी थिइन् सतीत्वको विजय प्राप्त भैहाल्यो । अनि पूर्ण महा-शक्तिहरूमा तीनैजना अधिष्ठाता शिशु रूपमा परिणत भई असहाय बनेर बाल क्रिडा गर्न लागे । महासती अनसूयाले आफ्नो प्रतिज्ञा पूरा गरिन् । तिनीहरूलाई पालैपालो गरेर स्तन पान गराइन् । त्यही वेला महर्षि अत्रि पनि आइपुगे । अनसूयाले यी तीनै जना शिशु तपाईका छोरा हुन् भन्दै ऋषिका काखमा क्रमश राखिदिइन् । ऋषिले पनि सबै रहस्य बुझेर

आनन्दित भए ।ती तीनैजना सृष्टि नियन्ता शिशुरुप धारण गरेर अनसूयाका आश्रममा रहे ।

उता तीनैजना देवीहरू आफ्ना पतिहरू नफर्केकोले चिन्तित थिए । केही महिना वितेपछि ती तीनैजना सती अनसूयाका आश्राम बाहिर गए । तर भित्र जान भने साहस गरेनन् । वल्ल तल्ल भित्र पसेर अनसूयाका पाउ परेपछि आफ्ना पतिका वारेका सोध खोज गरे । अनसूयाले सुतेका वालकको कोक्रातिर इसारा गरिन् ।

सतीको सत भङ्ग गर्न आएका दत्तात्रय आज उनैका आश्रमको कोक्रोमा वालक्रिडा गर्दै खेलेको थिए । तीनै जना देवीहरूले सती अनसूयासंग धेरै अनुनय विनय गरेपछि अनसूयाले मन्त्रयुक्त जल शिशुहरूलाई छर्दिन् । त्यसपछि तीनैजनाले पूर्ववत रुप धारण गरे । अनसूयाले पनि तीनैजना देवताको स्तुति गरिन् । उनको स्तुतिले प्रशन्न भएर तीनै देवताले अनसूयालाई वरदान माग्नु होस् भने । तिमीहरू तीनैजना मेरा छोरा भै सक्यौ, अब आफ्ना लोकमा जाऊ भनिन् । सबै एवमस्तु भन्दै विदा भए । अनि तीनजना देवीहरूले पनि लज्जित भएर अनसूयाको जयजयकार मनाए । समस्त आर्यभूमि सती अनसूयाको सतीत्वले जगमगायो ।

यिनै अनसूयाको पवित्र आश्रममा राम सीता एवं लक्ष्मण दर्शन गर्न गएका थिए । सती अनसूयाले सीतालाई सान्त्वना दिदै सतीधर्मको महत्व प्रतिपादित गराएकी थिइन् । त्यो उपदेश प्रत्येक हिन्दू नारीले पालन गर्नु पर्ने देखिन्छ । अनसूया पातिव्रत्य धर्मकी अविनश्वर दीप शिखा हुन् । उनको सतीत्वको दीप हिन्दू जगतमा जगमगाई रहेको छ । उनको सतीत्व दीपले हिन्दूभूमि प्रकाशमय बनेको छ ।

अहल्या

पञ्चकन्या मध्ये एक मानिएकी अहल्याको चरित्र रहश्यमय छ। कुनै कुनै लेखकले उनलाई भ्रष्ट नारी भनेर आरोप लगाएका छन्। तर तपश्विनी अहल्याको पूर्व पक्ष मात्र होइन, गौतम ऋषिको सराप पश्चात् उत्तर चरित्रलाई पनि बिर्सनेले मात्र उनलाई भ्रष्ट नारी मान्दछन्। उनले अत्यन्त अनुग्रहपूर्वक गौतमको सराप स्वीकारेकी छन्। त्यसपछि उनले एक युगसम्म हावा,प्रचण्ड गर्मी वर्षा आदि सहेर कठिन व्रत बसेकी थिइन् र एक युगसम्म शिलारूपमा निराहार बसेर आफ्नो कलुषलाई अग्निमा जलाइन् अनि परात्पर ब्रह्मको स्मरण गर्दै पश्चातापको आँशुले आफूमा आइपरेको कलंकलाई पखाल्दै गइन्। यसरी उनको अखण्ड प्रायश्चित-पूर्ण तपस्याले परिमार्जित भएको दिव्य चरित्र निकै अविस्मरणीय छ। उनी शिला हुँदा पनि सर्वश्रेष्ठ रामकै उपासना गर्दथिन् र पुनः आफ्नो पति गौतमकै सानिध्य प्राप्तिको कामना गर्दथिन्। अर्कोतिर स्वयं गौतम ऋषि पनि अहल्यालाई उग्र सराप दिएर पश्चातापको आगोमा निरन्तर जल्दै थिए। पतिको शरापलाई अहल्याले एक महती कृपा एवं जीवनको महत्वपूर्ण लाभको रूपमा स्वीकारिन्। परात्पर रामले आफ्नो चरण धूलोद्वारा उनको उद्धार गर्दछन् भन्ने उनलाई निश्चित थियो। "मुनिले मलाई सराप दिनु नै मेरो भलाइ गर्नु हो। यदि ऋषिले सराप नदिएका

भए मैले रामको दर्शन पाउन सक्ने नै थिइन" भन्ने उनको हार्दिक अभिव्यक्ति थियो ।

थिनी अपूर्व सुन्दरी तेजपुञ्ज स्वरूपा नारी महामना वृद्धाश्वकी पुत्री थिइन् । तर वाल्मीकि रामायणमा ब्रह्माजीकी छोरी भनिएको छ ।

शुरू शुरूमा ब्रह्माजीले नारीलाई समानाकार (एकैनासको अनुहार, उत्तिकै सौन्दर्ययुक्त) बनाएका थिए तर पछि फरक पारेर नारीको सृष्टि गर्ने इच्छा गरे । अनि सबै सौन्दर्यको सार लिएर एउटी नारीको रचना गरे । ती नारी सर्वसौन्दर्ययुक्त थिइन् । कुनै केही विकार थिएन र तिनको नाम अहल्या राखियो । यस्ती अपूर्व सुन्दरी अहल्या कसलाई दिऊँ भन्ने विचार गर्दागर्दै इन्द्रले उनलाई देखेर आफ्नो औकात ठूलो ठानेर ती कन्या जसरी तसरी हत्याउन खोजेका थिए । तर ती कन्या गौतम मुनिलाई नासो राख्न ब्रह्माजीले दिएका थिए । हजारौं वर्षसम्म मुनिले शुद्ध अन्तः करणले ती कन्याको हिफाजत गरेर पछि ब्रह्माजीलाई नै बुझाउन ल्याए । मुनिका सत्चरित्रले ब्रह्माजी खुशी भएर अहल्यालाई मुनिसंगै विवाह गरी दिए । अहल्याको सौन्दर्य देखेर धेरैले लोभ गरेका थिए । तिनीहरू निराश भए । गौतम मुनि अहल्या पाएर प्रशन्न हुँदै आफ्नो गृहस्थी चलाउन लागे । तर इन्द्रादिलाई अहल्या नपाउनाको क्रोध त छँदै थियो त्यसकारण उनको सतीत्व नष्ट गर्न अनेक मौका खोज्दै थिए ।

एक दिन गौतम नभएको वेलामा इन्द्रले मौका छोपे । मुनिको रुप लिएर अहल्याको पवित्र पातिव्रत्य धर्मलाई नाश पारे । आफ्नो स्वार्थ सकेर इन्द्र जानै लागेका थिए ठीक त्यसै वेला महर्षि गौतमको पनि आश्रम-मा प्रवेश भयो । महर्षिको शरीर तीर्थ जलले भिजेको एवं प्रज्ज्वलित अग्नि जस्तै जाज्वल्यमान भएको थियो । महर्षिको दृष्टि पर्नासाथ देवराज इन्द्र भयले थरथर काप्न लागे । डरले निलो भएर उनी भाग्न लागेका थिए तर महर्षि गौतमले उनलाई आक्रोसपूर्ण सराप दिए । "हे दुराचारी ! तिमीले मेरो भेष धारण गरेर सती साध्वी अहल्याको

सतीत्व भङ्ग गरिदियौं । अब तिम्रो पौरुष शक्ति निष्क्रिय होस् । योनी लम्पट दुष्टात्मना, तिम्रो शरीरमा हजार योनी प्रकट होस्, तिमी शत्रुका वशमा पर्नु परोस् । आजसम्म नचलेको परस्त्रीगमन चलन तिमीले चलायौ, अबदेखि जजसले परस्त्री गमन गर्ला, त्यसको आधा पाप तिमीले भोग्न परोस्" भनेर मुनिले सराप दिए। अनि अहल्यालाई "दुष्टाउली ! बदमास! तँ रुपवती, यौवनवती छु भन्ने घमण्ड गर्छेस्, तेरो रुप संसार-भरका स्त्रीहरूलाई बाँडियोस्, तँ मात्र राम्री हुन पाउन्नस्, शिला भएर बसेस्" भनी सराप दिए । "अज्ञानले गरेको अपराधमा क्षमा पाऊ" भनी अहल्याले धेरै प्रार्थना गर्दा 'त्रेतायुगमा दशरथ नन्दन भएर, विष्णु भगवान जन्मनु हुनेछ, उहाँका चरणको स्पर्श पाएपछि तेरो उद्धार होला" भन्ने वरदान दिएर मुनि तपस्या गर्न बसे ।

महर्षि गौतमको सरापले गर्दा अहल्यालाई ठूलो कष्ट सहनु पऱ्यो, निकै दुःख भोग्नु पऱ्यो । उनले केवल घाम, वर्षा, हावाको सहारा लिएर निराहार बसेर ज्यादै सङ्कटपूर्वक शिला भएर हजारौं वर्षसम्म कठीन तपस्या गरिन् । त्यहाँ मानिसको त कुरै छैन, पशु पन्छी पनि थिएनन् । अहल्याले पतिका आज्ञानुसार श्रीरामको प्रतीक्षा मात्र गरी तड्पिरहेकी थिइन् । उनी भगवान रामको दर्शनाभिलाषी थिइन् । हजारौं वर्षपछि उनका प्रचण्ड साधना फलिभूत भइछाड्यो । पश्चातापका आँसुको प्रभाव देखियो । त्रेतायुगमा राम-लक्ष्मण विश्वामित्रका साथ मिथिला नगरमा जान लागेका थिए । त्यहाँ कुनै ऋषि मुनिको रम्य आश्रम थियो । तर कुनै जीवजन्तु भने थिएनन् । यस्तो हुनाको के कारण रहेछ भन्ने जिज्ञासा विश्वामित्रसंग प्रकट गर्दा उनले सम्पूर्ण पूर्व कथा रामलाई सुनाउँदै भने' "हे रघुकूल नन्दन ! महर्षि गौतमकी पत्नी सराप परेर जडीभूत भएर तपाईको प्रतीक्षा गरिरहेकी छन् । कृपया तपाईका चरणरजले त्यस्ती अभागीलाई कलङ्कबाट निर्मल गराई दिनु होस् ।" करुणा निधान रामका चरण कमलमा केही हलचल भयो । चरणले छुनासाथ अहल्या समस्याकी साक्षात देवी बनेर खडा भइन् । आदिकवि वाल्मीकि अहल्याको तेजस्वीता चित्रण गर्दै भन्दछन्:—

ददर्शच महाभागं तपसाऽोतित प्रभाम
लोकैरवि समागमा दुर्निरीक्ष्यां सुरासुरैः ।

महासौभाग्यशालिनी अहल्या आफ्नो कठोर तपस्याको प्रभावले देदीप्यमान भएकी रामले देखे। त्यस आश्रममा सर्वत्र धेरै मुनिहरू विराजमान थिए, तर अहल्यालाई देख्ने क्षमता कसै मा थिएन, उनको रुप ज्यादै सुन्दर थियो र उनी साक्षात अग्नि ज्वाला झै प्रतित भएकी थिइन् । उनले आँखा खोल्दा साक्षात त्रिभुवनका पति आफ्नो सामुन्ने उभिएका देखिन् । अहल्याको तेज एवं सत्चरित्रले प्रभावित भएर राम लक्ष्मण सहित उनका पाउ परे । एउटी सती नारीका चरणमा ब्रह्मत्व समेत झुक्यो । यस किसिमको दोश्रो उदाहरण विश्वमै पाउन मुस्किल छ । त्यसपछि अहल्याले भक्तिपूर्वक रामको स्तुति गरिन् र उनले गरेको स्तुति अध्यात्म रामायण बाल काण्ड सर्ग पाँचमा छ ।

यसरी अहल्या तपद्वारा शुद्ध भएर सारा संसारभर उनको कीर्ति फैलियो । महातेजस्वी मुनि गौतम पनि अहल्या पाउँदा अत्यन्त खुशी भए । अहल्याले आफ्नो पतिको पुनः सानिध्य मिलोस् भनी सधै कामना गरेकी थिइन् । अतः उनको विशुद्ध हृदयको कामनाले आफ्नो मनोकांक्षा पूर्ण भयो ।

आत्रेयी

महर्षि अत्रीकी छोरी आत्रेयीको जन्म विदुषी अनसूयाको गर्भबाट भएको हो। अनसूया परम साध्वी सुशीला र सुयोग्य आमाको संरक्षणमा हुर्के बढेकी थिइन्। आमा अनसूयाकै गुणका प्रभावले आत्रेयीले पनि दिव्य गुणहरू प्राप्त गरेकी थिइन्। आमा जत्तिकै उनी पतिपरायणा, तपस्वीनी एवं धर्मनिष्ठा थिइन्। क्षमा, करुणा, वात्सल्य स्नेह, धैर्य सहनशीलता, धर्म परायणता, चारित्रिक दृढता एवं पातिव्रत्य धर्मको लोकोत्तर पूँजी सती आत्रेयीले विरासत्को रुपमा प्राप्त गरेकी थिइन्।

आत्रेयीको पावन चरित्र नारीत्वको दिव्य विकास एवं शृङ्गार मानिएको छ। उनलाई क्षमा एवं सहनशीलतामा साक्षात देवी धरतीमाता भन्न सकिन्छ। त्यति मात्र नभई पातिव्रत्य धर्मको चरमसीमा मानिएकी छन्। यस्ती सहनशीला नारीलाई अग्निदेवताका छोरा महर्षि अङ्गिरासँग विवाह गरिदिएका थिए। प्रज्ज्वलित आगाको वल्दो ज्वालाको अङ्गारबाट उत्पन्न (पैदा) भएकोले महर्षि अङ्गिराको स्वभाव ज्यादै उग्र थियो। उनी ज्यादै क्रोधी थिए, आगाको विकराल ज्वाला जस्तै भयङ्कर क्रोधी थिए। पृथ्वी जस्तै शान्त एवं सहनशीला आत्रेयीलाई पत्नीको रुपमा पाएर पनि उनको रिस कम थिएन। आत्रेयीप्रति महर्षिको व्यवहार ज्यादै कठोर र रुखो थियो। आखिर अग्नि देवताका छोरा नहुन्? अग्नि स्वयंको

गुण नै सबै पदार्थ जलाउने हो। अतः अग्नि पुत्रवाट सरस व्यवहार आशा राख्न पनि कसरी सकिन्छ र ? यतिको घोर अपमानको वर्षा आफ्नो शिरमा थापेर पनि आत्रेयी धैर्यकासाथ घर व्यवहार एवं पतिसेवामा लगनशील थिइन्। यस्तो सेवाको सट्टा आत्रेयीले केवल अपमान, तिरस्कार एवं कटुवचन सिवाय केही पाउन्नथिन्।

महर्षि अङ्गिराका तर्फवाट कैयौं पुत्रहरू जन्मे र तिनीहरू अङ्गिरस नामवाट संसारै विख्यात भएका छन्। छोराहरू आफ्नी सरल आमाको क्षमाशीलता र पतिभक्तिवाट प्रभावित भएका थिए। तिनीहरूले कैयौं पटक आफ्ना पितालाई आमा आत्रेयीसँग यस किसिमको कठोर व्यवहार नगर्ने अनुरोध गरे। तर महर्षिका स्वभावमा अलिकति पनि परिवर्तन हुन सकेन। आफ्नो पतिको कठोर व्यवहारले दुःखित भएर एक दिन आत्रेयीले अग्नि देवताको प्रार्थना गरिन्। आफ्नी वृहारीको यस्तो अपूर्व भक्ति देखेर कराल ज्वालायुक्त अग्नि देवता आत्रेयीका सामुन्ने प्रकट भए। अनि आत्रेयीले अत्यन्त विनम्र भावले प्रार्थना गरिन्– "हे सर्व-लोकका परम प्रकाशक! तपाई मेरा ससुरा हुनुहुन्छ। तपाईको शक्ति सर्व-व्यापक छ। तपाईकै माध्यमवाट सम्पूर्ण देवताले हवि प्राप्त गर्दछन्। समस्त प्राणीहरूका (पाकस्थली) जठराग्निमा निवास गर्नु हुन्छ। तपाईका पुत्रले मलाई विना अपराध सधैं सधैं तिरस्कार गर्नु हुन्छ। म तपाईकी वृहारी पनि हुँ र म तपाईकै शरणमा छु। तपाईले छोरालाई केही उपदेश दिएर शान्त गराउनु होस्।"

परम तेजस्वी अग्निदेवले भने– "हे छोरी ! तिम्रा पतिको जन्म कराल अङ्गारवाट भएको हो। त्यसैले उसको स्वभाव वल्दो आगो जस्तै तप्त भएको छ। तिम्रो पति जव तपस्याका लागि अग्निमा प्रवेश गर्नेछ त्यस वेला तिमी नदी वनेर उसलाई शीतल वनाई दिनू। त्यस दिनदेखि उसको स्वभाव शान्त हुनेछ।"

आफ्ना ससुरा अग्नि देवताका कुरा सुनेर आत्रेयी भावी आशङ्काको कल्पनावाट थरथर काप्न लागिन्। आत्रेयीले ससुरासँग अत्यन्त दुःखित

हुँदै विन्ति गरिन्– "हे परम पूज्य ससुराज्यू वरू म जुनसुकै तिरस्कार सहन सक्दछु, तर मेरा पति वल्दो अग्नि कुण्डमा प्रवेश गरेको देख्न र सहन सक्दिन । मैले मेरै कष्टका लागि मात्र तपाईसँग यस किसिमको प्रार्थना गरेकी होइन । मेरा पतिको स्वभाव ज्यादै कठोर छ । क्रोधी मानिस विना कारण नै सबैलाई अनादर र तिरस्कार गर्दछन् । यसले गर्दा साथी संगातीका मुटुमा तीखा वचनले घोच्दछ । संसारभरकै आत्मामा दुःख अनुभव हुन्छ । त्यसैले परमात्मालाई पनि दुःख हुन्छ । क्रोधी मान्छे पापको भागी वन्दछन् । यसकारणले आफ्नो पतिलाई अनावश्यक रुपवाट वचाउनका लागि तपाईसँग प्रार्थना गरेकी हुँ" ।

त्यस्ती सोझी साध्वी पतिपरायणा सुशीला वुहारीका चिन्ताजनक शब्द सुन्दा अग्निदेव खुशीले गद्गद् भएर भन्न लागे– "छोरी ! तिमीले चिन्ता नगर । तिम्रा पति अग्निमा प्रवेश गर्दा पनि जल्ने छैन । ऊ मेरो छोरो हो । उसलाई न पानीले डुवाउन सक्दछ न हावाले वहाउन सक्छ । यो सुनेर आत्रेयीले " हे सर्वपूज्य अग्निदेव ! मेरा पतिलाई म नदी वनेर कसरी धारण गर्न सक्दछु, यसो गर्दा पातिव्रत्य धर्म खण्डित हुनेछ" भनिन् ।

अनि आत्रेयीलाई आश्वासन दिदै अग्नि देवले भने– "छोरी पति पनि पुत्र रूपमा पत्नीद्वारा जन्म ग्रहण गर्दछन् । तिमीले उसका छोराहरू धारण गऱ्यौ । हे सती ! तिम्रा पति अङ्गिराकै रूपमा पुत्रलाई दिएपछि पत्नी पनि आमा समान हुन्छे । तिमी कुनै अधर्मको आशङ्का नगरीकन मेरो भनाइ पालन गर । अनि तिम्रो भलाइ हुनेछ ।"

यस घटनाको केही दिन पछि महर्षि अङ्गिरा अत्यन्त उग्र तपस्या गर्ने उद्देश्यले अग्निमा प्रवेश गरे । भरभराई रहेका शिखाहरूको बीचमा पसेर शोभित भई उनले आफूलाई अग्नि पुत्र नाममा सार्थक वनाए । आत्रेयीले पनि यसलाई सुयोग्य सम्झेर दूग्ध फेनोज्ज्वलको निर्मल धारा वनेर आफ्ना पतिलाई आप्लावित वनाइन् । दुग्ध निर्मल धाराबाट शान्त भयो र पतिव्रताको हिमपात शीतलताले महर्षिको अग्नि व्रत तप्त

स्वभाव पनि सदाका लागि शीतल शान्त भयो । अब महर्षि अङ्गिरा क्षमा, करुणा एवं स्नेहका साक्षात प्रयागराज बने । यसरी सहनशीला नारी जस्तोसुकै दुःख कष्ट सहेर पनि आफ्ना पति छोरा आदिलाई सुमार्गमा लैजान सधैं तत्पर हुन्छन् र अत्यन्त सफल पनि हुन्छन् । नारी नै पुरुष जीवनको पथ प्रदर्शिका भएर विश्व सञ्चालन गरिरहेका छन् ।

कयाधू

कयाधू वीर हिरण्यकशिपुकी पत्नी थिइन् । उनको अन्तर्मन कमलको सुन्दर फूल जस्तै पवित्र थियो । पतिव्रता नारी कयाधूको शक्ति अगम्य सागर जस्तो गहिरो थियो । कमल हिलोमा फुल्दछ, फूलमा हिलो फोहोर कतै हुँदैन । यो अति नै पवित्र हुन्छ र भगवानको शिरमा चढाइन्छ । त्यस्तै हीरा पनि कोइलाको अन्धकार पत्रमा रहेको हुन्छ । त्यसलाई धूलोवाट झिकिन्छ र राजा महाराजाहरूका मुकुटमा जडाइन्छ । कमलको फूल तथा हीराको महिमा जस्तै महारानी कयाधूको पनि नारी चरित्रमा त्यत्तिकै उच्च स्थान छ ।

कयाधू दितिपुत्र हिरण्यकशिपुकी वामाङ्गी हुन् । दैत्यराजको अपार वैभवमा पनि उनी व्यवहारमा निपूण थिइन् र भोग विलासका समस्त साधन भए तापनि ती साधनमा उनलाई रतिभर लोभ लालच थिएन । हिरण्यकशिपु पनि यस्ती अनुपम पत्नी पाएकोमा आफूलाई ज्यादै भाग्य-मानी सम्झन्थे । उनी ज्यादै महत्वाकांक्षी हुनाले तीनै लोकको मालिक बन्न चाहन्थे । यही उद्देश्य लिएर घना जङ्गलमा ब्रह्माजीको तपस्या गर्न गए । उनको अनुपस्थितिमा देवताहरू आएर उनको धन सम्पति लुट्ने र नाश गर्ने गरे । दैत्यराजका तीनजना छोराहरू ह्लाद, अनुह्लाद, एवं संह्लादलाई समेत देवताहरूले मारिदिए । कैयौं दैत्य पत्नीहरूलाई ठूलो शासना दिए । त्यसबेला प्रह्लाद आमाका गर्भमा थिए । इन्द्रले कयाधूक

.नको बालक घात गर्ने विचारले उनलाई विभिन्न दुःख दिंदै घचेट्न लगाए । त्यस किसिमको यातना नारदजीले सहन सकेनन् । महर्षिको मनमा दयाको भावना पल्हायो र देवेन्द्रलाई सम्झाएर रानी कयाधूलाई आफ्ना आश्रममा आश्रय दिई सुरक्षित राखे । शोकले विह्वल भएकी कयाधूलाई वैष्णव धर्मको उपदेश दिनहुँ दिइन्थ्यो । गर्भमा रहेका बालकमा त्यो उपदेशको प्रभाव पर्दथ्यो । सत्संगले त्यस बालकलाई गर्भमा हरिभजन-प्रेमी बनायो । यसरी नै प्रह्लाद गर्भदेखि हरिभक्त बने । कयाधूले देवताका भयले कैयौं वर्षसम्म प्रह्लादलाई गर्भमा राखेकी थिइन् । हिरण्यकशिपुको घोर तपस्याबाट ब्रह्माजी खुशी भएर दैत्यराजलाई दिनमा पनि नमर्ने, रातमा पनि नमर्ने, मानव मात्रको त के कुरा कुनै देवता वा ब्रह्माजीका कुनै पनि सृष्टिले समेत मार्न नसक्ने र कुनै शस्त्र अस्त्र, जल थल भित्र वाहिर कतै मर्न नसक्ने वरदान दिए ।

यसरी हिरण्यकशिपु तपस्या पूर्ण गरी अपूर्व शक्तिशाली बनेर आफ्नो घर फर्के । देवताहरूद्वारा भएको अन्याय र आफ्ना छोराहरूलाई उनीहरूले मारेको सुनेर रिसले चूर हुँदै तीनै लोकमा उधुम मचाउन लागे । त्यसपछि उनले विशाल सेना लिएर तीनै लोक लुटे । इन्द्रलाई समेत इन्द्रासनबाट हटाई तीनै लोकको शासक बने । अनि कयाधू पनि त्रिलोकेश्वरी बनिन् । यही बेला उनले प्रह्लादलाई जन्म दिइन् । बालक प्रह्लाद पूर्णिमाको चन्द्र जस्तै हुर्कदै बढ्दै गए । आमाको सात्विक स्वभावले गर्दा मनोमय विकासले परिपूर्ण हुदै गए । बालक प्रह्लादमा पनि ईश्वरीय गुणको खानी थियो । उनलाई राजसी वैभवमा घृणा लाग्न लाग्यो र हरहमेसा भगवानकै नाम जप्ने गरे । पिता हिरण्यकशिपुलाई छोराको आचरण सह्य भएन । आफ्नै छोरो आफ्नै महाशत्रुको नाम जपिरहने ? त्यसैले बाबुले छोरोलाई खूब सम्झाए । तैपनि प्रह्लाद मानेनन् र हिरण्यकशिपुलाई ज्यादै रिस उठ्यो, सहन पनि कसरी ? त्यसैले आफ्नो एक्लो छोरोलाई मार्ने नै निश्चय गरे । अग्लो पहाडको शिखरबाट घचेट्न लगाए, हात्तीबाट कुल्चाए र नदीमा बगाए पनि । अनि प्रह्लादकी फुपू होलिकाले प्रह्लादलाइ काखमा राखेर

अग्नि कुण्डमा पसिन् । होलिकाको मृत्यु भयो, तर प्रह्लादलाई आगोले छोएन । उनलाई मार्न जति प्रयास गरियो तर सारा प्रयास विफल भए ।

आखिरमा हिरण्यकशिपुका अनुचरको सल्लाह अनुसार प्रह्लादलाई विषपान गराउने निर्णय गरेर उक्त काम महारानी कयाधूलाई सुम्पने निर्णय गरे । उक्त क्रूर विचार लिएर हिरण्यकशिपु कयाधू कहाँ गए । उनको अनुहार ज्यादै मलिन थियो । यसरी पतिको अनुहार ज्यादै मलिन देखेर झट्पट उठेर उनले हात जोड्दै आज्ञाको प्रतीक्षा गरिन् । हिरण्यकशिपु मौन थिए र पतिको मौनता उनलाई असह्य भयो । उनले विनम्रतापूर्वक दैत्यराजसंग विन्ति गरिन्– "महाराज । मेरो केही गल्ती भएकोमा क्षमा पाऊँ ।" होइन, होइन, तिमीले केही गल्ती गरेकी छैनौं, तर तिमीलाई केही भनौं भनी आएको हूँ भने । कयाधूले "हजुरको आज्ञा शिरोपर राखी जुनसुकै काम पनि गर्न सक्छु र गर्छु पनि त्यसमा कुनै शंका छैन, आज्ञा होस्" भनिन् । रानीको यस्तो अनुशासित कुराले प्रशन्न हुँदै भने "हेर म संसारको चक्रवर्ती राजा भएको छु । सूर्य पनि शायद मेरै अनुशासनमा रहेर उदाउने र अस्ताउने गर्दछन् । तीनै लोकले नै मलाई मान्दछन् र मेरै अनुशासनमा रहेका छन् । कसैले मेरो आज्ञा उल्लंघन गर्न सक्दैन । तर हाम्रो छोरा प्रह्लाद आज खुलमखुला मेरो आज्ञा अवहेलना गर्दछ । यो मबाट सह्य हुनै सक्दैन । त्यसलाई सदाका लागि यहाँबाट हटाउन चाहन्छु, यस कार्यमा तिम्रो पूरा सहयोग लिन चाहन्छु । त्यस कुलाङ्गारलाई तिमीले विष पियाई देऊ । यसकोलागि म तिम्रो पूर्ण भरोसा गर्दछु । विश्वास छ तिमीबाट यो काम सफल हुनेछ ।"

आफ्ना पतिका यस्ता क्रूर वाक्य सुनेर कयाधू ज्यादै विचलित र धर्म संकष्टमा परिन् । आफ्नो प्यारो मुटुको टुकालाई गर्भाधारणको बेलामा कैयौं वर्षसम्म गर्भैमा लुकाएर राखेकी थिइन् । क्रूर देवताहरुबाट बचाएको प्राणप्रिय छोरोलाई आफ्नै हातले विष पान गराएर मृत्युराजलाई कसरी बोलाउने ? तर हिरण्यकशिपुलाई आफ्नी रानीले राजाज्ञा पालन गर्नेछन् भन्ने पूर्ण विश्वास थियो । अनि उनले पालन पनि गर्नै पर्दथ्यो ।

दैत्यराजका कुरा सुनेर कयाधू भयभीत हुँदै हात जोडेर विन्ति गरिन्। "महाराज। यस्ता कुभावनाहरू कसरी हजूरको मस्तिष्कमा चढ्यो ? यस्तो कुकार्य गर्नबाट मलाई बचाउनु होस्। मेरो प्रिय पुत्र प्रह्लादको प्राण रक्षा गर्नु होस्।" हिरण्यकशिपुले खुवसंग कड्केर भने "दैतेश्वरी। तिमी जस्ती पतिपरायण नारीका मुखबाट यी कुरा भभु ठीक पर्दैन। मेरो आज्ञा मान्नै पर्दछ, यो तिम्रो परम कर्तव्य हो। प्रह्लादलाई विष पान तिम्रै हातले गराउनै पर्छ।" यति भनेर दैत्यराज गइ हाले। तर कयाधूको मन ज्यादै नै हडबडायो, अति नै मुटु काम्यो। हरेश खाएर अन्तरमनमा ज्यादै ठूलो घाउ भयो, वेस्करी चहरायो। अन्त्यमा उनले निश्चय गरिन्, आफ्नो एकमात्र बालक छोरोलाई विष पान गराउनै पर्ने भयो। परन्तु आमाकै आफ्नै हातले कसरी विष पान गराउनु ? ज्योरालाई मारेर आफू बाँचेर के सार भयो ? यस्तै विभिन्न कुरा सोचेर उनी विह्वल भइन्, छट्पटाइन्, अनि पत्थरको मूर्ति जस्तै बनेर मूर्छा परिन् र केही क्षण पछि मूर्छा खुल्यो। उनी वसिन् मूर्ति जस्तै फेरि उभिएर हात जोड्दै भनिन् "हे विष देवता ! तिमी भैरव शक्तिको महाविकराल प्रतिनिधि हौ। यदि म पतिव्रता नारी हुँ ता विषरूपी भैरव देवता तिमी अमृत बनी देऊ ! अनि मेरो पातिव्रत तेजले तिम्रो विषको प्रचण्ड तेजलाई शीतल गराओस् यही मेरो प्रार्थना छ।"

भोलिपल्ट प्रह्लादलाई विष खुवाएर मार्नु पर्ने थियो। यही कार्य महारानी कयाधूको पातिव्रत्यको अपूर्व परीक्षा थियो। एक ठूलो प्यालामा मधुपर्क तयार थियो। त्यसमा प्रचण्डतम घातक हलाहल मिलाइयो। ठीक त्यसैवेला हिरण्यकशिपु प्रह्लाद लिएर आए। कयाधूका काखमा छोरोलाई राखेर विष पान गराउने आज्ञा दिए। त्यसवेला दैत्येश्वरी कयाधू शान्त अनुहारमा थिइन्। उनी उठेर हात जोड्दै भनिन् "पति-आज्ञा पालन गर्नु नै नारीको महान् कर्तव्य हो। म तपाईको आज्ञा पालन गर्दछु, तर मातृत्व छोराको सुरक्षाको उत्तरदयित्ववाट कहिल्यै वञ्चित हुने छैन।" यति भनेर प्रह्लादलाई काखमा लिएर भनिन् "बाबु यो विषले तिम्रो ज्यान (प्राण) लिन सक्ने छैन, मेरो पातिव्रत्य शक्तिले यो हलाहल अमृतमा परिवर्तन

नेछ, नडराऊ ।" यति भनेर विषको प्याला प्रह्लादका हातमा राखिन् । पलभरमै प्रह्लादले सबै विष घुट्काए ।

त्यसैवेला आकाशवाणी भयो "हे सती शिरोमणि । पतिव्रते नारी ! तिम्रो पतिव्रताको अद्भूत धर्मका प्रभाव देखेर हामी सबै आश्चर्य भयौ, तिम्रो प्रिय पुत्र प्रह्लाद विष पिएर मर्दैनन् । विषको तेज उडिसक्यो । हलाहल विष अमृतमा परिवर्तन भयो । तिम्रो र तिम्रा पुत्र प्रह्लादको जय होस् ।"

त्यस्तो कडाभन्दा पनिकडा विषपान गराउँदा पनि प्रह्लाद नमरी झन् तेजिला देख्दा दैत्यराज हिरण्यकशिपु चकित भए । अनि कयाधूले हात जोडेर विन्ति गरिन्, "यो सबै हजूरको धर्मको प्रभावले भएको हो । छोरालाई बचाउने शक्ति हजूरमै भएकोले प्रह्लाद बाँचेको हो । हजूरको जय होस् ।" यति भनेर कयाधूले आँखाबाट हर्षाश्रु बगाउन लागिन् । हिरण्यकशिपु लज्जित भएर त्यहाँबाट निस्के ।

यसरी पारिवारिक संघटन नमिलेको खण्डमा जहिले पनि नारीलाई धर्म संकष्टमा पर्नु पर्ने हुन्छ । उनलाई दुःखको अथाह सागरको मझधारमा पर्नु पर्ने हुन्छ । तर यो नै उनको नारीत्वको अग्नि परीक्षा हुन्छ । नारी पत्नी मात्र होइनन् आमा पनि हुन् । तर परिवारमा पत्नी र मातृत्वको भूमिकाको साथै अन्य सदस्यको पनि भूमिका निर्वाह गर्नु पर्छ । त्यसकारण नारी जहिले पनि मध्यस्थ बनी घर परिवार सञ्चालन गर्न सक्षम हुनु पर्छ । उनकै कर्तव्य अनुशासन, धर्म परायणता आदिबाट मानव जीवन कुशलतापूर्वक सञ्चालित हुन्छ भन्ने अनमोल शिक्षा महारानी कयाधूको चरित्रबाट पाउन सक्छौं ।

कालिन्दी

अनन्त लीलाधाम भगवान कृष्णको परमप्रिय स्वर्णभूमि व्रजको कल्पना गर्ने बित्तिकै सूर्यपुत्री यमुना प्रतक्ष हुन्छिन् हाम्रो मानस चक्षुमा। व्रज र यमुना एक अर्काका पूरक रुपमा कोटि कोटि श्रद्धालु भक्तहरूको हृदयमा अपूर्व आदर अङ्कित भएको छ। लीला नायकको मनोरम क्रिडाभूमि व्रजको निलाम यमुना एक ज्योतिर्मान भएर घेरिएको छ। अग्नि पुराण अन्तर्गत गर्ग संहिताका अनुसार स्वर्णभूमि व्रजको उत्पत्ति गोलोक निवासी भगवान हरिका कटिवाट भएको हो। अथवा यमुना नदी भगवानका देब्रे पट्टिको कम्मरवाट प्रकट भएकी हुन्। यसैकारणले नै यमुना भगवान प्रिया अथवा वामा हुन पाइन्।

पाश्चात्य देशमा जसरी नील नदी विना मिश्र देश र टेम्स नदी विना ईङ्ग्ल्याण्डको कल्पना नै गर्न सकिन्न त्यस्तै यमुना नदी विना व्रजको कल्पना गर्न सकिदैन। यमुनाकै विचित्र प्रवाहमा नटनागरले आफ्नो अपूर्व सौन्दर्य लीलाका सिर्जना गरेका थिए। यमुना किनारको कदमको रूखमा वसेर कृष्णले कैयौं वर्षसम्म आफ्नो वाँसुरी वजाएका थिए। त्यस्तै यमुनाका किनारामा नै आफ्ना गाईहरू चराएका थिए। उनका प्यारा वाच्छावाच्छी यमुनाकै पानी पियाउने र पिउने गर्दथे। त्यस्तै त्यही किनारमा शरद पूर्णिमाको रातको द्वितीया तिथिमा श्री कृष्णले आफूलाई सवभन्दा मन पर्ने राशलीला राशको आयोजना गरेका थिए।

यमुनाले आफ्नो सहश्र कुमुद लोचन खोलेर रम्य राशलीला हेरेकी थिइन् र उक्त सुन्दर छवि आफ्नो अन्तरालमा लिएकी थिइन् । श्याम सुन्दर एवं सौन्दर्यको नीलमणि सदृश सुन्दरताका चिर सौन्दर्यमय छविहरूलाई आफ्नो अन्तरालमा राख्नाले नै यमुना ज्यादै सुन्दरी बनेकी हुन् । यमुनाका तरङ्गहरू देख्दा सम्पूर्ण मानिसहरू आकर्षक हुन्छन् । भगवान श्री कृष्णले यमुनाका किनारमा रहेको व्रजको गोलोकलाई समस्त सौन्दर्य खानी नै ल्याएर सजाएका हुन् कि भन्ने कल्पना गर्न सकिन्छ । यमुनाको नीलो पानीमा आज पनि श्यामका छविहरू प्रतिविम्वित भएका पाइन्छन् । उनै यमुनाका जल तरङ्गमा मुरली बजाइरहेका कृष्ण देखिन्छन् र यमुनाले आफ्नो वाहुलीले श्याम सुन्दरलाई आज पनि आलिङ्गन गर्दैछन् । आफ्नो कलसौदा प्रियतम कृष्णका हात आफ्नो छातीमा राखेकी छन्। उनी अहिले पनि कतै लुकेको कृष्णलाई पानीका लहरद्वारा बोलाउँदैछिन् । गङ्गाका यिनै भाव गरिमालाई भनिएको छ यसरी:–

तिम्रा लहरहरूले कसलाई बोलाइ रहन्छयौं ?
नूपुर बजाइ छम् छम् कसलाई रिझाइ रहिछयौ ?
सुन्दर छ तिम्रो काया प्रभू कृष्ण लोभिएका
तिम्रा अनन्त छविले घनश्याम खुशी भएका ।
जल हो कि यात नीलम सलसल वहन्छ हर्दम
या हो उनैको रङ्ग यो तिमीमै परेको निर्मल
यमुना पवित्र जल नै नीलो भयो कसोरी
भगवान कृष्ण शायद भागे होलान् नुहाई ।

यमुना आफ्नो प्रेमी श्रीकृष्णलाई नै सधै सधै बोलाईरहेकी छन् आफ्नो अविरल ध्वनिवाट । उनी कृष्णको वियोग क्षणभर पनि सहन सक्तिनन् । उनले आफूलाई पनि प्रियतमकै रङ्गमा मिलाएकी छन् र श्यामकी अभिन्न साथी संयोगिनी भएकी छन् । त्यसैले उनी श्यामा पनि हुन् ।

संयोगिनी नित्य हुँदा तिमी भयौ काली
कृष्णजीको नाम थप्यौं यमुना भै श्यामी ।

अब यहाँ प्रश्न उठ्दछ कि यमुना संयोगिनी भएर पनि किन कृष्णलाई बोलाउँछिन् त ? कता कता उनको मनमा लाग्दछ नटखट श्याम यमुनामा नुहाएर भागेका हुन् अथवा कुनै वन कुञ्जमा गएर लुकेका छन् ,चुलबुले श्याम यमुनामा नुहाँउँदा उनको कालो रङ्ग घोलिएर स्वच्छ जल नै कालो नीलो बन्यो । त्यसैले यमुना नीली भएकी हुन् । श्याम सुन्दर पनि यमुनादेखि बचेर त्यहाँबाट निस्कन सक्दैनन् । उनको छवि नित्यप्रति यमुनाका हृदयबाट निस्कन सक्छ र ? यो ता निरन्तर यमुनाको हृदयमा बसिराख्छ र अनि नटवरको उही कालीमा प्रदान गर्छिन् ।

यमुनाजीका छालमा लुकछन् ती काला कृष्णजी
उनैको कालो सरेर भइन् यमुना कलौंटी ।

कृष्णले नै यमुनाका किनारमा गोपिनीहरूको चिर हरण गरेका थिए । अनि कदमको हाँगामा बसेर वंशी बजाई, जलक्रीडा गरेर काली नागलाई आफ्नो बसमा ल्याए । तर लीलाधरका यति मात्र लीला होइनन्, यमुनाबाट टाढा टाढा गएर पनि कृष्णले विभिन्न लीला गरेका थिए । यमुनाले विभिन्न रूप धारण कर्ता आफ्ना प्रियलाई सबै रुप आफ्ना सरस अन्तरालम/ समेट्न चाहन्छिन् । यसैकारण उनी संयोगिनी भएता पनि वियोगको तापमा जलेकी छन् । यमुनाको श्यामलाको एक रहश्य शायद यो पनि हो ।

कृष्णको लामो वियोगले गर्दा
असह्य दुःख मुटुमा लिएकी
यमुना थिइन् सुन्दरी गोरी
तापले जल्दा ती काली भएकी ।

ब्रज विलासिनी यमुनाभन्दा सौभाग्यवती शायद अरू कोही छैनन् होला । धन्य ! ब्रजभूमि, धन्य हो । यहां गोलोक विहारिणी रवि पुत्री साक्षात् प्रवाहित भएकी छन् भन्ने यमुनाका विषयमा अनेक राम्रा कथाहरू पुराणमा पाइन्छन् । उनका नाम पनि प्रशस्त छन् । तिनै नामहरू मध्ये कालिन्दी पनि एक हो । एक पटक श्रीकृष्ण द्वारकाबाट पाण्डवहरूलाई भेट्न

हस्तिनापुर आएका थिए । त्यही वेला वीर अर्जुन सिकार खेल्न कृष्णलाई लिएर यमुना किनारको घना जङ्गलमा आए । विभिन्न हिंसक जनावरलाई मार्दाखेरी आधादिन भँसक्यो । अर्जुन तिर्खाएका थिए । त्यसैले यमुना किनारामा पुगे । श्रीकृष्ण अर्जुनको रथमै वसेका थिए । तर अर्जुन मात्र पानी लिन यमुनामा पुगे । त्यहाँ अर्जुनले एउटी अलौकिक रूपवती सुन्दरी वहु मूल्य अलंकार धारण गरेर घुमिरहेकी देखे ।

गहन विपिनमा एउटी युवती एक्लै घुमेकी देख्दा अर्जुनलाई जिज्ञासा हुनु स्वभाविकै थियो । त्यसैले अर्जुनले सोधे-भद्रे ? तिमी को हौ ? कहाँवाट आएकी हौ ? लाज नमानीकनै आफ्नो मनका कुरा वताऊ । म तिम्रो हरेक प्रकारले सहायता गर्नेछु । आफ्नो अगाडि एक धनुर्धारी वीरलाई देखेर पनि ती युवती कत्ति पनि विचलित भइनन् । उनले सरल भावले उत्तर दिइन् । उनी भुवन भास्करकी छोरी हुन् र उनको नाम कालिन्दी हो । उनका आराध्यादेवले पृथिवीमा अवतार लिएकाले उनका पूजनीय पिताजीले यही यमुनामा उनको लागि निवास वनाएका हुन् । यमुना उनको स्थूल रूप हो । उनले त्यही वसेर गोलोकवासी श्री हरिलाई प्राप्त गर्न तपस्या गरेकी थिइन् । श्री हरिको दर्शन नपाउन्जेल उनले त्यहीं वस्ने अठोट गरेकी छन् । अर्जुनले भने-देवी । म तपाईको दास हुँ, मेरो प्रणाम स्वीकार्नुहोस् । तपाईको आराध्यदेवको अवतार यसै भूमिमा यदुवंशमा भइसकेको छ र अहिले यसकै किनारमा विराजमान हुनु भएको छ । तपाई एकक्षण यहीं वस्नु होस् म उहाँलाई सूचित गराउन जान्छु ।

अर्जुनवाट समाचार पाएपछि श्यामसुन्दर रथमा वसेर आए । उनलाई देख्नासाथ कालिन्दीले चिह्नी हालिन् र आफूलाई कृष्णका पाउमा समर्पित गराइन् । कालिन्दीलाई लिएर श्यामसुन्दर हस्तिनापुरमा आए । केही दिन त्यहां वसेर द्वारका गए । अनि शुभ मुहुर्तमा कालिन्दीसाथ विवाह सपन्न भयो । केही वर्षपछि कालिन्दीका तर्फवाट क्रमसः दश छोराहरू जन्मे । उनी पटरानी भइन् । उनको प्रेम प्रीति सदा सर्वदा श्रीहरिका चरणमै रहन्थ्यो ।

त्यसकारण वसुदेव कृष्णजीलाई लिएर यमुना तर्न लाग्दा कालिन्दी परमाराध्यका पाउ छुनलाई उर्लेर आएर कृष्णका चरणको स्पर्श पाउनसाथ वसुदेवका पाउ भिज्नेसम्म भएर वगेकी थिइन् ।

धेरै वर्ष पछि श्यामसुन्दर परम धाम भए, त्यसवेला सवै पटरानी चितारोहण गरी सती गए। तर कालिन्दी भने आफ्नै भौतिक रूप यमुनाको जलमा अन्तर्निहीत भएरै रहिन् । एक पटक श्री कृष्णका हजारौं रानीहरू मध्ये केही मथुरा पुगेकाहरूले यमुनाका किनारामा कालिन्दीलाई देखे । त्यसवेला कालिन्दी सौभाग्यकै सिंगारमा थिइन् । रानीहरू आश्चर्य चकित हुँदै उनलाई सोधे "कालिन्दी! हामी जस्तै तपाई पनि कृष्णकै रानी हुनु हुन्छ । तपाईले भने सौभाग्यको प्रतीक गहना किन लगाउनु भएको ?" अनि कालिन्दीले पनि सहजतासँग उत्तर दिइन् "श्याम सुन्दर सधैं व्रजमा नै निवास गर्नु हुन्छ । उहाँले आफना लीलाहरू केवल अव्यक्त गर्नु भएको हो ? यहीं रहस्य नजान्नाले नै तिमीहरूले विरह र शोक भोगेका छौ । उहाँसँग मेरो वियोग कहिल्यै भएको छैन र हुने पनि छैन ।" रानीहरूले कालिन्दीको भाग्य र प्रियतमप्रति ऐक्य भावनाको प्रशंसा गर्दै उनीसँग अनुरोध गरे– "के हामीहरूले पनि कृष्णका बाँकी झाँकीको दर्शन पाउन सक्छौं त ? यो सुनेर कालिन्दीले मुस्कुराउँदै भनिन् "उद्धवजी गिरिराज गोवर्धनको नजिक कुसुम सरोवरको सानिध्यमा लताकुञ्जहरूमा तादाम्य स्थापित गरी नित्य निवास गरेका छन् । प्रेमले संकीर्तन गर्दाखेरी उनी प्रकट भएर प्रियतम प्राप्तिको लागि उपाय बताउनेछन् ।"

कुसुम सरोवर नजिकै संकिर्तन भयो । अनि लताकुञ्जबाट उद्धव प्रकट भए । एक महिनासम्म श्रीमद्भागवत प्रेमपूर्वक पाठ गरे । भागवत समाप्त हुने दिन व्रजराज प्रकट भए । अनि सबै रानीहरूले भगवानको नित्य सानिध्य प्राप्त गरे ।

श्यामयी कालिन्दी जस्ती भाग्यशाली अरु कुनै छैनन् । उनको दर्शन स्मरणले श्याम सुन्दरको दर्शन स्मरणको फल प्राप्त हुन्छ । त्यस्तै कालिन्दीका

प्रत्येक लहरमा भगवानको दर्शन पाइन्छ । हो भगवानको दर्शन पाउनल ई शुद्ध, सरल, निर्मल दृष्टि एवं हृदय हुनु अत्यावश्यक पर्दछ । भगवानले अहिले पनि यमुनाका किनारमा गाई चराउँदै वाँसुरी बजाएको सुनिन्छ । परम पुण्य दायिनी भास्कर पुत्रीका विषयमा ठीक भनिएको छ ।

यमुना तटमा वंशी बजाइ
लीला मस्तछन् तिम्रा घनस्याम
गुञ्जिरहेछ वाँसुरी ध्वनि
गाई चराइ मदुसूदन ।१

गोपिनीहरूका वस्त्र लिएर
तटको वृक्षमा झुण्डाएर
मुस्कुराइरहेछन् कृष्ण अझै पनि
कालिन्दीको सौन्दर्य पिएर ।२

नित्य सहचरी यमुना तिमी हौ
श्याम सुन्दरकी जीवन आधार
सहश्र तरङ्गले पुकार गर्छौं
हरिकै शतशत नाम लिएर ।३

कतै वनकुञ्जमा लुकिरहेछन्
तिम्रा प्रियतम विश्व विमोहन्
शायद तटको कदम वृक्षमा
गाउँदै होलान् कृष्ण मनोहर ।४

तिम्रै सुन्दर छालहरूले
वंशीधरलाई बोलाउदैछौ
भागि हाल्लान् भन्ने भयले
प्रतिपल उनको खोजी गर्छौं ।

महारानी कुन्ती

महारानी कुन्ती युगवरेण्य पञ्चपाण्डवकी आमा थिइन् । धर्मावतार युधिष्ठिर, महावली भीम र लोक विख्यात धनुर्वेद विशारद अर्जुन कुन्तीका छोराहरू थिए । अश्विनी कुमारका वरदानबाट उत्पन्न नकुल एवं सहदेव माद्रीका छोरा थिए । पाण्डुको मृत्युमा माद्री सती गए पछि उनका दुई छोरा कुन्तीले आफनै छोरा जस्तै गरेर पालन पोषण गरी हुर्काइन् । त्यसैले कुन्ती पञ्च पाण्डवकी आमाको नामबाट संसारभर विख्यात भइन् । आमा कुन्तीको जीवन विभिन्न अलौकिक घटना र उनको सिद्धिका कारणबाट लोकोत्तर भएको छ । कसै-कसैले आफ्ना विचार धारणानुसार कुन्तीलाई केही आरोप पनि लगाएका छन् । तर कुन्ती आदर्श आमा नीति निपूणा सती साध्वी महारानी हुन् र उनको चरित्र दिव्य शक्तिले सुसम्पन्न भएको पाइन्छ ।

खास गरेर कुन्तीलाई पृथ्वीको एक अंश मानिएको छ । उनको सम्पूर्ण चरित्रलाई केलाएर हेर्ने हो भने धरती जस्तै सहनशीला एवं क्षमाशीला छन् । उनी महाराजा शूरसेनकी पुत्री हुन् । तर शूरसेनका फूपुका छोरा (भान्जा दाइ) कुन्तीभोज निसन्तान थिए । त्यसैले कुन्तीभोजले उनलाई धर्मपुत्री लिएका थिए । बाबुकै नामबाट उनको नाम कुन्ती रह्यो । शिशुवस्था-देखि नै कुन्तीमा विलक्षण गुण थिए । त्यसैले पिता कुन्तीभोजले उनलाई

सानै उमेरमा शिक्षा दीक्षाको उत्तम व्यवस्था गरी दिएका थिए । त्यस-बेला कुन्तीभोज कहाँ युग प्रसिद्ध ऋषिमुनिहरूको आवतजावत बराबर भइरहन्थ्यो । सानैदेखि कुन्तीलाई तिनीहरूको सेवा गर्ने सुअवसर प्राप्त थियो । उनी ज्यादै रुपमती र गुणवती थिइन् । बराबर ऋषिमुनिहरूका सतसंगतले गर्दा उनमा उत्तम गुणको विकास भयो । उनी सूर्यको परम उपासिका थिइन् । निरन्तर विहान सबेरै गङ्गा स्नान गरेर भुवन भास्कर देवताको अर्चना गर्ने गर्दथिन् । पिता कुन्तीभोज पनि आफ्नी छोरी कुन्तीका विलक्षण गुणहरू, शीलता, धर्म परायणता, व्यावहारिक ज्ञान आदि देखेर अति नै प्रशन्न हुन्थे ।

एक पटक महाक्रोधी ऋषि दुर्वासा कुन्तीभोज कहाँ आएका थिए । ऋषिले केही दिन त्यहीं वस्ने विचार ले राजा कुन्तीभोजलाई भने "महाराज! म पन्ध्र दिन जति यहीं बस्तछु, तर म कति वेला बाहिर जान्छु र कति वेला फर्किन्छु, त्यसमा कुनै प्रतिवन्ध नलगाइयोस् । इच्छा लागेको समयमा ताजा भोजन गर्नेछु । यदि इच्छा लागेन भने भोजन तयार भएता पनि त्यसै छोडेर उठ्न सक्छु । मैले दिएको समयभन्दा दुई चार घण्टा यता उता हुन पनि सक्छ । तर मलाई आउनासाथ भोजन भने ताजा हुनु पर्दछ ।" ऋषिका आगमनले राजा कुन्तीभोज ज्यादै प्रशन्न भए तापनि दुर्वासाको उग्र रुप उनलाई थाहै थियो । त्यसैले उनी निकै असमन्जसमा परे । दुर्वासा उसै त क्रोधी थिए झन् उनको शर्त पनि निकै अप्ठ्यारो थियो । सेवामा अलिकति मात्र हेर फेर भएमा तुरुन्त सराप दिइहाल्दथे र विना कारण भोग्नु पर्ने हुन्थ्यो । आखिर निकै धृष्टतापूर्वक यो सेवाभार छोरी कुन्तीका जिम्मामा सुम्पियो । अनि कुन्तीलाई राम्ररी सम्झाएर दुर्वासा ऋषिसँग विनम्रता साथ हात जोडेर कुन्तीभोजले भने "ऋषिराज ! मेरी छोरी अबोध बालिका छन् ।" यदि उनीबाट केही त्रुटी भएमा अवश्य नै क्षमा गर्नु होला । यस पश्चात कुन्तीले श्रद्धापूर्वक ऋषिको सेवा गर्न लागिन् । तर दुर्वासा ऋषिले कहिले विहान सबेरै भोजन गर्छु भनेर तयार गर्न लगाउँथे त बेलुकी आधा रातमा आउँथे र कहिले दिनको मध्याह्न पछि भोजन

गर्न आउँछु भन्दथे त विहान सवेरै आउँथे। उनले बोलेको कुनै ठेगानै थिएन। विचरा कुन्ती दिनभरि भोकै ऋषिको प्रतीक्षा गर्दथिन् र उनको बानी थाहा भएरै होला कहिल्यै दिक्क पनि भइनन्। ऋषिले कहिले तुरुन्तै भोजन बनाऊ भन्दथे र बनायो चार-पाँच घण्टा नकुराई खानै आउदैनथे। फेरि अर्को बहान लगाउनु पर्दथ्यो। यसै गरी पन्ध्र दिनसम्म कुन्तीलाई दिनु दुःख दिए तैपनि कुन्ती प्रशन्न नै थिइन्। यसै गरी दुःख दिदै पन्ध्र दिन बिते। अनि ऋषि विदा हुने बेलामा उनलाई भने– "छोरी ! म तिम्रो सेवाले जीवनमा प्रथम वार सन्तुष्ट भएँ। त्यसैले इच्छानुसार कुनै वरदान माग, म खुशीसाथ दिन्छु।" कुन्तीले विनम्रतापूर्वक विन्ति गरिन् "हे सर्व-श्रेष्ठ मुनि ! हजूरको सेवा गर्ने सौभाग्य र हजूरको प्रशन्नता नै मेरा लागि ठूलो वरदान हो। मैले सबै पाएँ।" तर दुर्वासा अनौठा स्वभावका थिए। रिस उठ्यो भने सर्वनाश गर्दथे र खुशी भएमा भोला बाबा बन्दथे। उनले फेरि कुन्तीलाई भने "छोरी ! म तिमीलाई अथर्व वेदको मन्त्र दिन्छु। यो मन्त्र जपेर जुन देवतालाई बोलाउँली उनै देवता तिम्रो सेवामा उपस्थित हुनेछन्।" यस्तो, अपूर्व वरदान पाउँदा कुन्ती हृदयदेखि प्रशन्न भइन् र राजा कुन्तीभोज पनि खुशीले गदगद् भए।

सधै झैं एक दिन कुन्ती नदी किनारमा भास्कर देवको पूजा गर्न गएकी थिइन्। त्यही बेला कुन्तीले सूर्य प्रचण्ड तेज बोकेर विम्वा फल जस्तै उदया-चलवाट चियाइरहेका देखिन्। विस्तार-विस्तार आफ्नो विम्वा रुप आभा-द्वारा अलंकृत भई सुवर्ण थाल जस्तै देखिएर आकाश-मार्गमा आउन तयार भएका सूर्यको अलौकिक सौन्दर्य देखेर कुन्ती मुग्ध भइन्। त्यसैवेला उनलाई दुर्वासा ऋषिवाट प्राप्त मन्त्र स्मरण भयो। उनी ज्यादै उत्साहित हुंदै सूर्य देवतालाई आह्वान गरिन्। नीलाकाशदेखि सूर्य नारायण प्रशन्न हुंदै धरतीमा अवतरित भएर भने "हे कुन्ती ! तिम्रो मन्त्रका कारणले गर्दा म तिम्रो अधिनमा परेको छु। भन म तिम्रो के सेवा गरौं ?" तर कुन्ती ज्यादै सानी थिइन्। ऋषिले दिएको मन्त्र सत्य या असत्य के हो भन्ने शङ्काले मात्र मन्त्रको प्रयोग गरेकी थिइन्। अनि कुन्ती डरा उँदै विन्ति

गरिन्– "हे सूर्य देवता ! म उत्सुक भएर मात्र हजूरलाई आह्वान गरेकी हुँ ! हजूर कृपापूर्वक अब आफ्नै संसारमा पाल्नु होस् ।" अनि सूर्य देवताले, भने "सुन्दरी ! देवतालाई वेकाममा बोलाउनु हुँदैन तिमीले मेरो रूप देख्दा म जस्तै तेजिलो कवज कुण्डल धारण गरेको छोराको इच्छा गरेकी थियौ । अब तिमीले मलाई आत्म समर्पण गर । तिम्रो इच्छानुसार परम पराक्रमी छोरा जन्मने छ" । कुन्ती डरले थरथर काप्न लागिन् र विनम्र भएर भनिन् "हे देवता ! म मेरा आमा बाबुका अधीनमा बसेकी छु, म माथि मेरा आमा बाबुकै हक अधिकार हुन्छ । त्यसकारण म आफ्नो धर्मलाई नष्ट गर्दिन । चरित्र शुद्ध छ भने मात्र नारी जातिको रक्षा हुन्छ । अबोध बालिका हुँ । हजूरले मेरा अपराध क्षमा गर्नुहोस्, म सहश्र विन्ति गर्दछु ।"

सूर्य देवताले कुन्तीको निवेदन सुनेर उनलाई धैर्य दिदै भने– "तिम्रो कुमारीत्वमा कुनै कलङ्क लाग्दैन, म अधर्मी होइन केवल विशेष उपायद्वारा तिम्रो गर्भमा मेरो तेज स्थापना गर्दछु । मेरो कवज र कुण्डल लगाएर त्यो बालक तिम्रो कानबाट पैदा हुनेछ । तिमीले त्यस तेजोत्पन्न बालकको सुरक्षा गर्नेछौ । कानबाट उत्पन्न भएकोले त्यसको नाम कर्ण रहनेछ । ऊ विश्व विख्यात हुनेछ । यति भनेर पनि तिमी मेरो कुरा मान्दिनौ भने तिम्रो कुल पिता र मन्त्रको समेत नष्ट गर्नेछु ।" विचरा कुन्ती अबोध थिइन् । आफ्नो कुल र पिताको अस्तित्व रक्षाका लागि स्वीकारिन् । भगवान सूर्य आफ्नो योगद्वारा आफ्नो प्राणलाई कुन्तीको शरीरमा प्रवेश गराई नाभीबाट निस्के । यसरी आफ्नो कुमारीत्वको रक्षा गरेर अपूर्व तेजस्वी बालक माघ महिनाको प्रतिपदाका दिनमा जन्माइन् । जन्मनासाथ शरमले बालकलाई एउटा काठको बाकसमा बन्द गरेर अश्व नदीमा बगाइन् । केही दिन पछि अधिरथले भेट्टाएर त्यस बालकको पालन पोषण गरे ।

कुन्ती असल शील स्वभावकी थिइन् र साथै अत्यन्त रूपवती पनि । उनको प्रभावको चर्चा चौतर्फ फैलिएको थियो । यो सबै भीष्म पितामहलाई पनि विदित भयो । त्यसैले उनी कुन्तीभोज कहाँ गएर पाण्डुसंग कुन्तीको

विवाह गर्ने कुरा चलाए । राजा कुन्तीभोज पनि खुशी हुँदै आफ्नी सहस्र गुणले युक्त छोरीको विवाह पाण्डुकासाथ सुसम्पन्न गरिदिए । गुणवती कुन्तीको केही वर्ष सुख शान्तिमै जीवन व्यतित भयो । एक दिन महाराज पाण्डु शिकार खेल्न वनमा गएका थिए । उनले जङ्गलमा रमण गरिरहेको मृगलाई वाण हाने । वाण लाग्नासाथ मृग तुरून्त मुनि भेषमा देखा परे र भने "राजन ! म किन्दम ऋषि हुँ । लोक लज्जाले गर्दा मृग रूप धारण गरी मृगिणी रूप धारिणी मेरी पत्नीका साथ वन विहार गरिरहेको थिएँ । तिमीले बेसमयमा मलाई मार्‍यौ । त्यसैले तिमी पनि आफ्नी पत्नीका साथमा रमण नगर्नू । यदि गरिहाल्यौ भने तत्काल तिम्रो मृत्यु हुनेछ ।" यति सराप दिएर मुनिले अति नै कष्टका साथ प्राण छोडे । यो सराप सुनेर राजा पाण्डु भयभीत भएर आफ्ना रानीहरू कुन्ती र माद्रीलाई सबै वृतान्त सुनाए । उनले वैराग्य धारण गर्ने विचार गरेका थिए, तर कुन्तीले धैर्यतासाथ महाराज पाण्डुलाई सम्झाइन्, "हे महाराज ! घरमै बसेर पनि ईश्वरको तपस्या गर्न सकिन्छ, हजूर निर्भयता साथ साधना गर्नु होस् । म पनि आजीवन ब्रह्मचारीणी बन्दछु ।" यो सुनेर पाण्डु निश्चिन्तित भएर योग साधना गर्न लागे । यसरी पूरा वीस वर्षसम्म वितरागिनी भै माद्रीका साथ पाण्डुको निरन्तर सेवा गरिन् ।

एक दिन महाराज पाण्डुले विभिन्न ऋषि मुनिहरू सिद्ध साधक गण सहित ब्रह्म लोकतिर गईरहेका देखे । पाण्डुले पनि उनीहरूका साथ ब्रह्म लोक जाने इच्छा गरे । अनि ऋषिहरूले एकै स्वरमा भने "महाराज हजूरका कुनै सन्तान छैनन्, पुत्रहीन व्यक्तिलाई ब्रह्म लोकमा प्रवेश निशेध हुन्छ ।" यी वाक्यले पाण्डुको मुटुमा च्वास्स विझेर ठूलो घाउ भयो । उनी चिन्ताकुल भएर कुन्तीलाई आफ्नो मनका व्यथा व्यक्त गरे । राजाका कुराले कुन्ती पनि दुःखी भइन् ।अनि महाराज पाण्डुले भने "कुन्ती! तिमी मेरो कल्याणको लागि शास्त्रानुसार कुनै ज्ञानी ब्राह्मण कहाँ जाऊ र पुत्रको कामना गर ।" कुन्तीले भनिन् "हजूर वाहेक अरू पुरुष म जान्दिन । मेरो पातिव्रत धर्म सुरक्षित गर्नु होस् ।" अनी पाण्डुले प्रेमपूर्वक कुन्तीलाई भने "तिमी आफ्नो

मन्त्रद्वारा देवता पनि बोलाउन सक्तछ्यौ। त्यसैले कुनै देवतासंग पुत्र प्राप्ति-को याचना गर।" कुन्तीको चाहना नभएर पनि भनिन् "हजूरका आज्ञा अनुसार कसलाई बोलाऊँ ?" पाण्डुका आज्ञा अनुसार कुन्तीले धर्मराज बोलाइन्। उनबाट छोराको वरदान प्राप्त भयो। कालान्तरमा धर्मराजबाट युधिष्ठिर जन्मे। फेरि पनि पाण्डुकै आज्ञाले कुन्तीले वायु देवतालाई बोलाइन् र उनबाट भीमसेनको जन्म भयो। तेस्रो पटक इन्द्रबाट वीर अर्जुनको जन्म भयो। यसरी महाराज पाण्डुका आज्ञाले तीन पुत्र कुन्तीले जन्माइन्। फेरि पाण्डुलाई पुत्रकै तीव्र इच्छा थियो। तर कुन्तीले विनम्रतासाथ भनिन् "हे महाराज ! मैले हजूरको दैहिक सुखका लागि देवताहरूलाई आह्वान गरेको होइन। अब मलाई धर्म विरूद्ध काम गर्न बाधा नगर्नु होस्।" पाण्डु कुन्तीको सतीत्व बुझेर खुशी भए।

केही समय पछि माद्रीलाई पनि पुत्र प्राप्तिको इच्छा भयो। पाण्डुले कुन्तीलाई माद्रीलाई पनि छोरा प्राप्तिको उपाय बताइदेऊ भनी अह्राए। माद्रीले अश्विनी कुमारहरूलाई आह्वान गर्दा उनीहरूबाट उनले दुई जुम्ल्याहा छोरा जन्माइन्, जसको नाम क्रमशः नहकुल र सहदेव राखियो। अनि महाराज पाण्डुले केही वर्षसम्म परिवारका साथ आनन्दसंग जीवन बिताए। विस्तारै उमेर अनुसार उनमा वैराग्यले प्रवेश गऱ्यो। उनी महारानी माद्रीका साथ तपस्या गर्ने विचारले सतश्रृंग पर्वततिर गएर केही समय-सम्म तपस्या गरे। एक पटक पाण्डु माद्रीलाई साथ लिएर वनमा घुम्न गए। त्यहाँ वनश्रीका विभिन्न अलौकिक छटा देख्दा प्रसन्न भए। त्यसैबेला पाण्डुलाई शारीरिक कुतुहल उत्पन्न भयो। अनि पाण्डुले माद्रीसंग आफ्नो इच्छा पूर्ति गर्न चाहे। माद्रीले नचाहँदा नचाहँदै पनि आफ्नो इच्छा पूर्ण गरे। ठीक त्यति बेलै किन्दम ऋषिको सराप लागेर राजाको मृत्यु भयो। माद्री दुःख संकष्टमा परिन्। उनको हृदयमा हाहाकार मच्चियो। अलाप विलाप गर्दै त्यही मूर्छा परिन्। कुन्तीले पाण्डुको मृत्युको खबर पाइन्। उनी रूँदै कराउँदै पाण्डुको मृत शरीर ढलिरहेको ठाउँमा पुगिन्। कुन्तीले माद्रीलाई झपार्दै भनिन् "तिमीले के गरेकी ? तिमील्यै गर्दा पतिको मृत्यु भयो।" अब

तिमी यी पाँचै सन्तानको रक्षा गरेर बस । म जेठी पत्नी हुनाले पतिव्रताको प्रथम लाभ मैलाई हुनुपर्दछ । म सती जान्छु ।" यो कुरा माद्रीले स्वीकारिनन् उनले रूंदै भनिन् "मलाई नै सती जान दिनु होस्, तपाई नीति निपूण एवं अनुभवी हुनुहुन्छ । छोराहरूको राम्रो हेर विचार पालन पोषणमा निपूण हुनुहुन्छ । उनीहरूको सुरक्षा गर्नु होस् ।" यति भनेर माद्रीले आफ्नो प्राण त्यागिन् र सहगामिनी भएर सतीहरू मध्ये एक भएर यो संसारमा प्रतिष्ठित बनिन् ।

शोक संतप्ता कुन्ती छोराहरूको मुख हेरेर बसिन् । उनी सती जान सकिनन् र उनले विभिन्न दुःख कष्ट भोग्दै गइन् । आफ्ना पाचैजना छोराहरूलाई विश्व वरेण्य बनाएर आमाको कर्तव्य पूरा गरिन् ।

जीवनमा कैयौं झमेला आइलागे, संघर्ष गर्दै गर्दै सबै पार गर्दै गइन् । उनले आफ्ना यशस्वी छोराहरूलाई पनि जीवनमा कहिल्यै हिम्मत नहार्ने उपदेश बराबर दिन्थिन् । उनै आमा कुन्तीका प्रभावले गर्दा युधिश्ठिर महाधर्मज्ञ बने, भीम महाबली शक्तिशाली बने र अर्जुन पृथिवीका साक्षात् इन्द्र नै बने । अर्जुनको प्रतिज्ञा– "नदैन्य न पलायम" आमा कुन्तीकै योगदान थियो । उनकै शिक्षा दीक्षाले पाचैजना छोराहरूले अनीति, अधर्म, असत्य, अन्याय र अनाचार आदि जीवनमा कहिल्यै अपनाएनन् । यिनै गुणले गर्दा साक्षात् जनार्दन कृष्णले पाण्डवहरूको सारथी बन्ने प्रण गरेका हुन् । कुरु क्षेत्रको महासमरमा पाण्डवहरूले नै विजय विभूति पाएका थिए । यो सबै श्रेय कुन्तीलाई नै जान्छ ।

केतकी—महाआदर्श नारी द्रौपदी

"तिमीलाई आफ्नो ब्रह्मचर्य व्रत एवं आजीवन कुमारी वस्न पाएकोमा ठूलो घमण्ड छ। तर याद गर म तिम्रो यो घमण्ड चूर्ण गर्नलाई नै आएकी छु। कालान्तरमा एउटा मात्र होइन पाँच पाँच पतिहरूकी पत्नी बन्नेछौ।"

आफूलाई यस्तो सराप दिएको सुन्दा ती कुमारीको हृदयमा वज्रघात पऱ्यो। उनी हाहाकार गरी अलाप विलाप गर्दै रून लागिन्। उनीले डरले थर थर काम्दै प्रार्थना गरिन्—"देवी ! मैले अज्ञानवस तपाईको अवहेलना गरेकोमा क्षमा पाऊँ। तपाई जगत्माता हुनुहुन्छ। कुनै पनि आमाले आफ्ना सन्तान-प्रति यस्तो प्रतिशोध राख्दैनन्"। यस किसिमको प्रार्थना सुनेर देवीको हृदय पग्ल्यो र फेरि तुरून्तै भनिन्, "छोरी। चिन्ता नगर ! तिमी आफ्नो साधनामा लागि रहू। तिम्रै माध्यमबाट भगवानका सारा कार्य हुनेछन्। पाँच पतिकी पत्नी भएर पनि तिम्रो सतीत्व अक्षय रहने छ। तिमी विवाहिता भएर पनि अक्षय कौमार्यवस्थाले सदा सर्वदा युक्त हुनेछौ। तिम्रो नाम प्रातः स्मरणीय हुनेछ र त्यो नाम स्मरणले सारा पाप ताप काट्न सहयोग हुनेछ।"

यस्तो ब्रह्मचर्य व्रत धारण गर्ने कुमारी हुन्—केतकी। उनी दक्षप्रजापतिकी शीलवती छोरी थिइन्। उनलाई सराप तथा वरदान दिने देवी थिइन

साक्षात भगवती जो गाईको रुप धारण गरेर केतकी कहाँ आएकी थिइन्। देवी केतकीको विवाह भएको थिएन। उनी ज्यादै चिन्तामा परेकीले आफ्ना बाबु आमाको अनुमति लिएर हिमालमा तपस्या गर्न गइन्। देवी भगवतीका सरापले गर्दा उनी दुःखीत हुदै सधै सोच्दथिन्, "ठूल ठूला ऋषिहरू एवं तपस्वीहरूको स्वर्णोपम स्थल हिमालय छाडेर अब मलाई मृत्युलोकमा जन्मनु पर्ने भयो।"

केतकी यही आशङ्काले चिन्ताकुल भएर विलाप गर्दै रुन्थिन्। चिन्तै चिन्तामे उनी पतित पावनी गङ्गाका किनारमा पुगिन्। उनी वलिन्द्रधारा आँशु बगाउँदै रोइ नै रहिन्। उनका आँशु प्रवाहित भएर गङ्गामा तपतप गर्दै बग्न लागे। तर परम पवित्र कुमारी केतकीका आँशुका थोपा साधारण थिएनन्। जति आंशुका थोपा पुण्य नदीमा पर्दथे उत्ति नै दिव्य कमलका फूलमा बदलिएर गङ्गाका तरङ्ग (लहर) मा बग्दथे। ती कमलमा अपूर्व सौरभ थियो। मन्दाकिनीको धारामा बग्दै बग्दै केही कमल स्वर्गतिर बग्दै गए। कमलको सुवासले सम्पूर्ण वातावरण महकिरहेको थियो। यी अलौकिक फूल धर्मराज एवं अश्विनी कुमारहरूले देखेर कतावाट आएको हो वुझ्न कमलका फूल वगेर आएको दिशातर्फ गए। तर ती गएका व्यक्तिहरू कुनै पनि फर्केर आएनन्।

एक पटक नैमिषारण्य क्षेत्रमा एक यज्ञ शुरु भएको थियो। यमराजलाई पशुवली दिने कार्य दिइयो। यमराज यज्ञकार्यमा दीक्षित भएकाले सांसारिक जीव मृत्युवाट मुक्त भए। त्यसले सारा देवता समूह ब्रह्माजीका समीप गएर विन्ति गरे। ब्रह्माजीले पनि सान्त्वना दिदै यज्ञकार्यवाट निवृत्त भएर यमराजले संहार गर्ने छन् भने पछि सबै देवताहरू फर्के। यहीवेला गङ्गामा बग्दै आएको एउटा स्वर्ण कमल इन्द्रले देखे। जतावाट कमल आएको थियो उतैतिर उनी पनि गए। गङ्गाको मुहानमा पुगेर उनले अग्नि शिखावत एउटी सुन्दर स्त्री रोइरहेकी देखे र साथै उनै स्त्रीका अश्रुविन्दुहरूबाट कमल उत्पन्न भएको पनि देखे। उनीसँग सोध पुछ गर्दा उनले भनिन् " देवेन्द्र

म ज्यादै अभागिनी हूँ ; तपाई मेरो साथमा हिड्नुहोस् । अनि तपाईले चिन्न सक्नु हुनेछ, म को हूँ र किन रोइरहेछु ?" यो सुनेर देवराज इन्द्र उनै स्त्रीसँगै गए । केही टाढा हिमालयको शिखरमा पुगेर देवराजले एक जना परम रूपवान युवक एउटी युवतीसँगै सिंहासनमा वसेर चौसर खेलिरहेको देखे । इन्द्र त्यहाँ पुग्दा पनि त्यस युवकले देवेन्द्रतिर हेर्दै हेरेन । यो देखेर इन्द्र ज्यादै क्रूद्ध भए ! अनि उच्च स्वरले भने "हे पुरुष ! यो संसार मेरो हो, म यसको राजा हूँ, यो कुरा तिमीमा जानकारी हुनु पर्दछ ।" इन्द्रका गर्वपूर्ण वचन सुनेर ती युवकले मुस्कुराउदै इन्द्रतिर हेरे । हेर्दा-हेर्दै इन्द्र जड समान भएर उभिएको उभियै भए । चौसरको खेल सकिए पछि ती युवकले रोइरहेकी स्त्रीलाई भने – "त्यो इन्द्रलाई मेरा सामू ल्याऊ ।" युवकका आज्ञानुसार युवतीले इन्द्रलाई के छोएकी मात्र थिइन्, इन्द्र पृथ्वीमा लडी हाले । उग्र तेजवाला युवक भगवान शङ्कर रहेछन् । शङ्करले उनीसँग भने " हे इन्द्र ! कहिल्यै पनि यस्तो घमण्ड नगर्नू । तिमी ज्यादै वलवान छौं, त्यसकारण यो शिला उचालेर त्यस गुफाभित्र जाऊ । त्यहाँ सूर्य समान तेजस्वी अरू पनि छन् । अनि इन्द्रले त्यो ठूलो ढुंगा उचालेर गुफामा हेर्दा त्यहाँ आफै जस्ता चार जना इन्द्र थुनिएका देखे । यो दृश्यले इन्द्र ज्यादै दुःखित भए । उनले तिनीहरू जस्तै आफू पनि वन्दी हुँदै छु भन्ने थाहा पाए । भगवान शंकरले आफूलाई गरेको अपमानको प्रतिशोधमा इन्द्रलाई पनि वन्दी गराइदिए ।

त्यस पछि देवेन्द्रले भगवान शंकरको प्रार्थना गर्दा शिवजीले भने "तिमीहरू पाँचै जना इन्द्र वास्तवमा एउटै हौ । पाँचै जनाले मानिस योनिमा जन्मनु पर्नेछ । यो स्त्री पाँचै जनाकी पत्नी वन्नेछन् । जेठा पति धर्मराजका अवतार हुनेछन् । अनि धर्मराज यमले यज्ञकालमा मानिस-हरूको संहार नगरेकोले एकैसाथ तिमीहरू सवैद्वारा भयंकर संहार गर्ने छौ ।" त्यसपछि इन्द्रले शिवजीसँग "हामीं सवैको जन्म मानव संसारमै धर्म, वायु, इन्द्र एवं अश्विनी कुमारहरूका साथै होओस्" भनी विन्ति गरे । अनि नयाँ आएका इन्द्रले फेरि भने "म देव कार्य गर्नका लागि आफ्नो भक्ति

डा. डिल्ली रमण रेग्मी
कल्याणी रेग्मी स्मारक
पुस्तकालय
1598

प्रयोग गरेर पञ्चपुरुषहरूको पूर्ति पाँचै रुप लिएर गर्नेछु।" त्यसपछि सबै इन्द्र भगवान शङ्करका साथ सनातन नारायण कहाँ गए। भगवान नारायणले पनि यो प्रस्ताव समर्थन गरे। त्यहीबेला नारायणले आफ्नो शिरबाट एउटा सेतो र अर्को कालो रौं उखेलेर रोहिणी एवं देवकीका गर्भमा स्थापित गरिदिए। सेतो केशबाट बलराम र कालो केशबाट कृष्णको जन्म भयो। पहिला कन्दरामा बन्दी भएका चारै इन्द्र युधिष्ठिर, भीम, नकुल एवं सहदेव थिए। अर्जुन इन्द्रका अंशबाट उत्पन्न भएका हुन्। दिव्य रुपवती कृष्णा (द्रौपदी) चाहि उही रुने स्त्री लक्ष्मीको अंशावतार हुन्।

पञ्चकन्याहरू मध्ये द्रौपदीको चरित्र सबभन्दा विवादास्पद मानिएको छ। विभिन्न लेखकहरूले उनलाई महाभारतकी महाविनाशकी मूल नायिका मानेका छन्। यति मात्रले नपुगेर उनलाई पाँच पाँच पतिकी एउटै पत्नी भएकीले विभिन्न अप-शब्दले सम्बोधन गरेका पनि छन्। तर द्रौपदीको चरित्र ज्यादै गम्भीर छ। कसैले पनि कुनै वस्तु या व्यक्तिको गुण दोषको विवेचन गर्नमा सक्षम हुनु पर्दछ र आन्तरिक एवं बाह्य पक्ष राम्ररी जाने बुझेको हुनु पर्दछ। जस्तो भगवती लक्ष्मीका दुई स्वरूप छन्– श्री या भू–माता एवं आद्याशक्ति नारायणी। यदि हामीहरूले भौतिक स्वरुपलाई नै सर्वश्व सम्झने हो भने भू-माता एवं श्रीदेवीको नातले लक्ष्मीले प्रत्येक युगमा विभिन्न राजाकी पत्नी बन्नु परेको छ। त्यसकारण आद्या जगन्माता सनातनी उपर पनि गल्ती आरोप लगाउन पर्ने हुन्छ।

ठीक यही सत्यता द्रौपदीको बारेमा लगाइएको छ। उनी सीता समान पवित्र मानिएकी अग्नि पुत्री हुन् र महान् ऋषि ब्रह्म एवं क्षात्र धर्ममा अग्रणी मुनि याजका वरदानले अवतरित भएकी हुन्। यदि द्रौपदी उच्छृङ्खल भएर पञ्च पाण्डव (पाँच भाइलाइ) लाई वरण गरेकी भए के युवराज दुर्योधनलाई वरण गर्ने थिइनन्? त्यस्तो विशाल सभाका बीचमा दुशासनको त्यो अवहेलना सहने थिइनन् र चीर हरण गर्ने समयमा भगवान श्री कृष्णलाई जरुर पुकार्ने थिइनन्। द्रौपदीमा लाजै नहुँदो होता उनको लाज बचाउनको

लागि भगवान कृष्ण द्वारकादेखि दौडेर आउने थिएनन् । गुप्तवासको समय एवं अन्य औसरमा समेत किचक र अन्य पुरुषहरूले द्रौपदी उपर कुदृष्टि राखेको कुरा महाभारत पल्टाउँदा थाहा पाउन सकिन्छ । कतिले उनलाई राज्यसुखको प्रलोभन देखाएका थिए, त्यसवेला के उनले भौतिक एवं घृणित प्रस्तावहरू स्वीकार्न सक्दैनथिन् र ? यदि उनले धन सम्पत्ति यश आराम चाहेकी भए त्यस्तो आपद सहेर वस्ने थिइनन्, आत्महत्या पनि गर्न सक्ने थिइन्, तर यस्तो कुनै कुकृत्य गरिनन् । एकै साथ पाँचजना पतिकी पत्नी बन्नु पर्ने उनको भाग्य नै थियो, प्रारब्धकै फल। यसैको फल स्वरूप राजा द्रुपदले आफ्नी कन्याको स्वयम्बरका लागि एउटा शर्त राखेका थिए। उक्त शर्त अनुसार पानीको छाँयामा हेरेर माथि झुण्ड्याइएको माछालाई बाण हानेर खसाल्न सक्ने पुरुषलाई नै द्रौपदीको स्वयम्बर गरिदिने थियो । राजा द्रुपदको यो प्रण समाधान गर्न अर्जुन सफल भए र द्रौपदीलाई साथमा लिई महारानी कुन्ती कहाँ आएर "आमा मैले एक चीज ल्याएको छु" भन्दा पाँचै जना सन्तानलाई एकै दृष्टिले हेर्ने कुन्तीले "पाँचै भाइले बाँडेर लेऊ" भनिन्। अनि कन्यादान लिन द्रुपद राजाको दरबारमा पाचै भाइ जादा द्रुपदले पनि भने "हे कुरु नन्दन ! शास्त्रका विधि अनुसार एक पुरुषका धेरै पत्नी हुन सक्छन् । तर एक पत्नीका धेरै पति भएको आजसम्म देखे सुनेको छैन । तपाई धर्मात्मा हुनुहुन्छ तैपनि घृणित कार्य किन गर्न आट्नु भएको हो ?" अनि धर्मात्मा युधिष्ठिरले उत्तर दिए–"महाराज धर्ममार्ग ज्यादै सूक्ष्म छ । केवल फोश्रो दृष्टि राख्नु हुन्न । हामी त्यही बाटो हिड्दछौं, जहाँ पहिलेका ठूला महापुरुष हिंडेका थिए । उनले यसको लागि एउटा कथा पनि सुनाए । गौतम कुलमा जटिला नाम गरेकी एउटी कन्या थिइन् । उनी अति नै धर्मज्ञ एवं सतगुण सम्पन्न विदुषी थिइन् । उनैका सातजना ऋषि पतिहरू थिए । अनि वाक्षी ऋषिकी शुशीला नाम गरेकी एक कन्या थिइन् । उनी एउटीकै साथ दशजना प्रजापतिहरूले विवाह गरेका थिए । अर्को कुरा के भने ठूला वडा मान्यजनहरूको आज्ञा पालन गर्नु नै परम कर्तव्य एवं धर्म हो । त्यसैले आमाले पनि पाँचै भाइले द्रौपदी ग्रहण गर्ने आदेश दिनु भएकोले हामी पाँचैजना आएका हौं ।"

ठीक त्यहीवेला वेदव्यास पनि आइपुगे। महर्षि वेदव्याससँग यसवारेमा सोधपुछ हुँदा उनले वेद र लोकाचारमा नहुनाले यो विधि लुप्त भए पनि सनातन धर्मको अनुकूल भएको छ। अनि यसैसाथ द्रौपदीको पूर्वजन्मको कथा र इन्द्रादिको पुनर्जन्म भएर पञ्चपाण्डवको रुप लिएको कथा पनि सुनाए। यो सुनेर धौम्य ऋषिका पौराहित्यमा पञ्चपाण्डवहरूको विवाह द्रौपदीका साथ सुसम्पन्न भयो। त्यसैवेला वेदव्यासले द्रौपदीका विषयमा उनको आश्चर्यमय रहश्य अथवा विवाहको दोस्रो दिनमा कृष्णामा पुनः कन्याभाव प्राप्त हुनेछ र उनको कौमार्य सदा अक्षय रहने छ भन्ने पनि बताए। महानारी द्रौपदीको चरित्र आश्चर्यमय छ र यो रहस्य जान्ने बुद्धिजीविहरू त्यसै छक्क पर्दछन् भन्ने समेत बताए।

द्रौपदीको जन्म ज्यादै अनौठा किसिमबाट भएको थियो। महाराजा द्रुपद ज्यादै शक्तिशाली थिए। तैपनि एकपटक द्रुपद द्रोणाचार्यद्वारा पराजित भए। त्यसैले द्रोणसँग कसरी प्रतिशोध लिन सकिन्छ भन्ने भावनाले उनलाई सताएको थियो। राजा भित्र भित्रै जलिरहेका थिए। द्रुपदले आफना युगका धेरै जसो शूरवीरहरूसँगै द्रोणलाई पराजित गर्ने उपाय निवेदन गरे। तर उनलाई जित्ने कोही निस्केनन्। ब्रहम तेजको सामू क्षत्री तेज केही पनि रहेन छ। त्यसैले राजा द्रुपद ठूल ठूला ब्रह्मर्षिका शरणमा गए। कैयौं ब्रह्मर्षिबाट नकारात्मक जवाफ सिवाय केही पाएनन्। त्यस पछि सर्वश्रेष्ठ महर्षि एवं शस्त्रास्त्रका ज्ञाता महात्मा याचका शरणमा गए। याच मुनि पनि ब्राह्मण थिए र उनी ज्यादै दयालु भएकोले राजा द्रुपदलाई दया गर्दै भने "राजन ! मेरो वरदानको प्रभावले तिमीलाई एउटा शक्तिशाली पुत्र प्राप्त हुनेछ। त्यसैले द्रोणलाई मार्नेछ।" त्यसपछि मुनिले रानीलाई "तिमी पवित्र भएर मेरा सामू आऊ, पुत्र प्राप्ति हुने बुटी दिन्छु" भने। तर याच मुनिको अपूर्व ब्रह्मतेज देख्दा रानी हडबडाइन्। यो देखेर मुनिले भने तिमी इच्छा लागे आऊ। इच्छा नलागे नआऊ। यो बुटी प्रज्ज्वलित यज्ञ-कुण्डमा होमी दिन्छु। त्यसबाट एउटा छोरा र एउटी छोरी प्राप्त हुनेछन् अनि याच मुनिले मन्त्र पढेर यज्ञमा आहुती मात्र के दिएका थिए एउटा

परम तेजस्वी बालक साथमा दिव्य अस्त्र लिएर प्रकट भए। अनि एकक्षण पछि एउटी सर्वाङ्ग सुन्दरी दिव्य अलङ्कार धारण गरेकी कन्या पनि प्रकट भइन्। याच मुनिले बालकको नाम धृष्टद्युम्न र बालिकाको नाम द्रौपदी राखे। यिनै धृष्टद्युम्न आचार्य द्रोणको शिष्य भएका थिए। महाभारतका युद्ध कालमा जब द्रोणाचार्यले आफ्ना शस्त्र फ्याकेर पुत्र शोकमा समाधिस्थ भएका थिए त्यसैबेला धृष्टद्युम्नले द्रोणाचार्यलाई मारिदिए। राजा द्रुपदको मनोरथ पूर्ण भयो।

द्रौपदी सानै उमेरदेखि नै संपूर्ण लक्षणले युक्त थिइन्। उनले आफ्ना पिता माताबाटै सामाजिक, राजनैतिक, धार्मिक शिक्षा प्राप्त गरेकी थिइन्। उनी यौवनावस्थामा पुगे पछि महाराजा द्रुपदले उनको लागि योग्य वरको खोजी गर्न लागे। उनको स्वयंवरका लागि राजाले राखेको शर्त अनुसार ब्राह्मण वेशधारी अर्जुनले चक्रमा नाचिरहेको माछोलाई तल छायामा हेरेर बाण हानी तल खसाले। द्रौपदीले अर्जुनलाई जयमाला पहिराइन्। अनि द्रौपदीलाई लिएर अर्जुन आमा कुन्ती कहाँ गए। कुन्ती भित्र थिइन् र भीक्षा लिने समय पनि समाप्त भएको थियो। अनि भीमसेन एवं अर्जुन दुवै भाइले ठूलो स्वरमा बोल्दै "आमा ढोका खोल्नु होस्, हामीले आज एउटा अपूर्व ठूलो वस्तु लिएर आएका छौं" भने। कुन्तीले पनि हेर्दै नहेरी भित्रैबाट भनिन्" तिमीहरू पाँचै भाइले बराबर गरी बाँडेर लेऊ। अनि पाण्डव असमंजसमा परे। पछि कुन्ती बाहिर आइन्, द्रौपदीको प्रज्ज्वलित सुन्दर अनुहार देखेर ज्यादै प्रशन्न भइन्। तर आफ्नै बोलीमा पश्चाताप गर्न लागिन्। कुन्तीले जे भन्दथिन् त्यो कहिल्यै वदर हुँदैनथ्यो। त्यसैले छोराहरूलाई भनिन्" मेरो वचन पनि व्यर्थ नहोस् र यिनको सतीत्वको पनि रक्षा होस्।"

आमा कुन्ती अप्ठ्यारोमा परेको देखेर युधिष्ठिरले भने "आमा ! द्रौपदी हामी सबैकी पत्नी हुनेछन्।" द्रौपदी पनि पूर्वजन्मको सारा वृतान्त सम्झेर चुपचाप लागिन्। यसरी उनको अपूर्व आत्मसंयम, तप, त्याग र

सन्तुष्टीको परिचय जतातर्तै पाइन्छ । आफ्नो राजकीय (राजकन्याका) सुख विसँर पाण्डवहरूका साथ भीक्षामा जीवन निर्वाह गरेकी थिइन् । भुइँमा सुतेर, एउटा धोती मात्र लगाएर द्रौपदीले एउटी महान् तपश्विनीको आदर्श पनि प्रस्तुत गरिन् ।

द्रौपदीको जीवनमा ठूलठूला महान् विपत्ति धेरै पटक आई लागे । तर विपत्तिको परीक्षामा उनी खारिएरै उत्रिन् । कौरवहरूसँग जुवा खेल्दा पाण्डवहरूले उनलाई समेत जुवामा थापेर हारेका थिए । त्यसवेला युवराज दुर्योधनले दुशासनलाई "द्रौपदीला सभामा ल्याएर निर्वस्त्र गराई दिनू" भन्ने आदेश दिए । आदेशानुसार दुःशासनले उनलाई निर्वस्त्र गर्न लागे । त्यसवेला द्रौपदीले भगवान श्रीकृष्णको स्मरण गरिन् । निश्चय नै महाप्रभू जगतनियन्ताले एउटी सतीको अपमान कसरी सहन सकून ? त्यस्ती सच्चरित्रा द्रौपदीले आफ्नो लाज बचाउन श्रीकृष्णलाई गुहारिन् । कृष्णको मुटु पग्ल्यो, स्वयं नारायण भक्तको लाज बचाउनका लागि द्रौपदीको सारी बने । त्यसवेला सम्पूर्ण महारथी आश्चर्य चकित भए । सबैले सतीत्वको प्रत्यक्ष प्रभाव देखे । तर कसैले केही बुझ्न सकेनन् । दुर्योधनादि पराभूत भए र द्रौपदीको सतीत्व नष्ट गर्न सकेनन् । त्यसपछि उनी त्यहाँबाट निस्केर कपाल फुकाइन् र रणचण्डीको रुप धारण गरेर प्रतिज्ञा गरिन् –"जबसम्म दुःशासनको रगतले कपाल नुहाउन्न, त्यस-वेलासम्म कपालको झाँक्री फुकाइ नै रहनेछु ।" द्रौपदीले आफ्नो प्रतिज्ञा पनि महाभारत युद्धमा पूरा गर्न पाइन् । उनले जुन प्रतिज्ञा गर्दथिन्, त्यसलाई सत्चरित्रको तेजले पूर्ण गर्दथिन् । उनका यिनै गुणले गर्दा पञ्चकन्या मध्येको एक स्थान सुरक्षित गरिन् ।

नारीत्वको पूर्ण विकास मातृत्वमा रहन्छ । त्यस्तै द्रौपदीले पनि स्नेह माया ममता, वात्सल्य, करुणा, क्षमा र धैर्यताले परिपूर्ण आमाको हृदय पाएकी थिइन् । अश्वस्थामाले द्रौपदीका पाँचजना छोरा मारेका थिए । अनि भीमसेन र अर्जुनले उनलाई मार्न लागेका बेलामा द्रौपदीले हात जोडेर भनिन् "हे वीर शिरोमणि! यो दुष्ट मेरा छोराहरूको हत्यारो भएता पनि

यसलाई नमार्नु होस्, छोडी दिनुहोस् । म एउटी आमा हूँ, छोराको मृत्युले शोक भोगिरहेछु, यसलाई मार्नाले यसकी वृद्ध आमा गुरु पत्नी ज्यादै शोकाकुल हुनेछन् । एउटी आमाले नै अर्की आमाको हृदय व्यथा भावना जानेकी हुन्छे।" यो उनको अपूर्व मातृ हृदयको परिचय हो। पुत्रशोकको व्यथा जानेरै आफ्ना छोराको हत्यारालाई पनि ज्यूदै छोडिन् । यी विभिन्न कारणले गर्दा द्रौपदीको चरित्र निकै आदर्श र अनुकरणीय पाइन्छ ।

कैकेयी

वाल्मीकि रामायण अपार सिन्धु हो । यसको गुम्फन र विचार पक्षमा नगहिरीकन वास्तविक उपलब्धि केही पाउन सकिंदैन । महाकवि वाल्मीकिले त्यसवेलाको समाज रीति–रिवाज तथा व्यक्ति चरित्र निकै स्पष्ट प्रस्तुत गरेका छन् । अझ नारी चरित्र र स्वभावमा तटस्थ बनेर चित्रण गरेका छन् ।

हुनत राम काव्यका नायक हुन् । उनको चरित्र आदर्श मनन योग्य छ । राम आदर्श, धर्मज्ञाता, गुणवान्, जितेन्द्रिय, कृतज्ञ, सत्यवादी पवित्र तथा होनहार प्रजापालक राजा मानिन्छन् तापनि महर्षि वाल्मीकिले रामायणमा पुरुष चरित्र जस्तै नारी चरित्र पनि उत्कृष्ट रूपमा चित्रण गरेका छन् । रामायण कालीन समाजमा पुरुष जतिकै नारी पनि कर्मक्षेत्रमा उत्रन्थे । उनीहरू जीवनको प्रत्येक क्षेत्रमा निकै सचेत र सजग थिए । निकै सोच विचार गरेर मात्र जीवनमा पाइलो चाल्दथे । तर जीवन सधै अनुकूल बन्दैन, प्रतिकूल वातावरणले यसलाई खल्लो र दुषित गराउँछ । यसैकारण कैकेयीको चरित्र पनि त्यति निर्मल र आदर्श हुँदाहुँदै पनि धमिलियो ।

जीवनमा यश–अपयश पाउनलाई भाग्यकै खेल हुन्छ । जसलाई यश मिल्नेछ उसलाई अपर्झट आइलाग्दछ । आफूले केही नगरे तापनि कसै कसैलाई त्यसै नै अपयश आइपर्दछ । त्यस्तै महारानी कैकेयीलाई अपयश पाउनु थियो

उनले थाहै नपाईकनै पाइहालिन् । यसकारण साधारण मानिसहरूले उनलाई महादोषी ठहराएका छन् । यदि वास्तविक कुरा बुझ्ने हो भने उनलाई महाआदर्श तथा लोककल्याणकारी नारी मानेर आफ्नो शिर झुकाउँदैथे ।

महारानी कैकेयी केकय नरेशकी छोरी थिइन् । उनी आफ्नो रूप गुण र सौन्दर्यमा जगत विख्यात् थिइन् । यस्ती परम सुन्दरी महारानी पाउन चक्रवर्ती महाराज दशरथ केकय नरेश कहाँ कैकेयी माग्न गए । केकय नरेश असाध्य खुशी भए तर आफ्नी छोरी महारानी मात्र होइन राजमाता पनि होस् भन्ने चाहना गरेर महाराज दशरथका अगाडि एउटा शर्त राखे । "तपाईसंग सम्बन्ध राख्न पाउनु नै म आफूलाई ठूलो भाग्यमानी सम्झन्छु । तर मेरी छोरी राजमहिषीका साथ साथ राजमाता भएको पनि देख्न चाहन्छु। अनि तपाईकी जेठी महारानी पनि हुनुहुन्छ । राज्याधिकार जेठीकै पुत्रमा हुन्छ । त्यसैले मेरी छोरी दिन चाहन्न"। महाराज दशरथ कैकेयीको रूप गुणमा मुग्ध भइसकेका थिए । उनलाई पाउन जे पनि गर्न तयार थिए । त्यसकारण उनकै पुत्रलाई राज्यभार दिन पनि तयार भएर नरेशको शर्त स्वीकारे ।

रानीहरूमा कैकेयी ज्यादै मन परेकी थिइन् र तिनैजना छोराहरू जन्मेपछि छोराहरूमा जेठा रामलाई अति नै प्यारो गर्दथे । राजाले घेरै जसो समय कैकेयीको महलमा बिताउँथे र श्रीराम पनि उही वस्दथे । कैकेयीका लागि राम र भरतमा कुनै फरक थिएन । भरतभन्दा रामलाई ज्यादै प्यारो गर्दथिन् । उनले रामलाई नखुवाईकन आफू खान्नथिन् । यी सब उद्गार कैकेयीकै मुखबाट मन्थराले श्रीरामको राज्याभिषेक भोलि हुन लागेको भन्ने समाचार सुनाउँदा भनेकी थिइन् । राम पनि उनलाई आमा भन्ने ठान्दथे, चौध वर्ष वनवास गएर फर्कदा पनि प्रथम प्रवेश कैकेयीकै महलमा गरेका थिए, कौशल्याभन्दा बढी मान्यता उनैलाई दिन्थे । वनवासको आज्ञा पाएर गए पछि पनि भरतलाई बारम्बार माता निर्दोष छन् भनेर सम्झाउँथे ।

कैकेयी अति सुन्दरी तथा अति नै गुणवती रानी थिइन् । उनी चतुर राजनीतिज्ञा थिइन्, अनि थिइन् कुशल शस्त्रास्त्री । रणकौशलमा उनी

अद्वितीय नारी थिइन्, रणभूमिमा चाहिने ज्ञान, धैर्यता, साहस तथा अन्य कौशल राजा दशरथको भन्दा कता हो कता उच्च थियो। यसैकारण उनी दुई वरकी भागी थिइन्। दशरथ युद्धमा जाँदा सधैं कैकेयीलाई लैजान्थे। एक पटक यस गरी युद्धमा जाँदा रथमा महारानी कैकेयी थिइन्। तर राजा दशरथ आफ्ना वैरीको विशाल सैन्य देखेर लडाईमा मूर्छा परे। रणभूमिको जिम्मा विचरी कैकेयीमा पऱ्यो। तर उनी अलिकति पनि विचलित नभईकन राजालाई रथम आराम गर्न दिएर आफू शत्रुहरूसंग जाइ लागिन् धेरै शत्रुहरू पराजित भए, राजा पनि विस्तार होशमा आएर फेरि शस्त्र अस्त्र चलाए। यसबाट हामी आफैं अनुमान गर्न सक्छौं रानीको साहस तथा रणकौशल।

यही लडाईंको असवरमा राजा दशरथ युद्ध गर्दै थिए। अकस्मात रथको पाङ्ग्राको चुकुल फुस्किएछ, शत्रु ध्वस्त गर्ने धूनमा हुँदा अरू यताउताका केही कुरामा पनि दशरथको ध्यान गएको थिएन। तर कैकेयीले यो कुराको आभास पाइन् र आफ्नै हातको चुकुल बनाइन्। उक्त दिनको युद्ध विराम भएपछि दशरथ उनको यस्तो साहस र पराक्रम देखेर अति नै खुशी भए। यसै कारण उनले दुई वर माग्ने अनुमति दिए। अनि यिनै वर उनको देशभक्ति र राजनीतिको परिचय दिन यथेष्ट हुन्छन्।

कैकेयी रणकौशलमा मात्र चतुर होइनन् परन्तु खप्पीस राजनीतिज्ञा पनि थिइन्। आफ्नो घर परिवार राष्ट्र अझ भनौं त्यसवेलाको विश्व सुरक्षाको लागि, मानव मात्रको सुरक्षा र कल्याणको लागि उनले आफ्नो व्यक्तिगत स्वार्थ समेत लत्याई दिन्थिन्। यस्ती महान् महारानी कैकेयी हुँदाहुँद पनि वरु राजा दशरथले भरत आफ्नो मामा घर गएको वेला पारेर कैकेयीलाई समेत थाहै नदिईकनै रामको राज्याभिषेक गर्न लागेका थिए। रामलाई उनले भरत सदाचारी पुरुष हुन् रामका अनुगामी, धर्मात्मा दयालु तथा जितेन्द्रिय छन् तापनि मानिसको चित्त चञ्चल हुन्छ, त्यसकारण भरतको अनुपस्थितिमा राजतिलक स्वीकार गर भनेर संझाएका थिए। दशरथ जस्ता महान् राजाले राज्याभिषेक जस्तो काम यस्तो सट्याक

सुटुक्क गर्नु नसुहाउँने कुरो थियो । कैकेयीसंग एक वचन सल्लाह पनि गर्न सक्दथे । यस्तो लुकीचोरी काम गर्नु भन्दा सरसल्लाहले गरेको काम जस्तै कठीन भए पनि सरल हुन्छ, बीचको लाउकेले कुरा यताउता गर्न पाउँदैन । आखिर कैकेयी पनि त दुष्ट र ईर्षालु थिइनन् । यदि दुष्ट भएको भए मन्थराले रामको भोलि राज्याभिषेक हुँदैछ भन्ने गोप्य सूचना सुनाउँदा उनी हर्षले विभोर भएर आफ्नो मोतीको माला मन्थरको गलामा लगाई दिने थिइनन् र अझ यस्तो सुखद सुसमाचार सुनाएकोमा उक्त माला पनि उतलाई ज्यादै कम दिए जस्तो लाग्ने थिएन । उनले अरू कुनै वर पनि माग्न अनुमति दिइन् । कत्रो आदर्श अनि कति विशाल हृदया नारी रहिछन् उनी । आफ्नो परिवारको सुख शान्तिको लागि उनको कत्रो परित्याग ।

महारानी कैकेयी अति सोझी थिइन्, राम जेठो छोरा भएकोले राज्यको उत्तराधिकारी पनि उनै भएमा आफ्ना भाइहरूको राम्रो हेरविचार गर्लान् भन्ने सधैं सम्झन्थिन् । उनको यही सरलता र निश्छल स्वभाव देखेर उनकी सुसारे मन्थरालाई ज्यादै माया दया लाग्यो । कतै उनको यो भोलाभाला चरित्रको फाइदा उनका सौता सौतीले त उठाउँदैनन् भन्ने शंका लागेर उनलाई खूब सम्झाएर अन्त्यमा राजा दशरथ समेतको करतुत छर्ल्याङ्ग्याई दिइन् !

कैकेयीमा सौतेनी इर्ष्या तथा डाह थिएन । त्यसकारण मन्थराले सौताको जातै शत्रु हुन्छ, सकेसम्म आफ्नो सौतालाई दवाउन र नाश गर्न सबै नारी तत्पर हुन्छन् । उदाहरणका लागि नागराज वासुकी पत्नी कद्रूले आफ्नी सौता विनितालाई अनावश्यक दुःख दिएको समेत सम्झाइन् । त्यस्तै महारानी कौशल्याले पनि राजा दशरथलाई आफ्नो वशमा पारेर रामलाई राज्य दिलाउन सफल भइन् । राजाले पनि त्यहीं चाहेर तुरुन्तै स्वीकारे । अनि राज्याभिषेक जस्तो महान् उत्वसमा भरतलाई खबरै दिएनन्, मावलीको मावलीमै छोड्दिए । त्यसकारण राम राजा भए पछि पूरै शक्तिशाली भएर कैकेयी भरतको अवहेलना गर्नेछन् भनेर सम्झाइन् । विचरी कैकेयीले शुरूमा उसको कुरा खाइनन् तर पछि लोक कल्याणकारी भावनाले उनी बढी सचेत भइन् र मन्थराको कुरा सुने जस्तो गरी आफ्नो कार्य क्षेत्रमा उत्रिन् ।

मानिस आफ्नो जीवनमा जस मात्र पाउन चाहन्छ अपजस होइन । अपजसको डरले आफूले कुनै काम गरेको भए पनि स्वीकार्न सक्दैन । तर कैकेयी यस्ती महामानवीको रूपमा देखा परेर विश्व कल्याणको लागि युगौं युगौसम्मको लोक लान्छना, घृणा तथा तिरस्कार सहन समेत तत्पर भइन् । उनी चतुर राजनीतिज्ञा थिइन् । त्यसबेला रामको पराक्रम विभिन्न ऋषि-मुनिहरू तथा पृथिबीकै माग थियो । तर यस्ता महापुरुष राज्यको लोभ मोहमा डुबे भने तपस्वीहरूको उद्धार गर्ने को ? पृथ्वीको भार हर्ने को ? यसकारण सम्पूर्ण विश्वको निन्दनीय पात्र भएर दुष्ट र क्रूर नारी कहलिएर पनि उनले मानव कल्याणका लागि अगाडि पाइलो चालिन् ।

भरतलाई मामाघर पठाएर कैकेयीसंग केही सम्मति नै नलिईकन रामलाई राजतिलक दिन लाग्दा पनि उनलाई अलिकति दुःख लागेन । कैकेयीको प्रथम रूप गृह लक्ष्मी थियो र गृह शान्ति र घर परिवार सुखको लागि उनी जे पनि मान्न तयार थिइन् । दाज्यूभाइमा सबभन्दा जेठो राम भएकोले गृह सञ्चालन पनि राम्रो होला भन्ने ठानिन् । तर मन्थराको सर्काइले उनको दृष्टि विस्तारित भयो । उनी कुशल राजनीतिज्ञकी पुत्री एवं कुशल राजनीतिज्ञा, राजमहिषी थिइन् । त्यसकारण कुनै वाध्यता नराखीकन रामबाट विश्व उद्धार कार्य नहुने देखेर आफ्ना साचिएका दुई वर मागिन् राजा दशरथसंग । प्रथम वर थियो राम चौध वर्षसम्म वनवास बस्नु र दोस्रो आफ्नो छोरा भरतलाई राज तिलक । यसको यथार्थ मर्म बुझ्ने को थियो र ? राजनैतिक गोटी चालिएको जान्ने को ? उनलाई जस दिनु पर्ने ठाउँमा झन् उल्टो अपजस मात्र आयो । तर आदर्श राजमहिषी थिइन्, नाम कमाउने धूनमा उनी थिइनन् । त्यसकारण लोकको निन्दा, घृणा एवं तिरस्कार बोकेर लोक हितको भावनाले प्रेरित भएका हुनाले यस्तो काम गर्न हिचकि-चाइनन् । उनको प्रत्येक पाइलोमा तिखा तिखा काँढा र बाँणहरू राखी बिए पनि त्यसलाई कुल्चेर विस्तार पाइला चालिन् । लोकनिन्दा एवं घृणालाई आँशुका घुटकामा घुट्काई दिइन्, विश्व कल्याणकारी कामको सुईको समेत कसैले पाएनन् । उनलाई कसको हाइ ! हाइ !! अथवा यश चाहिने

होइन केवल मानव कल्याण उनी चाहन्थिन् । परिवारको अगाडि उनले आफ्नो स्वार्थ त्यागिन् । विश्व मानवको अगाडि आफ्नो र परिवारको अगाडि उनले आफ्नो स्वार्थ त्यागिन् र कसैको वास्ता गरिनन् । यसैबाट थाहा हुन्छ उनी चतुर राजनीतिज्ञा रहिछन् र विश्व कल्याण र हित नै उनको प्रथम लक्ष्य रहेछ ।

कौशल्या

आर्यावर्तको पवित्र माटोमा अद्वितीय नारीहरूले जन्म लिएका छन्। यस भूमिमा जन्मलिने महासतीहरूको सतीत्त्व एवं आदर्श नारीत्वप्रति अमित श्रद्धा समर्पण गर्नाका लागि स्वयं परब्रह्म समेत पुत्रका रूपमा ती महान् नारीका काखमा एक पटक मात्र होइन कैयौं पटक खेलिसकेका छन्। भगवान परब्रह्म अवतरण हुनका लागि पवित्र स्थल हुनु स्वभाविकै हो। त्यस्तै पवित्र स्थल आर्यावृत नै मानिएको छ। महासती कौशल्या सर्वश्रेष्ठ नारी मध्ये एक मानिएकी छन् र परम पूजनीय पनि छन्। उनैको पवित्र काखमा विश्वनियन्ता भगवान रामको बाल्यावस्था बितेको थियो।

निराकार ब्रह्मले साकार रूप धारण गर्दा उनको परम तेजलाई श्रीफ परमतेजस्वीताले मात्र धारण गर्न सक्दछन्। परमपूज्या माता कौशल्याको पातिव्रत्य एवं सतीत्व तेजको सबलताका प्रमाण स्वरूप सारा चराचरलाई प्रकाश दिने एवं सबैको अन्तरतममा ज्योतिर्मय आत्माका रूपमा रमाउने भगवान राम कौशल्याका गर्भबाट अवतरित भएका थिए। जस्तो विश्व प्रकाशका जनक सूर्य हुन् र सूर्यलाई धारण गर्ने क्षमता पूर्व दिशामा हुन्छ। भुवन भास्कर पूर्व दिशाबाटै आफ्नो आलोक यात्रा शुरू गर्दछन्। त्यस्तै हंस वंश अवतंश रामलाई धारण गर्नाका लागि पूर्व दिशा जस्तिकै सक्षम हुनुपर्छ

यसकारण गोस्वामी तुलसीदासले माता कौशल्याको वन्दना पूर्व दिशाका रूपमा गरेका छन् ।

महासती कौशल्याले आफ्नो सतीत्व प्रकाशद्वारा नारीत्वका सारा गगनचुम्बी चुचुराहरू प्रकाशित गरेकी छन् । उनी आदर्श आमा, परम त्यागी क्षमाशीला नारी थिइन् र महाराज दशरथकी आदर्श पत्नी एवं करुणा स्नेहकी साक्षात अलकनन्दा हुन् या भागीरथी हुन् । अयोध्याका महाराज दशरथकी पटरानी भए तापनि उनले आफ्नी सौता कैकेयीका पूर्ण आघात-हरूलाई अत्यन्त धैर्यका साथ सहन्थिन् । कौशल्याले आफ्ना पतिको इच्छा विरूद्ध एक शब्द पनि कहिल्यै बोलिनन् । कैकेयीका नोकरले समेत कहिलेकाही उनको अपहेलना गर्दथे, तैपनि उनी पृथ्वी जस्तै धैर्य बन्दथिन्, आँशु घुटक्या-एर सहन्थिन् । कौशल्याका छोरा राम सबै भाइहरूभन्दा श्रेष्ठ थिए । युव-राज पदका पूर्ण अधिकारी थिए । तर कैकेयीका वचन अनुसार महाराज दशरथले रामलाई चौध वर्षसम्म वनवास जाने आज्ञा दिदा पनि कौशल्याले आफ्ना परिवारको मर्यादा एवं शान्तिका लागि कैकेयी तथा राजाको विरोध गरिनन्, न त उनीहरूसँग कुनै अनुरोध गरिन् वरु उनले आफ्नो स्नेही पुत्र रामसंग यदि पिताले वनवास जाने आज्ञा दिएको भए आमा कैकेयीलाई मान्य सम्झेर वनमा जानु पर्दैन । तर आमा कैकेयीले समेत आज्ञा दिएकी भए तिमी वनमा अवश्य नै जाउ र तिम्रालागि वन सयौ अयोध्याभन्दा पनि सुखदायी हुनेछ भनी सम्झाइन् ।

आमा कौशल्याको यस प्रकारको आदर्श आज पनि कतिपय नारीहरूका लागि एक प्रकाश स्तम्भ बनेको छ । राजा दशरथ महारानी कैकेयीलाई अत्यन्तै मन पराउँथे । तर महारानी कौशल्याले पतिको यो भावनालाई कहिल्यै अनादर गरिनन् । राम बनवास गएको बेला चित्रकूटमा भेट हुँदा राजा जनककी रानी सुनयनाले कैकेयीलाई धिक्कार्न लाग्दा 'महारानी कौसल्याले उनलाई ज्ञानपूर्ण उपदेश दिदै उनको कटुवाक्य रोकिछन् । उनी आफ्ना मृत पति महाराज दशरथको आत्मा दुखाउन चाहन्नथिन् । उनी परिवार सम्यक सृजना गर्ने सहनशीला महारानी थिइन् ।

भरतको बाणले घायल भएर हनुमान द्रोण गिरि पर्वत सहित तल खसेर पछि उनबाट लक्ष्मणको सोचनीय अवस्था महारानी कौशल्याले थाहा पाइन् र तुरून्तै भनिन्– "हनुमान ! रामसंग भन्नू रामर लक्ष्मण दूई शद्व एकैचोटि उच्चारित हुनु नै मलाई प्रिय लाग्दछ। कसैले राम मात्र भन्दा मलाई प्रिय लाग्दैन लक्ष्मण नबाँचेको खण्डमा राम पनि समाप्त हुनु पर्दछ।" यस्तो उदात्त उद्गार सुन्दा सौता सुमित्राको मनमा कुनै रिस द्वेष आउला त ?

महारानी कौशल्या आफ्नो उत्कृष्ट पातिव्रत्य धर्मका कारणले जन्म-जन्मान्तरसम्म दशरथकी पत्नी भइन् । त्रेतायुगमा उनी अदिति भएर अवतरित भइन् भने त्यतिबेला दशरथ कश्यप भएर जन्मे । महासती कौशल्या शतरूपाका रूपमा पनि महाराज मनुकै साथ रहिन् । मनु महाराज त्रेतायुगमा दशरथका रूपमा अवतरित भएथे । द्वापर युगमा पनि कौशल्या देवकीका रूपमा दशरथका रूप वसुदेवका सह–कर्मिणी भइन् ।

महारानी कौशल्या महाराज दशरथकी जेठी पटमहारानी भए तापनि आफ्ना सौताहरूसँग कहिल्यै डाह र ईर्षा गरिनन् । राजाले भने कैकेयीलाई नै सबभन्दा धेरै मन पराउँथे र उनको अधिकांस समय कैकेयीका महलमा नै बित्दथ्यो । यसकारण कौशल्याले आफ्नो समय भगवानको पूजा पाठमा बिताउन लागिन् । उनले कहिल्यै कोहीसित प्रतिशोधको भावना लिइनन् । राजा दशरथ रामलाई वनवास पठाउन बाध्य भएपछि महारानी कैकेयी-सँग अति नै क्रुद्ध भए र आफ्नो अन्तिम समय कौशल्याको महलमा बिताउन गए । तर त्यसबेला पनि कौशल्यालाई अकिलति पनि रिस उठेन । राजा-प्रति प्रतिशोधको भावना जागेन, राजालाई खुच्चिन भनी धिक्कार्न सकिनन् । उनी त सहिष्णुताकी जीवित मूर्ति थिइन् । एकातिर छोरोको पीर थियो भने अर्कोतिर दशरथलाई केही अनिष्ट हुन्छ कि भन्ने चिन्ताले सताएको थियो । रामको वनगमनले सबभन्दा दुःखी उनैलाई बनायो ।

महाराज दशरथको मृत्यु पछि दरबारको संपूर्ण अभिभारा उनैको शिरमा रह्यो । राम सीता र लक्ष्मण वनवास गइहाले । भरत पनि पूरै

तपस्वी भेषमा नन्दिग्राममा बसेर राज्य सञ्चालन गर्नलागे। विचरा शत्रुघ्न सबभन्दा कान्छो राजकुमार, उसको कति भरोसा। त्यसकारण सुमित्राको साथमा नवयौवना बुहारीहरू लिएर दरबारको सम्पूर्ण दायित्व वहन गरिन्। त्यसवेला पनि उनलाई भरतको ज्यादै चिन्ता लाग्दथ्यो। राम लक्ष्मण भरत आदि अति नै मिलेका दाज्यूभाइ भएकाले र कैकेयीकै कारणबाट राम वनवास जानु परेकोले भरत ज्यादै दुःखी थिए। त्यसैले कौशल्याले पनि आफूलाई र दरबारलाई सह्याली दिइनन् भने भरतले कतै आत्महत्या गरिदेलान् कि भन्ने पीरले सधै सताइरहन्थ्यो। त्यसवेला उनलाई रामको भन्दा बढी भरतको मायाले सताएको थियो। त्यसकारण भरतसँग राम-सीतालाई वनमा भेट्न जांदा महारानी सुनयानसँग भन्दथिन्, "बरु लक्ष्मण अयोध्या फर्केर भरत रामसँग वनवास गइदिए हुन्थ्यो, भरतले कतै आत्म हत्या गर्छ कि भन्ने मलाई सधै चिन्ता छ।"

यसरी कौशल्याले आफ्ना छोराहरूको मात्र होइन बुहारीको पनि अति माया गर्दथिन्। राजदरबारमा हुर्केकी राजदरबारमै विहागरी आएकी सीतालाई वनवास पठाउन पनि अति दुःखी थिइन्। सीताले कसरी चौध-वर्षसम्म वनवास बिताउँलिन् भन्ने सधै चिन्ता थियो। तस्वीरको बांदरसँग त डराउने सीताको साच्चिकै अन्य जङ्गली जनावर देख्दा के हालत होला भन्ने पीरले कौशल्यालाई रातोदिन सताई रहन्थ्यो। तर यति भएर पनि उनी आदर्श थिइन्। कसैलाई भनी बिजाउँदैनथिन्। उनले कैकेयी तथा सुमित्रालाई कहिल्यै एक बचन पनि कटुशब्द बोलिनन्, बरू आफू जहां गयो कैकेयीलाई पनि सँगै लैजान्थिन्। रामसँग वनमा भेट्न जाँदा भरतले कैकेयीलाई लैजान नचाहँदा पनि उनले कैकेयी पनि रामकी आमा हुन्, आमालाई माया र दण्ड दुवै दिने अधिकार छ, त्यसकारण उनी खुशीसाथ भेट्न जान सक्छिन भनेर सँगै लगिन्। यतिमात्र होइन उनको वानप्रस्थानको वेलामा पनि कैकेयीलाई छोडिनन्, सुमित्रा र उनलाई पनि संगै लगिन्। त्यसकारण उनको चरित्र रामायणमा निकै गरिमामय छ, दीपशिखा जस्तै सधै प्रज्वलित र उदाहरणीय छ।

महारानी कौशल्या आफ्ना पतिप्रति सदासर्वदा विनयशीला भएर रहिन् । कैकेयीसंग रिसाएर जब राजा दशरथ ग्लानी हुदै कौशल्या भवनमा आए उनले आफ्ना पति राजा दशरथका पाउमा आँशु वगाएर आफ्नो दुःख पोखिन् । दशरथले आफ्नो नकामका लागि महारानीसँ क्षमा मागे, तर उनले फेरि पाउमा परेर राजालाई शान्त्वना दिदै विन्ति गरिन्–"राजा सत्यवादी हुनुपर्दछ, सत्यता नै आदर्श चरित्रको कसी हो त्यसकारण राजावाट आफ्नो वचन पूरा गर्नका लागि आफ्नो प्राणभन्द पनि प्रिय पुत्रलाई वनमा पठाउनु परेको हो । त्यसमा उनीसँग क्षमा माग पर्ने कुनै आवश्यकता छैन । आफूले बोलेको वचन पुरा गर्नु नै वरू राजाक महान् परिचय हो । यस्तो काममा महारानी कौशल्याको सधै पूर्व स्वीकृति हुन्छ, क्षमा माग्न खोज्नु नै वरु राजाको भूल हुनेछ ।"

महारानी कौशल्याले वर्णाश्रम धर्मलाई पूरा परिपालन गरिन् । रा राजा भए पछि उनलाई भरतको पनि कुनै चिन्ता भएन । रघुकुलको मर्या कायम राखी कुलको गौरव वढाउन रामको असाधारण कौशल देखे उनी ज्यादै गौरवान्वित थिइन् । यसैकारण कैकेयी तथा सुमित्रालाई साथ लिएर वानप्रस्थान गरिन् । वानप्रस्थान गरेर घर परिवारको झञ्झंटवा टाढा हुने प्रयास गरे पनि आफ्नो कुलक्रम टुङ्गिन्छ कि भन्ने उनलाई ठू चिन्ता थियो । तर महात्माहरूवाट महाराज दशरथका चारै छोराहरूवा दुई दुई नातिहरू हुनेछन् भन्ने सुनेर उनी अति प्रफुल्ल भइन् ।

यसरी उत्तर जीवनमा केही सन्तोषको श्वास फेर्न लाग्दा फेरि उन हृदयमा ठूलो वज्रपात पर्न गयो । प्रजारञ्जनको लागि रघुकुलको मर्या पालन तथा आदर्श राज्य सञ्चालनको लागि सीतालाई जङ्गलमा निर्वासि गरिदिएको सुन्दा उनका आँखा कहिल्यै ओभाएनन् । कौशल्या आद नारी थिइन्, आदर्श सासू पनि । त्यसकारण सीताको वेदना र व्यथाले उन हृदय त्यतिकै छिया छिया भयो । महराज रामले अश्वमेध यज्ञ गर्दा फे एक पटक अयोध्यामा रौनक छायो । चारैतिर महोत्सवको उल्लास उल्ल वढ्यो । राजदरवारमा सवै राजपरिवार फेरि एक पटक जम्मा भएको

खुशीले मस्त थिए । तर त्यसवेला पनि कौशल्याको हृदय शून्य थियो । उनलाई दरवार रित्तो लागिरह्यो । विचरी कौशल्यालाई शायद दरबारमा भएकी भए सीता निर्वासित पनि हुन पर्दैनथ्यो कि भन्ने लाग्दछ । यस आक्रोसमा उनी रामलाई पनि गाली गर्न बाँकी राख्दिनन् र भगवान विष्णुसँग पनि रुष्ट हुन्छिन् । उनी भन्दछिन्, राम शायद भगवान भएर यति क्रूर हुनसकेका होलान्, तर उनी त मानवी हुन्, त्यसमा पनि नारी । कौशल्या त दरबारमा थिइनन्, तर उनले सधैं पूजा गरिएका भगवान विष्णुले पनि दुःखको वेला साथ दिने रहेनछन् भन्ने ठानेर उनी अति नै दुःखी र ग्लानी हुन्थिन् ।

महारानी कौशल्याको चरित्र सुरसरीको जस्तै पवित्र मानिएको छ । उनी आफ्ना दिव्य गुणहरूका कारणले नै विश्व वन्द्या बनिन् । राजा दशरथको मृत्यु भएपछि कौशल्याले सती जाने निश्चय गरेकी थिइन् । तर भरतको माया ममताले गर्दा आजीवन जलिनै रहिन्, भित्र भित्रै सल्की नै रहिन् । यस्ती महानारी सधैं प्रातः वन्दनीय हुन्छन् । देवताहरूमा पनि दुर्लभ हुन्छन् । उनी प्रेम स्वरुपिणी देवी हुन् । त्यसैले गोस्वामी तुलसीदासले कौशल्याका दिव्य एवं पावन प्रेमको वशीभूत भएर निर्गुण निराकार समेत साकार बनेर उनैका काखमा खेलेकोले भन्दछन् ।

व्यापक ब्रह्म निरञ्जन निर्गुण विगत विनोद
सो अज प्रेम भगतिवस, कौशल्याके गोद ।

जुन महानारीका तेजले अजन्मालै पनि जन्म लिनु पऱ्यो उनै कौशल्या हरेक जन्ममा आफ्ना पतिदेवकी साध्वी सहधर्मिणी बनिन् । उनै जगत निवास– जननी, कौशल्याको नारीत्व तेजले परम पवित्र हिन्दू-भूमिको कण कण आलोकित भएको छ । हिन्दूभूमिका समस्त नारीहरू त्यही ज्योतिबाट निरन्तर प्रकाशित भइरहन्छन् ।

महारानी गान्धारी

महाभारत कालीन नारीमा महारानी गान्धारी एक महनीय नारी पात्र मानिएकी छन् । उनी पतिको दु.ख सुखलाई आफ्नै दु.ख सुख सम्झन्थिन् । त्यसैले धृतराष्ट्र जन्मान्ध भएकाले उनले पनि आजीवन आँखामा मोटो (बाक्लो) पट्टी बाँधेर जीवन व्यतित गरिन् । गान्धारी गान्धार नरेशकी सुपुत्री, दुर्योधनादि कौरवकी आमा र कुरूराज धृतराष्ट्रकी रानी थिइन् ।

गान्धारीले सानै उमेरदेखि भगवान शंकरको तपस्या गरेर तपस्याको फलस्वरूप एक सय छोराकी आमा हुने वरदान प्राप्त गरिन् । उनी ज्यादै अनुशासित थिइन् । उनको सौन्दर्य, कीर्ति, गुण हावाकै गतिले चारैतिर फैलिएको थियो । यिनै गुण भीष्म पितामहलाई थाहा भएर गान्धारीको विवाह हस्तिनापुरका राजा धृतराष्ट्रका साथ होस् भन्ने विचारले एक जना दूत गान्धार नरेश कहाँ पठाए । धृतराष्ट्र जन्मान्ध भएकाले आफ्नी योग्य रूपवती छोरीलाई त्यस्ता अन्धासंग विवाह गरिदिन मन्जूर गरेनन् । तर मन्त्रीहरूले "भीष्मसंग विरोध गर्नु हुँदैन र यदि विरोध गरिन्छ भने गान्धार देशको कल्याण हुँदैन, भीष्म समान वलवान यो पृथिवीमा शायद कोही पनि छैनन् होला, धृतराष्ट्र स्वयं ज्यादै वलवान र धार्मिक राजा हुन्" भने । यी सब कुरा सुन्दा गान्धार नरेशको चित्त बुझ्यो र आफ्नी छोरी गान्धारीको विवाह धृतराष्ट्रका साथ गर्न मन्जूर भए । विवाह पश्चात्

हस्तिनापुरको राज प्रासादमा गान्धारीको प्रवेश पछि जन्मान्ध धृतराष्ट्र जस्तै कहिल्यै कसैलाई नहेर्ने गरी आफ्ना आँखामा एउटा बाक्लो पट्टी बाँधिन्। आफ्नो आँखा हुँदा हुँदै पनि उनी सदा सर्वदाका लागि अन्धी भएर बसिन्।

केही वर्ष पछि गान्धारी गर्भवती भइन्। उनले दुई वर्ष पूरा गर्भ धारण गरिन्। तर दुई वर्ष भइसक्दा पनि प्रसूति नभएकीले आखिरमा उनले आफ्नो गर्भ नै पतन गरिन्। त्यस माँस पिण्डलाई उठाएर वेस्करी भैमा बजार्ने के लागेकी थिइन् ठीक त्यही बेला वेदव्यास देखा परेर रोके। त्यसपछि व्यासले एक सय एक माटाको घडामा घिउ भरेर त्यो उन अह्राए। त्यो माँस पिण्डमा पानी मन्त्रेर छर्के। अनि औंला जस्तै लाम्चो लाम्चो टुक्रा पारेर एक सय एक घडामा खसाले र सम्पूर्ण घडालाई एक एक गरी पालाले छोपी दिए। केही महीना पछि खोलेर हेर्दा एक सय छोरा र एउटी छोरी दुसलाको जन्म भयो। उता कुन्तीबाट महाबली भीम र यता गान्धारीबाट दुर्योधनको जन्म ठीक त्यही दिन र त्यही समयमा भयो।

गान्धारी एक आदर्श र निस्वार्थ नारी थिइन्। आफ्नो छोरा दुर्योधनलाई सुमार्गमा लगाउन सधैं चिन्तनशील थिइन्। पाण्डवहरूले कुनै प्रकारको दुःख कष्ट नपाउन् आफ्ना छोराहरूले नसताउन् भन्ने ठान्दथिन्। अनि आफ्ना पति धृतराष्ट्रसंग बराबर दुर्योधनलाई जसरी भए पनि सुमार्गमा ल्याऔं, यदि राम्रो बाटो लाग्दैन भने उचित सजाय दिनै पर्छ भनी सम्झाउँथिन्। कौरव र पाण्डव बीच सन्धी गराउन श्रीकृष्ण हस्तिनापुर आउँदा पनि गान्धारीले आफ्नो छोरा दुर्योधनलाई खूब सम्झाइन्। तैपनि दुष्टमति दुर्योधनले आफ्नी सरल हृदया आमाको वचन पटक्कै मानेन।

दुर्योधनलाई आफ्नी आमाको अगम्य शक्तिको पूरा ज्ञान थियो। त्यसैले महाभारतको युद्धमा आमाको आशिर्वाद पाउन सधैं आफ्नी आमा कहाँ जाने गर्दथे। उनले युवराज दुर्योधनलाई धर्मको पालन गर,

जहाँ धर्म हुन्छ, उही नै विजयको झण्डा फहराउँछ भनी सम्झाउँथिन्। तर उनको वचन दुर्योधनादिले कहिल्यै पालन गरेनन्। युद्धको अन्तिम दिनमा सारा कौरव दलको विनाश भएको देखेर दुर्योधन डरले भागेर आमा कहाँ आए। अनि दीन-हीन भावमा निवेदन गरे "आमा ! रक्षा गर्नुहोस्। मेरो रक्षा गर्नुहोस्, मेरो जिन्दगीको अन्तिम घडी आइपुग्यो। भीमले मलाई मार्न लागे। बाँच्ने उपाय बताउनुहोस्।" गान्धारीले सम्झाइन् "बाबु ! तिमी धर्मराज युधिष्ठिर कहाँ जाऊ ! उनैले तिम्रो रक्षाको उपाय बताउने छन्"।

आमाका अमृत वचन सुनेर तुरुन्तै धर्मराज कहाँ गएर मलाई बचाउनु होस् भन्दै पाउ परे। यस्तो दीन भएर युवराज दुर्योधन आफू कहाँ आएको देख्दा धर्मराजलाई दया लाग्यो र भने, "भाइ ! आमा गान्धारीले आफ्नो पट्टी खोलेर तिम्रो शरीर देखिन् भने सम्पूर्ण शरीर पत्थर बन्नेछ। अनि तिमीलाई कसैले मार्न सक्ने छैन।" यों उपदेश सुनेर उत्साहपूर्वक आफ्नी आमा कहाँ दगुर्दै दगुर्दै जाँदैथिए। अनि बाटोमा श्रीकृष्णसंग भेट भयो र कता जान लागेका छौ, निकै हतार गरेर दगुर्दै छौ भनी सोधे। दुर्योधनले पनि यथार्थ कुरा बताइ दिए। रण चतुर कृष्णले, भने तिमी सानु शिशु होइनौ, तिमी पूर्ण जवान भइसक्यौ। यो उमेरमा वस्त्रहीन भएर आमाको अगाडि कसरी देखा पर्छौ, लाज लाग्दैन ? दुर्योधन ज्यादै चिन्तित भएर अब म के गरौं भन्दै शोकाकुल भएका थिए। श्री कृष्णले फेरि सम्झाए त्यसो भए एउटा कट्टु मात्र लगाएर जाऊ। कृष्णले दिएको उपदेश सर्वोत्तम ठानेर दुर्योधनले एउटा कट्टु मात्र लगाएर आमा गान्धारी नजीकै गए। धर्मराजको उपदेश अनुसार आमा गान्धारीलाई आँखाको पट्टी खोल्न अनुरोध गरे। गान्धारीले पनि छोराको विनयमा आँखाको पट्टी खोलिन् र आफ्नो छोरोले कट्टु लगाएर उभिएको देखेर उनले सोधिन्।" "बाबु ! के तिमी आउँदा बाटोमा कसैसंग भेट भएको थियो?" "हो आमा म आउँदै थिएँ श्रीकृष्णसंग बाटोमा भेट भयो, उनैको सल्लाह अनुसार म यो भेषमा यहाँ आएको हुँ।" तब गान्धारीले दुःखको सुस्केरा फेर्दै भनिन्

"भावीलाई कसैले टार्न सक्दैन ।" दुर्योधनको सारा शरीर वज्र भयो । तर कट्टुले ढाकेको भाग भने जस्ताको तस्तै थियो । भीम र दुर्योधनको घमासान युद्ध भएको बेला जति बाण हान्दा पनि वज्र समान शरीरमा लाग्दथ्यो उसलाई केही हुँदै नथ्यो । अन्त्यमा श्रीकृष्णको संकेत अनुसार कटी भागमा प्रहार गर्दा दुर्योधनको मृत्यु भयो ।

दुर्योधन मारिए पछि महाभारतको युद्ध अन्त्य भयो । आफ्ना एक सय छोरा पाण्डवहरूद्वारा मारिएकोमा गान्धारी पाण्डवसंग रिसले क्रूर भइन् । ठीक त्यही बेला गान्धारीलाई श्री कृष्णले यसरी सम्झाए "तपाईको पातिव्रत्य धर्म अखण्डित छ । तपाई स्वयं जानु हुन्छ, जहाँ धर्म हुन्छ, त्यहीं नै विजयको झण्डा फहराउँछ । यही कुरा तपाईले पहिले नै दुर्योधनलाई सम्झाई सक्नु भएको थियो । त्यही वचन आज सत्य भयो । यसमा शंकै मान्नु पर्दैन । "अनि गान्धारी शान्त हुँदै भनिन् "यदि अहिले यो कुरा मलाई तपाईले नसम्झाएको भए मैले पाण्डवको सर्वनाश गर्ने थिएँ ।"

त्यसपछि वेदव्यासका आज्ञानुसार श्रीकृष्ण अन्धा धृतराष्ट्र सहित सम्पूर्ण राजाकुलका महिलाहरूलाई साथमा लिएर कुरूक्षेत्रको मैदानमा पुगे । राजपरिवारका ललनाहरू आफ्ना आफ्ना पतिका लाश खोज्दै खूब संग विलाप गर्न लागे । तिनीहरूको हृदय विदारक विलाप सुन्दा गान्धारी स्वयं विह्वल हुँदै अलाप विलाप गर्न लागिन् । राजपरिवारका विलापले गान्धारीको हृदय टुकाटुका भयो । कोही आफ्ना छोराको मृतक शरीर काखमा राखेर रूँदै थिए भने, कोही आफ्नो मृतक पतिको गालामा गाला मिलाएर आँशुका वलिन्द्रधारा बगाउँदै विलाप गर्दै थिए । कुनैले आफ्नो छोराको भग्न शरीरको रगत पुछ्दै छाती पिटि पिटि रूँदै थिए । त्यसवेला भगवान कृष्ण मौन भएर यो सब हेरिरहेका थिए । गान्धारीले पनि मृतक वीरहरूको नाम गन्दै थिइन् । असंख्य वीर पुत्रहरूको संख्या सुन्दा सुन्दै गान्धारीले क्रोधपूर्ण आवेशमा भनिन् "मेरा छोराहरूको हत्यारो युधिष्ठिर खोइ कहाँ छ ?" गान्धारीको यस्तो वचन सुनेर युधिष्ठिर काँप्दै शिर झुकाएर उनका सामुन्ने खडा भए । गान्धारीलाई सम्बोधन गर्दै उनले भने

आमा ! तपाईका पुत्रहरूको हत्यारो यहीं छु, म आपनो दोष स्वीकार्दछु, यसबारे उचित सजायँ भोग्न चाहन्छु" यति भन्दै गान्धारीको शरण पर्न अगाडि सरे। तर गान्धारी रिसले चूर भएर पछाडि हटिन्। तैपनि उनको दृष्टि युधिष्ठिरको नङमा पऱ्यो। उनका राता राता नङ तुरुन्तै काला भए। यो अवस्था देखेर पाण्डव चारैभाइ यता उता भाग्न लागे। श्रीकृष्णलाई समेत डर लाग्यो र पाण्डवहरूका रक्षाका लागि गान्धारीका सामुन्ने खडा भए। त्यतिबेला रिस चरम सीमामा पुगिसकेको थियो। सम्पूर्ण अङ्ग प्रत्यङ्ग काँपिरहेका थिए। अनि गान्धारी तुरुन्तै श्री कृष्णतिर फर्केर भनिन्– "कृष्ण तिमीले चाहेको भए महाविनाशकारी युद्ध रोक्न सक्थ्यौ। तिमीमा दुवैथरीलाई मेलमिलाप गराउने सामर्थ्य थियो। तर तिमीले मिलाप गराएनौ विनाश गरायौ। हेर यदि मेरो नारीत्वमा पूर्ण शक्ति छ भने जसरी कुरू वंशका बुहारी, आज वंशको विनाश भएर रोएका छन्, त्यसैगरी यदुवंशका स्त्रीहरूलाई पनि कुलको विनाशमा रून परोस्। आजभन्दा ठीक ३६ औं वर्ष पछि तिमीले आपनै आँखाले आपनै वंशको विनाश देख्ने छौ।" श्रीकृष्णले चुपचाप बसेर सती गान्धारीको सराप स्वीकारे।

महाभारतको लडाईं पश्चात् धृतराष्ट्र पन्ध्र वर्षसम्म राजकीय सम्मानका साथ पाण्डवहरूकै साथमा रहे। अनि महात्मा विदुरको सल्लाह अनुसार गान्धारी र भाइ बुहारी कुन्तीलाई लिएर वनमा तपस्या गर्न गए। गान्धारी अन्धापतिका साथ वन जङ्गल घुम्दै पानी र जङ्गली फल मात्र खाएर कष्टकासाथ जीवन व्यतित गर्दैथिन्। एक दिन वनमा दावाग्नि लाग्यो। धृतराष्ट्रले पनि आपनो जीवनको अन्तिम समय यत्ति नै रहेछ भन्ने थाहा पाए। उनले यसरी लामो समयतक बाँच्न चाहेनन् र आपनो योगबल-द्वारा प्राण विसर्जन गरे। त्यसै गरी गान्धारी र पाण्डवकी आमा कुन्तीले पनि योगबल प्रयोग गरेर प्राण त्यागे।

यस किसिमबाट महारानी गान्धारीले पातिव्रत्य धर्म र सतीत्वद्वारा आदर्श हिन्दूनारीका नामले विश्वमा अनुपम कीर्ति फैलाइन्। यस्ता आदर्श

नारी विश्वको कुनै देशमा पनि आजसम्म जन्मेका छैनन् न त पछि जन्मने छन् । उनी यस्ती अनुपम नारी थिइन्, जसले पतिको पूर्ण तवरबाट अनुशीलन गरिन् । पतिले खाए भने उनले खान्थिन्, पति कतै गए भने उनी पनि जान्थिन्—पति अन्धा थिए त उनले पनि आँखामा पट्टी बाँधेर आजीवन अन्धी बनिन् । यस्ती महारानी प्रति हामी नारीहरूको शिर नतमस्तक हुन्छ ।

गुणवती–सत्यभामा

गुणवतीको जीवनी पवित्र पावन महानारीको कथा हो, जसले जीवनभर विष पिएर पनि संसारलाई नै आफ्नो आलोकमयी विभूतिले जगमगाएको पाइन्छ। त्याग तपस्या एवं अनपम सतीत्वकी देवीले आफ्नो लोकोत्तर चरित्रलाई अनुपम उदाहरण बनाइन्। यस्ती परम पवित्र नारीका अलौकिक जीवन अध्ययन गर्दा हाम्रो भित्री हृदय पग्लेर श्रद्धा आँशु बनेर उनका चरणमा अर्पित हुन उम्लन्छ। उनी आफ्ना प्राणेश्वरको वियोगको महाभीषण ज्वाला समेत आफ्नो हृदयमा लुकाउँथिन्। यिनै देवी यति लामो समयसम्म अतिनै जलेको जल्यै भइन्। शायद यिनको जीवन कालमा कति वसन्त आए, कति वर्षा, तर हरेक वसन्तले उनको जीवनलाई गेरु रंगले रंग्याइनै रह्यो। आजीवन एकान्तवास गरेर नै उनी निर्मल जल जस्तै बनेकी थिइन्। तर उनको लक्ष्य कतै उनैमा पुगेर अड्केको थियो।

ती महाभागी एवं चिर वियोगिनी को होलिन् भन्ने सबै का मनमा उत्सुक भइरहेको होला। यो सब जान्नको लागि हामी आफ्नो स्मृतिको सुदूर अतीतमा सत्ययुग एवं त्रेता युगको संधिकालमा पुग्नु पर्दछ, साथसाथ हाम्रो मन र कल्पनालाई समेत पवित्र बनाउनु पर्दछ। शायद शंका होला हाम्रो निर्मल मन एवं बुद्धिले पनि यस्ती परम महासतीको चरित्र रेखांकित गर्न समर्थ हुन्छ त ? अहँ हुँदैन।

उनको जीवन कहानी सम्झंदा हामी आत्तिन्छौं। यस्ती चिर वियोगिनीको

वियोग ज्वालाको अनुभूति मात्रले पनि यो कमजोर कागजको पाना समेत जलेर खरानी हुँदैन ? तर हामीले यी नारीको शान्त स्वभावको शीतलताबाट आत्मसात गर्न सकेमा यो समस्याको समाधान हुन सक्दछ । तर त्यसमा पनि अर्को भय छ, कहीं यी करुणामयीका करूणाबाट आप्लावित हुँदै मानस सागरनै आँशु बनेर नउम्लियोस् । अनि दिव्य चरित्रलाई अङ्कित गराउने भौतिक मसीका अक्षर समेत नपग्लियोस् ।

यस्ता धेरै समस्या भए तापनि अब केवल आशाभरोसा रहने रहेछ । यी उनै परम सती नारीको आशिर्वाद हो । महानारीको वर्णन उनकै आशिर्वादबाट सम्भव छ । उनी मायापुरी (हरिद्वार) का निवासी अत्रि गोत्रीय ब्राह्मण देवशर्माकी छोरी गुणवती थिइन् । देवशर्मा धर्मनिष्ट साधक थिए । उनी सधै एकादशीको व्रत लिन्थे र त्यस रातमा जागरण वस्तथे । कार्तिक महीनाभर ब्रह्म मुहुर्तमा स्नान गर्दथे र एक छाक फलाहार गर्दथे । "संतोषम परमं धनम्" यही नै उनको मूल मन्त्र थियो । उनका अरू सन्तान थिएनन् पिताका निष्ठा धर्माचरण एवं आत्म सन्तोषका प्रवृत्तिको पूर्णप्रभाव छोरी गुणवतीमा परेको थियो । यसकै फलस्वरूप उनी गुणकी खानी बनिन् र पितालेपनि गुणवती नाम राखेका हुन् । उनी सानै छँदा उनकी आमाको मृत्यु भएको थियो । बचपनमै आमा गुमाएकोले उनको पालन पोषण एवं शिक्षादीक्षा उनका पिताबाट भएको थियो । देवशर्माले छोरीलाई शिक्षा र नीति उपदेश दिएर योग्य बनाएका थिए ।

गुणवती यौवनावस्थामा पुगेपछि देवशर्माले उनको विवाहका लागि चिन्ता गर्न लागे । आखिरमा परम योग्य तथा प्रिय शिष्य चन्द्रका साथ विवाह गरिदिए । उनी पनि टुहुरा भएकाले देवशर्मा कहाँ नै बसे । गुणवतीले पिता एवं पतिको लगनशीलका साथ सेवा गर्दथिन् । चन्द्रले पनि देवशर्मालाई पिता समान मान्दथे । त्यसैले गर्दा देवशर्मा ज्यादै खुशी र सुखी थिए । आफूले चाहे जस्तो जुवाई पाएर उनी कृतार्थ थिए भने चन्द्र पनि अलौकिक गुणले युक्त पत्नी पाएर धन्य भएका थिए । तर घरमा आय विल्कुल थोरै थियो । शिष्यहरूबाट जति मिल्दथ्यो त्यतिले नै तीनजना परिवारको गृहस्थी

चल्दथ्यो । तर गुणवती गृह सञ्चालन गर्न निपूण भएकीले उनको घरमा कहिल्यै कुनै कुराको अभाव थिएन । उनकै लक्षणले गर्दा घरमा सन्तोष उल्लास एवं सदाचरणको त्रिवेणी प्रवाहित भएको थियो ।

एक दिन चन्द्र समिधाका लागि दाउरा काट्न वनमा गएका थिए । वृद्ध देवशर्मा पनि उनीसंगै गए । दुर्भाग्यवश एक राक्षसले दुवै जनालाई मारेर खायो । यो दु:खद समाचार गुणवतीले सुनिन् । उनको हृदयमा हाहाकार मच्चियो । उनका कोही सहारा थिएनन् । उनी एक्लै रुँदै कराउँदै वनतिर दगुरिन् । उनको कारूणिक विलाप सुनेर पशु, पंछी एवं रूख लहरा समेत विरहले झुकेका थिए । उनी सती जानलाई तयार थिइन्, तर सती जानलाई पतिको लास आवश्यक थियो । उनले पतिको अस्थि समेत पाइनन् र केही नखाई नपिईकनै रात दिन वन जङ्गल घुम्दै पतिको अस्थि खोजी नै रहिन् । तर लासको केही पत्ता लागेन ।

आखिर निराश भएर घरतिर फर्किन् र वैराग्य लिने निश्चय गरिन् । घरमा भएको जो सम्पत्ति थियो, त्यो गरीवहरूलाई बाँडिन् । आफ्ना सब गाई ब्राह्मणलाई दिएर आफ्नो एक मात्र आश्रम पैतृक घर एक अति दीन ब्राह्मणलाई दिइन् । वस्तीबाट टाढा गएर आफ्नो लागि उनले एउटा पर्ण कुटी बनाइन् । अनि तपस्या एवं वैराग्यकी साक्षात् देवी बनेर त्यस कुटीमा काल क्षेपन गर्न लागिन् । कुशको शय्या र फलहरूको भोजन गरेर भगवानको नाम जपी जीवन यापन गर्दथिन् गुणवती । रूख लहरा, पुष्प पात तथा तृणहरूलाई आफ्ना सन्तान मानेर वात्सल्यको अमृत धाराले तृप्त गराउँथिन् ।

उनको यो क्रम मृत्युसम्म चलिनै रह्यो । यस्तो साधना देखेर मानिसहरू छक्क पर्दथे । यसै गरी गतिशील समय वित्दै गयो । जीवनभर प्रियतमसंग मिलनका लागि रूनु र परात्पर श्री हरिलाई पति रूपको मूर्ति मानेर पुज्नु नै उनको कहानी थियो । उनी बाँचुन्जेल जलिनै रहिन् र अन्तमा आफ्ना इष्टदेवको ध्यान गर्दागर्दै देहत्यागिन् । उनको पुण्य प्रभावले गर्दा द्वापर युगमा कृष्ण अवतरित भएपछि उनले सत्राजितकी छोरी सत्यभामाको रूपमा जन्म

लिइन् । उनको अपूर्व ईश्वर भक्ति र साधनाका बलले गर्दा साक्षात् श्री हरिलाई पतिका रूपमा प्राप्त गरिन् ।

सत्यभामा भगवान सूर्य नारायणका परमभक्त सत्राजितकी एक्ली छोरी थिइन् । सत्राजितले भगवान सूर्य नारायणबाट स्यामन्तक मणि प्राप्त गरेका थिए । त्यही मणिका प्रभावले उनलाई दिनहुँ आठ धार्नी सुन प्राप्त हुन्थ्यो । अनि तेजमा पनि त्यो मणि साक्षात् सूर्य नारायण जस्तै प्रतीत हुन्थ्यो । सत्राजितले त्यस मणिलाई सभालेर राखेका थिए । एक दिन उनका भाइ प्रसेनजितले त्यही मणि लगाएर वनमा शिकार खेल्न गएका थिए तर उनी फर्केनन् ।

सत्राजितले भाइ नआएकोले श्री कृष्णलाई चोरीको शंका गरे । कारण एक दिन श्री कृष्णले त्यो मणि महाराज उग्रसेनलाई देऊ भनेका थिए र उनले दिन मञ्जूर गरेनन् । त्यसैले सत्राजितले आफ्नो एक मित्रलाई भने "जरूर मेरो भाइलाई कृष्णले मारेर मणि लिएको हुनु पर्दछ ।" यही कुरा सारा नगरभर फैलियो । कृष्ण पनि यो सुनेर ज्यादै छटपटाए । सत्राजितको शंका हराउन मणिको खोजमा लागे । त्यसैले केही वीर यादव-हरूलाई साथमा लिएर उनी मणिको खोजीमा गए । जाँदा जाँदा वनको एक स्थानमा प्रसेनजितको रगतले भिजेका लुगा भेटिए । केही अगाडि जाँदा कृष्णले घोडाको अस्थि पञ्जर (हाडहरू) देखे । जमिनमा सिंहका खुट्टाका छाप पनि देखे र उनले विचार गरे "प्रसेनजितलाई सिंहले नै मारेको हुनु पर्दछ ।" सिंहका पाइलाका छापका सहारले सिंहकै खोजीमा अगाडि बढे । अलिपर एक गुफा नजीक सिंह मरेको भेटियो । गुफामा कुनै विशालकाय व्यक्तिको पाइलाका छाप अङ्कित थिए । अनि कुनै ठूलो जिवात्माले सिंहलाई मारेर गुफामा पसेको हुनु पर्दछ भन्ने शंका गरे । गुफा भयंकर डरलाग्दो थियो र श्रीकृष्णले साथीहरूलाई "तिमीहरू बाहिर पन्ध्र दिनसम्म मलाई पर्खनु म मणिको पत्ता लगाएर आउछु" भने । उनीहरू पन्ध्र दिनसम्म कृष्णलाई पर्खिने रहे तर पत्ता नलाग्दा घर फर्के । यो समाचारले द्वारकामा हाहाकार फैलियो । सबले सत्राजितलाई गाली गर्न लागे । जब सत्राजित

बाहिर निस्कन्थे उनले गाली मात्र सुन्दथे । सब द्वारका वासीले देवीको पूजा अर्चना गरे । तीसौं दिनमा वल्ल कृष्णजी द्वारकामा आइपुगे । द्वारका वासीको हर्षको सीमाना रहेन । श्रीकृष्ण सीधा राजसभामा गएर सत्राजितलाई बोलाएर साराको सामुन्ने स्यामन्तक मणि उनका हातमा दिए । सत्राजित लजाएर फर्के ।

त्यसबेला सत्राजितको सर्वत्र निन्दा भएको थियो । त्यसैले आफ्नो वच्चका लागि परम रूपवती एवं गुणवती छोरी सत्यभामाको विवाह श्री कृष्णका साथ गरिदिने निश्चय गरे । सत्यभामा परम सुन्दरी भएकीले उनलाई पाउन सब लालायित थिए । सत्राजित कृष्ण कहाँ गएर तपाईले मेरी छोरी सत्यभामालाई स्वीकार्नु होस् भनी प्रार्थना गरे । कृष्णले पनि स्वीकारेर शुभ मुहुर्तमा विवाह सम्पन्न भयो । सत्राजितले दाइजोका रूपमा त्यही स्यमन्तक मणि दिन चाहेका थिए तर कृष्णले स्वीकारेनन् ।

अब सत्यभामाको साधना सफल भयो । उनले साक्षात् परात्पर श्री हरि पाइन् । द्वारकाधिशका अनेकौं रानीहरू भए तापनि रूप गुण एवं पतिभक्तिका कारणले गर्दा सत्यभामाले एक विशिष्ट स्थान प्राप्त गरेकी थिइन् । श्री कृष्णले पनि सत्यभामाप्रति सुधा वर्षाई रहन्थे । उनले सत्यभामालाई कति प्रेम गर्दथे भन्ने कुराको प्रमाण एउटा घटनाबाट पाउन सकिन्छ । एक दिन देवर्षि नारद देवलोकबाट द्वारका आएका थिए । उनले कल्पवृक्षका केही फूलहरू साथमा ल्याएका थिए । उनले ती फूलहरू श्री कृष्णका मानका लागि समर्पित गरे । श्री कृष्णले पनि उक्त पुष्पहरू रूक्मिणिका चुल्ठोमा लगाई दिए । तर सत्यभामालाई स्वर्गिक पुष्पको भाग पुगेन । त्यसले उनी रूष्ट भइन् । यसरी सत्यभामा रूष्ट भएकीले उनलाई खुशी गराउन श्री कृष्णले भने "एउटा फूलको के कुरा मैले तिम्रा प्राङ्गणमा त्यही कल्पवृक्ष ल्याएर सारी दिनेछु ।" यो भन्दा ठूलो भाग्यशाली अरू को छ र ? स्वयं परात्पर ब्रह्मले उनलाई खुशी गराउनका लागि इन्द्रादि देवताहरूलाई जितेर उनै सत्यभामाका प्राङ्गणमा आफ्नै हातले कल्पवृक्ष सारी दिए भने तीभन्दा भाग्यशाली कुन कल्पमा जन्मे होलान् त?

धन्य हुन् सत्यभामा ! धन्य उनको भाग्य । जसका लागि स्वयं भगवान्ले यत्तो ठूलो परिश्रम गरे ।

श्री कृष्ण सत्यभामालाई लिई गरूडमा चढेर देवलोकमा गए । स्वर्गमा इन्द्राणी शचीले सत्यभामाको भव्य सत्कार गरिन् । तर उनले सत्यभामालाई नोकर्नी सम्झेर कल्पवृक्षका फूल दिइनन् । यसले सत्यभामा ज्यादै रिसाइन् । उनले श्री कृष्णसंग भनिन् पनि । श्री कृष्णले सत्यभामाको अभिलाषालाई समादर गरेर कल्पवृक्षका पालेहरू मारेर कल्पवृक्ष उखेलेर गरूडका पीठमा शखिदिए । यो देखेर इन्द्रादि देवताहरूले श्री कृष्णलाई भयंकर आक्रमण गरे । मधूसुदनले पनि देवताहरूलाई चेतावनी दिने उद्देश्यले शार्ंग धनुष चढाए । यसले समस्त देवताहरू भागाभाग भए । अनि इन्द्रले पनि श्री कृष्णलाई प्रहार गर्न वज्र उठाए । देव्रे हातले इन्द्रको वज्र समातेर आफ्नो सुदर्शन छोड्न लाग्दा देवेन्द्र त्यहाँबाट भाग्न लागे । सत्यभामालाई शचीद्वारा गरिएको अपमानको वदला लिने उद्देश्यले इन्द्रलाई श्रीकृष्णले व्यंग्य गरे– "देवराज भर्त्या पारिजात लिएर जाँदैछन् । तपाईकी प्रिया शची पारिजात– पुष्प विना कसरी आफ्नो सृङ्गारगर्लिन् ? अनि तपाई किन यसरी भाग्नु हुन्छ ?" त्यसपछि इन्द्रले सत्यभामाका पाउमा ढोगेर भने– 'देवी ! तपाई जस्ती भाग्यशाली अरू कोही होलान् ? तपाई किन मेरो तिरस्कार गर्नु हुन्छ ? तीन लोकमा सर्वेसर्वा भगवान तपाईको मान मर्यादा राख्नका लागि यहाँसम्म आउनु भयो । त्यसले परं ब्रह्म भगवान पाउनु भएकोमा तपाई जस्ती भाग्यमानी तीन लोकमा कोही हुन सक्ला ? त्यसपछि देवेन्द्रले श्रीकृष्णको पनि वन्दना गरे । भगवान श्रीकृष्णले पनि देवेन्द्रप्रति कृपा गरेर उनको राज्य फिर्ता दिए ।

यस किसिमले सत्यभामाको प्रतिष्ठा, मान मर्यादा एवं प्यारका लागि श्री कृष्णले स्वर्गिक वृक्ष ल्याएर सत्यभामाका आगनमा सारी दिए । सत्यभामाको भाग्य देखेर श्रीकृष्णका अरू रानीहरू छक्क पर्दथे । जवतक सत्यभामा जीवित रहिन् पारिजातले उनको आँगनमा स्वर्गिक सौरभ

एवं शोभा दिइराखको थियो । यही हो सत्यभामाको आदर्श जीवन, आदर्श नारीत्व एवं लोकोत्तर गौरव जुन पारिजातको फूल समान स्वर्गिक र अनुपम छ र जसको सौरभ आज पनि आर्य ललनाहरूका मानस भवनमा लोकोत्तर साधनाका सयौं सयौं कल्पवृक्ष आरोपित गरिन्छन् ।

भगवान श्री कृष्णको सदा सदानँ नयाँ प्यार सत्यभामालाई प्राप्त थियो। उनले दश जना परम तेजस्वी एवं प्रतिभाशाली पुत्रहरू जन्माइन् जुन श्री कृष्णका साक्षात् प्रतिमूर्ति थिए ।

नाग कन्या जरत्कारु

असल नारीको प्रथम कर्तव्य नै आफ्नो दैहिक सुख भोगको चिन्ता नगर्नु हो। आफ्ना सन्तान तथा परिवारको सुख समृद्धि र कल्याणको साथै विश्व कल्याण चाहन्छन्।

यस्तै विचार गरेर नागकन्या जरत्कारुले आफ्नो काखमा शिर राखेर निदाएका पति ऋषि जरत्कारुलाई बिम्झाइन्। उनले मस्त निन्द्रामा परेका पतिलाई अत्यन्त विनम्रतापूर्वक जगाउँदै भनिन्, "तपाईलाई बिउझाउनु ठीक थिएन तापनि तपाईको धर्म नष्ट नहोस् भन्नाका खातिर मैले बिउझाएकी हुँ। उठ्नुहोस्, सूर्य नारायण अस्ताउने बेला हुन लाग्यो, डाँडा माथि पुगिसके। तपाई सधैं नै सन्ध्याको वेलामा सूर्यलाई अर्घ्य दिनुहुन्छ।"

आफ्नी पतिपरायणा पत्नी जरत्कारुका सुमधुर वचन सुनेर महर्षि जरत्कारु उठे। उनले स्नान गरेर अत्यन्त श्रद्धा भक्तिले सूर्य नारायणलाई अर्घ दिए। त्यस पछि उनले ज्यादै रोसपूर्ण अनुहारले आफ्नी पत्नीलाई भने "तैले आज मेरो ठूलो अपमान गरिस्, मलाई उठ् भन्ने आदेश दिइस्। अब म यहाँ एकक्षण पनि बस्न सक्दिन।" आफ्ना पति ऋषि जरत्कारुका रोषपूर्ण शब्द सुनेर सती जरत्कारुले विनम्रता साथ भनिन्– "नाथ! समय एवं परिस्थितिको विचार गरेर यस्तो उग्र प्रतिज्ञा गर्नु हुँदैन"। अनि जरत्कारु

ऋषिले भने– ब्राह्मण केवल एक वचन मात्र बोल्दछन् । तिमी किन दुःखी हुन्छ्यौ ? म तिमीसँग पूर्ण तरहवाट कृतार्थ छु । तर तिमीले मेरो शक्ति थाहा पाउन सकिनछौ । तिमीलाई थाहा थिएन ? जवसम्म मैले सूर्यनारायण-लाई अर्घ्य दिन्न त्यसवेलासम्म सूर्य अस्ताचलतिर जान सक्दैनन् ।

सती जरत्कारुले रुदै भनिन्, "हजूर मेरो वंशको कल्याण मैमा निर्भर गर्दछ । मेरो छोराले मेरो वंशलाई विनाशवाट बचाउन सक्दछ । तपाईं नै चराचरको समेत कल्याणकारी हुनुहुन्छ । के तपाई जस्ता मङ्गलमय महात्मावाट नागवंशको कल्याण हुन सक्दैन ?" पत्नीका चिन्ताजनक शब्द सुनेर जरत्कारु ऋषिले भने, "यसमा तिमीले चिन्ता गर्नु पर्दैन । यही तिम्रो गर्भवाट आस्तिक नामक परम तेजस्वी बालकको जन्म हुनेछ । उसैले नाग वंशलाई आमूल विनाशवाट बचाउने छ ।"

केही महीना पछि सती जरत्कारुवाट एक परम तेजपुञ्ज पुत्र जन्मियो। उनै आस्तिकले जन्मेजयको नागयज्ञलाई रोकेर नाग वंश नष्ट हुनवाट बचाए । यस्ती महान् पतिपरायण सती नारीको उज्ज्वल चरित्र पढ्दा उनी को हुन् भन्ने कुरामा जिज्ञासा हुनु स्वभाविक हो । आख्यान यसप्रकारको छ । एक पटक परम तेजस्वी ऋषि जरत्कारु एउटा घना वनको वाटो भएर कतै जाँदै थिए । अनि एकठाउँमा उनले केही ऋषिगण एक अध्यारो कुवामा उल्टो तवरले झुण्डिरहेका देखे । त्यस अध्यारो कुवाको चारैतिर घना झाडी थियो । कुवाको पिँधमा विषालु सर्पहरू फुँकारिरहेका थिए । तिनीहरूलाई देखेर ऋषिले आश्चर्य मान्दै सोधे "तपाईहरू को हुनुहुन्छ ? यस अँध्यारो कुवामा उल्टो तवरले किन झुण्डिनु भएको हो र मैले तपाईहरूको कल्याण गर्न सक्दछु ?"

उभिण्डो परेका ऋषिहरूले जवाफ दिए–"हामी यायावर वंशका व्रती ऋषि हौं । हाम्रा कुलमा एक महामूर्ख छ, सधै तपस्यामा लीन हुन्छ । त्यसैवाट हाम्रो यायावर वंश अन्त्य हुनेछ । किन भने त्यसले गृहस्थ धर्मको पालन गरेन । वंश लोप हुने कारणवाट नै हामी यो अन्ध कुवामा उभिण्डो

परेका छौं।" यो सुनेर नैष्ठिक व्रतधारी ऋषि जरत्कारुले दुःखको स्वास फेर्दै भने–"ओह पूज्य यायावर ! तपाईहरूको अभागी सन्तति मै हुँ। हे पितृगण ! मलाई तपाईहरूले उपदेश दिनुहोस्, म तपाईहरूको के गरी हित गर्न सक्दछु।"

उभिण्डो परेका ऋषिहरूले भने; "प्रिय जरत्कारु। तिमीलाई कुनै प्रकारको व्रत गर्नु पर्ने आवश्यकता नै छैन। तिमीले विवाह गरेर सन्तान वृद्धि गर। यसबाट वंशलता छिन्न सक्दैन। तिनै सन्तानहरूबाट पिण्डदानको क्रम चलिनैरहने छ। तिनै सन्तानले नै हाम्रो यस यातनाबाट त्राण दिने छन्।

जरत्कारुले भने, 'म सुख भोगको लागि विवाह गर्दिन, अनि अर्थोपार्जन पनि गर्ने छैन। अनि म जस्तोलाई कुन चाहिले आफ्नी कन्या देला ? हो कसैले नमागीकनै आफ्नी छोरी दिए पनि कन्याका लागि भरण पोषण समेत पिता स्वयंले गरेमा मात्र म विवाह गर्न तयार हुनेछु। त्यस बाहेक अरु एक शर्त पनि छ, त्यस कन्याको नाम पनि मेरै नाम अर्थात् जरत्कारु नै हुनु पर्दछ।"

यी शब्दले पितृगण प्रशन्न भए। जरत्कारु पनि भिक्षुको रुप लिएरै वनतिर लागे। एक दिन घना जङ्गलमा बसेर आदिदेव भगवान शेषशायीको प्रार्थना गरिरहेका थिए। प्रार्थनाको मूख्य उद्देश्य नै पत्नी प्राप्ति थियो। नागराज वासुकीले महर्षिको प्रार्थना सुनेर कारण पनि बुझे। त्यस पछि नागकन्यालाई बहुमूल्य रत्नाभूषणहरूबाट शृङ्गारेर महर्षि जरत्कारुका सामुन्ने उपस्थित भए। नागराजले जरकारुलाई आफ्नी छोरी दिन प्रस्ताव राखे। तर जरत्कारु पनि अलि गम्केर भने–"हे शेषशायी नागराज ! तपाईकी छोरी मसँग विवाह गर्न कुनै एक शर्त राख्छु र त्यसमा तपाईले मञ्जुरी गर्नु हुन्छ भने मात्र स्वीकार्ने छु। उनले कुनै पनि मेरो अप्रिय हुने काम नगर्ने। जुन दिन उनले मेरो अप्रिय काम गर्ने छन् त्यसै क्षण उनलाई त्यागेर निस्कने छु। मेरो धन सम्पत्ति, घरबार केही छैन, अनि तपाईले नै यिनको लागि भरण पोषणको जिम्मा लिनु पर्नेछ।" नागराजले

यी सबै स्वीकारे । आफ्नी कन्या जरत्कारुलाई ऋषि जरत्कारुका साथ विधिपूर्वक विवाह सम्पन्न गरिदिए । ऋषि सपत्नीक नागराज कहाँ ससम्मानका साथ बस्ने गरे ।

एक पटक नागमाता कद्रूले आफ्नी सौता विनितासँग वाजी थापिन् । कद्रूले सूर्यका छोराहरूको पुच्छर बिलकुल काला छन् र यदि पुच्छर काला भएदेखि विनिता कद्रूकी जन्मभरकी दासी बन्नु पर्ने र होइन पुच्छर सेता भएमा कद्रूनै विनिताकी जीवन भरकी दासी बन्नू पर्नेछ । त्यस्तो वाजी थापे पछि कद्रूले आफ्ना छोराहरूलाई सूर्यको घोडाको पुच्छरको रङ्ग सोह्रा उनका छोरा नागहरूले पुच्छर सेता छन् भने । अनि कन्द्रूले आफ्ना छोराहरूलाई घोडाको पुच्छरमा बेरिएर पुच्छरको रङ्ग कालो बनाउ भन्ने आदेश दिइन् । सूर्यको बल्दो तापको डरले कद्रू पुत्र नागहरूले त्यो काम गर्न तयार भएनन् । आफू वाजीमा हार्ने भएकोले कद्रूले आफ्ना छोराहरूलाई जन्मेजयको नागयज्ञमा नागहरूको विनास भइहालोस् भनी सराप दिइन् । आमाको शरापले नागहरू भयभीत भएर आमाको आज्ञा पालन गरे । सूर्यका घोडाको पुच्छरमा बेरिएर कालो देखाइ दिए । अनि विनिता पराजित भइन् । आफ्नी आमालाई विजय गराएर नाग पुत्रहरूले शरापबाट बच्नका लागि प्रार्थना गरे ।

आफ्ना प्रिय पुत्रहरूको प्रार्थनाले कद्रू प्रशन्न भएर भनिन्, "मेरी छोरीको नाम जरत्कारु राखिदेऊ । उनको विवाह पनि यही जरत्कारु नाम भएका ऋषिसँग हुनेछ । तिनीहरूबाट जन्मेको छोराले तिमीहरू सबैलाई नागयज्ञको विनाशबाट बचाउने छ ।"

यिनै नागकन्याको विवाह महर्षि जरत्कारूकासाथ सम्पन्न भएको हो । नागराज कहाँ दुवै पति पत्नी अत्यन्त सुखसँग बसेका थिए । दुवैमा प्रेमालाप थियो । एक दिन सदा झै नागकन्याका काखमा टाउको राखेर कुरा गर्दा गर्दै महर्षि जरत्कारु भुसुक्क निदाए । सूर्यास्तको समय हुनै लागेकोले देवी जरत्कारुले आफ्ना पतिलाई जगाएकी थिइन् । ऋषि रिसले

क्रूद्ध हुदै उठेर आफ्नी प्रिय पत्नी जरत्कारुलाई सदाको लागि छाडेर कता गए कता गए । नागकन्या जरत्कारुलाई पनि थाहा थियो पतिको प्रतिकूल गएमा अवश्य नै आफूलाई त्यागेर जान्छन् । तर एक सती नारीको कर्तव्य नै पतिको मङ्गल कामना चिताउने थियो ।

नाग कुमारी जरत्कारु साच्चिनै धर्मनिष्ठामा चल्दथिन् । त्यसैले पतिको कल्याण विचार गरी उनलाई विउंझाउँदा आफैं त्यागिइन् । उनले केवल आफ्नो पतिको कल्याण मात्र होइन आफ्ना पिताका शाखा सन्तान-लाई समेत जन्मेजयको नागयज्ञमा भष्म हुनबाट बचाइन् ।

यसरी आदर्श नारी आफ्नो त्यागबाट आफ्नो परिवार नाता कुटुम्ब आदि सबैको कल्याण गर्दछन् । हाम्रा आर्य नारीहरू सदा सर्वदा मङ्गलमयी र शिवमयी हुन्छन् ।

जाम्ववती

भगवान श्री कृष्णका अनेकौं पटरानी मध्ये जाम्बवती पनि एक थिइन्। उनमा भगवान श्याम सुन्दरको अपार प्रेम थियो। जाम्ववतीले आफूलाई कहिल्यै पनि रानी अथवा बडामहारानी सम्झेकी थिइनन्। उनी परम साध्वी थिइन् र आफ्नलाई श्याम सुन्दरका पाउकी दासी सम्झन्थिन्। त्यतिमात्र होइन उनले आफ्ना सौतासौतीप्रति पनि कृष्णलाई जस्तै राम्रो व्यवहार गर्दथिन्। उनको जीवनमा न कुनै अभिलाषा थियो न असन्तोष र शिकायत थियो। जाम्ववतीलाई केवल कसरी कृष्णलाई सन्तुष्ट र प्रशन्न राख्न सकिन्छ भन्ने एउटै धोको थियो।

आफ्ना पतिलाई नै सर्वस्व सम्झने जाम्ववती त्रेतायुगका भगवान रामचन्द्रका अनन्य भक्त वीराग्रणी जाम्बवानकी छोरी थिइन्। जाम्ववान जुन प्रकार वीरता एवं शक्तिमा अप्रति म थिए, त्यस्तै भगवान भक्ति एवं परमार्थ निष्ठामा पनि अनुपम थिए। आफ्नै पिता जाम्ववानका सबै सात्विक गुणहरूका प्रभाव जाम्ववतीमा पर्ने स्वभाविकै हो। उनी पिताका साथ निर्जन वनको एक अत्यन्त गहन कन्दरामा रहन्थिन्। दिनभर आफ्नो पिताको सेवा गर्नु र भगवान श्रीहरि स्मरण गर्नु नै जाम्ववतीको दिन चर्या थियो। उनले आफ्नो मनमनले श्रीहरिलाई नै आफ्ना इष्ट देवता मानेकी थिइन्। उनलाई विश्वास थियो एक न एक दिन आफ्ना भक्तहरूको

मनोकान्छा पूरा गर्न अवश्य नै उनको त्यस गहन कन्दरामा भगवान श्यामसुन्दर आई पुग्नेछन् । अन्ततोगत्वा पवित्र मनले गरेको अर्चना फलीभूत भयो र परात्पर श्रीहरि द्वापर युगमा उनको गहन कन्दराको भित्र नै अत्यन्त आकस्मिक ढङ्गबाट प्रकट भए । भक्तहरूको मर्यादाको परिपालन गर्न भगवान आफ्नो कर्तव्य सम्झन्थे । श्रीकृष्ण त्यस कन्दरामा कसरी आइपुगे यसको वृतान्त सत्यभामाकै प्रसंगमा भइसकेको छ ।

सत्राजितको हराएको स्यमन्तक मणि खोज्दा खोज्दै जब श्रीकृष्ण त्यस गुफाका द्वारमा पुगे, प्रसेनजितलाई मार्ने सिंह पनि त्यहीं प्रवेश द्वारमा पुगेर मरिरहेको पाए । कुनै विशाल जीवात्माको ठूलठूला पाइलाका छाप देखी त्यस सिंहलाई मार्ने त्यही कन्दरा भित्र हुनु पर्दछ र स्यमन्तक मणि पनि त्यसैका साथमा हुनु पर्दछ भन्ने ठानेर श्री कृष्ण त्यही गहन गुफाभित्र प्रविष्ट भए । त्यसको यताउता केही देखिदैनथ्यो । जब श्रीकृष्ण त्यस अँध्यारो गुफामा धेरै परसम्म गए त्यहाँ उनले त्यसको भित्र केही भवनहरू छुट्टाछुट्टै बनेको देखे । एउटा राम्रो भवनमा कुनै एउटी बालिका उही स्यमन्तक मणिसंग खेलौनाको रूपमा खेलिरहेकी थिई । गुफा प्रदेश त्यस मणिको प्रकाशले जगमगाएको थियो । एउटी धाईले त्यस बालिकाको हेर विचार गरिरहेकी थिइन् । जब श्री कृष्ण उक्त स्थलमा पुगे मणिको प्रकाश उनको दैवीय प्रकाशका सामु फिका भयो । धाईले आश्चर्य मान्दै टाउको उठाएर हेर्छिन् ता सामुन्ने एक नील मणिको आभा समेत लजाउने दिव्य पुरुष उभिएका थिए । धाई हडबडाइन् र अनजानैमा चिच्याइन् । बालिका पनि डरले आकुल व्याकुल भएर खेलाइरहेको मणि त्यहीं छोडेर भागिन् ।

जाम्बवान धाई कहालिएको सुनेर वायुवेगले त्यहाँ आइपुगे । अनि नीलो रंगको अत्यन्त सुन्दर अपरिचित पुरुष आफ्ना सामुन्ने उभिएको देख्दा रीक्षराजको क्रोधको सीमा नै रहेन । रिसले चूर हुँदै श्री कृष्णलाई मुष्ठि प्रहार गरे । फेरि जाम्बवानले अर्को पटक पनि मुष्ठि प्रहार गर्दा श्री कृष्णले पनि एक मुष्ठि जाम्बवानका छातीमै प्रहार गरे । यसले उसलाई ठूलो चोट

पऱ्यो र विचलित भए। दुवैमा घोर घमासान मल्ल युद्ध भयो। रीक्षराजको प्रहारले आगन्तुक पुरुषलाई केही छोएन। तर श्री कृष्णको एक एक प्रहारले जाम्ववानलाई मरणान्त पार्दथ्यो। जाम्ववान विस्तारै शिथिल हुँदै गए। यसै गरी पूरा अठार दिनसम्म दुवैका बीच ठूलो संग्राम भयो। श्री कृष्ण परात्पर ब्रह्म भएकाले आफ्नो परिचय दिन चाहँदैनथे, ऊ स्वयंले थाहा पाओस् भन्ने चाहन्थे।

अचानक जाम्ववानको दृष्टि श्रीकृष्णको छातीको छाप भृगु चिह्नमा पऱ्यो। रीक्षराजले सबै कुरा थाहा पाए। आखिर विह्वल भएर कृष्णका पाउमा परेर वलिन्द्रधारा आँशुले भगवानका पाउ पखाल्दै भने, "नाथ मबाट ठूलो अपराध भयो, मलाई क्षमा गर्नुहोस्।" श्री कृष्णले पनि जाम्ववानलाई उठाएर आफ्ना छातीमा स्नेहपूर्वक लगाए। जाम्ववान पनि भाव विभोर भएर दिव्य छवी हेरिरहे। उही कान्तियुक्त रूप विशाल वाहु एवं वक्ष सबका सब लक्षण उनै राम समान देखेर जाम्ववान फेरि रुन लागे। श्री कृष्णले दया गरेर जाम्ववानका सम्पूर्ण शरीर आफ्ना हातले स्पर्श गरे। उनका सारा दर्द त्यसै वेला निवारण भयो। भगवानले पनि भक्त जाम्ववानलाई आफ्नो अवतार र त्यहाँ पुग्नाको उद्देश्य बताई दिए।

त्यस पश्चात् जाम्ववान गुफाभित्र दौड्दै गए र स्यमन्तक मणिका साथसाथ अर्को एउटा मणि पनि लिएर आए। उनले दुवै मणि आफ्ना इष्टदेवलाई सादर समर्पित गरे। त्यो अर्को मणि अरू कुनै थिएन, नारी मणि आफ्नी सुन्दरी सुपुत्री जाम्ववती थिइन्। अनि जाम्ववानले "यी मेरी परम साध्वी भोलीभाली छोरी तपाई आफ्नी चरणकी दासीका रूपमा स्वीकार्नु होस्" भनी निवेदन गरे। स्यमन्तक मणि पनि दाइजोको रूपमा दिए।

श्रीकृष्ण पनि परम सुन्दरी जाम्ववतीलाई लिएर द्वारका आए। विधिपूर्वक उनीसंग विवाह गरे। जाम्ववतीको जीवन साधना, सेवा त्याग

एवं सौहार्दको त्रिवेणी बनेको थियो । उनले अनेक व्रत एवं धार्मिक अनुष्ठान गरिन् । आफ्नो परम भोली प्रियाको हित रक्षाका लागि श्रीकृष्णले उनका छोरा प्राप्तिका लागि भगवान शंकरको स्वयं आराधना गरे । जाम्ववतीको व्रत तपस्यादिवाट सन्तुष्ट भएर स्वयं कार्तिकेय भगवान पुत्र भएर जन्मे । उनको नाम शाम्ब राखियो । शाम्ब बल कीर्ति एवं सौन्दर्यमा प्रद्युम्नभन्दा पनि बढी थिए । शाम्ब वा हेक जाम्ववतीका अरू नौजना पुत्रहरू जन्मे ।

जाम्ववतीको दिव्य चरित्र आर्य नारीहरूको लागि एक प्रकाश स्तम्भ मानिएको छ । उनले आफ्नो भक्तिद्वारा यही देखाएकी छन्, एउटी साध्वी निष्ठावती आर्य नारी आफ्नो साधनाका वलले स्वयं परात्पर भगवानलाई पति रूपमा प्राप्त गर्न समर्थ भइन् । उनको कीर्ति युगौंयुगसम्म प्रज्ज्वलित भैरहनेछ ।

वीरांगना जुन्हा एवं मदन मन्जरी

विराँगना जुह्ला एवं मदन मञ्जरी स्मरणीय नारी चरित्र हुन् । द्वापर युगको महाभारतको घोर विनाशकारी युद्ध समाप्त भए पनि जनमानसमा त्यसको विषादपूर्ण छवीले नराम्रोसंग प्रभाव पारेकै थियो । तैपनि सत्यको जीत अन्याय र अत्याचारको हारवाट जनताले केही चित्त वुझाएका थिए। हस्तिनापुरका राजसिंहासनमा युधिष्ठिर विराजमान भएका वेला हस्तिनापुर देखि पूर्व महिष्मती नामको एउटा सानो तर ज्यादै सम्पन्न राज्य थियो। त्यहाँ राजा नीलध्वज राज्य गर्दथे । उनी महान् धार्मिक प्रजावत्सल एवं कृष्णको परम भक्त थिए । उनकी महारानी जुह्लादेवी अत्यन्त सरल हृदया, साध्वी र धर्म परायण, विराँगना एवं विदुषी थिइन् । भगवान भक्तिका साथै उनी अत्यन्त स्वाभिमानी एवं नीति निपूण पनि थिइन् । भागीरथी गंगाको परम उपासिका भएकीले गंगाकै कृपाले उनले एउटा पुत्र प्राप्त गरिन् । उनका पुत्रको नाम प्रवीर थियो । आमा जुह्लादेवीको संरक्षण र निर्देशनमा नै प्रवीरको पालन पोषण भयो । जुह्लादेवीको पवित्र जीवनको प्रभाव पुत्र प्रवीरमा परेको थियो । त्यसैले प्रवीरको रगतका कण कणमा सरलता, वीरता, सौजन्य, सप्रेम तथा भगवान भक्ति भरिपूर्ण थियो । वीरता प्रवीरको अङ्ग प्रत्यङ्गमा छचल्किएको थियो तापनि भगवान चिन्तनमा सधै मस्त थिए ।

युधिष्ठिर हस्तिनापुरको महाराज बनेपछि भगवान श्रीकृष्णसंगै सल्लाह लिएर उनले अश्वमेध यज्ञ गर्ने निश्चय गरेर घोडा छोडिदिए । घोडाको रक्षा गर्न धनुर्धारी अर्जुन नियुक्ति भए र उनका साथमा विशाल सेना थियो। श्रीकृष्णले अर्जुनलाई मद्दत गर्न साथ जाने इच्छा व्यक्त गरे । तर अर्जुनले यति सानो काममा कृष्णको मद्दत आवश्यक ठानेनन् । पृथ्वीमा विजय प्राप्त गर्नलाई आफ्ना सेना नै प्रशस्त जस्तो लाग्यो उनलाई । अर्जुनको अनुहारमा अभिमानका रेखा स्पष्ट चम्केको थियो ।

"अर्जुनसंग लड्ने साहस छ भने यो घोडालाई पक्डेर लडाइमा सम्मुख हुन जाने र यदि साहस छैन भने राज्यकै उपहार साथ युधिष्ठिरको अश्वमेध यज्ञमा निश्चित समयमा उपस्थित हुनै पर्दछ" भन्ने स्वर्ण पत्रमा लेखी घोडाको निधारमा टाँसेर विश्वयात्राको लागि छोडिएको थियो । अश्वमेध यज्ञको घोडा अघि अघि र पछि पछि वीर अर्जुन र सशस्त्र फौज लागेका थिए । घोडा पक्ने साहस कुनै राष्ट्रले पनि गरेका थिएनन् । बाटोमा जति राजा–महाराजा भेटिए सबैले अर्जुनको स्वागत गर्दै युधिष्ठिर महाराजको अधीनता स्वीकारे । यस प्रकार घोडा महिष्मती राज्यको सीमानामा पुग्यो । महिष्मती नरेश नीलध्वज अर्जुनको नाम सुन्ने बित्तिकै असङ्ग भए । उनले महाराजा युधिष्ठिरकै अधीनता स्वीकार्ने विचार गरे । तर विरांगना जुह्लादेवी ज्यादै क्षुब्ध भइन् र उनले आफ्ना पतिलाई काँतर ठानिन् । त्यसैले अर्जुनसंग लड्न जानै पर्दछ भनेर अनुरोध गरिन् । तर महिष्मती नरेशले यो प्रस्ताव स्वीकारेनन् ।

राजासंग निराश भएर जुह्लादेवी छोरा प्रवीर कहाँ गइन् र उनलाई प्रोत्साहित गर्दै भनिन्– "बाबु ! म तिमीलाई प्राणभन्दा पनि प्यारो गर्दछु । साथै तिमीबाट देश जाति र स्वाभिमानको रक्षा गरौंला भन्ने आशा एवं विश्वास समेत गर्दछु । अर्जुनको विशाल वाहिनीले अश्वमेधको अश्वका साथ तिम्रो क्षेत्रीय वीरताको स्वतन्त्रता र देशाभिमानलाई जिस्क्याई रहेको छ । म चाहन्छु, अर्जुनले यो राज्य जितेर लैजान नपाओस् ।

तिमी छिट्टै गएर त्यस घोडालाई पक्डेर ल्याऊ, र अर्जुन हारेर जाऊन्। तिम्रा तीखा वाँण अगाडि वीर कहलिएका अर्जुन एकक्षण पनि त्यहाँ टिक्न नसकून् ।

आमा ! श्री कृष्ण सारथी र वीरवर अर्जुन । . . . . . प्रवीरले यति के बोल्द थिए, स्नेहमयी आमा दुर्गालि जस्त हुँङ्कारदै गर्जदै भनिन्– "हो उनै अर्जुन'! तिमी विचार गर्दछौ त क्षणभर विचारेर स्पष्टसंग जान्न भनिदेऊ, अनि म आफै वीर अर्जुनसंग युद्ध गर्न जान्छु, त्यसवेला मेरो छोरो नै छैन भन्ने सम्झनेछु ।" आमाको राष्ट्रियता र स्वाभिमानी प्रकृति देखेर प्रवीर अवाक् भए। अनि उनको आज्ञा शिरोपर छ भनी तुरुन्त उनले वीर अर्जुनलाई चिठी पठाए "मैले तपाईको घोडा पकडेको छु, तपाई युद्धस्थलमा आउनु होस् ।" अर्जुन यो पत्र पढेर ज्यादै खुशी भए र तुरुन्तै जवाफ पठाए, "वीर! क्षत्रीयोचित पत्र पढेर म ज्यादै प्रशन्न भएँ। त्यसैले तिमीलाई धन्यवाद दिन्छु, तर अहिले तिमी ज्यादै कलिला बालक छौ, जीवनको सुख शयल छोडेर मृत्युलाई निम्त्याउनु राम्रो कुरा होइन ।"

त्यो पत्र पढ्दा प्रवीरलाई ज्यादै रिस उठ्यो । यस किसिमको कातर पत्र लेख्नु वीरलाई शोभा दिदैन । युद्ध गर्ने इच्छा छैन भने हस्तिनापुर फर्केर गए हुन्छ, घोडा अवश्य नै छोड्ने छैन भन्ने जवाफ दिए । भोलिपल्ट सूर्योदयकै बेलामा दुवै थरी समर भूमिमा भेला भए । तिनीहरूका बीचमा भयंकर लडाई भयो । प्रवीरका तिखा वाँण लाग्नाले अर्जुन आकुल व्याकुल भए । अर्जुनले प्रद्युम्नलाई प्रवीरको सुकुमार अनुहारको वास्तै नगरेर वाँण वर्षा गर भन्ने आज्ञा दिए । तर प्रद्युम्नले वीर प्रवीर मेरा बुवा श्री कृष्णका परम भक्त हुन्, त्यसैले पिताका भक्तलाई वाँण हान्न मेरा हात चल्दैनन्, म पूर्णतया लडाई गर्न असमर्थ छु भन्ने जवाफ दिए । महाबली भीम पनि प्रवीरका अगाडि क्षणभर टिक्न सकेनन् । यो हालत देखेर अर्जुनले रिसले चूर हुँदै आग्नेयास्त्रको प्रयोग गरे । तर प्रवीरका वाँण वर्षाले अग्निज्वाला निभ्यो । यस किसिमबाट प्रवीरलाई मार्न अर्जुन जुन जुन

भयंकर विषालु वाँण प्रयोग गर्थे ती सबै व्यर्थ हुन्थे । राजकुमार प्रवीरले अर्जुन र उनका सैन्य समेतलाई पराजित गरे ।

अर्जुनको वीरत्वमा कालिमा पोतियो । त्यसैवेला प्रवीरले फूर्तिसाथ अर्जुनलाई भने "वीरवर अर्जुन ! अश्वमेध यज्ञको घोडा त्यही कातर वीरका लागि छोडिएको हो ? यदि फेरि मसंग लड्ने आँट छ भने भोलि रणभूमिमा आउनु होस्, होइन भने आनन्द साथ फर्केर घर जानु होस् । जुन दिन मैले यही घोडाबाटै अश्वमेध यज्ञ गर्नेछु त्यही दिन उपहार लिएर आउनु होला । भगवान श्रीकृष्णको सहायता विना तपाई मलाई जित्नै सक्नु हुन्न । यदि मलाई रणभूमिममा जित्ने इच्छा छ भने श्री कृष्णलाई बोलाउनु होस्, उहाँको दर्शन पाएर म पनि कृतकृत्य हुनेछु ।" यति भनी प्रवीर केही बेरसम्म भगवानको ध्यानमा तल्लीन भए ।

प्रवीरको वचनले अर्जुनको हृदय घोच्नसम्म घोच्यो । अर्जुनले आफ्नो भूल स्वीकारेर आकुल व्याकुल हुँदै श्री कृष्ण भगवानलाई पुकार्न लागे । उनको पुकार सुनेर भगवान श्रीकृष्ण तुरुन्त त्यहाँ प्रकट भए । अर्जुन कृष्णका पाउ परे । अनि कृष्णले यसो हेर्छन्ता प्रवीर पनि आफ्ना पाउमा लम्पसार परिरहेका रहेछन् । भगवानले अर्जुन एवं प्रवीर दुवैसंग भेट गरे । प्रवीर खुशीले गद्‌गद् भएका थिए । उनले भक्तिपूर्वक विन्ति गरे "प्रभू ! हजूरको दर्शन पाउँदा मेरो जन्म धन्य भयो ।" अनि अर्जुनतिर फर्केर भने "पार्थ ! म तपाईको ऋणि छु । तपाईकै कृपाले आज त्रैलोक्यनाथको दर्शन पाउने मौका मिल्यो । हिड्नु होस् । अब हामी आफ्नै शिविरमा जाऔं । भोलिदेखि भगवानको सामूमै युद्ध गरौंला ।" यति भनेर दुवैजना आफ्ना आफ्ना शिविरमा गए । प्रवीरलाई आमा जुह्लादेवीले देखिन् र आफ्नो छातीमा लगाइन् । छोराकै भलाइको लागि भगवती भागिरथीको आराधना गर्न जान लागेकी रहिछन् । त्यसैवेला प्रवीरकी वीर हृदया धर्म पत्नी मदन मञ्जरी पनि आफ्नो पतिको वीरत्व देखेर खूब हर्षित भइन् । उनले पनि भगवान श्रीकृष्णको भक्ति एवं पूजा अर्चना गरी विजयको कामना गरिरहेकी थिइन् ।

आधारात पछि मदन मञ्जरी हातमा नाँगो तरवार लिएर अर्जुनको सैन्यमा प्रवेश गरिन् । तर त्यहाँ प्रहरीको रूप धारण गरेर स्वयं भगवान शंकर त्रिशूल लिएर खडा थिए । उनले मदन मञ्जरीको परिचय र नांगो तरवार लिएर आउनाको कारण सोधे । मदन मञ्जरीले पनि निसंकोच आफ्नो परिचय दिदै सत्य कुरा बताइन्– "वीर प्रवीरकी पत्नी हुँ । मेरा पतिको प्राण रक्षाका लागि भगवान श्री कृष्णको दर्शन गर्न चाहन्छु । शंकरले पनि यो कुरा हुनै सक्दैन, यतिबेला भगवान श्री कृष्ण सुकलामा हुनुहुन्छ तिमी फर्क भनी फर्काउने प्रयास गरे । तर मदनमञ्जरीले उसो भए म हजूरकै चरणमा मेरो शिर चढाउँछु भन्दै शिर काट्न तरवार उठाइन् । यो देखेर भगवान शंकरले आफ्नो परिचय दिदै भने "म तिमीदेखि ज्यादै खुशी छु, म कैलाश जाँदैछु । यहाँबाट प्रस्थान गरेपछि मेरो कुनै दायित्व छैन ।"

अनि मदन मञ्जरी श्रीकृष्ण भेट्न शिविरको ढोकामा पुगिन् । ढोकेले पनि उनलाई झपार्दै त्यहाँ आउनाको कारण सोध्यो । उनले विनम्रता साथ सबै कारण बताइन् । "म महाराज नीलध्वजकी बुहारी हुँ, पतिको प्राण रक्षाको भीख माग्न श्रीकृष्णका समीप जान चाहन्छु ।" "ढोकेले यतिबेला भगवान सुकला भएको छ फर्क भन्यो । त्यस पश्चात् मदन मञ्जरीले हातको तरवार उठाउँदै भनिन्– यदि तपाईले भगवान कहाँ जान दिनु हुन्नता अहिल्यै यही तरवारले मेरो टाउको काटेर यही नै समर्पण गर्दछु । द्वारपालले मदन मञ्जरीको हात समाते तर त्यतिबेला उनको हात समाउने व्यक्ति साक्षात् भगवान श्री कृष्ण नै रहेछन् । उनैको दर्शनका लागि प्राण समर्पण गर्दै यहाँ आएकी थिइन् । अतः भगवानका पाउमा पस्नेर विन्ति गरिन्–भोलि विहानै धनुर्धारी अर्जुन र मेरा पति प्रवीरका बीच युद्ध हुँदैछ । धनुर्धारी अर्जुनलाई हजूरको सहायता प्राप्त भएको छ, सहायता पाएर उनले जे पनि गर्न सक्दछन् । त्यसकारण हजूरसंग पतिको जीवन भीक्षा माग्दछु । भगवान श्रीकृष्ण मदन मञ्जरीसंग ज्यादै प्रसन्न भएर आफ्नो गदा शस्त्रास्त्र र सुदर्शन चक्र दिएर भने "यी अस्त्र प्रवीरका साथमा रहुन्जेलसम्म कसैले उनलाई मार्न सक्नेछैन ।"

अनि मदन मञ्जरी हर्षले विभोर हुँदै भगवानका पाउमा परेर दुत गतिले फर्किन् । दुवै आयुध पतिलाई दिँदै श्रीकृष्णका वचन सुनाइन् ।

अर्कोतिर धर्मपरायणा महारानी जुह्नादेवीले गङ्गाजीको पूजा अर्चना गरेकी थिइन् । गङ्गाजी जुह्नासँग खुशी भएकीले प्रवीरको रक्षाका लागि श्रीशिवजीको प्रार्थना गर्दा भगवान शिव खुशी भएर प्रवीरको पक्षमा आफ्नो त्रिशूल सहित अर्जुनसँग लडाई गर्न आग्रह गरिन् । तर शिवजीले यो लडाइँ अर्जुनसँग होइन कृष्णसंग हो त्यसैले समरभूमिमा गई लड्न सकिन्न भने ।

भोलिपल्ट सवेरै अर्जुन श्रीकृष्णका कोठामा पुगे । त्यतिवेला श्रीकृष्ण चिन्ताकुल थिए । अर्जुनलाई देखनासाथ भने "वन्धुवर ! प्रवीर पत्नीको भक्तिले म प्रशन्न भएँ । त्यसैले मेरा दुवै हतियार उनका पतिको प्राण रक्षा खातिर उनैलाई दिएँ । तीं हतियार प्रवीरसँग रहुन्जेल उनलाई कसैले मार्न सक्ने छैन, अब के गरौं ? मेरो आगमन नै तिम्रो भलाइमा विघ्नवाधा भइरहेको छ ।" भगवानका वचन सुन्दा भीमसेन रिसले क्रुद्ध हुँदै भने– "तपाईले विचार गरेर मात्र वरदान दिनु पर्दथ्यो, तपाई हाम्रो रक्षामा आउनु भयो कि विपत्ति थप्नका लागि ?" तर भीमलाई चूप लाग्न लाएर अर्जुनले कृष्णसँग विनम्रतासाथ भने– तपाईको प्रत्येक क्रियामा मङ्गल लुकेको छ भन्ने विश्वास गर्दछु । यी हतियार उनलाई दिंदा पनि मेरो अवश्य नै हित हुनेछ । तपाई नै हाम्रो सर्वस्व हुनुहुन्छ र तपाईले नै यो यज्ञको अनुष्ठानको प्रेरणा र यसको निर्विघ्न समाप्तिका लागि वचन दिनु भएको छ। यस वारेमा तपाईलाई जस्तो उचित लाग्दछ सोही गर्नु होस् ।" भगवान श्री कृष्णले चुपचापसँग भीमसेन र अर्जुनका कुरा सुनिरहे। त्यसवेला अर्जुनले श्रीकृष्णलाई "उज्यालो भइ सक्यो युद्धको समय भई सक्यो, अब तपाईको यसमा के आज्ञा हुन्छ" भनी सम्झाए । श्रीकृष्णका आज्ञानुसार दुवै भगवान शंकर कहाँ गएर शिवजीसँग भने– "भगवान ! म मदन मञ्जरीका भक्तिले ज्यादै खुसी भएकोले मेरा दुवै हतियार वीर प्रवीरका सुरक्षा खातिर उनलाई दिई सकें । तीं हतियार जवसम्म प्रवीरसँग

हुन्छन्, त्यतिन्जेलसम्म उनलाई मार्न सक्ने छैन । तर अर्जुनकै विजय अत्यावश्यक छ । यसको उपायको लागि हामी दुवै हजूर कहाँ उपस्थित भएका छौं ।

श्री शङ्करले यो सबै थाहा हुँदा हुँदै पनि किन आफ्ना दुवै हतियार दिनु भएको भनी सोधे । श्रीकृष्णले जसरी मदन मञ्जरीको भक्तिले मुग्ध भएर हजूर आधारातमा नै कैलाशमा आउनु भयो, त्यसैगरी उनको भक्तिले विवस भएरै मैले पनि वरदान दिनु परेको हो' भने । भगवान शङ्करले विस्तारै भने "म पनि ठूलो दोधारमा परेको छु । प्रवीरकी आमा जुह्वाले तपस्याद्वारा गङ्गालाई खुशी गराइछन् । त्यसैले प्रवीरको पक्षमा त्रिशूल लिएर अर्जुनसँग लड्न गइदिनु होस् भनेकी छन् । तर म कसैको पक्ष लिएर लड्ने छैन ।" अनि निराशाको सुस्केरा हालेर श्रीकृष्णले अर्जुनलाई भने "अब मबाट कुनै उपाय भएन । मेरो पहुँच यति मात्र हो ।" अर्जुनले हात जोरेर विन्ति गरे "हे भगवान ! हजूर विना म केही गर्न सक्दिन । मलाई ता यति नै थाहा छ हजूरले जे गर्नु हुन्छ, त्यसैमा मेरो कल्याण हुनेछ । अब युद्धको वेला हुनै लाग्यो ।"

भगवानका आज्ञानुसार दुवैजना भगवती उमा कहाँ गए । त्यसपछि श्री युधिष्ठिर महाराजाले अश्वमेध यज्ञ गर्दा विश्व विजय गर्न छोडेको घोडा प्रवीरले पकडेर अर्जुनलाई युद्धमा त्राही त्राही गरेको र श्रीकृष्णले आफ्ना आयुध द्वय र वरदान समेत प्रवीरलाई दिएको यथार्थ कुरा सुनाए । अनि अर्जुनकै विजय गराई दिनु भन्ने प्रार्थना समेत गरे । त्यसबाट भगवती उमालाई समर भूमिमा मोहिनी रुपमा आएर कुनै तरिकाले प्रवीरबाट दुवै शस्त्रास्त्र लिई दिएमा अर्जुनको जीत हुने कुरा पनि बताए । अनि उमाले तथास्तु भनिन् र दुवै खुशी हुँदै त्यहाँबाट फर्के ।

अर्जुन युद्धभूमिमा पुग्दा नपुग्दै प्रवीर आफ्नो विशाल फौज लिएर युद्धको प्रतीक्षा गर्दै थिए । ठीक युद्ध शुरू हुने लागेको वेला आकाशमा एउटी अपूर्व सुन्दरी प्रवीरले देखे । उनलाई देख्दा प्रवीरका मनमा मोह

उत्पन्न भयो । उनी कामाशक्त भएर एउटा कामातुर मानिसले जस्तै देवीसँग प्रणय याचना गर्न लागे ।

परम सुन्दरीदेवीले भनिन्– "हे प्रवीर युद्ध भूमिमा आएर प्रेमालाप गर्नु नै पागलको प्रलाप जस्तै हुन जान्छ । प्रेमदान चाहनेले आफ्ना हतियार फ्याक्नु पर्दछ । माया मोहले मूढ बनेका प्रवीरले श्रीकृष्णबाट प्राप्त दुवै हतियार फ्याँकी दिए । भगवती ती दुवै हतियार लिएर अन्तर्ध्यान भइन् । अनि मायाको पर्दा हटचो । प्रवीरका आँखा पनि खुले । पश्चातापको घोर ज्वालाले पीर्न लाग्यो । प्रवीरले श्रीकृष्णतर्फ फर्केर विन्ति गरे– "हे प्रभो ! मलाई दिनु भएका दुवै आयुध मायाको रुप लिएर आफै फिर्ता लिने हो भने व्यर्थमा मलाई किन दिनु भएको ?" तर श्रीकृष्णले उक्त हतियार फर्काएको कुरा स्वीकारेनन् । त्यसैले प्रवीरले यदि यो कुरा सत्य हो भने अर्जुनलाई युद्धमा सहायता नदिइयोस् भनी विन्ति गरे ।

प्रवीरका कुरा सुन्नासाथ अर्जुनले भने – "प्रभो ! साहेता प्राप्तिका लागि हजूरलाई बोलाएको हुँ । यदि प्रवीरमा मसँग लड्ने शक्ति छैन भने घोडा छोडिदेऊ ।" तर प्रवीर घोडा त्यसै छोड्ने खालाका थिएनन् । त्यसैले दुवै थरीले घनघोर वाँण वर्षा गरे । दुवै तर्फका तीखा तीखा वाँणले आकाशै ढाकियो ।अर्जुन तोवा तोवा भए । प्रवीरको वीरता अगाडि अर्जुन टिक्न नसक्ने भएर नै श्रीकृष्णलाई गुहारेका थिए । अर्जुनले जति वाँण छोडे पनि प्रवीरले बीचमै खण्ड खण्ड गरिदिन्थे । तर श्रीकृष्णको सहायताले प्रवीर पराजित हुन लागे । त्यसैले प्रवीर रिसाउँदै कड्केर भने– "अर्जुन ! यो जीतलाई तिम्रो जीत मान्दिन, प्रभुको जीत मान्दछु । भगवानको सहायता विना मलाई जित्न सकेदेखि म तिमीलाई वीर सम्झने छु । अर्जुनले भने– "मैले नै भगवानलाई बोलाएको हुँ, मैले उहाँलाई किन छोड्ने ? तिमी लड्न सक्दैनौं भने फर्केर जाऊ ।"

अर्जुनको कुरा सुनेर प्रवीरले श्रीकृष्णसग प्रश्न गरे– हजूरता सबैका स्वामी हुनुहुन्छ । फेरि युद्धभूमिमा यस्तो पक्षपात किन ? यसैबेला वीरले कृष्णको विश्व मोहिनी मुस्कान देखे । त्यसबेला भगवान प्रशन्न

देखेर प्रवीरले श्रीकृष्णलाई अर्जुनको रथबाट तानेर आफ्नो रथमा बसाए। अनि उनले अत्यन्त गर्व गर्दै भने– "अर्जुन ! अब जिन्दगी भर युद्ध गर। कि त यहाँबाट भाग।" यसले अर्जुनको मुटुमा च्वास्स घोच्यो र भगवानलाई विन्ति गरे ।"म हजूर विना बाँच्न सक्दिन, मेरो रथमा पाल्नु होस्, मैले नै हजूरलाई बोलाएको हुँ।" फेरि भगवान अर्जुनको रथमा आएर घोडाको लगाम सह्याले। प्रवीर छक्क पर्दै भगवानसँग पुकार गरे। यो युद्धमा त मेरो सारथी बन्नु होस्" तर श्रीकृष्ण अर्जुन कै पक्षमा थिए। प्रवीरलाई किन साथ दिन्थे ?आखिर अर्जुनको दिव्यास्त्र प्रयोगले प्रवीर परास्त भए। तब प्रवीरले अर्जुनलाई झपारे "अर्काको बलको भरमा युद्ध गर्नेलाई शूरवीर भनिदैन् । तिमीमा कुनै सामर्थ्य रहेनछ ।" अनि भगवानतर्फ फर्के प्रवीरले फेरि भने "हजूर हामी दुवैका स्वामी हुनुहुन्छ । त्यसैले निश्पक्ष भएर दुवैको युद्ध कौशल हेर्नुहोस्, कुनचाहिं वीर रहेछौं, आज अर्जुनले पनि समरको स्वाद चाख्ने छन् ।" भगवान मुस्कुराए । भगवान शायद सन्तुष्ट भएछन् भन्ने ठानेर अर्जुनको रथबाट निकालेर भगवानलाई नजिकको एउटा रुखमा बाँधिदिए र अर्जुनलाई हाँक दिंदै अब आफ्नो वीरताको परिचय देखाऊ, म लड्दै छु भनी चुनौति दिए। अर्जुनले आँखाभरि आँसु गर्दै भगवानसँग विन्ति गरे– "प्रभू ! मैले ता हजूरको मद्दत मागेको हुँ। कौरवहरूको सभामा कैयौं प्रकाण्ड योद्धा वीरहरू थिए । तिनीहरूले पनि बाँच्न सकेका थिएनन् । आज कसरी बाँधिनु भयो ? तपाई चाँडै आउनु होस्, यस रथको बागडोर सह्याल्नु होस् । म पनि तपाईको परम भक्त हुँ।" यस्ता दीन वचनले भगवानको हृदय रसायो । अनि उनले डोरी चुंडालेर अर्जुनको रथमा बसेर रथ हाँक्न लागे । श्रीकृष्णले कहिले यता कहिले उता खिचातानीमा परेर आश्चर्यमय क्रिडा गरिरहेको देखेर प्रवीरलाई असह्य भयो। उनले भगवानसँग विन्ति गरे "प्रभो ! बडो आश्चर्य भयो। एक क्षण ता तटस्थ भएर दुवै भक्तको वीरत्व हेर्नु होस् । त्यसपछि अर्जुनलाई पनि अर्काको भरमा समर भूमिमा आएर पराजित गर्छु भन्ने ज्यादै अशोभा र लज्जाको कुरा हो भन्ने सम्झाए । प्रवीरका वाणले अर्जुनका

समस्त सेना क्षत विक्षत भएकाले अर्जुनलाई हाहाकार पऱ्यो । यो भगवान-कै लीलाको कार्य थियो ।

भगवान आश्चर्य हुँदै भने 'एक्लो प्रवीरसंग ता तिम्रो यो दशा भयो । भने अरू योद्धासँग कसरी लडौला ?" अर्जुनले तुरुन्तै आफ्ना भाग्न लागेका सेनाहरूलाई सम्झाएर प्रवीरका साथ लड्न प्रोत्साहित गरे । विशाल वाहिनी फेरि पूरा शक्तिका साथ प्रवीरका सेनासँग लड्न लागे । अर्जुनले पनि प्रशस्त बाँण वर्षाए । दुवैका बीच घमासान लडाई भयो । अन्त्यमा प्रवीरको हार भयो । तैपनि उनलाई रतिभर चिन्ता थिएन । त्यसैले उनले भगवान ! म पनि हजूरको भक्त हुँ, अर्जुन र ममा किन यस्तो भेदभाव भगवान ! म हजूरकै भरोसामा छु भनी विन्ति गरे । प्रवीरका कुरामा भगवान फेरि मुस्कुराए । अनि प्रवीरले सम्झे भगवान प्रवीरकै पक्षमा छन् । भगवान् श्रीकृष्णलाई तालवृक्षमा बाँधि दिएर विन्ति गरे– यो एक पटक कसैको पक्षमा लाग्ने छैन ।. भन्ने प्रतिज्ञा गर्नु होस् र निस्पक्षसँग युद्ध हेर्नुहोस् ।" भगवान मुस्कुराउदै मौन स्वीकृति दिए ।

प्रवीर खुशीले गद्गदाउदै बाण छोड्न लागेर अर्जुनलाई पनि आफ्नो प्राण बचाउनु छ भने त्यहाँबाट भाग भन्ने चुनौति दिए । भगवान प्रतिज्ञा-बद्ध भइ सकेका थिए र बाँधेको बाँध्यै हासिरहे । तर अर्जुन विवस भएर श्रीकृष्णसँग विन्ति गर्न लागे । "अब मेरो प्राण जानै लागेको छ । म अधीर छु, कौरव युद्धको वेलामा मेरै रक्षा खातिर प्रभुले शस्त्र अस्त्र ग्रहण नगर्ने प्रतिज्ञा गर्नु भएको भए पनि म माथि दया गरेर प्रतिज्ञा तोड्दिनु भएको थियो । उही हजूरको दीन अर्जुन आज मरणासन्नमा पुगेको छु । त्यसैले मप्रति दया गरेर आज पनि प्रतिज्ञा तोडी दिनु भई मेरो रक्षा गर्नु होस् ।" श्रीकृष्णको हृदय पग्ल्यो र तुरुन्त अर्जुनको रथमा मुस्कुराउँदै प्रकट भए ।

यो देखेर प्रवीर व्याकुल हुदै भने–प्रभू ! किन हजूरले आफ्नो प्रतिज्ञा उलंघन गर्नु भयो ? भगवानले आफूले प्रतिज्ञा गरेकै छैन भनी इन्कार गरे । प्रवीर अचम्भित हुंदै सम्झाए "हजूरले असत्य बोल्नु भयो भने संसार कसरी रहला ? हजूरले म चूपचापसँग युद्ध हेर्नेछु भन्नु भएको थियो । तर अहिले

अर्जुनको रथमा वस्तुभयो। भगवानले फेरि पनि ङ्कार गर्दै जसले प्रतिज्ञा गरेको छ उसैलाई भन भने। प्रवीरले तालवृक्षतिर हेर्छन् ता उहीं बाधिएर चूपचापसँग बसेको देखे। त्यसपछि प्रवीरले ताल वृक्षतिर एक पटक अनि अर्जुनको रथतिर अर्को पटक हेर्दथे। दुवैतिर भगवान श्री कृष्णलाई देखेर अर्जुनको भक्तिको पनि सराहना गरे। आखिर भगवानको मोहिनी रुपमा भुलेर उनले श्रीकृष्णलाई नै बिर्सेर भक्तिमा तल्लिन भए। त्यसबेला अर्जुनलाई तुरुन्तै प्रवीरको शिर छेदन गर भन्ने आज्ञा दिए। अर्जुनले श्रीकृष्णसँग हात जोड्दै बिन्ति गरे "प्रभू ! अहिले प्रवीर युद्ध छोडेर हजुरकै ध्यानमा मग्न छन्। यस्तो बेलामा उनलाई मार्न धर्म विरुद्ध हुन्छ।" श्रीकृष्णले उनलाई सम्झाए "मैले भनेपछि गरिहाल। प्रवीर मेरा भक्त हुन्, मेरै ध्यानमा निमग्न हुँदा मारिए भने परम धाममा पुग्ने छन्। तिमीलाई पाप लाग्ने छैन।" अर्जुनले आफ्नो चन्द्राकार दिव्य शरले प्रवीरको शिर छेदन गरे। प्रवीर भगवानमै मिले।

प्रवीरको प्राण जानासाथ उनका सबै सेना भागाभाग गरे। महिष्मतीभर शोक फैलियो। आफ्नो प्राण भन्दा प्यारो पुत्रको मृत्यु सुनेर महाराज नीलध्वज एवं महारानी जुह्लादेवी अलाप विलाप गर्दै छाती पिटी पिटी रुदै मृत्युस्थलमा आए। तर छोराको वीरगतिले गर्विता जुह्लादेवीले भनिन् "बाबु ! तिमी अर्जुनका हतियारबाट मारिए तापनि प्रभुकै धाममा पुग्यौ। वीर क्षत्रीय कुमारकी आमा भएर मेरो जन्म सफल गराएँ।" त्यही बेला मदन मञ्जरी पनि आएर पतिका साथ सती जाने निश्चय गरिन्। त्यसबेला श्रीकृण पनि त्यहाँ आएका थिए। जुह्लाले भनिन् "हामी दम्पतिलाई पनि भगवानकै धाम प्राप्ति होस्, जसरी हाम्रो छोरा प्रवीरले गति पाए।" भगवान कृष्णले तथास्तु भन्दै महाराजा नीलध्वजलाई "अब आदरका साथ अर्जुनलाई बिदा देऊ। अनि महाराज युधिष्ठिरको अश्वमेध यज्ञमा ठीक समयमा आफ्नो धन-दौलत राज्य सहित उपहार चढाउन जाऊ भनी अह्राए। यसरी सम्झाए पछि श्रीकृष्ण अन्तर्धान भए। अनि मदनमञ्जरीले चिता सजाउन लगाइन् र पतिका साथ सार्थ चितामा आरुढ भइन्।

डा. दिल्ली राम रेग्मी

सती तारा

वनराजा वालिकी पत्नी सती ताराको नाम ज्यादै आदरपूर्वक लिइन्छ। तारा पञ्चकन्या मध्ये एक मानिएकी छन्। उनी आफ्नो पातिव्रत्य धर्म एवं ज्योतिर्मय सतीत्वले गर्दा प्रातः स्मरणीया बनेकी छन्। सूक्ष्मातिसूक्ष्म विवेचना बुद्धि, प्रत्युत्पन्न मति, सर्वज्ञता, दूरदर्शिता, राजनीतिज्ञा, व्यवहार शास्त्रको ज्ञान एवं सत्यवादिताका कारणले गर्दा ताराले पञ्चकन्याहरूमा एक विशिष्ट स्थान नि प्राप्त गरेकी छन्।

तारा वालिभन्दा निकै दूरदर्शी थिइन्। उनले सुग्रीवको लागि धेरै कुरा सम्झाएकी थिइन्। तर सुग्रीवसँग वालिको रिस मर्दै मरेन। ताराले नरोकेकी भए भाइ सुग्रीवलाई मार्न तत्पर थिए। कारण एक दिन मय दानवको पुत्र मायावीले वालिलाई हाँक दिदै युद्ध गर्न आह्वान गऱ्यो। तर वालिको एकै प्रहारले ऊ भाग्यो, वालिले नि लखेट्दै गए र आखिर उ एउटा गुफामा प्रवेश गऱ्यो। वालिका साथ साथ सुग्रीव नि पछि पछि लागेका थिए। अनि वालि गुफाको द्वारमा सुग्रीवलाई राखेर "म दश पन्ध्र दिन जतिमा अवश्य फर्कने छु। तिमी यही बस" भन्ने आज्ञा दिएर आफू गुफा भित्र पसे। तर महिना दिन बितिसक्दा नि वालि फर्केनन् तर एक दिन गुफाबाट भुल भुल गरी रगत बाहिर निस्क्यो। सुग्रीवले हो न हो पक्कै वालि मरे र उक्त मायावीले आफूलाई नि मार्न आउँछ भन्ने

डरले गुफाको मुखमाठूलो ढुङ्गाले बन्दगरेर फर्के। बालि नभए पछि उनी आफैं राजा भएर अङ्गदलाई युवराज घोषणा गरे। तर एक दिन अचानक बालि आइ पुग्दा सुग्रीव खूब तर्से, बालि रिसले आगो बनेर सुग्रीको कुरै नसुनी मार्न तयार भए। तर ताराले यस कुकार्यमा निकै दूरदर्शिता देखाएर रोकिन्। आखिर बालिले तारालाई भने "म पछि अङ्गद यस राज्यको उत्तराधिकारी हुनु पर्नेमा सुग्रीव आफै भएकोले मलाई अति रिस उठेको हो। तिम्रो संमति अनुसार नै भैहाल्यो म सुग्रीवलाई मार्दिन र उ मेरो अगाडि पनि नपरोस्।" यसरी ताराको संमतिबाटै सुग्रीव पनि बचे र बालि भ्रातृ हत्याको आरोपबाट पनि बचे। तर कुनै कुनै कथित लेखकहरूले यसलाई महान् तारालाई पनि विभिन्न आरोप लगाएको पाइन्छ। उनीहरूको भनाइ अनुसार बालिको मृत्यु पश्चात उनी सुग्रीवकी पत्नी भएकी थिइन्। तर वाल्मीकि अथवा अध्यात्मरामायणमा यस्तो उल्लेख पाइएको छैन। वरु वनराज बालि मारिए पछि उनले स्वयं रामसँग निवेदन गरेको पाइन्छ।

"हे राम! जुन बाणले तपाईले बालिलाई मार्नु भयो त्यसै बाणले मलाई पनि मार्नु होस्"। उनले फेरि भन्दछिन्–" मलाई मार्नु भयो भने तपाईं पापिष्टमा गनिनु हुने छैन। म स्वर्गमा गएर आफ्नो पतिको सेवामा उपस्थित हुनेछु। म बिना मेरा पति एकक्षण पनि रहन सक्नु हुन्न।"

तारा महामना सुस्त्रेणकी छोरी थिइन्। उनी सर्वज्ञा थिइन् र उनमा अद्भूत विवेचना शक्ति थियो। उनी सदा सर्वदा आफ्नो पतिकै कल्याण कार्यमा तल्लीन हुन्थिन्। जब मर्यादा पुरुषोत्तम श्रीरामको बल पाएर सुग्रीवले बालिलाई लड्नका लागि हाँक दिए, त्यसबेला दुवैका बीचमा भयङ्कर युद्ध भयो, चाँडैनै बालिको वज्रसदृश्या मुष्ठिका प्रहारले सुग्रीव रगत छाद्दै त्यहाँबाट भागे। फेरि रामले बालिलाई हाँक देऊ भनी सुग्रीवलाई पठाए। सुग्रीव तुरुन्त बालिको किल्लाको द्वारमा गएर लड्न आऊ भन्दै सिंह गर्जे जस्तै गर्जन लागे। त्यसबेला महान् बुद्धिमति ताराले संझी हालिन्। अहिले मात्र बालिको मार खाएर रगत छाद्दै भागेको

सुग्रीव फेरि युद्धको अभिलाषा गर्दै यहाँ आएर धम्की दिंदैछन् । अवश्यै उनले कुनै ठूलो सहारा पाएको हुनु पर्दछ । त्यसकारण तारालेआपना पति वालिको हात समातेर ज्यादै विनम्रतासँग विन्ति गरिन् । "हे वानर राज ! सुग्रीव पहिले पनि तपाईद्वारा पराजित भएर भागेका थिए । उनको पुनः आगमनले मलाई ज्यादै नै शङ्का लागेको छ । पराजित शत्रु यति छिटो आएर हाँक दिनमा कुनै रहश्य छ । हे वीराग्रणी ! हे वानर राज !! मैले अङ्गदका मुखबाट केही कुरा सुनेको छु ।"

अयोध्याधिपते पुत्रौ भुरौ समर दुर्जयौ ।
इच्छा कण्यं कुलेजातो प्रथितो राम लक्ष्मणे । (वा.रा.कि.)

"सुग्रीवले अयोध्याका राजा दशरथका दुर्जय छोरा राम एवंलक्ष्मणको बल पाएरनै यसरी गर्जन गरेका छन् । त्यसैले हे वीर वानर राज ! म तपाईको भलाइ चाहन्छु, सुग्रीवलाई शिघ्रातिशिघ्र युवराज पदमा अभिशेष गरिदिनु होस्, यही गर्नाले हाम्रो कल्याण हुनेछ । आखिर उनी तपाईकै भाइ हुन्, एउटै आमाको पुत्र ।" ताराको यस कुरावाट उनी अतिनै वुद्धिमानी एवं दूरदर्शिता रहारानी थिइन् भन्ने थाहा हुन्छ । उनी राजमहलमा मात्र सीमित थिइनन् परन्तु राजनीतिज्ञा पनि थिइन् । राज्यको विषयमा उनी गुप्त सूचनाहरू समेत एकत्रित गर्दथिन्, राजनैतिक गतिविधिप्रति सदा सर्वदा जागरुक हुन्थिन् । वालि त्यस्ती वुद्धिमानी एवं पतिव्रता पत्नीका सल्लाह नमान्दा रामद्वारा मारिए । मर्ने वेलामा उनलाई ताराको सम्झना भयो र रामसँग भन्न लागे—"मेरी पत्नी तारा सत्यवक्ता एवं सर्वज्ञा छिन् । उनले मलाई सत्य र हितकारी सम्झाएकी थिइन् ।" अनि वालिको प्राण जानै लाग्दा खेरी सुग्रीवसँग ताराका विषयमा भनेका थिए ;—"हे सुग्रीव । मेरी पत्नी तारा सदा सर्वदा भविष्यको कुरा सोच्दछिन् । तिमीले उनलाई सधैं सम्मान—पूर्वक राख्नू । उनी हरविपत्तिमा तिम्रो सहायक वन्ने छन् ।"

उतातिर तारालेवालि रामद्वारा मारिएको समाचार सुन्दा उनी मणिहीन नागिनी जस्तो आकुल व्याकुल भएर रूँदै अलाप विलाप गर्दै वधस्थलमा पुगेर करुण स्वरले विलाप गर्न लागिन् ।

पादमूल गामध्यामि तस्यै वाहं महात्मन. ।
यो सौ राम प्रयुक्तेन शरेण विनिपातत. ।

(वा.रा.)

उनी भन्दछिन् म उही जान्छु जहाँ श्रीरामका वाणबाट मरेर महात्मा वालि गएकाछन् । यस्तै अलाप विलाप गर्दै उनी फेरि भन्दछिन् –"हे वानरेन्द्र म सधैं तपाईंकै हित चाहन्थे, अनि तपाईको कल्याण साधनमा निरन्तर लागि रहन्थे। हे वानर वंशीयवीर आर्यपुत्र तपाई मलाई छोडेर जानु भयो, तपाई विना म बाँच्न उचित हुन्छ त ? हे महाबाहो । मैले आफ्नो भूलले कहिल्यै नराम्रो काम गरेकी भए, अथवा कुनै अप्रिय काम गरेकी भए मलाई क्षमा दिएर पनि तपाईंकै साथ लैजानु होस्, तपाई विना म बाँच्नै सक्दिन ।"

यसरी महासती तारासे पतिविना क्षणभर पनि बाँच्नु उचित छैन भन्न सम्झेर बाँच्न चाहेकी थिइनन्। महाज्ञानी हनुमानले पनि स्वयं तारालाई सती साध्वी भनेका छन् ।" हे सती साध्वीदेवी । जे हुनु भैसक्यो शोक नगर्नुहोस्, हामी सबलाई सनाथ बनाउनू होस् ।" तर तारालाई हनुमानको कुरा पनि मन परेन । अनि तारासे हनुमानलाई भनिन् –"हे हनुमान ।मेरो हृदय कठोर फलाम जस्तो भइसक्यो, पतिको मृत्युले शयौं टुक्रा भएर फाटी सक्यो, सुन्नु होस्, पतिविहीना नारी पुत्रवती एवं धनधान्यले पूर्णभएता पनि संसारले नै उनलाई विधवा भन्दछन् । त्यसैले हे राम मलाई पनि मारिदिनु होस् ।"

तारासे यस्तै अनेक प्रकारका अलाप विलाप गरेर श्रीरामजीसग अझै भन्दछिन् "हे राम । स्त्रीका विरहले पीडित भएका सुकुमार पुरुषले दुःख पाउँछन भन्ने कुरा तपाईंले जान्नु भएकै छ । तसर्थ मेरो वियोगको दुःख वालिले धेरै समयसम्म भोग्न नपरोस् । मलाई झट्ट मारेर वालि भएको ठाउमा पुऱ्याउनु होस्। तपाई महात्मा हुनाले स्त्री वध गर्दा दोष लाग्ला भन्ने शङ्का लाग्छ भने, त्यस्तो दोष अवश्य नै लाग्दैन । मलाई वालिकै

आत्मा सम्झेर मार्नु होस् । हे रघुनन्दन ! तपाईलाई स्त्रीवधको दोष लाग्ने छैन ।

"हे राम ! म ताडका जस्ती हजार हात्ती समान बलवती नारी होइन । अनि म सातवटा साल वृक्षको पंक्ति पनि होइन । म स्वर्ग मर्त्य पाताल घुम्ने वालि पनि होइन । पत्थर जस्तै कडा कलेजा भएकी वाणले छ्वस्त गर्न नसकिने नारी होइन । त्यसैले मलाई आपनो वाणले छिन्न भिन्न गर्नु-होस्, अनि मात्र तपाई वीर कहलाउनु हुनेछ । मलाई नमारीकनै तपाई कसरी धनुर्धारी वीर कहलाउनु हुन्छ ? मलाई मारे पछि मात्र तपाई परम अजेय वीर धनुर्धारी बन्नु हुनेछ । यसरी अनेक विलाप गर्दै थिइन् तारा । अन्त्यमा राम लक्ष्मण हनुमान एवं सुग्रीवले सम्झाउनाले अङ्गदको सुरक्षाका लागि बल्ल तल्ल आफ्ना मृत पतिकासाथ सहगमन गरिनन् ।

महासती ताराको सतीत्व एवं पावन चरित्रका वारेमा अनेक कथाहरू वाल्मीकि रामायणमा अङ्कित छन् । महासती तारालेसुग्रीवलाई समेत कैयौं पटक उत्तम सल्लाह दिएर राज्य सञ्चालनमा सहायता गरेकी थिइन् । राजा भए पछि सुग्रीव विभिन्न कामकाजवाट विमुख भएर ज्यादै भोग विल्लासी बने । रामलाई सीता खोज्न सघाउने काम पनि विर्से । त्यसवेला लक्ष्मण ज्यादै क्रूद्ध भएर सुग्रीवलाई भेट्न आए । लक्ष्मणको रौद्ररूप देखेर सुग्रीव लुक्न गए । त्यसवेला उनी ठूलो सङ्कष्टमा परेका थिए । त्यतिखेर सुग्रीवले ताराकै बुद्धि र चातुर्यमा विश्वास राख्दथे । अनि सुग्रीवले हनुमानसँग भने ।– "हे हनुमान ! लक्ष्मण ज्यादै रिसाएका छन्, त्यसैले ताराद्वारा उहाँलाई सम्झाउन लगाऊ ।" तारालेपनि फेरि एकपटक आफ्नो प्रतिभाको परिचय देखाइन् । अनि मात्र लक्ष्मणको क्रोध शान्त भयो । सुग्रीवले पनि राम कार्यका लागि चारै दिशातिर सीताको खोजी गर्न वानरहरूलाई अह्राए ।

यसवाट तारालाई प्रज्ञा राजनीति कुशलता एवं अखण्ड सतीत्वकी साक्षात प्रयागराज भन्न सकिन्छन्छ । उनी युगसम्म महान् नारीहरूका वीच देदिव्यमान तारा भएर नारी जीवनलाई आलोकित गरिरहेकी छन ।

दमयन्ती

"यदि मैले आफ्नो एक मात्र आराध्यदेव पति राजा नल बाहेक अरू कुनै परपुरुषलाई स्वप्नमा मात्र पनि चिन्तन गरेकी भए यो पापात्मा व्यधा अमर बनोस् नत्र यसको तत्काल मृत्यु भैहालोस् ।"

यी वाक्य पूरा हुँदा नहुँदामै व्याधा तुरून्त भुइँमा लडेर मरिहाल्यो। यी वाक्य थिए आदर्श नारी धर्मकी सतत अनुगामिनी उनै नारी जो कैयौं भयंकर आपद विपद आए तापनि यस्ता विपत्तिबाट कहिल्यै दुःखित एवं पीडित भइनन् । ती हुन् दमयन्ती । उनलाई एउटै मात्र दुःख थियो आफ्नो प्रिय पति उपर आइलाग्ने दु.ख संकष्ट बारे। यस्ती पवित्र महासतीको परम पवित्र शरीर पापिष्ट व्याधाले छुन समेत सकेन। अनि उनको हृदयको पावन ज्वालाबाट व्याधा स्वयं खरानी भयो। उनी प्रातः स्मरणीया महारानी दमयन्ती नामले विश्व विख्यात भइन् ।

विदर्भ नरेश भीष्मकलाई महर्षि दमनबाट वरदान प्राप्त भएको थियो। त्यसै वरदानले गर्दा उनलाई तीन पुत्र एवं एक कन्या प्राप्त भए । महर्षि दमनका वरदानबाट उत्पन्न पुत्रको नाम दम, दान्त, एवं दमन राखेर छोरीको नाम दमयन्ती राखियो। त्यसै समयमा निषधराज्य पनि धनधान्य एवं शक्तिको पराकाष्टामा पुगेको थियो । वीरसेनका छोरा नल निषधका अधिपति थिए । जुन किसिमले दमयन्ती रूप, शील, गुण र

धर्ममा वरेण्य थिइन्, उस्तै तरहले राजा नल पनि परम सात्विक, विवेकी एवं सुन्दरतामा काम देव समेत लज्जित हुने थिए।

नल तथा दमयन्ती दुवैले एक अर्काको विषयमा रूपगुण आदिको चर्चा सुनेका थिए। तिनीहरू दुवै एकले अर्कोलाई नदेखीकनै कुरै कुरामा आकर्षित भएका थिए । एक दिन राजा नलले आफ्नो वगैचामा अलौकिक स्वर्ण हाँसहरू देखे । अनि नलले ती हाँसहरू मध्ये एउटा पक्रे । हाँसले मानिसको भाषामा भन्यो "यदि मलाई छोडी दिएमा नल राजाका इच्छानुकुल समाचार सुनाउने छु । अनि नलले त्यसलाई छोडी दिए र त्यस हाँसले दमयन्तीको अलौकिक गुणको वयान गऱ्यो । त्यसपछि त्यहाँका दुईटा हाँस उडेर दमयन्ती कहाँ पुगे र राजा नलको सुन्दरता एवं गुणको वयान गरे । त्यसैवेलादेखि राजकुमारी दमयन्तीले आफ्नो हृदय राजा नललाई नै सुम्पेकी थिइन् ।

दमयन्तीका साथीहरूले यो सबै रहस्य थाहा पाएर रानीलाई बताए । रानीले पनि राजा भीष्मकलाई सम्पूर्ण वृतान्त बताइन् । राजाले यो कुरा स्वीकारेर दमयन्तीको स्वयंवर राजा नलसंग गर्ने योजना बनाए । चारैतिर निमन्त्रणा पत्र पठाए तर दमयन्ती अति नै रूपवती भएकीले इन्द्रादि दिक्पाल समेत उनको सौन्दर्यमा मुग्ध थिए। त्यसैले तिनीहरू बिना निमन्त्रणा आए। उनीहरू राजा नलको अलौकिक सौन्दर्य देखेर अवाक भए। देवताहरूले छलबाट नललाई आफ्नो दूत बनाउन वाचा गराएका थिए । त्यसैले उनीहरूले नललाई राजकुमारी दमयन्ती कहाँ गएर उनीलाई अरू कुनै दिक्पाललाई वरण गर भन्न पठाए। नल पनि देवताहरूसंग अन्तरध्यान विद्या सिकेर दमयन्तीको महलमा छद्ममेषमा पुगे । तर दमयन्तीले नलको परिचय पाइन् र ज्यादै खुशी भइन्। नल ता देवताहरूका सन्देश वाहक भएका थिए । उनले देवताहरूको समाचार सुनाए, तर दमयन्तीले "सती नारी केवल एक पटक मात्र कसैलाई पति रूपमा आफ्नो हृदयमा स्थान दिन्छन्। त्यसैले तपाईलाई आफ्नो हृदयमा पति रूपमा स्थान

दिई सकेकोले तपाई वाहेक अन्य पुरुषलाई स्वीकार्ने छैन । म देवताहरूको सामुन्ने तपाईलाई वरण गर्नेछु" भनिन् ।

नलले देवताहरूलाई यो सारा स्थिति बताए । शुभ मुहुर्तमा स्वयंवर प्रारम्भ भयो । स्वयं वाग्देवी सरस्वती नै उपस्थित भएर सबैको परिचय दिइन् । दमयन्तीका आँखाले केवल राजा नललाई खोजिरहेका थिए । तर त्यहाँ पाँचजना नल बसेका थिए । एक जना स्वयं राजा नल थिए भने अरू चार दिकपाल थिए । नलप्रति दमयन्तीको विशुद्ध प्रेम भएकोले उनले राजा नललाई चिन्न सकिन् र उनको गलामा जयमाला लगाई दिइन् । देवताहरू आश्चर्य चकित भए । उनीहरूले दमयन्तीलाई आशिष दिए र नललाई पनि आठओटा विशिष्ट वरदान दिए ।

त्यसपछि राजा नल दमयन्ती साथमा लिएर आफ्नो निषधराज्यमा आए । दमयन्तीको सारा जीवन आफ्ना पतिका साथमा व्यतित हुन थियो । उनी राजा नललाई प्रशन्न राख्न सधैं तत्पर हुन्थिन् । तीं दुवैले एक अर्कोलाई सुख दिने एवं प्रशन्न राख्ने प्रयास गर्दथे । दमयन्तीमा आदर्श नारीमा हुनु पर्ने गुण प्रशस्त थिए । तर कलियुग राजा नलप्रति रुष्ट भइरहेको हुनाले एक दिन नजान्दा नजान्दै मा पनि नलवाट ठूलो भूल भयो । त्यही मौका पाएर कलियुग राजा नलमा आएर निवास गऱ्यो । उनका भाइ पुष्करले दाज्यू नललाई जुवा खेल्न आमन्त्रण गरे । दाज्यू भाइको बीचमा जुवाको खेल भयो । नलले सारा सर्वस्व हारे । राज्यको अतिरिक्त हार्दा हार्दा शरीरको वस्त्र एवं आभूषण समेत खतम पारे । उनको यस्तो विपति देखेर दमयन्तीले आफ्नो छोरा इन्द्रसेन एवं छोरी इन्द्रसेना कुण्डितपुरमा पठाइन् । अनि दमयन्ती एउटा सारी मात्र लगाएर नलका साथ घरबाट निस्किन् र राजधानी वाहिर गएपछि दुवै एक ठाउँमा रोकिए । उनीहरूसँग वाटो खर्च र खानाको लागि एक पैसा पनि थिएन । तीन दिनसम्म ती दुवैले केवल पानी मात्र पिएर बिताए । चारौं दिनमा नलले एक तलाउको किनारमा सुनका पंख भएका केही हाँसहरू देखे । नलले हाँसहरूलाई

समाउन आफूले लगाएको कपडा हाँसहरूतिर फालिदिए । तर ती हाँस-हरू कलि युगको माया मात्र थिए । त्यसैले नलको वस्त्र लिएर हाँस उडिहाले । नललाई यस्तो दुःख परिआएको हुँदा दमयन्ती ज्यादै अधीर भइन् । नलसंग लाज बचाउन एउटा धोती समेत थिएन । दमयन्तीको आधी सारी लपेटेर दुवैजना एक रूख मुनि लेटेर रात बिताए । आधारात भएपछि राजा नलले विचार गरे यी पतिव्रता नारी ममा आई परेको आपतिले ज्यादै दुःखित भएकी छन् । म यिनको दुःख हेर्न चाहन्न । त्यसैले दमयन्तीलाई छोडेर कतै एक्लै जान्छु । उनको आधी सारी बिस्तारै तरवारले काटेर दमयन्ती निदायको बेला पारेर घोर जङ्गलमा उनलाई एक्लै छोडेर भागे । बिउझदा उनले आपना पतिलाई त्यहाँ देखिनन् र ज्यादै शोकाकुल भएर ठूलो स्वरले डाँको छोडेर रुन लागिन् । त्यही बेला एउटा डरलाग्दो अजिङ्गरले उनको गोडा पक्र्यो । उनी झन् डराएर चिच्याउँदै रोइन् । नजिकै एउटा ब्याधा थियो, उसले आफ्नो तरवारले अजिङ्गरको टाउको काटेर दुई गीड पार्‍यो । दमयन्तीले ब्याधा-लाई धन्यवाद दिंदै आपनो विपत्तिको कथा सुनाइन् । एकान्त वनमा एक अलौकिक सौन्दर्यकी स्वामिनी पाउँदा ब्याधालाई काम पिपासाले उत्तेजित गरायो । यसै मनसुवाले त्यो दुरात्मा अगाडि बढेको थियो । दमयन्तीले आफ्नो सत्चरित्रको बलले त्यसलाई सराप दिइन् "यदि मैले सतीत्व धर्म पालन गरेकी छु भने यसै बेला तुरुन्तै तँ मृत्युको मुखमा परी हाल । " ब्याधा उनको सत्चरित्रको अगाडि टिक्न सकेन । सती तेजले तुरुन्तै भस्म भयो ।

अब दमयन्तीलाई पर्नु विपद पर्‍यो । उनी कहाँ जाने के खाने ? कसको सहायतामा बाँच्ने ? त्यसैले पतिको दुःखले दुःखी भएकी दमयन्ती चेदी नरेश सुबाहुका दरबारमा नोकरी खोज्दै पुगिन् । राजमाता ज्यादै कोमल स्वभावकी थिइन् । दयमन्तीको दुःख विपती सुनेर उनको रुप, शरीर, बोलीले गर्दा कुनै उच्च घरानकी छोरीबुहारी हुनु पर्दछ भन्ने सोचिन् । दमयन्तीका आँसुको व्यथा बुझिन् । त्यसैले राजमाताले आफ्नी छोरी

सुनन्दाकी साथी भएर बस । तिम्रा लागि भोजन, वस्त्र आभूषण सुनन्दाकै सरह हुनेछ" भनिन् । दमयन्ती ज्यादै प्रशन्न भइन् र आफनो सतीत्व रक्षाको वचन पाएर सुनन्दाकी साथी बन्न स्वीकारिन् । उता नल पनि तडपिरहेका थिए। वनका कन्दमूल खाएर केही दिन जीवन धाने। एक दिन अकस्मात वनमा डढेलो लाग्यो, त्यसवेला उनले त्यहाँ रहेका कर्कोटक नागको प्राण रक्षा गरे। नाग अत्यन्त खुशी भएर आफनो विषले नलको स्वरुप बदली दियो र एउटा वस्त्र दिदै भन्यो जब तिमीलाई आफनो पूर्ण स्वरुप धारण गर्न आवश्यक पर्ला त्यसवेला यो वस्त्र लगाउनू । तिम्रो सक्कल रुप प्राप्त हुनेछ । यसले उनलाई धेरै सजिलो भयो। काम काजको खोजी गर्दै जाँदा उनले अयोध्यापति ऋतुपर्णको अश्वशालाको अध्यक्ष पद पाए । अश्व विद्यामा उनी अद्वितीय छँदै थिए । यसले गर्दा उनलाई उक्त नोकरी कुनै कष्टकर भएन ।

उता विदर्भ नरेश भीष्मकले नल दमयन्तीको विपतिको समाचार सुने। अनि राजारानी ज्यादै चिन्तित भएर नल दमयन्तीको खोजीका लागि चारैतिर मानिस पठाए । पत्ता लागेपछि दमयन्ती आफना पिता गृहमा आइन् । उनले आफ्नी आमासंग नल विना म बाँच्ने छैन भनिन् । यस-कारण नलको चारैतिर खोजी भयो । कतै पनि पत्ता लागेन । आखिर पर्णादि नामक एक ब्राह्मणले राजा ऋतुपर्णका अश्वाध्यक्षगुणमा निपूण भएको नल नै हुनु पर्दछ । उनको रुप रङ्ग धेरै बदलिएको पाइन्छ तर उनले दमयन्तीका सारा रहस्यका कारणहरू थाहा पाएका छन् भनेर राजा भीष्मकलाई सुनाए । यो समाचार पाएर दमयन्तीले आफनो झूठो स्वयम्वर बहाना आफना पितासंग व्यक्त गरिन् । यो झूठो स्वयम्वरमा केवल ऋतुपर्ण आमन्त्रित थिए । नलले नै ऋतुपर्णको रथ हाँकेर आएका थिए। रथको गति देख्दा ऋतुपर्णको सवारी चलाउने मानिस नल नै हुनु पर्दछ भन्ने दमयन्तीलाई पूरै विश्वास भयो ।

राजा ऋतुपर्ण पासाको खेल र गणित विद्यामा निपूण थिए। नलसँग राजा प्रशन्न भएर उनलाई पाशाको खेल पनि सिकाई दिए ।

अनि नलले पनि राजालाई अश्वविद्या सिकाए। परीक्षा एवं प्रमाणका लागि दमयन्तीले सारथी कहाँ आफ्नी नोकर्नी पठाएकी थिइन्। नोकर्नी फर्केर आएपछि उनका दिव्य गुणहरूको चर्चा गरिन्। फेरि छोरा इन्द्रसेन तथा छोरी इन्द्रसेनालाई पनि उनकहाँ पठाइन्। छद्मवेशी नलले दुवैलाई आफ्नो हृदयमा लगाए। त्यसपछि आफ्ना पिताको आज्ञा लिएर स्वयं दमयन्ती अश्वशालामा गइन् र उनको परिचय सोधिन्। जवाफ दिनु सट्टा नल झल्झली रोए। जब नलले आफूलाई सम्हाल्न सकेनन् कर्कोटकले दिएको वस्त्र धारण गरे। अनि नल पूर्व परिचित पूर्ण स्वरुपमा आए। उनले दमयन्तीलाई स्वयम्वरको बारेमा सोधपूछ गरे। तिमी जस्ती सती नारीले पनि दुई पटक विवाह गर्ने काम ठीक छ? दमयन्तीले आँसुका अर्घ्य नलका पाउमा चढाएर भनिन्—"स्वयम्वर त केवल एक बहाना थियो। बास कुरा त तपाईलाई पाउने हो। यदि सच्चा स्वयम्वर नै गर्ने हो भने केवल ऋतुपर्णलाई मात्र बोलाईदैनथ्यो, अरू राजा महाराजा समेतलाई निता दिइन्थ्यो। ठीक त्यही बेला वायुदेवता प्रकट भएर दमयन्तीको पावन चरित्र घोषणा गरे। दमयन्ती र नल राजाको पुनर्मिलनको यो दृश्य आर्य नारीहरूको लागि अपूर्व थियो। दमयन्तीले आफ्नो सतीत्वको रक्षा गरेर नै कुनै प्रकारले आफ्ना पति प्राप्त गरिन्। यो सती दमयन्तीको गाथा परम पवित्र एवं श्रद्धा उत्पन्न गराउन अनुकरणीय छ। राजा ऋतुपर्ण द्वारा पाशाको विद्या सिकेर नलले आफ्नो भाइ पुष्करलाई फेरि जुवा खेल्न आमन्त्रित गरे। अनि आफ्नो हराएको राज्य पुनः प्राप्त गरे। कर्कोटकको विषले कलियुग पनि नलबाट हटयो।

महासती दमयन्तीका सती गुणको बयान लेखेर साध्यै छैन। उनको सत्चरित्रको उज्ज्वल ज्वाला आर्य संस्कृतिको इतिहासमा प्रज्ज्वलित भएको पाइन्छ।

कृष्णजननी देवकी

कौशल्या एवं देवकी हिन्दु संस्कृतिको इतिहासका परम सौभाग्यवती देवीहरू हुन् । उनीहरूले जगत नियन्ता सच्चिदानन्द स्वरुप परात्पर ब्रह्म श्रीहरिका आमा बन्ने सौभाग्य प्राप्तगरे । कौशल्याका गर्भबाट मर्यादा पुरुषोतम रामले अवतार लिए भने देवकीका गर्भबाट सोह्रकला अवतारी नटनागर श्यामले अवतार लिए । यी दुवै आमाहरूका सौभाग्य मात्र होइन उनीहरूले परात्पर ब्रह्मका आमाका नामले परम दिव्य विशेषण प्राप्त गरेका छन् । महान् निराकार अव्यक्त ब्रह्मको जुन विराट स्वरुपको दर्शनको लागि ठूला ठूला मुनि, योगीहरू जन्म जन्मान्तरमम्म उत्सुक रहन्छन् । त्यस्तो परात्पर स्वरुपको दर्शन उनीहरूलाई सहजै प्राप्त हुन सक्यो । श्रीराम जन्मको समयमा उनको विराट स्वरूप देखेर माता कौशल्या खुशीले अति नै विभोर भएकी थिइन् ।

त्यस्तै प्रकारले देवकी वसुदेवका साथ कंसको बन्दीखानामा बन्दी भएकी थिइन् । मध्यरात्रीमा विश्व प्रकाशक पुत्र रुपमा अवतरित हुँदा सोही विराटस्वरुप थियो । जननी देवकीले भक्तिपूर्वक विराट स्वरुपको दर्शन गरिन् ।

शिशुका रोम रोममा हजारौं लोक छन् शोभित
यस्ता पुत्र जन्मदा देवकी भइन् हर्षित विभोर ।

कुनै विराट स्वप्न देखिरहेकी छु कि भन्ने ठानिन् देवकीले । अनि माता

कौशल्याले जस्तै देवकीले पनि तत्काल प्रार्थना पूर्ण आदेश दिइन् र आमाको आदेश पाउनासाथ विश्व नियन्ता श्रीहरि फेरि नवजात शिशु बने। यस्तो ठूलो सौभाग्य कसले पाउन सक्ला ?

देवकी महाराज उग्रसेनका कान्छा भाइ देवककी कान्छी छोरी थिइन्। उनको विवाह यदुवंशीय वसुदेवका साथ सुसम्पन्न भएको थियो। कंस महाराज उग्रसेनका छोरा थिए। उनी ज्यादै क्रूर स्वभावका र साथै महत्वाकांक्षी पनि थिए। देवकी कंसको कान्छाबाबुकी छोरी भएकोले दुवैमा ज्यादै माया ममता थियो। वसुदेवको विवाह देवकीसँग हुँदा महाराज उग्रसेनले प्रशस्त धन दौलत अमूल्य रत्नादि एवं हात्ती घोडा दाइजोका रुपमा दिएका थिए। देवकीको सेवाका लागि शयौं सुसारेहरू पनि दिएर उनलाई विदा गरे। आफ्ना काकाकी छोरी बहिनी देवकीलाई आफैं नै उनको रथ पुऱ्याइ दिन्छु भनी युवराज कंस देवकी वसुदेवको रथ आफैंले हाँकेर खुशीसाथ पुऱ्याउन जाँदै थिए। ठीक त्यसै वेला आकाशवाणी भयो —"कंस ! तिमीले जसलाई स्नेह गरेर आफ्नी बहिनी सम्झेर उनको घर पुऱ्याउन जादैछौ, उनैका आठौं गर्भवाट जन्मेको बालकबाट तिम्रो मृत्यु हुनेछ।" त्यसवेला खूबसँग बाजा बजिरहेका थियो तापनि कंसले आकाशवाणी प्रस्टसँग सुने।

यस्तो हृदयविदारक आकाशवाणी सुने पछि युवराज कंस थरथर कापे। अनि तुरून्त हातमा तरवार लिएर देवकीलाई मार्ने विचार गरे। उनले सोचे "यदि रुखको जरा नै उन्मूलन गरेमा कसरी त्यसले फल देला ?" देवकी आफ्ना दाइको यस्तो कुकृत्य देख्दा अति नै आश्चर्य भइन् र कंसले आफूप्रति गरेको माया ममता सम्झाइन्। तर कंसले केही सुन्दै नसुनी तरवार लिएर देवकीलाई मार्न तयार भए। यस्तो खराव स्थिति देखेर वसुदेवले उनलाई सम्झाउनसम्म सम्झाए। "दाज्यु तपाईले देवकीलाई अत्यन्त माया गर्नुहुन्थ्यो र देवकीले पनि तपाईलाई त्यत्तिकै गर्थिन्। तपाई यस्तो पराक्रमी वीर भएर पनि एउटी नारी त्यसमा पनि आफ्नी बहिनीको किन ज्यान लिन खोज्नु हुन्छ? तपाई ता भोजवंशको यश बढाउने व्यक्ति

हुनुहुन्छ। त्यसमा पनि आफ्नै बहिनीलाई मारेर संसारमा कुयश फैलाउन् ज्यादै नीच कार्य हुनेछ। वरू उनका गर्भबाट जन्मेका बालक सबै तपाईलाई दिनेछौं। देवकीसँग तपाईको कुनै भय छैन। यदि डर भए उनका गर्भका पुत्रसँग छ। वसुदेवका कुराले कंसको चित्त बुझ्यो। अनि देवकीलाई मार्ने विचार छोडेर उनीहरू दुवैलाई जेलमा थुनिदिए। कंसको यस्तो दुर्व्यवहार देखेर महाराज उग्रसेन ज्यादै रिसाए। तर उनलाई पनि राजसिंहासनबाट निकालेर आफैं मथुराधिपति भए।

केही समय पश्चात देवकीबाट प्रथम पुत्र पैदा भयो। गहभरि आँसु गरेर वसुदेवको हातमा उक्त नवजात शिशु पठाइन्। वसुदेव त्यस शिशु लिएर कंश कहाँ गए। राजा वसुदेवको सत्यताप्रति ज्यादै प्रशन्न भए। उनलाई आदर गरेर त्यस बालकलाई फर्काउँदै भने– "यस शिशुदेखि मैले डर मान्नु पर्दैन, वरु तपाईले आफ्नो अष्टम पुत्र मलाई दिनै पर्छ। मेरो मृत्यु त्यही अष्टम पुत्रबाट हुनेछ भन्ने आकाशवाणी भएको छ।'

तर एकदिन महर्षि नारद आएर भने, "आठौं गर्भ ता केवल बहाना मात्र हो। सर्वशक्तिमान विष्णु देवकीका गर्भबाट कृष्ण नामले प्रसिद्ध भएर जन्मले छन् र किशोरावस्थामा पुगेपछि तिनैले तिमीलाई मार्ने छन्।" यसरी नारदले भडकाउँदा कंस ज्यादै उत्तेजित भएर देवकी कहाँ गए। अनि देवकीको काखबाट नवजात शिशुलाई तानेर एउटा ठूलो ढुङ्गामा जोडसंग पछारे। देवकी मूर्छित भइन्, वसुदेवको छातीमा वज्र पऱ्यो। वसुदेव एवं देवकी जेलमा कडा पहरा सहित बन्दी भए। देवकीको प्रथम शिशुको नाम कीर्तिमन्त थियो। त्यस पछि कंसले उनका पाँच छोरा सुस्वेण, भद्रसेन, ऋजु, सम्वर्दन् र भद्रलाई जन्मनासाथ मारिदिए। देवकीको मातृत्व कति विचलित भयो, उनले कसरी त्यो वेदना सहिन्, कसले आकन सक्ने ?

देवकीको सातौं गर्भमा संसारका आधार भगवान शेष आए। योगमायाले त्यस गर्भलाई भगवान श्री हरिका आज्ञाले रोहिणी (वसुदेवकी अर्की पत्नी) का गर्भमा पुऱ्याइन्। अनि सबैले देवकीको सातौं गर्भ बिर्स्यो

भन्ने ठाने। यसरी नै देवकीका सातौं गर्भसम्म कंस निडर भएर बसे। तर देवकीका आठौं गर्भबाट उत्पन्न बालकको हातबाट कंसको मृत्यु हुने थियो। त्यसकारण उनले जेलखानाका पाले पहराहरूलाई वरावर कडा आदेश दिइनै रहन्थे। देवकी अति कडावन्धनमा थिइन्। कंसका विश्वस्त गुप्तचरहरूद्वारा एक एक घण्टाको खवर उनले पाउँदथे।

कंस देवकीको आठौं गर्भदेखि अति भयभीत भएर उनलाई मार्ने विचार गर्दै थिए तापनि गर्भवती स्त्रीलाई मार्नु महापाप सम्झेर चुपचाप लागे। वरु वसुदेव र देवकीलाई हतकडी समेत लगाई जेलमा राखिदिए। तर साक्षात विष्णुको अगाडि कंसको केही लागेन। जति नै कडा गरेर जेलमा दशताला बन्द गरेर राखे तापनि कंस असफल नै भए। भाद्र कृष्ण अष्टमीको पावन तिथिको मध्यरात्रीमा भगवान श्रीकृष्णको जन्म भयो। परात्पर भगवान शान्तिदायक उज्ज्वल रुपका थिए। उनी सच्चिदानन्दमय, कल्याण-कारी, गुणमय, सर्वार्थसार, आनन्द-निकेतन, मङ्गल दायक, ज्ञानप्रद तथा अतिशय नीलवर्णका थिए। उनको रुप हेर्दा आनन्द चढाउने एवं दुःख नाश गरी मनै प्रशन्न गराउने थियो। भगवानको शरीर अमूल्य आभूषणले ढाकिएको साथै पीताम्बरले शोभामयमान थियो। बालकको यस्तो रुप देख्दा वसुदेव अति नै आनन्दित हुँदै भगवानका पाउमा परे। यस बेला ज्यादै हर्षले विभोर भएर वसुदेवले दशहजार गाईदानको सङ्कल्प गरे। प्रसुतिको एक छिन पछि आमा देवकी स्वाभाविक स्थितिमा आइन्। आफनो गर्भबाट यस्तो परम पुरुष परमात्मा आफनो पुत्रका रुपमा प्रकट भएको देख्दा आफैलाई धन्य सम्झदै हर्षले विभोर भइन्। अनि श्रद्धा पूर्वक भगवानको स्तुति गरिन्।

"प्रभो ! संसारका स्वामी भएर यस पृथिवीमा विभिन्न लीला गरेर दुष्ट एवं पापीहरूको संहार गर्नु भई भक्तहरूको उद्धार गर्नु हुन्छ। यस्ता महाप्रभू मेरा गर्भमा धारण गर्नुभएर हामीलाई उद्धार गर्नुभयो। कंसका डरले हामी त्राही त्राही भएर जेलमा वसेका छौं। कृपया त्यसको नाश गरेर पृथिवीको भार हर्नुहोस्। हजूरको स्तुति गर्न चारमुख भएका ब्रह्माले पनि

सक्नु हुन्न भने म यस्ती निमुखाले प्रभुको रुप गुणको बयान गर्न कसरी सकौंला ? हजूर अनाथका नाथ सारा प्राणीका पिता सृष्टि नियन्ता हुनु हुन्छ र थाहा नभएको कुनै कुरा छैन । त्यसैले अब हामीले कसरी हजूरको प्राण रक्षा गर्न सक्छौं त्यसको उपदेश दिनु होस् । तपाईको यस्तो सुन्दर दर्शनीय रुप हामीले प्राप्त गरेका छौं जसको दर्शन प्राप्तिका लागि देवताहरू तथा मुनिहरू पनि चिन्तित हुन्छन् । प्रभो ! व्यवहार दृष्टिले म तपाईकी आमा हूँ, अब फेरि शिशु रुपको दर्शन पाउने तीव्र इच्छा भएको हुँदा त्यही रुप धारण गर्नुहोस् ।"

देवकीका यस्ता भक्तिपूर्ण गद्‌गद् वाणी सुनेर विष्णुका हृदयमा करुणाले भरियो र ईश्वरीय रूप प्रकट गरेर भने । "सत्ययुगमा तपाईहरू मेरा आमा बुवा हुनुहुन्थ्यो । दुवैले हृदयदेखि भक्तिभावले मेरो आराधना गर्नु भयो। आमा ! तपाई पृथ्वी हुनुहुन्थ्यो र पिताजी 'सुतपा' नामले प्रसिद्ध हुनु हुन्थ्यो । तपाईहरूका आराधनाले प्रशन्न भई मैले यही रुप धारण गरेर तपाईहरूलाई वरदान माग्नु होस् भने । अनि मेरो रुपबाट विमुग्ध भएर म जस्तै छोरो पाऔं भन्नुभयो। तपाईहरूको इच्छा पूर्तिका लागि म आफैं तपाईहरूको छोरो भएर जन्मने छु भन्ने वचन दिएको थिएँ । पहिले वामन रुप लिएर जन्में र अहिले यो रुप धारण गरेर तपाईहरूको छोराको रुपमा जन्मे। यो रुप तपाई दुईजना बाहेक अरुले देख्न सक्दैन । गोकुलमा नन्दबाबाका घरमा एउटी बालिका आजै राती जन्मेकी छन् । मलाई लगेर बालिकाको स्थानमा राखी उनलाई: लिएर आउनु होस् । अब म सांसारिक साधारण बालक बन्दछु ।"

यसरी आमाको अनुरोध सुने पछि जगत् नियन्ता श्रीहरि बालकृष्ण बनिदिए । देवकीले शिशुलाई उचालेर आफ्नो छातीमा लगाइन् । एक छिन सम्म अपार करुणामा आफ्नो वात्सल्य सुधा वर्षाएर असाध्यै गाह्रो मान्दै देवकीले वसुदेवका हातमा शिशु सुम्पेर भनिन् "गोकुलमा गएर यो बालकलाई नन्दजी कहाँ छोडेर उनकी आजै जन्मेकी छोरीलाई लिएर आउनुहोस् ।"

अनि वसुदेवले आफ्ना काखमा जगत नियन्ता अधिपतिलाई लिएर गोकुल तिर लागे । कृष्णलाई गोकुलमा पुऱ्याएर यशोदाकाँ नवजात शिशु लिएर आएपछि मात्र जेलको ढोका स्वतः वन्द भयो । अनि वसुदेवका हात पनि तुरुन्त हतकडीले (फलामे साँगाले) वाँधिए । त्यसपछि जेलखानाका पाले पहराहरू विझे । देवकीले वालिका काखमा लिनासाथ वालिका ठूलो स्वरले रोइन् । यस्तो रोदन सुनेर रक्षकहरू राजा कंसलाई सूचना दिन दगुर्दै गए । कंस पनिहुर्किएर आए । उनलाई देख्दा देवकी भयभीत भएर काप्न लागिन् । अनि हात जोडेर कंससँग अनुरोध गरिन् –"दाज्यू ! यो ता वालिका तपाईकी भाञ्जी हो । जव यो ठूली होली, यसको विवाह तपाईका छोरा सँग गरिदिनेछु । यसलाई नमार्नुहोस्, मेरा वगेका आँशु पुछिदिनु होस् । हेर्नु-होस् । कस्तो प्यारो लाग्ने तपाईकी भाञ्जी । तपाईलाई नै एक टकले हेरि-रहेकी छ । तपाईले मेरा धेरै छोराहरू मार्नु भयो ।" यसरी देवकी रुँदै शिशुलाई छातीमा टास्दै कंससँग अनुरोध गर्दै थिइन् । उनको अपार वात्सल्य उलिरहेको थियो । कंसले उनको प्रार्थना सुनेन रशिशुलाई काखबाट खोसेर ढुङ्गामा पछार्न लाग्दा वालिका हातबाटखुस्केर आकाशमा पुगिन् । त्यहाँ उनको मनोहर रुप देखियो । उनका चरणमा नूपुर शोभायमान थियो र शरीर रत्नमय आभूषणले शोभनीय थियो । वक्षःस्थलमा हार जगमगाएको थियो र उनका आठै हातमा शङ्ख, चक्र, धनुष एवं वाण त्रिशूल आदि धारण गरेकी थिइन् । सम्पूर्ण देवताहरू शिर झुकाएर विभिन्न सामाग्रीद्वारा उनका रुपको उपासना गरेका थिए । भोजराज कंसको बुद्धि मोहवसमा थियो । ऊ चुपचाप आकाशमा देवीतिर हेरिरहेको थियो । यही वेला देवीले भनिन् 'ए मूर्ख कंस राजा ! तिमीले मलाई मार्न खोजेका थियौ, परन्तु यसबाट तिमीलाई के फाइदा भयो ? अफशोच ! तिमीलाई मार्ने महापुरुष व्रजमा छन् । त्यसैले अन्य दीन दुर्वल वालकहरूको नाश नगर्नू । तिम्रो जन्मजात शत्रु उनै हरिवाट तिम्रो मृत्यु हुनेछ । यदि तिमी शक्तिशाली छौ भने आफू वच्ने उपाय गरिहाल ।"

यता देवकी आफ्नो छोराका लागि प्रतिपल आकुल व्याकुल भइरहन्थिन

उता नन्दजीकहाँ हर्षोत्सव थियो, बाजा बजिरहेका थिए । वसिष्ठ फर्माइएको थियो । कैयौं गाई सुवर्ण एवं रत्नादि दानको योजना मिलाइएको थियो । जसको छोरा जन्म्यो 'त्यहाँ आकुल व्याकुल वेदना व्यथाले शिथिल पारिएको छ, जसको छोरा जन्मेकै होइन त्यहां पुत्र जन्मोत्सवमा राम रमिता बधाइ इत्यादि छ ।

आमा देवकीका कान हरहमेशा गोकुलतिर नै थिए । कंसले दिनहूं जस्तो कृष्णलाई मार्न एक एकोटा दैत्य पठाउने गर्दथे तर कृष्णले सबैलाई सखाप पार्दथे । यसैगरी केही वर्ष पछि कंसका आज्ञाले अक्रूरले बलराम एवं कृष्ण दुवैलाई मथुरामा ल्याए । यो समाचार सुनेर देवकी राजसभातिर दुगुदै गइन् । आफ्ना कलिला सुकुमार दुई छोराहरू देख्दा उनको हृदयमा वात्सल्यता उम्लिन लाग्यो । कंसले मुष्टिक एवं चाणुक नामक दुई पहलमानलाई बोलाए । त्यस्ता भयङ्कर पहलमानलाई देखेर देवकी भयले थरथर कापिन् । कहाँ सुकुमार कलिला बालक कहाँ पर्वताकार दैत्य । उनी डरले काली नीलिभएर आँखा चिम्लिरहिन् । तर एकछिन पछि कसैको कोमल स्पर्श पाएर देवकीका आँखा खुले । उनको आश्चर्यको सीमा रहेन र कंस समेत सबै पहल्मान मरिसकेछन् । अनि भगवान श्याम सुन्दर एवं बलराम सहित दुई भाइले देवकीका चरणमा शिर राखे । यो अति अपूर्व दृश्य थियो ।

देवकीले कृष्णजीका कैयौं लीलाहरू देखिन् । यसको कुनै लेखा जोखा नै छैन । एक पटक आमा देवकीका आदेशले कृष्ण एवं बलरामले आफ्ना मृतक दाज्यूहरूलाई समेत सुतल लोकबाट ल्याएर देखाए । कंसको कारागृहबाट मुक्ति भए पछि देवकीका गर्भबाट एक छोरी जन्मिन् । उनको नाम सुभद्रा थियो र धनुर्वर अर्जुनसँग उनको विवाह भयो । भगवान श्री कृष्णले सारा लौकिक लीला सकेपछि दिव्य धाम प्रस्थान गरेको समाचार दारुकका मुखबाट देवकीले सुन्दा उनी मूर्छा भइन् । अनि कृष्ण ! कृष्ण ! भन्दै आफ्नो नश्वर शरीर पनि त्यागिन् र आफ्नो नित्य निवास गोलोकतिर प्रस्थान गरिन् ।

देवकीको चारु चरित्र हामी हिन्दू नारीका लागि अति नै आदर्श मानिएको छ । उनी पातिव्रत्य धर्म, शील, धैर्य, सहिष्णुता एवं वात्सल्यकी साक्षात गङ्गानै मानिएकी छन् । उनको आदर्श आर्य नारीहरूका लागि युगौं युगौंतक नारीत्वको स्वर्ण शिखरमा चुलिइरहेको पाइनेछ ।

देवहूति

हिन्दूसंस्कृतिको लक्ष्य नैत्याग हो । जीवनको शाश्वत उज्ज्वल शिखरमा पुग्न यो सोपान हो । प्रायः जसो आर्य नारीहरूले वैराग्य त्याग र तपस्याको दीप प्रज्ज्वलित गरेको पाइन्छ । उनीहरू, आफ्ना उत्कृष्ट साधना एवं त्यागले गर्दा पुरुषभन्दा कुनै कुरामा पनि पछि परेका छैनन् । पुरुषहरूले जुन सिद्धि घोर तपस्वा गरेर प्राप्त गरेका छन्, त्यही सिद्धि नारीहरूले आफ्नो पातिव्रत्य धर्मका शक्तिवाट प्राप्त गरेका छन् । यस वारेमा शर्या उदाहरण पाइन्छन् । सतीत्व तेजका सामु ठूलठूला महर्षिहरूका तपस्या पनि फिका पर्न आउँछ । यस्तै सती रत्नहरू मध्ये महाराज मनुकी छोरी एवं महर्षि कर्दमकी पत्नी सती देवहूति पनि एक हुन् ।

मनु महाराजकी कान्छी छोरी देवहूति अति नै सुन्दरी एवं सात्विक स्वभावकी थिइन् । साँसारिक वैभवलाई तृण मात्र पनि मान्दैनथिन् । धन दौलतलाई क्षणिक स्वप्न मान्दथिन् । नर किन्नरहरू सबै उनलाई पाउन निकै लालायित हुन्थे । तर उनले भने महान् तपस्वीलाई नै पति वनाउने संकल्प गरेकी थिइन् । त्यसैले महर्षि कर्दमलाई नै आफ्नो आराध्यदेव वनाउने निश्चय गरिन् । शतरूपाकी कान्छी छोरी देवहूति हिन्दू संस्कारमा उनैकी उत्तराधिकारी वनेकी थिइन् ।

आफ्नी छोरी देवहूतिका इच्छानुसार देवर्षि नारदका साथ महाराज मनु छोरीलाई लिएर महर्षि कर्दमका आश्रममा गए । आश्रममा सात्विकताको

शोभा छाएको थियो। त्यहाँको वातावरण र महर्षि कर्दम देख्दा देवहूतिलाई आफ्नो हराएको अभीष्ट प्राप्त भयो भन्ने लाग्यो। महाराज मनुले प्रसन्नता साथ महर्षि कर्दमलाई प्रणाम गर्दै भने– "हे ब्राह्मण देवता ! तपाईकै कृपाले हामी सबै मङ्गलमयमै सुरक्षित छौं। अनि एउटा अभिलाषा लिएर तपाई कहाँ आएका छौं। मेरी छोरी देवहूतिले तपाईलाई आफ्नो हृदय समर्पित गरी सकेकी छन्। तपाईले यिनलाई स्वीकार्नु होस्।" महाराज मनुको आगमनभन्दा पहिले नै महर्षिले यस सम्बन्धमा भगवानबाट आज्ञा पाइसकेका थिए। अनि कर्दमले जवाफ दिए– "राजन ! यस्ती शीलवती एवं धर्मज्ञालाई अवश्य नै स्वीकार्दछु। तर म सन्तान उत्पत्ति नहुन्जेलसम्म मात्र गृहस्थीमा रहने छु। त्यसपछि सन्यास लिनेछु।" यो कुरा देवहूति एवं महाराज मनु दुवैले स्वीकारे। त्यसपछि विधि अनुसार देवहूतिको महर्षि कर्दमका साथ विवाह सम्पन्न भयो। मनु एवं शतरूपा दुवैको प्रसन्नताको सीमा रहेन। उनीहरूले प्रशस्त धन दौलत अनेक बहुमूल्य रत्नादि दाइजो दिएर छोरी देवहूतिलाई विदा दिए।

विवाह पश्चात देवहूतिले जीवनको यस्तो धरातलमा कदम राखिन् जसको आधार तप, त्याग एवं वैराग्य नै थियो। उनी प्रसन्न हुँदै पति सेवामा तल्लीन थिइन्। काम वासना छल कपट ईर्ष्या, द्वेष आदि मानस दोषा उनका मनमा कहिल्यै आएन। पति सेवामै लीन हुँदा हुँदा कैयौं वसन्त विते, कैयौं पटक पृथिवीले सूर्य नारायणलाई प्रदक्षिणा गरिसकिन्, यो कुरा पतिपरायण सती देवहूतिलाई विलकुल थाहा थिएन। घोर तपस्यामा लीन भएका कर्दम ऋषिलाई विवाहित देवहूतिको कुनै ख्यालै भएन। विवाह हुनु अघिदेखिको तपस्याको समापन नै भएको थिएन। विचरी देवहूतिले पनि तपस्वी कर्दमको एकोहोरो सेवा गरिनै रहेकी थिइन्।

कहाँको राजमहलमा हुर्के बढेकी राजकुमारी अनि कहाँ तपोवनको कष्टपूर्ण जीवन। तर देवहूतिमा यो भिन्नता तथा दुःखको कुनै क्लेशनै उत्पन्न

हुँदैनथ्यो । यस्तो कठोर साधना र व्रत पालन गर्नाले देवहूतिको शरीर ज्यादै कमजोर भयो । झुत्री झाझ्री कृशकायकी भए पनि प्रफुल्ल अनुहारकी थिइन् । धेरै वर्ष कठोर तपस्या गरेपछि कर्दम ऋषिले उनको यस्तो अवस्था देखे । आफ्नो तपस्यामा यसरी सेवा गरेर सहयोग गरेकी देवहूतिको यस्तो अवस्था देखेर उनलाई दया लाग्यो साथै माया पनि । माया र प्रेमले आप्लावित हुँदै उनले भने– "देवी ! तिमीले आफ्नो शरीरको रतिभर माया नराखी मेरो जुन सेवा गऱ्यौ त्यसको तुलना गर्न म केही पाउँदिन । उदाहरणको लागि आजसम्म संसारका कुनै नारी छैनन् । तिम्रो सत्चरित्रले म ज्यादै प्रशन्न छु । त्यसकारण तिमीलाई मेरो सम्पूर्ण सिद्धि प्रदान गर्दछु । पातिव्रत्य धर्मका कारणले तिमीलाई सबै प्रकारका दिव्य भोग सुलभ छन् । तिमी आफ्ना इच्छानुसार यिनीहरूलाई उपभोग गर्न सक्दछौं ।" यति भनेर उनले आफ्नो योग सिद्धिले लाखौं ऐश्वर्य र भोग विलासले भरिभराउ भएको विमान सिर्जना गरे । देवहूतिलाई पनि घर गृहस्थी चलाएर जीवन व्यतित गर्ने इच्छा थियो । त्यही कारण महर्षि कर्दमले गृहस्थाश्रममा प्रवेश गर्ने विचार गरे । तर आफू यस्ती झुत्री झाझ्री स्याउटे अनुहार भएकीले यस्तो धन धान्य भोग विलास आदिले युक्त भएको विमान–महलमा प्रवेश गर्न साहस गरिनन् र कर्दम ऋषितिर पुलुक्क हेरिन् । महर्षिले उनको हीनताबोध थाहा पाएर नजीकैको कुण्डमा स्नान गर्न संकेत गरे । कुण्डमा स्नान गरेर निस्कीसकेकी नै थिइनन् उनी सोह्र वर्षकी जस्ती रूप लावण्यले भरिपूर्ण भएकी युवती बनिन् । कैयौं दास दासी उनका वरिपरी घेरा लागेर उनलाई गहना र पोशाक आदि सोह्र सिंगारले सिंगारिदिन लागे । उनको अगाडि कर्दम ऋषि पनि झ्याउरे लुरे जस्ता देखिएकाले उनी पनि उक्त कुण्डमा स्नान गर्न गए र निस्कंदा नौजवान हट्टा कट्टा देखिए ।

महर्षिको यस्तो चमत्कार देख्दा देवहूति खुशीले गद्गद् भइन् । तर उनमा नारीको अन्तर हृदयको माग छँदै थियो । मातृत्व प्राप्तिको अन्तरतम अभिलाषाले उनलाई भित्र भित्रै ठुंगिराखेको थियो । महर्षिले आफ्नो तप साधनाको बलबाट उनको मनोभाव बुझेर त्यही सुन्दर विमानद्वारा अनेकौं

दास दासीहरूद्वारा सेवित महर्षि कर्दम एवं देवहूति विभिन्न लोक लोकान्तरको सुख शयलकोलागि भ्रमण गरे। दीर्घकालसम्म दाम्पत्य जीवन सुखका साथ व्यतित गरे। साथै देवहुतिलाई देव दुर्लभ साधनाहरू पनि प्राप्त गराएर पूर्ण सन्तोषी र सुखी गराए। उनका गर्भबाट परम सुन्दरी नौ कन्याहरू जन्मे। त्यस पश्चात् महर्षिले आफ्नो पूर्व प्रतिज्ञा दोहोऱ्याउँदै भने– "अब मलाई गृह त्याग गर्नु पऱ्यो। गृहस्थीमा धेरै भुलें, त्यसकारण भगवान प्राप्तिका लागि तपस्या गर्न जान्छु।"

महर्षिका वचन सुनेर देवहुतिले भनिन्–"म तपाईकी सदाकी अनुगामिनी हुँ, तर यी कन्याहरूलाई योग्य वरका हातमा सुम्पने काम पिताकै हुन्छ। तपाई यस्तो श्रेष्ठ ब्रह्मनिष्ठलाई पाएर पनि मैले जीवनको अविनस्वर पक्ष देख्न सकिन।" पत्नीका परम वैराग्यपूर्ण वचन सुनेर महर्षिले भने– "हे देवी! परमेश्वराधना नै जीवनको लक्ष्य बनाउनु पर्दछ। केही समय पछि स्वयं भगवान नै तिम्रो सच्चरित्रमा प्रभावित भएर तिम्रै पुत्र बनेर अवतरित हुनेछन्।" महर्षिका आज्ञानुसार देवहूति ईश्वराधनामा लीन भइन्। उनका सबै छोरीहरूको विहावारी पनि सकियो। अनि शुभ मुहुर्तमा देवहूतिका गर्भबाट भगवान कपिलदेवले अवतार लिए। भगवान कपिलदेवले आफ्ना पिता कर्दम ऋषिलाई अनेक उपदेश दिए, जीवन जगत र परमात्माको ज्ञान समेत दिए। आफ्नो छोरोले दिएको महत्वपूर्ण उपदेश सुनेर उनी अति वैरागी बनेर तुरुन्तै जङ्गलमा गई सर्वत्र सर्वरूपमय भगवानको ध्यान गरेर भगवत्स्वरुपी बने।

देवहूति पनि कर्दम महर्षिसंगको लामो सतसङ्गले यो नश्वर शरीर दुःखपूर्ण अनित्य संसार र विषय भोगबाट वाक्क भइसकेकी थिइन्। भोग विलास मृग मरिचिका मात्र रहेछ भन्ने जानी सकेकी थिइन्। झन् कर्दम ऋषिमा आएको वैराग्य देखेर उनी पनि वितरागी बनिन्। अनित्य र असत्य संसारबाट मोक्ष पाउन आफ्नै छोरा कपिलसंग यसको उपाय सोधिन्। आफ्नी आमाको चित्त शान्त गराएर मोक्ष्य दिलाउन उनले साँख्य

शास्त्रको उपदेश दिए । योग ज्ञान र भक्तिमार्गको परिचय दिलाए । उक्त उपदेश अझै पनि भागवत स्कन्धमा अध्ययन गर्न सकिन्छ । छोरा भगवान कपिलले दिएको ज्ञान र भक्तिबाट उनको हृदय प्रज्ज्वलित भएर उनी पनि तपस्या गर्न गइन् । उनी भगवानमा यति लीन भइन्, उनले चारैतिर भगवान मात्र व्याप्त देखिन । विश्वनै भगवानमय र भगवाननै विश्वमय बनेर उनको आत्मा प्रदीप्त बन्यो ।

सती देवहूति साधनाको चरम सीमामा पुगिन्, उनलाई आफ्नो शरीर, खाना पिना भोक देह वस्त्रादिको समेत ज्ञान भएन । उनी साक्षात् विदेह थिइन् र भगवान कपिलले बताएको मार्गमा हिडेकी हुँदा उनले परमानन्द स्वरूप सनातन भगवान प्राप्त गरिन् । सरस्वती गंगाका किनारमा देवी देवहूतिलाई सिद्धि प्राप्त भएको थियो, त्यो स्थान आजसम्म पनि सरस्वती नदीका पावन किनारमा सिद्धि पदका नामले विख्यात भएको छ । देवीका समस्त विमल भाव धारा सरस्वती नै बनेर प्रवाहित भई रहेकाछन् । यस प्रकार त्याग तपस्या सतीत्व तथा भगवान प्राप्ति साधनाले उनी विश्वविख्यात बनिन् र भगवानमा नै आफूलाई एकाकार गराउन सफल भइन् । यसरी नै हाम्रा प्राचीन आर्यनारीहरू दैहिक सुखभोगलाई भन्दा आध्यात्मिक प्राप्तिलाई नै बढी महत्व दिएर आफ्नो सम्पूर्ण वैभव त्यागदछन् । विलासका सम्पूर्ण वस्तुहरू उनीहरूका लागि तुच्छ हुन्थे, सधै भगवान चिन्तनमा आफूलाई समर्पण गर्नु नै जीवनको मूख्य लक्ष्य मान्दथे । त्यसैकारण कतिपय आर्य नारीहरू पुरुष सरहनै विश्व विख्यात बनेका पाइन्छन् ।

महारानी मदालसा

महारानी मदालसा श्रेष्ठ ब्रह्मवादिनीहरू मध्ये एक हुन् । नारी जगत्मा फैलाएको उनको आदर्शता विद्वता र महान्ताको ज्योतिपुञ्जले उज्यालोतर्फ उन्मुख हुन सबै नारीलाई सहयोग पुऱ्याएको छ। उनको जीवन चरित्रवाट विलक्षण नारी प्रतिभा प्रवाहित भएको पाइन्छ र त्यही प्रवाह आदर्श मानव समाजको लागि प्रेरणाको श्रोत वन्न पुगेको छ ।

महारानी मदालसा गन्धर्वराज विश्वावसुकी छोरी थिइन् । उनको विवाह काशी नरेश शत्रुजितका छोरा ऋतुध्वजसँग भएको थियो। प्रतिभाशाली ब्रह्मवादिनी मदालसा सत्यवादी थिइन् । त्यसैले उनको विवाह पनि इच्छानुसार ऋतुध्वजसँग भएको पाइन्छ ।

प्राचीन युग आध्यात्मिक युग भएकोले सम्पूर्ण ऋषिमुनिहरू तथा अन्य व्यक्तिहरू पनि आफनो आध्यात्मिक उन्नतिका लागि तपस्यादिमा लीन हुन चाहन्थे । अतः शत्रुजितको राज्यमा पनि महान् तेजस्वी गालव ऋषि तपस्या गर्दथे । तर उनको तपस्यामा पातालकेतु नामक राक्षसले रक्त विस्ठादि वर्साएर सधै विघ्न बाधा दिन्थ्यो । यसले गर्दा ऋषिमुनिहरू अति नै दुःखी थिए । कसैले पनि पातालकेतुको संहार गर्न सकेको थिएन । एक दिन अकस्मात गालव ऋषिका अगाडि एक जना महान् दैवी पुरुष आएर श्यामकर्ण घोडा दिए । उक्त घोडाको नाम कुवलयाश्व थियो र आकाश पाताल जहाँ पनि पुग्न सक्ने थियो । दैवी पुरुषले

गालव ऋषिलाई उक्त घोडा ऋतुध्वजलाई दिएर पातालकेतु तथा अन्य राक्षसलाई मार्न लगाऊ भने । ऋषि पनि हर्षले गद्‌गद् हुँदै घोडा लिएर महाराज शत्रुजित कहाँ गएर दैवी पुरुषको सम्पूर्ण कुरा सुनाए । महाराज शत्रुजित ऋषि गालवको कुरा सुनेर एक क्षणसम्म अवाक् भए । राजकुमार ऋतुध्वज वास्तवमा भरखरका कलिला सुकोमल सानै उमेरका थिए । तैपनि दैवी पुरुषको आज्ञा भन्ने सम्झेर उनले तुरुन्तै स्वीकारे । युवराज ऋतुध्वजलाई तुरुन्तै बोलाएर ऋषिको आज्ञा लिई उक्त घोडामा चढेर ऋषिसँगै आश्रममा गएर पातालकेतुको संहार गर भनी आज्ञा दिए । युवराज पनि खुशी हुँदै ऋषिका आज्ञानुसार घोडा चढेर उनको पछि लागे ।

गावल ऋषिको आश्रममा पुगेर पातालकेतु राक्षसको खोजी गर्न लागे, राक्षस त्यसबेला एक विशाल सुंगुरको रूप लिएर आश्रम वरिपरि घुमिरहेको रहेछ । यसैको पिछा गर्दै युवराजको घोडा दौड्न लाग्यो । पिछा गर्दै जाँदा उक्त राक्षस एउटा लामो सुरुङ भित्र पस्यो । अनि राजकुमारले पनि आफ्नो घोडालाई त्यहीं लगे । तर कस्तो अचम्म ! सुरुङ पार गर्दा एउटा ज्यादै सुन्दर शहर पो देखा पऱ्यो र सुंगुर पनि त्यहीं हरायो । राजकुमार अलमल्ल परे । अकस्मात त्यहाँ एउटी पोडपी बाला देखा परिन् र उनले एउटा घरतिर संकेत गरिन् । राजकुमार सांकेतिक घरभित्र प्रवेश गरे । त्यहाँ एउटी अति सुन्दरी राजकुमारी उदास उदास भएर शून्य मनस्थिति लिएर बसिरहेकी देखे । उक्त बालाले सुन्दरी राजकुमारी मदालसा हुन्, यिनलाई पातालकेतु राक्षसले विहा गर्नका लागि हरेर ल्यायो । तर राजकुमारी राक्षससंग होइन युवराज ऋतुध्वजसंग विवाह गर्न चाहन्छिन् भन्ने बताइन् । ऋतुध्वज पनि यो सुनेर निकै खुशी भए । मदालसा सौन्दर्यले युक्त थिइन् । उनको सौन्दर्यमा राजकुमार निकै मुग्ध भए । उनकै प्रेरणाले पातालकेतुको बध पनि गरे । अनि देवर्षि नारदको सहायता लिएर मदालसालाई विवाह गरी आफनो राजधानीमा आए । आफनो युवराजको सफलता र अखण्ड पराक्रम देखेर महाराज शत्रुजित अत्यत खुशी भए । मदालसा

जस्ती रुपवती र शीलवती बुहारी पाएर शत्रुजित खुशीले विभोर भए, हृदयदेखिनै भगवानप्रति कृतज्ञता ज्ञापन गरे। गुणवती एवं शीलवती नारीको गरिमामय महत्व उनलाई थाहा थियो। यसैले मदालसाको कदर गर्न र उनको पारख गर्न उनी कहिल्यै चुकेनन्। जहाँ नारीको मूल्य हुन्छ, निश्चयनै त्यहा शान्ति र समृद्धिको वास हुन्छ। शत्रुजितको राज्यमा पनि शान्ति समृद्धि एवं विकास विस्तारित भएकोले प्रजा निकै खुशी थिए।

केही वर्ष पश्चात् शत्रुजितले आफ्नो राज्यमा के कस्तो छ भन्ने थाहा पाउन राजकुमार ऋतुध्वजलाई आफ्नो कुवलयाश्व लिएर राज्यको कुना-काप्चामा घुमी राक्षसको संहार र सज्जनको संरक्षण गर्न अह्राए। आफ्ना पिताको आज्ञा पालन गर्न उनले आफ्नो यात्रा शुरु गरे। राजकुमारको यो अभियान राक्षस पातालकेतुको भाइ तालकेतुले पनि तुरुन्तै थाहा पायो। उसलाई आफ्नो दाज्यूको हत्यारासंग रिस इवि ता छदै थियो। त्यसैले यही मौका छोपेर बदला लिने निश्चय गऱ्यो। अनि उसले तुरुन्तै एक वृद्ध ब्राह्मणको भेष लिएर राजकुमारसंग भेट गरी आफ्नो दीनहीन अवस्था सुनाएर उनीसंग भएको एउटा निकै मूल्यवान् मणि माग्यो। ऋतुध्वजले पनि यस्तो षडयन्त्रको विचारै नगरी ब्राह्मण सम्झेर दान गरे। दुष्ट ताल-केतुले तुरुन्तै उही वृद्ध ब्राह्मणको भेषमा महाराज शत्रुजित कहाँ पुगेर राजकुमार ऋतुध्वज राक्षसहरूसंग लड्दा लड्दै एउटा बलवान् राक्षसबाट मारिए भनी सुनायो। प्रमाणका लागि राजकुमारले दिएको उही मणि देखायो। यस्तो हृदय विदारक समाचार सुनेर राजा प्रजा सबै अत्यन्त दुःखित भए, विचरी मदालसाले त दुःख र विरह खप्नै नसकेर उत्तीखेरै प्राण त्यागिन्।

केही समयपछि चारैतिरका राक्षसहरूको संहार गरेर राजकुमार ऋतुध्वज आफ्नो दरवारमा फर्के। उनको आगमनले सबै आश्चर्य चकित भए। महाराज शत्रुजितको खुशीको सीमा रहेन तर मदालसाको मृत्युले झन् सबैलाई विचलित तुल्यायो। ऋतुध्वज पनि मदालसा विना बाँच्न नसक्ने भएकोले जङ्गलमा गएर घोर तपस्या गर्न लागे। आखिर नागराज

अश्वतरको प्रयासले मृत्युञ्जय शिवजीलाई प्रसन्न गराएर मदालसा फेरि फर्काउन सफल भए । यसरी मदालसाको पुनर्जीवन पछि शत्रुजितको उत्तराधिकारी भएर धेरै वर्षसम्म राज्यभोग गरेर जीवन यापन गरे । यसै बीच मदालसाका विक्रान्त, सुबाहु र अरिमर्दन नाम गरेका तीन छोराहरू जन्मे । उनीहरूलाई शिशु अवस्थादेखि नै ब्रह्मज्ञानको उपदेश मदालसाले दिन्थिन्, संसार स्वप्न हो, सांसारिक माया मोहबाट टाढा रहेर अज्ञानको घोर निद्रा परित्याग गरी निरञ्जन निराकार भगवानको शरणमा पर्नु पर्दछ भन्दै लोरी गाउँदै बालकहरूलाई खेलाउने सुताउने गर्दथिन् । शिशु अवस्थादेखि नै यस्तो अमूल्य शिक्षा दीक्षा पाएपछि निश्चय नै ब्रह्मवादी बन्ने नै भए । आखिर बुझ्न सक्ने हुने वित्तिकै सबै राजकुमारहरूले गृह त्याग गरी सन्यासी बनेर परम तत्वको खोजी गर्न लागे । यसरी आफ्ना छोराहरू कोही पनि आफ्नो उत्तराधिकारी नबन्ने देखेर राजा ऋतुध्वजलाई निकै चिन्ता लाग्यो । त्यसैले रानीबाट चौथो पुत्र अलर्क जन्मेपछि राजाले उसलाई ब्रह्मज्ञानको उपदेश नदिई सुयोग्य राजा बनाउन शिक्षा दीक्षा दिन अनुरोध गरे । राजाको अनुरोधानुसार रानीले पनि उनलाई राजोचित शिक्षादीक्षा दिइन् । यसले अलर्क महान् पराक्रमी राजा बने । उनले गंगा यमुनाका संगममा आफ्नो अलर्क पुरी नामको राजधानी बनाएका थिए, जुन आजसम्म पनि अरैल नामले प्रसिद्ध छ । महारानी मदालसाले आफ्नो मृत्युको समयमा राजा अलर्कलाई एउटा जन्तर बनाएर दिइन् र भनिन् "घोर विपत्ति परे पछि मात्र यसलाई खोलेर हेर्नु ।"

मदालसाको मृत्युको केही वर्ष पछि राजा अलर्कको राज्यमा अन्य छिमेकी राजाले आक्रमण गर्न आए । अलर्कले पनि सकेसम्म युद्ध गर्दै थिए शत्रुलाई जित्न मुस्किलै पऱ्यो । यसैलाई जीवनको ठूलो विपत्ति सम्झेर कुनै उपाय पाउने आशा लिएर आमाको उपदेश अनुसार आफ्नो जन्तर खोलेर हेरे । मदालसाले लेखेकी रहिछन्:

"शुद्धोऽसि बुद्धोऽसि निरञ्जनोऽसि
संसार माया परिवर्जितोऽसि
संसार स्वप्नं त्यज मोह निद्रं ।"

अर्थात् "तिमी शुद्ध हौ, बुद्ध हौ, निरञ्जन हौ, संसारी मायावाट रहित छौ। यो संसाररुपी स्वप्न र मोहरुपी निद्रालाई छोड।" यस्तो उपदेश देख्ने वित्तिकै अलर्कले संसार के रहेछ, योगले मानिसलाई के दिने रहेछ भन्ने तथ्य बुझे। अनि तुरुन्तै आफ्नो राजपाठ शत्रु राजालाई सुम्पेर सन्यासी जीवन यापन गरी ब्रह्म तत्वको खोजी गर्न प्रस्थान गरे। यसरी महारानी मदालसाले आपना सबै छोराहरूलाई ब्रह्मज्ञानी बनाइन्, सन्तानमा मातृत्वको महान् प्रभाव पर्दछ भन्ने सत्य स्पष्ट गराइन् ।

महाश्वेता

महाश्वेताको नाम जुनसुकै धर्म ग्रन्थ पल्टाएर हेरे पनि पाना पानामा अनगिन्ति पाइन्छ । यो गाथा आर्य नारी जीवनको उत्कर्ष मनोमय रुपाङ्कन तथा तिनीहरूको हृदयका सुकुमार सङ्कल्प मानिएको छ ।

भारत वर्षको उत्तर दिशामा नगाधिराज हिमालय पर्वत युगानुयुग देखिन अचल भएर खडा भएको छ । यसलाई प्रकृतिको सर्वोच्च सुन्दर क्रिडास्थल मानिएको छ । प्राचीन कालदेखि नै यो सिद्ध तपस्वीहरू एवं ऋषिमुनिहरूको साधना केन्द्रस्थल बनेको छ । यसै हिमालयको एउटा मनोरम घाँटीमा हंस नामक एक प्रकाण्ड विद्वान महात्मा निवास गर्दथे। उनकी पत्नीको नाम गौरी थियो । उनी सौन्दर्यमा साक्षात सीता नै थिइन् र शील स्वभाव एवं गुणले भरिपूर्ण थिइन् । महात्मा हंस पनि गुण, तप, साधना एवं विचार र बुद्धिमा सर्वोच्च मानिएका थिए । त्यस्तै गौरी पनि सात्विकतामा साक्षात् पार्वती नै थिइन् भन्न सकिन्छ । तिनीहरूकी महाश्वेता नाम गरेकी एउटी छोरी थिइन् । उनी आफ्नी आमा जतिकै रुपवती थिइन् । श्वेता बाबु आमाका अगाध प्यारमा हुर्केर पढेर विदुषी पनि बनेकी थिइन् ।

यही हिमालयको अर्को स्वर्गीक घाँटीमा एक जना परम तपस्वी ब्रह्मर्षि थिए । उनको नाम श्वेतकेतु थियो र उनी त्यस युगका प्रकाण्ड

विद्वान परम सिद्ध महामानव मानिन्थे । उनको अद्वितीय गुण र सौन्दर्यको वर्णन संसारको चारैतर्फ फैलिएको थियो । धर्मग्रन्थानुसार एकपटक परम रुपवान महर्षि उषाकालमै भगवानको पूजाकालागि शतदल (कमलको फूल) लिन मान सरोवरमा गएका थिए । उदयाचलको स्वर्ण शिखरबाट ओलिरहेको उषाको अरुणिम प्रवाहले श्वेतकेतुको सौन्दर्य अझ बढी दिप्तमान बनेको थियो । प्रज्ज्वलित दीप शिखा जस्तै कमल पनि हल्लिरहेको थियो । त्यसैबेला प्राकृतिक सौन्दर्य निहार्न स्वर्गबाट लक्ष्मी आएकी थिइन्, तर लक्ष्मीका नजर प्राकृतिक सुषमाले भन्दा श्वेतकेतुको शारीरिक सौन्दर्यले अचल गरायो । उनी आश्चर्यचकित भइन् । लक्ष्मीका मनमा यस भू-मण्डलमा पनि स्वर्ग विनिन्दित सौन्दर्यशाली व्यक्ति हुँदा रहेछन् भन्ने लाग्यो । उनी महर्षि श्वेतकेतुको सौन्दर्यमा अति नै मुग्ध भइन् । लक्ष्मी स्वयंले त्यस्तै रुपवान छोराको कामना गरिन् । जगत-माताको कल्पना मात्रले पनि तत्काल एक दिव्य पुत्रको सृष्टि भयो । माता लक्ष्मीले त्यस नवजात शिशुलाई एउटा कोमल कमलको पातमा विस्तारै राखिन् । श्वेतकेतुको सौन्दर्य पान गरिसकेपछि त्यस नवजात शिशु लिएर महर्षि सामु आइन् । लक्ष्मीले विनम्रतासाथ महर्षिसँग यो बालक तपाईकै हो स्वीकार्नु होस् भनी अनुरोध गरिन् । अकस्मात लक्ष्मीका यस्ता वचन सुन्दा श्वेतकेतु छक्क परे । उनले यस्तो अघटित घटना कसरी घट्न गएछ भन्ने विचार गरे । यसरी ऋषि अवाक् भएको देखेर लक्ष्मीले विनम्र भएर भनिन्– "यो बालक तपाईकै छोरा हो । कारण तपाईको अपार सौन्दर्य देखेर तपाई जस्तै रुपवान पुत्रको कामना गरेकी थिएँ । मेरो पवित्र इच्छा-नुसार यस बालकको सिर्जना भएको हो ।' अनि करुणासागर ऋषिले त्यस नवजात शिशुलाई पुत्रको रुपमा स्वीकारे । लक्ष्मी पनि स्वर्गितर लागिन् । कमलबाट सृजना भएकोले त्यस बालकको नाम पुण्डरिक राखियो ।

पुण्डरिक त्यहाँको रमणीय प्राकृतिक सुन्दर स्थलमा खेल्दै हुर्के । त्यस स्थलमा राजहाँस जल क्रिडा गरिरहन्थे । त्यस स्थललाई आजकाल मान-सरोवर भनिन्छ । त्यहाँको पानी दूध जस्तै सेतो भएर स्फटिक मणिलाई

चुनौति दिने खालको थियो । त्यस सरोवरमा विभिन्न जातका कमल, एवं पङ्कज फुलिरहन्थे । त्यहाँका जलवासीले मानसरोवरका विभिन्न पुष्पलाई अपार आनन्दले निहारेका हुन्थे । राजहाँस आफ्नो सेतो तर केही बाँगिएको घाँटीद्वारा आपसमा प्रेमालाप गरेका हुन्थे र आफ्ना सुनौला चुच्चाले शतदल टिपेर परस्पर अर्पित गर्दथे ।

एक दिन यस्तो परम शोभायमान तलाउमा स्नान गर्न एक हूल युवती-हरू आएका थिए । गौरी तिनीहरू सबैकी प्रमुख थिइन् । उनका साथमा महाश्वेता र उनका साथीहरू आएका थिए । उनीहरूलाई पखेटा फट-फटाउँदै राजहाँसहरूले स्वागत गर्दथे । यसै गरी तलाउको वल्लो छेउबाट पल्लो छेउ गर्दथे राज-मराल । गौरी एवं महाश्वेता साथीहरू सहित त्यस मानसरोवरमा प्रशन्नतासाथ वरिपरिका दृश्य हेर्दै स्नान गरिरहेका थिए। तर प्राकृतिक सौन्दर्य दृश्यावलोकन गर्ने इच्छाले अलि अगाडि स्नान सकेर महाश्वेता बाहिर निस्किन् । किनारावाट चौतर्फ प्रकृतिको उज्ज्वल छवि आँखा नझिंकाई निहार्दथिन् । अलि पर गएर सघन निकुञ्जको छायामा आफूलाई एकछिन हराइन् पनि ।

जब आत्मा कुनै अभिराम रमणीयतामा मिल्दछ, त्यसबेला बाह्य ज्ञान बिलकुल शून्य हुन्छ । जहाँ अभिराम हुन्छ, त्यहाँ नै आत्माराम हुन्छ। अनि जहाँ आत्माराम हुन्छ, त्यहाँ नै आत्मविश्राम हुन्छ भन्ने सत्यबोध हुन्छ । महाश्वेता पनि त्यही हालतमा थिइन् । दिन बितिसकेको उनलाई पत्तै भएन । उतातिर महाश्वेताकी आमा गौरी एवं उनका अन्य साथीहरू स्नान सकेर बाहिर आउँदा महाश्वेतालाई देखेनन् र खोजी गर्न लागे । केहीबेरसम्म श्वेताको खोजी र प्रतीक्षा गर्दा पनि पत्ता लागेन र शायद घर फर्की होलिन् भन्ने ठानेर सबै घरतिर लागे ।

केही घण्टा बितेपछि महाश्वेतालाई समयको याद भयो । आमा र अन्य साथीहरू कता होलान् भन्ने खुल्दुली चल्यो । जब उनी घर फर्किन लागेकी थिइन्, कता कतावाट शीतल हावाका साथै अलौकिक वास्ना आएको चाल पाएर उनी वास्नाको खोजी गर्न लागिन् । जतातिरबाट सुगन्धित

हावा आएको थियो त्यसैको खोजीमा लागिन् । अलि पर पुगेकी मात्र के थिइन् दुईजना अति सुन्दर ऋषिकुमार आइरहेका उनले देखिन् । दुवै ऋषिकुमारका गलामा रुद्राक्षका माला थिए । तिनीहरूमा एक जना अलौकिक रुपवान थिए र उनले आफ्नो कानमा एक सुन्दर फूल सिउरेका थिए । त्यही फूलबाट अपूर्व मीठो वास्ना आइरहेको थियो । ती युवकलाई प्रथम पटक देख्ने बितिकै उनैमा आफ्नो आत्मा समर्पण गरिन् । श्वेताले आफ्नो आजीवन त्यस्तो सुन्दर युवक देखेकै थिइनन् । उनले तिनै युवक-सँग आफ्नो विवाह गर्ने निश्चय गरिन् । उता युवक पनि त्यही स्थितिमा थिए । युवकले पनि आफ्नो जीवनको प्रथम पटक एक विशेष हलचल अनुभव गरे । रोमाञ्च एवं मुटुको कम्पन दुवै थरीमा भैरहेको थियो । दुवै जनाका आँखा एक अर्कोसँग जुधेका थिए र ओंठमा खुशीको मुस्कान थियो तर दुवै बोल्न सकेनन्, केवल लज्जा आँखाकै भाषाबाट आदान प्रदान भएको थियो । केही क्षणसम्म दुवैमा यही स्थिति थियो । त्यसपछि आपसमा परिचय एवं अभिवादनको आदान प्रदान शुरू भयो ।

श्रीराम जस्तै ऋषिकुमार पुण्डरीक थिए र उनका साथमा कपींजल थिए । फूलको अलौकिक वास्नाले गर्दा श्वेताको आत्मविभोर भएको थियो । उनले बोल्ने वहाना गरेर त्यस वास्नादार फूलका बारेमा सोधपुछ गरिन् । पुण्डरीकले यो पारीजात नामक फूल भन्दै श्वेतालाई दिए । त्यसै बेला फूलको आदान प्रदानमा दुवैजना झुक्दा दुवैको गलाको माला भूइँमा खसे । तुरुन्तै पुण्डरीकले दुवै माला उठाएर महाश्वेतालाई झुक्किएर आफ्नो माला उनलाई दिए र उनको माला आफूले लगाए । तर तुरुन्त एकले अर्कोसंग साटिएको माला भन्ने थाहा पाए । प्रेमले दुवैको मुटु भरिएको थियो र एकले अर्कोलाई आफ्नो मनमन्दिरमा स्थान दिइसकेका थिए ।

उनीहरू दुवैका मुखबाट विदाको लागि वाक्य फुटेन । कण्ठ रुद्ध भयो र अश्रुपूर्ण आँखाबाटै विदाई लिए । मनमनले एकै प्रतिज्ञा गरेर पुण्डरीक आफ्ना आश्रमतिर गए तथा श्वेता हेमकुट पर्वततिर फर्किन् । दुवैमा प्रेमको प्रकोप भइ नै रह्यो । विरह व्यथा र आकुल व्याकुलताले दुवै घायल भएका

थिए। आपनो कुटीमा पुगेपछि महाश्वेताले आपनो मनोभाव मनमा लुकाउन सकिन् र आफ्नी एक अभिन्न साथीसंग अभिव्यक्त गरिन् । उता युवक पुण्डरीकका हृदयमा उम्लिरहेको व्याकुलता प्रत्येक क्षण बढिरहेको थियो, हृदयमा चिन्ताग्निको ज्वाला दन्किरहेको थियो । यसरी दिन प्रतिदिन पुण्डरीकको दशा शोचनीय देखेर उनका साथी कपिन्जल अपशोचमा परे। यो रहस्य कपिन्जलमा लुके छिपेको थिएन । उनी तुरुन्तै महाश्वेताको आश्रममा गएर पुण्डरीकको सम्पूर्ण हालत बताए । "हे श्वेता ! पुण्डरीकको स्थिति ज्यादै चिन्ताजनक छ । हिड्नुहोस्, अन्तिम समयमा उसलाई मुख देखाउनु होसर तपाईले पनि उसको मुख हेर्नुहोस् ।" यस्तो हृदय विदारक समाचार सुन्दा महाश्वेता चिन्तामे व्याकुल भइन् । उनको होस् हवास उड्यो । अनि तुरुन्तै आपनी अभिन्न साथी त्रिलोकीलाई लिएर पुण्डरीकलाई हेर्न गइन् ।

महाश्वेता पुण्डरीक कहाँ पुग्नुभन्दा केही क्षण अगावै पुण्डरीकको मृत्यु भइसकेको रहेछ । यसले उनलाई शोकाग्निले मरणान्त पार्‍यो । उनको लागि संसारै शून्य र अन्धकार भयो । उनको अविरल अश्रुधाराले प्रियतमालाई श्रद्धान्जली दिएको देखिन्थ्यो । पुण्डरीकको अनुहार हेर्दै डाँको छोडेर रुनसम्म रोइन् । उनको रुद्ध कण्ठले त्रिलोकीसंग आपनो व्यथा सुनाइन्। अब त बाँच्ननै व्यर्थ छ, मेरा आराध्यदेवले मलाई एक्लै छाडेर नर्फकिने गरी जानु भयो । त्यसैले मेरो हार्दिक अनुरोध छ, वरू एउटा चिता तयार गराई देऊ । म आफ्नो पतिका साथ स्वर्गमा जान्छु ।" उनको कुरा पूरा हुन नपाउँदै आकाशवाणी भयो– "हे महाश्वेता ! तिमीले सती जाने जिद्धि छाडिदेऊ। तिम्रो विवाह पुण्डरीकका साथ हुनेछ ।" यस्तो आकाशवाणी सुन्दा उनी आश्चर्य भइन्, यो जरूर भगवान बोलेको हुनु पर्दछ भन्ने सम्झेर खुशी हुँदै पुण्डरीकको लाश नजिकै गइन् । कपिजलले पुण्डरीकको लाश उठाई, सकेका थिए तापनि आकाशवाणी सुनेकाले लाश सुरक्षाका साथ त्यहीं राखिदिए । महाश्वेताले पनि विलाप गर्नसम्म गरिन् र त्यहीं नजिकको सरोवरमा गएर स्नान गरी लगाएका वस्त्र फ्यांकेर विधवाको

पहिरन गरिन्। श्वेता ज्यादै वैरागी भएर एउटा गुफामा अखण्ड समाधी कसी जड भएर बसिन्। यो कुरा त्रिलोकीलाई थाहा थियो र उनी र कादम्बरी गएर महाश्वेताका आमा बाबुलाई यो घटना सुनाए। महात्मा हंस र गौरी छोरी भएको ठाउँमा गएर उनलाई धेरै सम्झाए। तर उनले आफ्नो जिद्धि छोडिनन्। छोरीको यस्तो हठ देखेर उनीहरू घर फर्के।

यस प्रकारले केही समय बित्यो। एक दिन महाश्वेता सरोवरको किनारामा अर्ध निद्रामा थिइन्। त्यही बेला महाराज तारापीडका छोरा युवराज चन्द्रपीड विश्व दिग्विजएका लागि निस्केका थिए साथमा मन्त्री शुकनासका छोरा वैशम्पायन पनि थिए र घुम्दै घुम्दै सरोवरका किनारामा पुगे जहा महाश्वेता अर्ध निन्द्रावस्थामा पल्टेकी थिइन्। उनी त्यस अवस्थामा पनि अति नै रुपवती थिइन्। वैशम्पायनले त्यस्ती दिव्य सौन्दर्य शशि देख्दा आफ्नो इन्द्रियलाई वसमा राख्न सकेनन्। आशक्तिले श्वेताको लेटेको शरीरमा हात राखी हाले। त्यस्ता पुरुषले महाश्वेतालाई कसरी छुन्? महाश्वेताले भने उसलाई जड भइहालेस् भन्ने सराप दिइन्। वैशम्पायन तत्कालै पाषाण भइहाले।

महाश्वेताको कठोर साधनामय जीवन यसै गरी निरन्तर चलि-रहेको थियो। उनले प्रत्येक श्वास प्रश्वासमा पुण्डरीकको स्मरण गर्दथिन्। उनको प्रेमले गर्दा न मर्न सकिन् न बाँच्न नै। आफ्नो हृदय सिंहासनमा आराध्यदेवको समाधि लगाउँथिन्। उनलाई खान पिनको वास्तै थिएन। त्यसैबेला एक परिचित प्रिय आवाज उनका कानमा आयो– "महाश्वेता! आँखा खोल त, खोलन खोल! हेर! तिम्रो सामुमा को छ?" यो आवाजले उनको एकाग्रता भङ्ग भयो। उनले यताउता हेरिन्। त्यसबेला महाश्वेताको हर्षको सीमा रहेन, आफ्ना अगाडि पुण्डरीक उभिएका थिए। उनको मुस्कानले त्यहाँको वातावरण नै उज्यालो थियो। महाश्वेता प्रशन्न हुँदै उठिन्। दुवैले आ-आफ्ना प्रेमाकुल संकेत गरे। दुवैका आँखाबाट हर्षाश्रु बगे। केही क्षण पछि महाश्वेताले पुण्डरीकमा घटेका घटनाहरू बारे सोधपूछ गर्दा उनले यथार्थ कुरा बताए। वास्तवमा उनको मृत्यु भएको होइन प्रेमाधिक्यताको कारणले गर्दा मूर्छा भएका रहेछन्।

यो समाचार एक्कासी महात्मा हंस, गौरी एवं महर्षि श्वेतकेतु आदिका कानमा पुग्यो। तिनीहरू सबै त्यहाँ आएर शास्त्रका विधि विधानले दुवैको विवाह सम्पन्न गराई दिए। अनि दुवै वर वधूको मनोकांक्षा पूर्ण भएकोमा दुवै पट्टिका कुटुम्ब ज्यादै प्रशन्न भए। महाश्वेताले पुण्डरीक जस्ता सुन्दर विद्वान पति पाउँदा आफूलाई भाग्यमानी सम्झिन्। आपसमा मेल मिलापका साथै सेवा करुणा, स्नेह, माया ममता एवं प्रगाढ प्रेमको सुरभितले दुवै सुखी थिए। तिनीहरूले धेरै वर्षसम्म आदर्श पति पत्नीको जीवन आनन्दपूर्वक व्यतित गरे। यो थियो एक हिन्दू दाम्पत्य जीवनको पवित्र गाथा जसको जीवन अध्ययनले हिन्दू दाम्पत्य जीवनलाई सधै सुमार्ग देखाउँछ।

महारानी मन्दोदरी

रामायण कालीन श्रेष्ठ नारीहरू मध्ये महारानी मन्दोदरीलाई कहिल्यै बिर्सन सकिन्न । पञ्चकन्या मध्ये एक मानिएकी मन्दोदरी विश्वश्रेष्ठ कलाकार मय दानवकी छोरी थिइन् र उनकी आमा हेमा पनि अति सुन्दरी अप्सरा थिइन् । त्यसैले मन्दोदरी पनि अपसरा जस्तै सुन्दरी र कुशल शिल्पी मय जस्तै अति नै ज्ञानी बुद्धिमती र कुशल थिइन् । त्यसैले उनलाई त्यस युगकी सर्वश्रेष्ठ सुन्दरी मान्दथे । उनको अप्रतिम सौन्दर्य र झिनु वाङ्ले कन्मर हेरीकन नै मन्दोदरी नामाकरण गरिएको थियो ।

शक्तिशाली त्रिभुवन विजयी रावणका अनेक पटरानीहरू थिए । तर ती सबैमा महारानी मन्दोदरी श्रेष्ठ थिइन् । उनको कुशाग्र बुद्धि, विवेक, प्रतिभा र चातुर्यमा स्वयं रावण पनि नतमस्तक थिए । उनी सधै लङ्का र लङ्केशको कल्याण चाहन्थिन् । त्यसैले लङ्केश पनि उनको विरोधमा जान सक्दैनथे । सत्य, धर्म र नीतिमा महारानी मन्दोदरी सधै अडिग थिइन्, सत्यगामी थिइन्, त्यसकारण सीता महादेवी हुन्, उनलाई हरण गरेर लङ्कामा ल्याउनु नै दानव कुलको नाश गर्नु हो भन्ने उनले जानेकी थिइन् । अनि रावणलाई पनि सधै यही सम्झाउथिन् ।

मन्दोदरी नारी थिइन्, तर नारी हृदयमा सौताको राप, जलन थिएन परन्तु राष्ट्रियता, मानवता र बलवन्ती सम्राट रावणकै हित र कल्याणका

लागि सदैव चिन्तित थिइन् । सीता हरणले राष्ट्र र स्वयं रावणको विनाश हुने देखेर सधैं रावणलाई सम्झाउँथिन् । रावणका मन्त्रीगण चाप्लुसे थिए, दूरदर्शी थिएनन्, रावणलाई एकक्षण खुशी गराएरै आफ्नो स्वार्थ सिद्ध गर्नतिर उन्मुख थिए तर मन्दोदरी यिनीहरूले दर्शाएको कुमार्गबाट रावणलाई हिड्न रोक्ने प्रयास गर्दथिन् । कुशल राजनीतिज्ञा हुनाले उनी रावणलाई निकै ओजपूर्ण सल्लाह दिन्थिन्, सीता फर्काउन अनेक उदाहरण सहित उपदेश दिन्थिन् । उनको उपदेश वास्तवमा कान्ता–सम्मित नै थियो । उनी रावणलाई रामको बल बुद्धि र क्षमताको परिचय पलपलमा दिइ रहन्थिन् । उनको भनाइ थियो मित्रता सबैसँग राख्नु पर्दछ, शत्रुता कोहीसँग गर्नु हुँदैन । तर कोहीसँग शत्रुता गर्न पनि आफ्नो बल बुद्धिले जिल सकिनेसँग मात्र गर्नु पर्दछ, पराजय अथवा हारले जीवन निरर्थक र निन्दनीय बन्दछ ।

रामायणको अनुशीलन गर्दा महारानी मन्दोदरी परम विदुषी, वेदज्ञाता र तत्ववेत्ता भएको थाहा पाइन्छ । अपार वेदज्ञाता भएकोले नै राम परात्पर भगवान हुन्, उनसँग शत्रुता गर्नु नै कुलको नाश गर्नु हो भन्ने थाहा पाइन् । त्यसैले रावणलाई आफूभन्दा ठूलोसँग वैर भाव राख्नु हुन्न । रामको बल बुद्धि लङ्काधिपति रावणको भन्दा धेरै धेरै उच्च छ, अनुपम छ भनी सम्झाउँथिन् । वेदका कतिपय हरफ सुनाएर राम साक्षात् विष्णु भगवान हुन्, त्यसैले परात्पर भगवानसँग कहिल्यै जित्न सकिदैन । राम वास्तवमा मधुकैटभलाई मार्ने दिति पुत्र हिरण्याक्ष हिरण्यकशिपुरको बध गर्ने साक्षात विष्णुका अवतार हुन्, त्यसैले महालक्ष्मी सीतालाई हरेर ठूलो भूल गरे भनी बारंबार सम्झाउथिन् । रामको अपरिमेय शक्तिको परिचय सम्झाउन उनी विष्णुका विभिन्न रुपको स्मरण गराउँथिन् । वलिराजालाई बाँधेको तथा तत्काले पनि खर दूषण, मारिच र वाली आदि मारेको उदाहरण दिन्थिन् । तर रावणमा भने केही प्रभाव पर्न सकेन । उनी गहभरी आँसु लिएर वास्तवमा राम साधारण मानिस होइनन् ।, उनको अघिनमा कालकर्म तथा जोव सबै छन् । यसकारण त्रिकाल विजयी विश्व नियन्ता भगवानसँग

होड गर्न रावण योग्य छैनन् भनी बारंबार सम्झाउँथिन् । यसैबाट उनको प्रतिभा, विद्वता र कुशाग्रता आँक्न सकिन्छ । त्यति मात्र पनि होइन, दानव कुलकी छोरी बुहारी भएर पनि वर्णाश्रम धर्मको महत्ता उनले बुझेको पाइन्छ । रावणले जनकनन्दिनी सीता हरेर ल्याए पछि रामको विराट स्वरुपको परिचय दिदै उनी भन्दछिन्–वास्तवमा रामकोचरण पाताल हो, शिर ब्रह्मलोक हो, नेत्र सूर्य हुन् , र केश मेघ मण्डल हो । समस्त बिश्व उनकै मुट्ठीमा छ, वेद उनकै वाणी हो, बाहु दिकपाल हुन्, मुख अग्नि हो, जिह्वा वरूण हुन् र चेष्टा सृष्टि स्थिति प्रलय हो । त्यसकारण रघुपति रामकी सीता तुरुन्तै फर्काउनु पर्दछ भन्ने उनको सधैंको आग्रह हुन्थ्यो । अनि जानकीलाई सुम्पेर आफ्नो राजपाठ पराक्रमी छोरा इन्द्रजीतलाई सुम्पेर वानप्रस्थान गर्नु पर्दछ र जीवनको शेष समय रघुपतिको भजनमा बिताउनु पर्दछ भन्ने सल्लाह थियो महारानी मन्दोदरीको ।

महियषी मन्दोदरीले महान् चरित्र र व्यक्तित्वको परिचय राम्ररी नै पाउँदथिन् । त्यसकारण रावणबाट जानकी हरेर ल्याउनु एकचोटि भूल भए पनि आफ्नो भूल स्वीकारेर जानकीलाई फर्काई श्रीरामको शरणमा पर्न जाने सल्लाह उनी बारम्बार दिन्थिन् । उनको भनाइ नै थियो, शरण पर्न जाँदा बाघले त खाँदैन भने श्रीराम त झन् दीन दयालु छन्, शरणको मरण अवश्य पनि गर्दैनन् ।

यति सम्झाउँदा पनि नमाने पछि महारानी मन्दोदरी रावणका कमजोरी पक्षलाई औंल्याउँछिन् । एकोहोरो मदमत्त रावण आफूलाई त्रिकाल विजयी सम्झन्थे र मन्दोदरीलाई पनि मेघनादकी आमा, रावणीकी साआजी भएर यस्ता कायर वचन बोल्नु हुन्न भन्ने सम्झाइ रहन्थे । त्यसैले उनले रावणका कमजोर पक्षलाई एक एक गरेर उनको अगाडि प्रस्तुत गर्दथिन् । शिवधनु उचाल्न वीरहरूलाई जनकराजाले आमन्त्रण गर्दा रावण पनि पुगेका थिए । धनुष उचाल्न त परै जाओस्, अलिकति यता उता समेत सार्न सकेनन् । जब कि रामले छुनासाथै दुई टुक्रा भएर भाँचियो । धनु उचाल्न नसके पनि रावणले रामसँग खुलेयाम युद्ध गरेर सीता ल्याउन

सक्दथे तर त्यसवेला त्यसो गर्ने हिम्मत पनि नभएको कुरा रावणलाई सम्झाइन् । त्यतिमात्र होइन लक्ष्मण–रेखा समेत नाघ्न नसकी छली कपटी भएर योगीको भेष बदलेर भीक्षा नदिएमा श्राप दिने आतङ्क फैलाएर अबला सीतालाई हरण गर्नु बलवन्ती दानवराज रावणको कायरताको स्पष्ट उदाहरण दिइन् । तर रावण यस्तो स्मरण र उदाहरणले अलिकति पनि प्रभावित भएनन् । मन्दोदरी प्रति नै दूरदर्शी भएकोले हनुमान जस्ता रामका सेवकले क्षार समुद्र सहजै तर्न सक्नुर लङ्कालाई समेत भस्म गराउन् सानोतिनो कुरो मान्दैनथिन् । बेलाबखतमा रावणलाई यस्तै तथ्य कुराहरू सम्झाइरहन्थिन् । एउटा क्षुद्र बाँदरले त्यस्तो महान् दानव सम्राटको स्वर्णपुरी खरानी गराउनु मात्र होइन, अङ्गद जस्तो अर्को बाँदर रामको दूत बनी सभाकक्षमा रावणलाई चुनौति दिएको र अन्य दानव वीरलाई कायर बनाएको घटनाले पनि उनलाई निकै दुःखित बनाएको पाइन्छ । तर रावणको बाह्य दम्भ जति सम्झाए बुझाए पनि गल्दैन । "म रावण हुँ, त्रिलोक विजयी हुँ, "भन्ने अभिमानले अन्धो बनेको थियो ।आखिर केही सीपनै नलागी अङ्गदले जस्तै उनले पनि मै हूँ भन्ने रावणले तीन तीन चोटि पराजित भएर लाचार भएको रावणसँग प्रश्न गर्दछिन् ।

मन्दोदरी सुभाषिनी थिइन्, वीर माता थिइन्, कुशल पत्नी थिइन् । त्यसकारण रावणलाई व्यंग्यको झटारो पनि निकै कुशलतापूर्वक हान्दछिन् । रावण वास्तवमा तीनचोटि निकै नराम्रोसंग पराजित भएको पाइन्छ । सर्वप्रथम अभिमानी रावण बलिराजालाई आक्रमण गर्न पाताल गएका थिए, तर अचम्म ! बलिराजासंग लड्न पाउनु त परै जाओस्, त्यहाँका बालकहरूले नै घिसारेर लगी तबेलामा बाँधेछन् र खेल्दै जाँदै पिट्ने गर्दा रहेछन् । यसरी ज्यादै सताएको देखेर बलिराजालाई दया लागेर नत-मस्तक रावणलाई छोडिदिए । त्यस्तै अर्को पटक सहस्र बाहुले दश टाउके बीस हाते रावणलाई देखेर यस्तो विचित्र जन्तु घरमा लगेर सबैलाई देखाउनु पर्छ भन्ने ठानी घरमा लगेका थिए । पछि बिचरा पुलस्त्य ऋषिलाई नातिको माया लागेर छुटाए । तेश्रो पटक बलवान बालीसंग

उनको हार भएको थियो । वालीको वीरता सुनेर वीरको परीक्षा गर्न गएका रावणलाई वालीले थाहै नपाईकन आफ्नो काखीमा च्यापेर सात समुद्र डुलाएर ल्याएकोले रावण कति निर्धो रहेछ भन्ने स्पष्ट हुन्छ । सधैं आफ्नो महानता वखान्ने रावणलाई तिमी कुनचाहि रावण हौ बलिराजाले तवेलाबाट छुटाएका रावण अथवा पुलस्त्य ऋषिले सहस्रवाहुको घरवाट छुटाएको अथवा वालीले घुमाएर छोडिएका रावण हौ भनी प्रश्न गर्दछिन् । तर रावणलाई कालले कुत्कुत्याई सकेको थियो । त्यसकारण उनले मन्दोदरी जस्तीको कान्ता सम्मित पनि सुनेनन् । आफ्नो कमजोरी सम्झेर भूल स्वीकार पनि गरेनन्, आखिर महारानी मन्दोदरीले रावणको काल नजिकिएको चाल पाइन् । विनाश काले विपरित बुद्धि भने झैं रावणको बुद्धि विपरित भएको पक्कै हो भन्ने थाहा पाइन् । त्यसैले झन् उनी सम्झाउँछिन् कालले लाठी लिएर कसैलाई मार्दैन, वरू धर्म, वल, बुद्धि र विचार हरेर लैजान्छ, काल नजिकिए पछि मति भ्रष्ट हुन्छ । त्यसैले उनी अति दु:खित थिइन्, सधैं आफ्नो सौभाग्यको लागि आँचल थाप्दथिन्, हात पसार्दथिन् ।

महारानी मन्दोदरी वास्तवमा अति नै सुन्दरी, कुलीन र कुशाग्र बुद्धिकी थिइन् । तर त्यस्ती महारानी हुँदा हुँदै पनि कुलको नाश गर्न लङ्काको पतन गर्न सीतालाई हरेर ल्याएको देखेर उनी अवाक हुन्छिन् । रावणलाई उनी वारम्वार सम्झाउँथिन् कुल, सौन्दर्य, दाक्षिण्य गुण कुनै तथ्यमा पनि सीता मन्दोदरी वरावरकी थिइनन् । मन्दोदरीको कुल रूप दाक्षिण्य सीताकोभन्दा निकै उच्च भएर पनि सीतालाई हरण गर्नु रावणको अविवेकको परिचय थियो । तैपनि राजा रावणले आफ्नो भूल सम्झेर सीतालाई फर्काइ हाल्दछन् कि भन्ने ठानेर वारम्वार सम्झाउँथिन् :–

नकुलेन, नरूपेण नदाक्षिणेन मैथिली
मयाधिका या तुल्य तत गोहात्र युद्धसे ॥

महारानी मन्दोदरी सीताको मर्म, व्यथा, पीर र विवशता सबै बुझ्दथिन् । रावणले अकस्मात हरेर ल्याउँदा सीताको होशहवास नै गुम

भएकी थिन्। खाने पिउने सुत्ने कुनै बन्दोबस्त थिएन । अशोक वृक्षको छहारीमा शोकाकुल भएर बसेकी थिइन् । सीताको त्यस्तो दयनीय अवस्था देखेर सम्मान गर्दै उनलाई लुगा फेर्न सारीहरू आफ्नी सेविकाको हातमा पठाएकी थिइन् । रावणले सीतालाई आफ्नो काबुमा पार्न नसक्दा उनलाई काट्छु भनी तरवार उठाएका मात्र थिए, मन्दोदरी निडर भएर रावणको हातै टचाप्प समाएर रावणलाई उसको कायरता झन् स्पष्ट पार्दै सम्झाउँथिन् । रावण जस्तो बलवान सम्राटले शूर्पणखाको नाक कान काटिदिएकोमा बदला लिन लागेको भए रामसंग खुलेयाम युद्ध गर्न सक्नु पर्दथ्यो, लुकी छिपी हरण गरेर ल्याउनु कायरताको चिह्न हो धोखेबाज हो, वीरोचित प्रतिशोध होइन ।

सम्पूर्ण कुल नाश भई सक्दा पनि लङ्काधिपति रावण रामलाई जिते उल्लासमय जीवन बिताउने धोको राख्दथे । तर पतिपरायणा मन्दोदरी दीन हीन भावनाले बिन्ति गर्दै सम्झाउँथिन्, वास्तवमा रावणको विजयमा हर्ष मान्ने पनि दरबारमा को नै छ र ? महान् नारी मन्दोदरी पत्नी भएर होइन, उनमा मातृत्व पनि पाइन्छ, त्यसैले आफ्ना छोराहरूको मृत्यु चिसिइसकेकी थिइन्, तैपनि अन्त्य समयसम्म पनि एक आदर्श पत्नी बनी आफ्नो सुहागको भीक्षा मागेकी थिइन् ।

महारानी मन्दोदरी शत्रुको महान्तामा आफ्नो शिर समेत झुकाउने थिन् । रावणको मृत्यु पश्चात पनि रामसँग उनको द्वेष थिएन, वरू रावणको दुष्ट विचार कार्यमा पश्चाताप थियो । जन्मदैदेखि अर्काको द्रोही पापी रावणलाई समेत मर्ने वेलामा एकै पटक राम भनेकोमा राम खुसी भएर आफूलाई त्यस्तो दुःख दिएको समेत ख्याल नगरी आफ्नो धन प्रदान गरेकोमा मन्दोदरीले रामप्रति हार्दिक अभिनन्दन चढाइन् । रामको उदारता, योगी वर्गलाई समेत प्राप्त गर्न मुस्किल पर्ने धाम रावणलाई दिएकोमा अति नै कृतकृतार्थ भएकी छन् । त्यसैले मन्दोदरीमा आफ्नो र पराइको भन्ने तुच्छ भावना नराखी सत्य र धर्मको मार्ग अवलम्बन गर्न धृष्टता शुरूदेखि नै पाउँछौं ।

माद्री

सती प्रथा हिन्दूहरूको एक अत्यन्त प्राचीन प्रथा हो। वेदका कैयौं ऋचाहरूमा सती प्रथाको उल्लेख भएको पाइन्छ। हिन्दूहरू आफ्नो पतिको मृत्यु पश्चात् उसको शवका साथ साथै चितारोहण गर्ने गर्दथे। महारानी माद्री पनि यी मध्ये एक हुन्। पाण्डूको मृत्यु हुनासाथ माद्रीले सहमरण गरेकी थिइन्। यस्ती महारानीको चारू चरित्रको अवलोकन गर्दा महारानी माद्री संयम, संकोच र शील स्वभावको साक्षात त्रिवेणी मानिन्छिन्। पतिका साथ रहँदा खेरी पनि पतिकै रक्षा खातिर माद्रीले ठूलो आदर्श प्रस्तुत गरेकी थिइन्।

माद्री मद्र देशको अधिपति महाराज शल्यकी बहिनी थिइन्। उनको सौन्दर्यमा उनी रति थिइन् भने पवित्रतामा उनी मन्दाकिनी थिइन्। भीष्म पितामहले माद्रीको रुप, गुण, शील स्वभावको प्रशंसा सुनेका थिए। त्यसैले महारानी कुन्ती हुँदा हुँदै पनि पाण्डुको दोश्रो विवाहका लागि महाराज शल्य कहाँ एक समाचार पठाइका थिए। समाचारमा माद्रीको विवाह पाण्डूका साथ गरेमा ज्यादै असल दौत्य सम्बन्ध हुनेछ भनी लेखेका थिए। त्यसबेला कुरू वंशको प्रतिष्ठा गौरव तथा कीर्ति सर्वत्र फैलिएको थियो। भीष्मको सन्देश पाउँदा महाराज शल्य अत्यन्त प्रशन्न भए। उनले माद्रीको विवाह पाण्डुका साथ गरिदिए।

माद्री कुरु वंशकी बुहारी भइन्। पाण्डूको विवाह माद्रीसंग हुनुभन्दा

पहिले कुन्तीसंग भइसकेको थियो। त्यसैले माद्रीले कुन्तीलाई आफ्नी दिदीको रुपमा मान्दथिन्। आफ्नो जीवनभर कुन्तीको आज्ञा परायण बनिरहिन्। साथै कुन्तीले पनि माद्रीलाई त्यतिकै प्रेमपूर्ण व्यवहार गर्दथिन्। कुन्ती नीति निपूणा थिइन् भने माद्री सरलता एवम निर्मलताकी साक्षात् देवी थिइन्। त्यसैले महाराज पाण्डू पनि माद्रीको भोलापन तथा सेवा भावमा मुग्ध थिए।

माद्रीको वैवाहिक जीवनको प्रारम्भमा नै एक कराल दुर्भाग्यपूर्ण कालो छायाँ उनको भाग्य-आकाशमा पऱ्यो। एकदिन महाराज पाण्डु शिकार खेल्न वनमा माद्रीका साथ गएका थिए। वनमा पाण्डुले मृग भेषधारी ऋषिकुमार कन्दिमलाई वाँण छोडे। उनलाई वाँण लाग्यो र ऋषिकुमार घायल भै तुरुन्त जमिनमा गिरे। अनि ज्यादै पीडा भएको हुँदा उनले मृग रुप त्यागी दिए। यो देखेर पाण्डु शोकाकुल भए, परन्तु आफूले मृग भन्ने ठानेर वाँण चलाएका थिए। त्यसैले उनलाई ठूलो धोका भयो। मर्ने बेलामा ऋषिकुमारले पाण्डुलाई यस किसिमको सराप दिए- 'हे राजन! मैले लोक लज्जाले गर्दा मृग रुप धारण गरी आफ्नी पत्नीका साथ विहार गरिरहेको थिएँ। त्यस्तो अवस्थामा तिमीले विना विचार वाँण चलाएर ठूलो अपराध गऱ्यौ र मेरो यो हालत भयो। आजदेखि तिमी पनि आफ्नी पत्नीका साथ रमण गर्न सक्ने छैनौ। यदि रमण गर्यौ भने तत्कालै तिम्रो मृत्यु हुनेछ।" यति के भनेका थिए ऋषिकुमारको प्राण पनि उडयो।

यस पछि ज्यादै दुःखित भएर महाराज पाण्डु राजप्राशादतिर फर्के यो घटना कुन्ती माद्री दुवैलाई सुनाए। उनीहरू ज्यादै दुःखित भए तत्कालै जीवनभर ब्रह्मचर्य व्रत धारण गर्ने निर्णय गरे। पाण्डु माद्रीलाई ज्यादै प्रेम गर्दथे। उनी अत्यन्त रुपवती युवती थिइन्। त्यसकारणले पाण्डुलाई अति नै ग्लानी भयो। माद्रीले जीवनको सुख शयल (भोग) गरेकी नै थिइनन्। उनले भरखरको नव यौवनावस्थामा यस्तो भयङ्कर व्रत धारण गरिन्, यो साह्रै सराहनीय व्रत थियो।

पाण्डुले माद्रीलाई अतिशय प्रेम गर्दथे । माद्रीको नवयौवन, दिव्य सुन्दरता एवं कलुषहीन चरित्र देखेर उनको मनमा वैराग्य उत्पन्न भयो । पाण्डूले आफ्नो राजपाठ छाडेर वनमा गई तपस्या गर्ने निश्चय गरे । अनि कुन्ती र माद्री दुवै रानीले उनलाई वनमा गएर तपस्या गर्नुभन्दा घरमै बसेर आफ्नो जीवनलाई संयम तथा विरागपूर्ण बनाउनु धेरै वेश हुन्छ, त्यसैले हामी सबै घरमै बसेर ब्रह्मचर्य व्रत पालन गरौं भनी सम्झाए । यस्तो परम सुन्दरीकासाथ विवाह गरेर मैले उनलाई कुनै सुखभोग दिलाउन सकिन भन्ने चिन्तालें उनलाई दिनपर दिन ग्लानी बढ्दै गयो । अनि पाण्डुले आफ्नो राजपाठ छोडेर वनमा गई तपस्या गर्ने निश्चय गरे ।

एक पटक महाराज पाण्डु वन विहार गर्न वनमा गएका थिए । उनका साथ माद्री पनि थिइन् । महारानी माद्रीले पाण्डुका मनका व्यथाहरू सबै बुझेकै थिइन् । तैपनि महाराज पाण्डुलाई सान्त्वना दिने उद्देश्यले उनी प्रति क्षण आफ्नो पतिको छायाँ जस्तै भएर साथमा रहन्थिन् । त्यसबेला वसन्त ऋतु पनि थियो । वनका विभिन्न रुख वृक्ष लता लतिकाहरूले नयाँ पालुवा फेरेका थिए । वास्नादार फूलले वन सुगन्धित थियो। शीतल मन्द सुवासयुक्त समीर चारैतिर फैलेकोले वन ज्यादै सुशोभित देखिन्थ्यो । कोइलीको कुहु कुहुले महाराजको हृदयमा कस्तो कस्तो कुत्कुती पैदा गरिरहेको थियो । यस्तो मनमोहक वातावरणमा पाण्डुको संयम शिसा फुटे जस्तै भएर चकियो । अनि महाराज पाण्डुले रति जस्तै सुन्दरी माद्रीलाई आफ्नो वाहुपासमा बाध्न पुगे । उनले ऋषिकुमारको सराप भुसुकै विर्से । तर माद्रीले भने पाण्डुलाई सम्झाउनुसम्म सम्झाएकी थिइन् र पाण्डुसंग जीवन भीक्षा माग्दै खूव अनुनय विनय गरिन् । तर उनको केही जोड चलेन । पाण्डुमा अर्कै मादकताको प्रभाव थियो । उनले आफ्नो मनोकांक्षा पूर्ण गरे । जब माद्रीलाई आफ्नो वाहुपासबाट मुक्त गरेथे, पाण्डु प्राणहीन भएर भुईमा लडे । राजाको यस्तो स्थिति देखेर माद्री चिच्याउंदै खूब रोइन् । उनका साथमा आएका सेवकहरू गएर महारानी कुन्ती कहाँ खवर पुऱ्याए । यो खबर सुन्नासाथ कुन्तीको सुद्धिबुद्धि सबै हरायो

उनी मूर्छित भइन् । केहीवेर पछि मूर्छावाट विउँझेर उनी दौड्दै त्यहाँ आइन् । राजाको निर्जीव शरीर देखे वितिकै उनी पनि अलाप विलाप गर्दै रुन लागिन् । माद्रीले पनि रूँदै आफ्नो विवशता वताइन् । त्यसपछि महारानी कुन्तीले तत्काल आफै सती जाने निश्चय गरिन् । कुन्तीको यस्तो विचार देखेर माद्रीले भनिन्– "दिदी ! तपाई मभन्दा ठूली एवं अनुभवी हुनुहुन्छ । त्यसमा पनि मेरै कारणले गर्दा राजाको मृत्यु भएको हो । पतिका साथ चितारोहण गर्ने आज्ञा मलाई नै दिनुहोस् । अनि नकुल एवं सहदेव जस्ता वालकहरूको पालन पोषण जति तपाईवाट हुन्छ त्यति मवाट हुन सक्दैन । उनीहरूको सम्यक विकास तपाईले नै गर्न सक्नु हुन्छ । फेरि पतिदेवको अनुराग पनि मलाई नै धेरै थियो । म उनैसंग अर्को लोकमा गएर उनको पूरा सेवा गर्नेछु । मेरो सेवाले उनलाई सन्तोष हुनेछ र तपाईको आत्मालाई पनि सन्तोष हुनेछ । यी विभिन्न कारणले गर्दा पति-कासाथ मलाई नै जान दिनु होस्, मेरो विन्ति लागोस् ।"

माद्रीका यस्ता अकाट्य तर्क सुनेर महारानी कुन्तीले उनलाई सती जाने आदेश दिइन् । अनि त्यही वनस्थलीमा नै वल्दो चितामा आफ्ना मृत पति पाण्डुका साथ माद्रीले चितारोहण गरिन् । यस किसिम माद्रीले भारतको सांस्कृतिक इतिहासका उज्ज्वल पातामा आफ्नो अमिट हस्ताक्षरले रङ्गाइन् ।

वात्सल्यमयी यशोदा

यसोदा महाभारत कालीन पौराणिक नाम हो। यो हाम्रो हिन्दूधर्ममा सर्व परिचित पनि छ। ठूल ठूला पौराणिक ग्रन्थ पल्टाएर हेर्दा कौशल्या र यशोदाको अमृतमय नामले हिन्दू धरालाई एक अक्षुण्ण समुज्ज्वलता प्रदान गरेको पाइन्छ।

चिदानन्द ब्रह्म राम छोरा बनी आमा कौशल्याका काखमा खेलेका थिए भने यशोदाका काखमा उनै कृष्ण बनेर खेले। श्याम सुन्दर कृष्णप्रति यशोदाको हृदय वात्सल्यले भरिपूर्ण थियो। महाभाग्यमानी यशोदाको सौभाग्यको बयान कसैले गर्न सक्दैन। माता यशोदानै यस्ती भक्त थिइन् जसले प्रभुलाई लठ्ठीले पिट्ने डोरीले बाँध्ने क्षमता पाइन्।

यशोदाको जन्म सम्बन्धि एक कथा छ। वशुहरूमा सर्वश्रेष्ठ श्रोणले एकपटक ब्रह्माजीसँग के प्रार्थना गरेका थिए भने जुनसुकै योनीमा पृथिवीमा उनले जन्म धारण गरे तापनि उनको परम भक्ति भगवान श्री कृष्णमै रहोस्। यस किसिमको प्रार्थनामा श्रोणकी पत्नी धरा पनि साथमै थिइन्। उनी उसबेला मौन थिइन् तापनि उनका रोम रोमबाट उक्त इच्छा आकांक्षा उल्लासित भइरहेको थियो। ब्रह्माजी पनि खुशी भएर यो प्रार्थना स्वीकारे। यही वरदान अनुसार द्वापर युगमा श्रोण व्रजराज नन्दका रूपमा अवतरित भए। अनि धरादेवी पनि सुमुख गोप एवं उनकी पत्नी पाटलाकी पुत्रीका रूपमा अवतरित भइन्। तिनै कन्या आमा यशोदा नामबाट विश्व विख्यात

भइन् र आफ्नो अखण्ड पतिपरायण धर्मले गर्दा यशोदा व्रज नरेश नन्दकी पत्नी भएकी हुन् ।

पुराणहरूमा भगवान श्रीकृष्णका अनन्त लीलाहरूमा यशोदा पनि एक लीला मानिएको छ । आमा यशोदा प्रसूति भइ सकेपछि वेहोस भएकी थिइन् । केही समय पछि नवजात शिशुले हात चलाउँदा मात्र उनको होस् आयो । शिशुको अवस्था के छ भन्ने विचारले निदाएका नन्दराजलाई विस्तारै विउझाएर हेर्न लगाइन् । नन्दराजले शिशुको शिरदेखि पाउसम्म हेरेर शिशु अत्यन्त सुन्दर एवं अलौकिक चिह्नले अङ्कित भएको देखेर दुवै अत्यन्त हर्षित भए । आफ्नो पुत्रको छातीमा भृगु पाउका छाप र शिरमा मयूरको प्वाँखको मुकुट समेत देख्दा आफ्नो शिशु साक्षात् परमेश्वर भन्ने जानेर हर्षले विभोर भए । दुवैले श्री पुरातन भगवान हाम्रा इष्टदेव भएर अवतरित भए भन्ने बुझे । अनि नन्दराजले आफ्ना सैनिकहरूलाई बोलाएर ज्योतिष ब्राह्मण एवं व्रजवासीहरूलाई बोलाउ भन्ने आज्ञा दिए ।

सेवकहरू खुशीसाथ उफ्रँदै नाच्दै गएर ब्राह्मण, ज्योतिष तथा अन्य व्रजवासीहरूलाई यो शुभ सूचना दिए । गोकुल वासीहरूले यो शुभ सूचना पाउँदा खुशीले गद्गद् हुँदै विभिन्न उपहार लिएर नन्द भवनमा आए । यता स्नानादि कार्य समाप्त गरेर यशोदा बालकलाई काखमा राखी ब्राह्मणहरूको आशिर्वाद लिन अत्यन्त उत्सुक थिइन् । ब्राह्मणहरूले स्वस्ति-वाचन गरेपछि रोहिणीले बालकलाई काखमा लिएर आगन्तुकलाई देखाउन द्वारमा उभिइन् । रोहिणीका काखमा विराजमान शिशुको अपूर्व कान्ति झल्किएको थियो । व्रजवासीहरूले नन्द शिशुलाई अघाउन्जेलसम्म हेरे । शिशुमा श्रीविष्णु भगवानको तेज देखेर आपसमा चर्चा पनि गरे । रोहिणी, कृष्णकी सौतेनी आमाले पनि आकाशचारी पन्छीहरूको गीतलाई अनुसरण गर्दै नवजात शिशुलाई काखमा लिएर मधुर स्वरले गाइन् ।

जयति गोकुल जन्म तोडत्रले, यद्भवद्विभो ! श्री निकेतनम्
प्रमुदिताः स्वतो विश्व देहिनः कुरु कृपाँ पदे प्रापयस्वनः ॥

प्रभु ! तपाईका जन्मले गोकुलको जय भएको छ । यसको उत्कर्ष सर्वोपरी भएकोले लक्ष्मीकै लीला निकेतन भएको छ। समस्त देहधारी प्राणी स्वतः आनन्द मग्न भएका छन् । कृपा गरेर हामी सबलाई आफ्नो शरणमा लिनुहोस् । यसरी आनन्दले विभोर भएर गीत गाउँथिन् रोहिनी । नन्दराजका आँगनमा व्रजवासीहरूले ल्याएका सामान उठाएर नन्द-शिशुका चरणमा उपहार समर्पित गरे । त्यसै गरी महारत्न जडित गहनाहरूद्वारा विभूषित रोहिणी गोपद्वारा पूजित शिशुलाई काखमा लिएर भित्र गइन् र शिशुलाई यशोदाको काखमा राखिन् । नन्दराजको हर्षको सीमाना रहेन । हजारौं हजारौं गाईदान, प्रशस्त सुवर्ण एवं बहुमूल्य रत्न दान समेत गरी आगन्तुक ब्राह्मण, गरीब गुरुवालाई विदा गरे ।

यसै गरी पुत्र जन्मनाले नन्दराज एवं यशोदाले कैयौं रत्न धन फर्माए । यसै वेला देखि आमा यशोदाको काखमा त्रिभुवन नायकको शिशुकाल तथा बाल्यकाल बित्न लाग्यो । अनि यशोदाको वात्सल्यको चरम सीमाना चुलिदै गयो । तीनै लोकका स्वामीलाई उनको अगाध प्यार, माया ममता स्नेह भरिपूर्ण थियो । उनी कहिले काखमा लिन्थिन् त कहिले स्नेहले भरिपूर्ण चुम्बन गर्दथिन्,कहिले झुलनामा सुताएर लोरी गाउँथिन्। त्यसवेला यशोदाको अपार हर्ष भक्त प्रवर सुरदास जस्ताले मात्र बुझ्न सकेर आफ्नो वीणाद्वारा स्वर्गिक रागको श्रोत स्फुरण गरे। उनको वीणाका तारहरूबाट स्वतः निम्न हरफहरू गुन्जे ।

"यशोदा हरि पालनामा झुलाई
यशोदा हरिलाई झुलनामा झुलाई ।"

यस्तो आनन्द यस्तो वात्सल्य श्रोत कसले प्राप्त गर्न सकेको छ ? तीनै लोकका नायक यशोदाका पुत्र बनेका छन् । जसलें समस्त लोकहरूलाई आफ्नो मोह निद्राले मोहित पारेका छन्, उनैलाई सुताउन आमा यशोदा निद्रा रानीलाई बोलाउँछिन्, लोरी गाउँछिन्, परन्तु कृष्ण पनि कम चकचके थिएनन्। जबतक माता यशोदा उनलाई लोरी सुनाउँथिन्, श्यामसुन्दर आँखा चिम्लन्थे । अनि यशोदाले पनि कृष्ण निदाए भन्ने

ठानेर यसो त्यहाँबाट हट्थिन् तर चुल्बुले कृष्ण तुरुन्तै रोइ हाल्थे । फेरि यशोदा मीठो स्वरले गीत सुनाउन शुरू गर्दथिन् । यसरी वात्सल्य रसमे डुबेका गीतहरू सुन्दा श्यामसुन्दर फेरि आँखा चिम्लन्थे । अनि अन्धा सुरदासका दिव्य चक्षुले त्यो अलौकिक क्षण वीणामा उतारिदिन्थे यसरी:-

पलनामा श्यामसुन्दर झुलाउँथिन् जननी
अनुराग पूर्ण मधूर गीत गाउँथिन् जननी
प्रसन्नपूर्ण मग्न भैकन नन्द धरणी
प्रशन्न उमङ्ग भैकन श्यामसुन्दर भुजा पसार्दथे
हर्षित यशोदा चुम्बन गर्थिन् प्रभुलाई
सुरदास चित्रण गर्थे तिनलाई
पूर्ण भयो जन्म भन्ने विश्वास मानी ।

वालकृष्णका प्रत्येक लीला आमा यशोदाका लागि अपरिमित आनन्दको श्रोत थियो । कृष्णको वियोग विछोड एक पलक मात्र पनि उनका लागि असह्य हुन्थ्यो । सुकुमार कृष्णमा कसैको आँखा नपरोस् अथवा भुतप्रेतले नछोओस् भन्ने विचारले उनका निवारमा गाजलको कालो टीको लगाइ दिन्थिन् । भुतप्रेत पन्छाउन आगोमा रायो पडकाउँदै धुंवा गराउँथिन् । यसै गरी देवी देवताहरू मनाउन दैनिक पूजा अर्चना गर्दथिन् । उनी वात्सल्यको पराकाष्टमा यसरी डुवेकी थिइन् । यस्तो दुर्लभ सुख कसैले पाउन सकेको देखिंदैन ।

त्यही वेलातिर एउटा भयंकर घटना घट्यो । कंसद्वारा पठाइएकी पूतना यशोदाको प्रिय पुत्र कृष्णलाई मार्ने उद्देश्यले आएकी थिई । त्यसले ब्रजका धेरै जसो नवजात शिशु मारी सकेकी थिई । आखिरमा नन्दराजको आँगनमा पुगी । वालक कृष्णलाई तेल मालिस गरी सुताएर यशोदा आफ्नो दैनिक कार्यमा लागेको मौका पारेर सुतेको वालकलाई काखमा राखेर स्तन पियाउन लागी । उसले आफ्ना दुवै स्तनमा कडा विष दलेकी थिई । वालक कृष्णले यो कुरा थाहा पाएर स्तनमा मुख लगाएर खूवसंग चुस्न लागे । यसरी चुस्दा त्यो राक्षसी मरणासन्न भई । अन्त्यमा उसको प्राण पखेरू उड्यो ।

शरीर उछिट्टिएर अलिपर पुगेर ठूलो आवाजले ढल्यो । त्यसको धक्काले पृथ्वीनै डगमगाइन् । उक्त भयंकर शरीर महान् पर्वत जस्तै भएर पृथ्वीमा बज्रेको थियो। कहाँ के भयो भन्ने ठानेर यशोदा बाहिर आएर हेर्दा भयंकर मृत राक्षसीको स्तन पान गरेको बालक देख्दा मूर्छा परिन् । त्यहाँका गोप-हरूले हत्तपत्त गएर बालक ल्याए । एकक्षण पछि यशोदाको होस् आयो र भयभीत हुँदै देवताको नाम स्मरण गर्न लागिन् । गोपहरूले कपिला गाई ल्याईदिए र जलसहित गाईको पुच्छर समातेर मन्त्र जप्दै शिशुको सम्पूर्ण शरीरमा पुच्छर घुमाइन् । अनि गहुँतले बालकलाई अभिषेक गरेर जलमा गोबर घोलेर स्नान गराइन् । त्यसपछि भगवानका नाम सम्बन्धी रक्षाकवच पाठ गरिन् :–

"नैषा सुरक्षा शुभदा शिशूना
मेवाऽस्ति चाऽस्मा कमपीह दिव्या
शिघ्रं ययासे वितया भवाब्धे
पारं प्रयामो वयमस्ति सेत्थम ।"

त्यसपछि पनि शंकटासुरले मायाजाल फैलाएर बालक मार्न आएको थियो । उसको पनि अन्त भयो । व्योमासुरले वायुको रूप लिएर बालकलाई उडाएर लग्यो, त्यसले पनि तुरुन्तै यमलोक सोझ्यायो । यस्ता कैयौं घट्ना घटिनै रहे । यशोदाको स्नेही शिशुको अलौकिक जीवनमा माता यशोदाका वात्सल्यता नजान्दै कैयौं पटक परेलाबाट प्रवाहित भए अनि कतिपय पटक उनको हृदय सागरमा वात्सल्यताको वेतोड तरंग उठिरहे ।

यशोदा आमा थिइन् । कृष्णलाई खान, बोल्न, हिड्न सबै सिकाउने उनकै अभिभारा थियो । वास्तवमा आमा नै प्रत्येक बालकको प्रथम शिक्षिका न हुन् ? त्यसैले यशोदाले पनि कृष्णलाई लोरी गाउँदै सुताउँथिन् । "को खाई ? को खाई ? बाबु खाई " भन्दै खुवाउँथिन् । यशोदा र रोहिणी श्रीकृष्ण तथा बलरामलाई आ–आफ्ना औंला समाउन लगाएर भावले विभोर हुंदै आगनीमा पाइलो चाल्न सिकाउँथे :–

चलचल राम ! चल सुखधाम ! द्रुतमभिराम ! चल शम धाम !
चलचल राम ! चल हतकाम ! द्रुतमभिराम चल बलराम !
चल चल कृष्ण ! व्ययगत तृष्ण ! हतबुध तृष्ण ! चलचल कृष्ण
चल चल कृष्ण ! चल चल कृष्ण ! विगतवि तृष्ण चल चल कृष्ण
चल चल राम ! चल चल कृष्ण ! चल बलराम ! चल हत तृष्ण !

विचरी यशोदाले उनको लागि के गरिनन् ? थाहै नपाएर भए पनि आफ्नी छोरी योगमाया गुमाएर उनको संरक्षण गरिन् ।

एक दिन कृष्णका मनमा के लाग्यो कुन्नी माटो खाएछन् । त्यसबेला उनका साथी अन्य बालक एवम बलराम समेतले यशोदालाई यो कुरा बताई दिए । यशोदा शोकाकुल भएर कृष्णलाई गाली गद माटो खानाको कारण सोधिन् । त्यही बेला बलराम आएर भाइले माटो खाएको हो भने । 'मैले माटो खाएकै होइन, यदि खाएको भए मुखमा पनि हुनु पर्दछ लौ हेर्नुहोस्' भनेर कृष्णले मुख बाए । यशोदाले उनको मुख भित्र यसो हेर्छिन् त तीन लोक चौद्य भुवनका स्वामी रहेछन्, त्यसैले विभिन्न लीला गरेका रहेछन् भन्ने सम्झेर अ।फूलाई गौरवशाली मानिन् । यसै गरी कृष्णका लीला अनन्त बढ्दै गैरहेको थियो । उनले कहिले दहीका भाँडा फुटालेर नौनी बाँदरलाई बाँड्दथे भने कहिले गोपगोपिनीका घर गएर दही नौनी मखन चोर्ने र अरूलाई बाँडदथे पनि । यस्तै नचाहिदा काम गर्दा गर्दै एक दिन उनलाई तर्साउने विचारले यशोदाले ओखलमा बाँधेकी थिइन् । कृष्णले पनि ओखल घिसार्दै लगेर नजीकैका दुईटा रूखै समेत ढाले । यसरी यशोदाबाट बाँधिएर उनको शरीरमा डाम बसेको रुनाले उनलाई दामोदर पनि भनिन्छ ।

जसले बाँधे सुर–असुर नाग मुनि प्रवल कर्मका डोरीले
उनै शक्तिशाली परात्पर ब्रह्मलाई बाँधिन् यशोदा जननीले ।

कृष्णका मङ्गलका लागि यशोदा एवम गोपगोपिनीहरू सहित गोकुल छाडेर वृन्दावनमा बसाइँ सरे । तर कृष्णका दिव्य लीलाहरू वृन्दावनमा पनि भइ नै रहे । जस्तै बकासुर वध, कालीय दमन, केसी उद्धार

आदि शताधिक लीलाहरू भए । यी विभिन्न घटना घट्दा आमा यशोदाको हृदय सागरमा हर्ष एवम दुःखका जुन धाराहरू भुल भुल गरेर निस्केका थिए, त्यसमा स्वयं यशोदा त डुबैकै थिइन् समस्त व्रजलाई समेत निमग्न गराई दिएकी थिइन् ।

यस किसिमले पूरा एघार वर्ष छ महीनासम्म आमा यशोदाका महलमा बालक कृष्णचन्द्रले आफ्ना अलौकिक ज्योत्स्नाले सबैलाई प्रकाशमान गराए । त्यसैबेला मधुपुरीबाट अक्रुर आएर आमा यशोदा एवं व्रजबासीहरूका मुटुमा वज्र छोडिदिए । उनले राजा कंसको रंगशाला देखाउन श्रीकृष्णलाई लिएर मधुपुरीतिर गए । यशोदाको हालत अत्यन्त कारूणिक भयो । बिदा हुँदा खेरी उनले बिदा पनि दिन सकिनन् । उनको हृदय भ्रान्त भयो र उनले आफ्नो वात्सल्यताको अनुरूप छोरालाई बाटो खर्च समेत दिन बिसिन् । श्रीकृष्णलाई हृदयमा लगाएर निरन्तर रोइ नै रहिन् ।

अक्रुरको रथमा श्रीकृष्ण र बलराम बसेर मधुपुरीतिर जाँदा रथचक्रका चिह्न जमीनमा अङ्कित भएका थिए । त्यसबेला मानो धरा रूपिणी यशोदाको लुकेको हृदयलाई धरतीमाता व्यक्त गरिरहेकी थिइन् । कृष्णका वियोगमा यशोदाको कुन हालत भयो होला, त्यसको बयान न देवर्षि नारदले नै गर्न सक्छन् न त शारदाले । श्रीकृष्ण जुन ठाउँबाट रथमा बसेका थिए यशोदाले नित्य त्यस स्थलमा गएर एक भाँडो गाईको दूध र एक भाँडो नौनी आफ्नो प्यारो बालकका नाममा राखेर आउँथिन् । कृष्णको वियोगमा उनी पगलीनै भइसकेकी थिइन् । कतैबाट कुनै पदचाप सुनिन् भने कृष्ण आए कि भन्ने झझल्को लागि रहन्थ्यो । अनि तुरुन्तै उक्त आभासतिर दगुर्दै हेर्न जान्थिन् । मधुपुरीतिर जाने प्रत्येक व्यक्तिसित कृष्ण र देवकीका लागि समाचार र कोशेली पठाउथिन् ।

कुनै पथिकले आमा यशोदाको यो समाचार श्रीकृष्णलाई सुनाएछन् अनि कृष्णचन्द्रले आमालाई सान्त्वना दिन उद्धवलाई यशोदा कहाँ पठाए ।

उद्धव आए तापनि आमा यशोदाको आँशु पुछ्न सकेनन् । झन् उनी पनि विचलित भए । उद्धव फर्किन लाग्दा यशोदाले कृष्णका लागि बहुमूल्य रत्नादि र मिठाई पठाइन् । यशोदा कृष्णका विछोडमा भित्रभित्रै सल्किरहेकी थिइन् । आखिर त्यो ज्वाला कुरू क्षेत्रमा कृष्णसंग भेट भएपछि मात्र शान्त भयो । कुरू क्षेत्र युद्धको समाप्ति पश्चात् कृष्ण र बलराम आमाकै साथ वृन्दावन आए । यशोदाको उजाड भएको संसारमा फेरि हरियाली छायो ।

यसै गरी श्रीकृष्णले पनि यस संसारमा आफ्ना लीलाहरू पूर्ण गर्न सकेका थिए । उनी दिव्य धाम जाने वेलामा आमा विना एक्लै वस्न सक्ने भएनन् । अतः उनले एक दिव्य विमान पठाए र राधारानीका साथ आमा यशोदा त्यसमा वसेर स्वर्ग पुगे ।

आमा यशोदाका दिव्य चरित्र लोकका लागि आनन्दको अजश्र श्रोत मानिएको छ । उनी एक निश्छल, सरल हृदया, वात्सल्यमयी जननी तथा आदर्श पतिपरायण नारी थिइन् र युग युगान्तरसम्म हाम्रो स्मृति पटलमा जीवित रहने छन् । यशोदाको यश एवं कीर्ति कहिल्यै पनि मलिन हुने छैन सधैं सर्वत्र फैलिनै रहनेछ ।

कन्दर्प-प्रियाःरति

हिन्दू संस्कृतिको इतिहासमा वाँणि-विधाता, श्री विष्णु, गौरी शंकर, शचि, इन्द्र सीता राम राधाकृष्ण प्रभृति देव देवीको नाम ज्यादै गौरव साथ लिइन्छ । यसको सशक्त कारण हिन्दू संस्कृतिमा पति पत्नीको नाता अभिन्न मानिएकोले हो । एक विना दोश्रोको जीवन अधूरो मानिएको छ । एकै व्यक्तिलाई जन्म जन्मान्तरसम्म पतिकै रूपमा पाउँ भन्ने कामना गर्दछन् । भगवान हरिले पनि आफ्नी लक्ष्मीलाई आफ्नो हृदयमा प्रतिष्ठित गरेका छन् । यसैकारण हरिलाई श्रीवत्स भनिएको हो । त्यस्तै भगवान शंकरले पनि आफ्नी पार्वतीलाई आफ्नो अर्धाङ्गमा स्थान दिएकोले शिवलाई अर्धनारीश्वर भनिएको छ ।

यही परम्परानुसार हामी लोक सौन्दर्य, लोक कामना एवं प्रेमका देवता कामदेव कन्दर्पलाई सम्झन्छौं । उनलाई सम्झदा उनकी पत्नी रति या मायावतीलाई पनि एकै साथमा सम्झन्छौं । कामदेव (कन्दर्प) यदि सौन्दर्य एवं प्रेम सम्बन्धी कामनाहरूका अधिष्ठाता हुन् भने रतिदेवी या मायावती अनुराग, कोमल कामना एवं समस्त सौन्दर्यकी देवी मानिएकी छन् । रति विना कामदेव मात्रको कल्पना गर्न सकिन्न ।

रतिदेवीको चरित्र खास गरेर एकै पक्षमा संसारका सामुन्ने प्रज्ज्वलित भएको छ । त्यो हो उनको प्रेमाकर्षक पक्ष । आफ्नो उदात्त

चरित्रद्वारा सतीत्व एवं आदर्श पतिव्रता धर्म पालन गरेर उनको नाम स्वर्णाक्षरमा लेखिएको छ । उनको सतीत्व विश्वमा अनुपम एवं अद्वितीय मानिएको छ । रतिदेवीले आफ्नो पतिपरायणताको जुन आदर्श प्रस्तुत गरेको छन् त्यो संसारभरका कुनै नारीमा पनि पाइन दुर्लभ छ । मरिसकेका पति कन्दर्प पुनः प्राप्तिका लागि एक दुई शताब्दी मात्र होइन पूरा तीन युगसम्म वैरागिनी बनेर प्रतीक्षामा आकुल व्याकुल भएर बाँचेकी थिइन् ।

रतिदेवीको कथा मानव सृष्टि जतिकै पुरानो छ । मानव सृष्टिको सुरूमा भगवान शिव पूर्ण वैरागी भएर तपस्यामा लीन भएका थिए । उनको वैराग्यले सती देवीको अकाल मृत्यु भयो । दक्ष प्रजापतिको यज्ञमा उनले आत्मदाह गरेकीले शिवलाई अतह्य भयो, संसारबाटै विरक्त भए । यसै बेला भगवती सती देवीले पनि नगाधिराज हिमालयको छोरीका रूपमा पुनर्जन्म पाइसकेकी थिइन् । सती देवीले आफूलाई अग्नि काण्डमा होम्नुभन्दा पहिले शिव बाहेक अरूसंग विवाह गर्ने छैन भन्ने प्रतिज्ञा गरेकी थिइन् । त्यसैताक तारक नाम गरेको अत्यन्त शक्तिशाली असुरले देवताहरूलाई दिनसम्म दुःख दिएको थियो । यसरी तारकासुरले दुःख दिएको हुनाले संपूर्ण देवताहरू ब्रह्माजीसंग गएर दुःख पुकारा गरे । ब्रह्माजीले सब देवताहरूलाई दुःखी देखेर संझाए, " शंकरका वीर्यबाट पैदा भएको पुत्रबाट मात्र तारकासुर मर्ने छ । तर आजसम्म शंकरका सन्तान नै छैनन् सती दग्ध भई सकिन्, अहिले हिमालयका घरमा जन्म लिइसकिन् । उनले पनि शंकरजीलाई पति पाउँ भनेर ठूलो तपस्या गरेकी छन् । तर शंकरजी सबै कुरालाई त्यागेर समाधि कसेर बसेका छन् । त्यसैले कामदेवलाई पठाएर शिवजीको मनमा क्षोभ चंचलता बढाउन लगाउनु पर्छ । त्यसपछि म गएर शिवजीलाई शिरमा वन्दना गरेर जबर्दस्ती विवाह गराई दिनेछु " यो आश्वासन पाएर सबै देवताहरू खुशी भए । अनि कामदेवको स्तुति गरेर विषम ऋषकेतु प्रकट भए । देवताहरूले आफ्नो समस्या बताए। कामदेवले विचार गरे "शंकरसँग विरोध गर्दा मेरो भलाइ हुँदैन । तैपनि

वेदधर्म उपकार गर भन्दछ । प्राणभन्दा धर्म ठूलो मानी देवताहरूको वन्दना गरेर कामदेव हिंडिहाले ।

त्यहाँ गएर कामदेवले आफ्नो प्रभाव फैलाए । संसारैलाई अधीनमा राखे । कामदेव (मीन केतु) कुपित भए पछि तुरन्त वेदशास्त्रको मर्यादा मेटियो । विवेकका सत् असत व्रत नियम, धैर्य, ज्ञान, विज्ञान, सदाचार, जप, योग वैराग्य सबै समूह डराएर भागे । स्त्री पुरुष यस्तो नाम मात्रै परेका जलचर थलचर जीव सारालै आफ्नो मर्यादा नियम छाडेर कामातुर भए । मीनकेतु शिवका समीप जाउन्जेलसम्म यो कौतुक भयो । शंकरजीलाई देखेर कामदेव झस्के अनि संसार यथास्थित भयो । उनी त्यसवेला ज्यादै संकोचमा परे । फर्केर जाऊँ भने आफूले केही गर्न सकिएन भर्ने लाज हुने । यसैले आत्महत्या गर्न तयार भएरै उपाय सोचे । त्यसैवेला मदनका मित्र वसन्त आइ पुगे । लता लहरा पहाड पर्वत नदी, तलाउ बाग वगैचा ज्यादै शुसोभित देखिए । त्यसवेला वनको सौन्दर्यका वयान गर्न नसकिने भयो । वायु पनि शीतल सुवास, मद जस्तो तीन गुणले पूर्ण भएर वहन लाग्यो । जलाशयमा धेरै जातका कमल फुले, वथानका वथान भ्रमरहरू गुंजन लागे । हांस, सारस, सुगा सबै मीठो बोली बोल्न लागे । तर जति नै गर्दा पनि शिवको अचल समाधि डगेन, मदन हारे, झन् झन् रिसाए । अनि आँपको वोटमा चढेर फूलको धनुमा फूलैको संमोहन वाण जोडेर जोडका साथ हाने । त्यो विषम वाण शिवजीको हृदयमा लागेर समाधिवाट विउँझिए । शंकरको मन चंचल भयो । नजर खोलेर सबैतिर हेरे, आँपका पल्लवको आड गरेर रहेको मदनलाई देखेर रिसाउँदा तीनैलोक डगमगायो । अनि शिवजीले तेश्रो नेत्र खोलेर त्यो आगोको ज्वाला समेत भएको तेश्रो नेत्रले हेर्ने वित्तिकै कामदेव जलेर भष्म खरानी भए । संसारमा ठूलो हाहाकार भयो, देवता डराए, दानव खुशीले गद गद् भए । शोकिनहरू कामका अनुग्रहवाट पाइने सुख संझेर शोक गर्न लागे । योगीहरू अकंटक भएर साधना गर्न लागे ।

कामदेवताकी पत्नी रतिदेवी पतिको मत्युको खवर सुनेपछि शोकले विह्वल हुँदै रून लागिन् । अनि हाहाकार गर्दै मृत्युस्थलमा पुगिन् । कामदेव भष्म भैसकेका थिए । त्यसैले आफ्नो पतिको खरानीको थुप्रो सिवाय अरू केही देखिनन् । उनी मूर्छा परिन्, धेरै वेर पछि वल्ल तल्ल उनलाई होश आयो र सम्झिन् "अमर कामदेवलाई शंकरले मात्र भष्म गर्न सक्छन् । अवश्य नै उनको आत्मा अमर छ ।' स्थिति विषम भसक्यो, रति जस्ती महान् पतिव्रता नारीले अव के गर्ने ? उनी सती जान पनि सकिनन् र वाँच्न पनि सकिनन् । उनी देवांगणा भएकीले अजर अमर थिइन् । अग्निले उनलाई जलाउन सक्दैनथ्यो । त्यसैले उनी अत्तालिदै वलिन्द्र धारा आँसु वगाउँदै भगवान शंकरका पाउमा परिन् । शिवजी भोला थिए, त्यसैले उनलाई ज्यादै दया लाग्यो । रतिको त्यो हालत शिवजीले देख्न सकेनन् र रतिदेवीलाई वरदान पनि दिए– "द्वापर युगमा यदुवंशमा पृथिवीको भार हर्न वसुदेवको पुत्रको रूपमा श्री कृष्णको जन्म हुनेछ । तिम्रा पति कृष्णका छोरा भएर जन्मने छन् । त्यसैवेला पतिसँग अवश्य नै भेट हुनेछ । अव तिमी निश्चित भएर वस ।" रतिदेवीले यस्तो वरदान पाउँदा प्रशन्नतापूर्वक भगवान आशुतोषलाई प्रणाम गरेर फर्किन् । तैपनि उनलाई प्रियतमसँग कसरी भेट होला भन्ने एउटै चिन्ता थियो । ठीक त्यसै-वेला देवर्षि नारद पनि आइपुगे । उनले सारा विश्व भ्रमण गर्ने नारद ऋषिलाई भेटेर आफ्ना पतिलाई भेट्ने उपाय सोधिन् । ऋषि प्रशन्न हुँदै उनलाई उपाय वताए । ""हे रतिदेवी ! तिमी शम्वरासुरको भवनमा पस्ने कुनै उपाय सोच, त्यहीनै पतिको दर्शन पाउने छौ ।" नारद ऋषिका अमृत वाणी एवं अमूल्य निर्देशन पाउँदा रति प्रशन्न भइन् । अनि आफ्नो नाम मायावती भनेर शम्वरासुरको भवनमा प्रवेश गरिन् । "म पाकशास्त्रमा निपूण छु, विभिन्न प्रकारका स्वादिष्ट भोजन वनाएर हजूर एवं हजूरका परिवारलाई सन्तुष्ट गराउने छु ।' शम्वरासुरले रतिको अनुरोध स्वीकारेर पाकशालाको नोकरी दिए ।

यसरी शम्वरासुरको भवनमा वस्दा वस्दै सत्ययुग पनि वित्यो, द्वापर

युगले प्रवेश गऱ्यो। रतिदेवीले पूरा तीन युगसम्म आफ्नो पतिको प्रतीक्षा गरिरहिन्। यस विसिमको अखण्ड प्रतीक्षा शायद त्यस युगको इतिहासमा प्रथम थियो। एक दिन शम्बरासुरको भान्छा कोठामा मायावती काम गर्दै थिइन्। त्यही बेला एउटा नोकरले एक नवजात शिशु ल्याएर मायावतीका सामुमा राखी दियो। एउटा ठूलो माछोको पेट चिर्दा त्यसको पेटबाट उक्त बालक पाइएको रहेछ। कसैले शिशुलाई नदीमा बगाई दिएर माछोले निलेको हुनु पर्दछ। बालक अतिनै सुन्दर देखिन्थ्यो। बालकको शारीरिक कान्ति नील मणि जस्तै उज्ज्वल थियो। वास्तवमा सौन्दर्यका देवता कामदेव स्वयंले रुक्मिणीको गर्भमा प्रद्युम्नको रूप धारण गरेका थिए र भगवान कृष्णको अंश पनि प्राप्त गरेकोले अति सुन्दर हुने नै भए। मायावतीले त्यस बालकलाई अत्यन्त प्रेमले आफ्नो काखमा राखिन्। त्यहाँ भएका अन्य नोकरहरूलाई आ–आफ्नो काममा पठाइन्। त्यस शिशुलाई एक टकले हेरिरहिन्। बालकलाई हेर्दा खेरी उनका मनमा विभिन्न भाव उर्लेर आए। उनलाई त्यहीं नै बालक रतिदेवी का आराध्यदेव हुनु पर्दछ भन्ने कता कता लाग्यो। युगौंयुगको तपस्या बल्ल सफल भएछ भन्ने ठानी उनी अति आनन्दित भइन्। ठीक त्यसैबेला देवर्षि नारद पति आइपुगे। उनले मायावतीलाई शिशुको बारेमा सम्पूर्ण रहस्य बताइदिए। शम्बरासुरले द्वारकाको अन्तःपुरबाट शिशुको चोरी गरी समुद्रमा फ्याकी दिएको रहेछ। त्यहाँको कुनै ठूलो माछाले शिशुलाई निलेको हुनाले अचानक माझीले समुद्रमा जाल हालेर माछो निकाल्यो। अनि भाग्यवश त्यही माछो यहाँ आइपुगेछ।

नारदका मुखबाट यस्तो रहस्य थाहा पाएपछि मायावतीले आफ्नो आराध्यदेवको सेवा पत्नीको भावले गर्न लागिन्। शम्बरासुरकै अन्तःपुरमा मायावतीको संरक्षणमा प्रद्युम्नको पालन पोषण भएको थियो। अलि ठूलो भएपछि मायावतीले उनलाई शस्त्रास्त्रको शिक्षा दिन लागिन्। प्रद्युम्नलाई दिव्यास्त्रको ज्ञान पनि उनैले गराइन्। विभिन्न देव अस्त्र प्राप्त गरेको हुनाले प्रद्युम्न रणकौशलमा निपूण भए। विस्तारै उनी युवक भए। उनी आफ्नो सौन्दर्यको कारणले नै कामदेव भन्ने लाग्दथे। एकदिन मायावती

अनुपम शृंगारिएर प्रद्युम्नको सामुमा गइन् । उनका चञ्चल मानसिकता देखेर जिल्ल पर्दै प्रद्युम्नले लजाएर भने– "मैले तपाईलाई सदा सर्वदा आमा समान मानेको छु । आज तपाईलाई के भयो ? अव्यवहारिक व्यवहार गरे जस्तो लाग्दछ । तपाईको यस्तो चञ्चल चेष्टा एवं मर्यादा भङ्ग व्यवहार देख्दा मलाई बडो आश्चर्य लागेको छ ।" अनि मायावतीले विनम्रतापूर्वक भनिन् 'प्राणाधार । म जन्मजन्मान्तर एवं युगौंदेखि तपाईकै दासी भएर बाँचेकी छु । तपाई मेरा पति कन्दर्पको अवतार हुनुहुन्छ । तपाई शिवजीको प्रचण्ड नेत्र ज्योतिद्वारा भष्म हुनु भएको थियो, तर आत्मा अजर अमर हुनाले भगवान शंकर सप्रति प्रशन्न हुनु भई मलाई द्वापर युगमा श्रीकृष्ण भूभार हर्न यदुकुलमा जन्मने छन् र त्यसैबेला तिम्रो पतिसंग साक्षात्कार हुनेछ भनी वरदान दिएका थिए। देवर्षि नारदका आज्ञानुसार मायावतीको रूपमा तपाईलाई प्राप्त गर्नका लागि शम्बरासुर कहाँ आएको थिएँ। म तपाईको पत्नी रति हुँ।" शम्बरासुरद्वारा द्वारकाबाट प्रद्युम्नलाई चोरेर समुद्रमा फ्याँकेको कुरा पनि मायावतीले बताइन्। उनकी आमा रुक्मिणीको शोक एवं दुःखको सम्पूर्ण कथा सुनाइन् साथै शम्बरासुरलाई मार्ने उपाय समेत सिकाएर प्रद्युम्नलाई प्रेरित गरिन्। सम्पूर्ण कथा सुनेर प्रद्युम्न क्रोधित भए । राजसभामा गएर शम्बरासुरलाई उनले युद्धको हाँक दिए । आफैले आफ्नो घरमा राखेर पालेको पलौटेले लड्नको लागि चुनौति दिएकोमा शम्बरासुरलाई आश्चर्य लाग्यो। रिसले चूर भएर ऊ प्रद्युम्नसंग लड्न लाग्यो । दुवै थरीका बीचमा धमासान युद्ध भयो । मायावतीले त्यस असुरले प्राप्त गरेको माया विद्याको रहस्य पनि प्रद्युम्नलाई बताइन् । अनि प्रद्युम्नसंग युद्धमा शम्बरासुरको शक्तिले केही गर्न सकेन । अन्त्यमा प्रद्युम्नावतार कन्दर्पको हातबाट असुर मारियो।

शम्बरासुरको मृत्यु पश्चात् मायावती आफ्नो आराध्यदेव प्रद्युम्नका साथ आकाश मार्ग गरेर द्वारका पुगिन् । प्रद्युम्नलाई देख्दा महारानीहरूको आश्चर्यको सीमा रहेन । श्रीकृष्ण र प्रद्युम्नको अनुहार एउटै थियो।

प्रद्युम्नलाई देख्ना साथै महारानी रुक्मिणीको अन्तर हृदयमा वात्सल्यको धारा छचल्किन लाग्यो । उनले सोच्न लागिन् यदि मेरो छोरा कसैले चोरेर नलगेको भए यस्तै ठूलो हुने थियो । के गरौं कुन दुष्ट अधर्मीले मेरो अनजान शिशुलाई कुन ठाउंमा लग्यो होला भन्ने सम्झेर रुन लागिन् । ठीक त्यही वेला भगवान श्रीकृष्ण महर्षि नारद साथमा लिएर आइपुग । नारदजीले प्रद्युम्नको वारेमा चारै जनालाई सारा कथा सुनाए । प्रद्युम्नले आपना पिता श्रीकृष्ण एवंमाता रुक्मिणीका चरणमा भक्तिपूर्वक शिर राखे । महारानी रुक्मिणीको हर्षको सीमा रहेन । आँखाबाट हर्षाश्रुका धारा बग्न लागे । आफ्नो छोरा अकस्मात आईपुग्नु र अलौकिक सुन्दरी मायावतीबाट आफ्नो पुत्रको सुरक्षा तथा स्वय मायावती जस्ती बुहारी पाउंदा महारानी रुक्मिणी अतिनै कृतार्थ भइन् ।

यसैले रतिदेवी या मायावतीको तपस्या ज्यादै उत्कृष्ट थियो । युग्मन्ती युगातीत प्रतिक्षाको उदाहरण आजसम्म कुनै नारीले प्रस्तुत गरेको पाइएको छैन । आज पनि उनी प्रत्येक जीवात्माका अन्तःकरणमा काम चञ्चल भावनासाथ रति बनेर बसेकी छन् ।

राधा

कतिपय नारीहरूले आफ्नो युगिन साधना तपका शक्तिले गर्दा करुणा, स्नेह, पवित्रता सचरित्रता एवं उत्सर्गमा जुन गौरवमण्डित शिखर स्थापित गरेका छन्, तिनीहरू उदयाचल जस्तै दिव्यलोकबाट प्रज्ज्वलित एवं जगमगाई रहेका छन् । हिन्दू संस्कृतिमा जहाँतहीं देवभाव छ र ती सबै नारीत्वका अखण्ड तपस्याको फल मानिन्छ । आर्य नारीत्व नै हाम्रो संजीवनी हो । महानारीहरूले आफ्नो करुणाको पीयूष वर्षाएर आर्य जातिलाई अमृत तत्वबाट सिंचन गरेका छन् । ती मध्ये राधाको नाम पनि अति उज्ज्वल मणि जस्तै जगमगाइरहेको छ ।

राधा द्वापर युगको श्रेष्ठ नवनीत नारी थिइन् । उनी स्नेह स्निग्धता, कोमलता, करुणा एवं पवित्रताको प्रतीक मानिएकी छन् । नवनीत थोरै तातो बाट पनि पग्लेर बग्दछ । त्यस्तै राधा पनि नवनीत जस्तै कृष्णका वियोगले एक पटक पग्लेर जीवनभर बगिनै रहिन् । राधाको आदर्श चरित्रको वर वन्दना गर्ने उद्देश्य लिएर आर्यनारीत्वको समस्त कोमल एवं पवित्र भाव युगौदेखि नै उनकै नाम लिएर परिक्रमा गरिरहेका छन् । श्रीकृष्णप्रति उनको समस्त आकर्षण भावना अलौकिक मानिएको छ । उनी परम धाम गोलोकमा पनि कृष्णकै उपासना गरेर आफ्नो हृदयको समस्त स्नेह माधुर्य उनमा अर्पण गर्दथिन् र यही माधुर्य भावले गर्दा यो धाम गोलोक गोकुल

वृषभानुकी कन्या बनेर अवतरित भइन्। यो पृथिवीले एक निश्चित गति एवं क्रमले सूर्यको परिक्रमा गरे जस्तै राधा पनि कृष्णको स्वरुपलाई आफ्नो हृदयमा राखेर कृष्णकै रुप एवं नामलाई नै दिव्य परिक्रमा गर्ने गर्दथिन्। राधाको महापरिक्रमा रामका नामबाट बुझ्न सकिन्छ। ब्रह्मावैवर्त्त पुराणका ब्रह्म खण्डमा उल्लेख गरेको पाइन्छ। यही रामका कारणबाट राधा नामले प्रख्यात भएकी हुन्।

रासे सम्भूय गोलोके सद्भाव हरे पुरः।
तेन राधा समाख्याता पुराविदिन द्विजोत्तम।

कृष्णप्रति राधाले जुन समर्पण भाव तन्मयता एवं आराधना दर्शाएकी छन् त्यस्तो नै पनि उपासिकाले आफ्नो उपास्य देवप्रति दर्शाएको भावना आर्य संस्कृतिको इतिहासमा पाइएको छन। कृष्णको आराधना हृदयै देखिन् गरेकोले उनको नाम राधा भएको भनिन्छ।

कृष्णेन आराध्यत इतिराधा
कृष्णं समाराध यति सदेति राधिका

(राधिकोपनिषद्)

राधा शब्दले हाम्रो हिन्दू संस्कृतिको समस्त अलौकिकता एवं चरम लक्ष्यलाई समेटेको छ। उनको नामको प्रथम अक्षर "र" न वाचक हो र "धा" निर्वाण बोधक हो। उनी निर्वाण दान गर्ने दाता मानिएकी छन्। राधाको दिव्य चरित्रले हामी उनी जस्ती परम तत्वमा समर्पण भाव राखेर जीवनको परम लक्ष्य अनायासं प्राप्त गर्न सक्छौं।

राधाको चरित्रको दिव्य भाववाट सुरसरी भएर उनको दुग्ध धवल उर्मिहरूको चित्रण गरेर विद्वान् व्यास, सुरदास नन्ददास एवं शयौं कविहरूले आफ्नो लेखनीलाई धन्य र अनन्य बनाएका छन्। कृष्ण-प्रति राधाको प्रेम अलौकिक छ। कृष्णका लागि राधाले के गरिनन् र के सहिनन्, लोक निन्दा, व्यंग्य उपहास बाधा आदि। नजाने कैयौं व्यवधान

राधाको प्रेम पयमा तगारो बनेर आइलागे। तर राधाको प्रेम निर्झरी प्रवाह गतिले सतत प्रवाहमान भइरह्यो। यतिमात्र होइन उनले अधिक तोड व्यवधानलाई आमन्त्रित गर्दै रहिन्, हरेक संघर्षमा उनी खारिएर उठिन्। उनको कृष्णप्रतिको प्रेम कुंदन जस्तै भएर प्रत्येक पटक खारिएर चम्कि रह्यो।

प्रेम अगाधा राधाका विषयमा विभिन्न किंवदन्तीहरू एवं अनर्गल कुरा प्रचार भएका छन् र उनको पवित्र प्रेमलाई शंकाका दृष्टिले हेरेका छन्।

कृष्ण परात्पर ईश्वर ब्रह्म हुन्। उनवाट कुनै कुरा पनि लुकाउन सकिन्न र सर्व प्राणिका घटघटमा निवास गर्दछन्। उनले एक पटक राधाको पवित्रता र सतीत्व परीक्षाको कसौटीमा निखारेर सवैका सामुने प्रस्तुत गर्ने विचार गरे। त्यसकारण लीला धाममा एक पटक यस्तै लीला गरेर देखाउन कृष्ण वेहोस् भएर भुईंमा लडे। उनको उपचार गर्न विभिन्न थरीका वैद्यहरू आए। अनि एकजना वैद्यले कुनै सती नारीले कपालको एउटा रौंको डोरीमा टेकेर यमुना नदी तीन पटक वारपार गरेर र प्वाल प्वाल भएको घडामा जल भरेर ल्याएमा मात्र कृष्णजी ठीक (निको) हुनेछन् र त्यही जलवाट उनको उपचार हुनेछ भने। अनि एउटा रौंको डोरी बनाएर यमुना नदीको वारपरा दुवैतिर बाँधी दिए। त्यसवेला व्रजमा एउटी युवती एवं एक वृद्धा आ–आफ्ना सतीत्वमा ज्यादै गर्व गर्दथे। ती दुवैले राधालाई समय समयमा हँस्सी उडाउने गर्दथे। त्यही मसिनो कपालको डोरीमा टेकेर यमुना नदी वारपार गर्न उनीहरू दुवैलाई बोलाइयो। यमुना किनारमा गोप एवं गोपिनीहरूको ठूलो भीड थियो। आफूलाई सती भनाउँदाहरू अरूलाई दवाव गर्ने दुवै महिलाहरू गर्वकासाथ त्यहीं आई पुगे। पहिला युवतीलाई छिट्टै प्वाल भएको घडा दिइयो र उनले पनि घडा लिएर गइन्, त्यसवेला मानिसहरू उनको सतीत्वको महिमा देख्नलाई ज्यादै उत्सुक थिए। ती युवतीले रौंको डोरीमा पाउ मात्र के राखेकी थिइन् उनी सिधा यमुनामा खसिहालिन्। सतीत्वको दम्भ गर्ने उनले

सहायताको लागि कराउन लागिन् । त्यहाँका तमासे गोपहरूले तुरुन्त दौड्दै गएर उनलाई नदीबाट बाहिर निकाले । ती युवती लजाएर भागिन् ।

त्यसपछि अर्की वृद्धा नारीको सतीत्वको परीक्षण भयो । उनी छिद्रपूर्ण कलश लिएर रौंको डोरीमा चढ्न तयार भइन् । उनी डोरीमा चढेकी मात्र थिइन् उक्त मसिनो रौंको डोरी चुंडियो र उनी पनि सिधा यमुना नदीमा खसिहालिन् । त्यसैगरी उत्ताउला गोपहरूले उनलाई नदीबाट बाहिर निकालेर बचाए । तिनी पनि शर्माएर त्यहाँबाट गइहालिन् । दुवैको सतीत्व परीक्षा भइसक्यो । त्यसै बेला भीडका कुनै एक अनुभवी व्यक्ति अगाडि सरेर यो काम अरूबाट हुनै सक्तैन, केवल कृष्णकी अनन्य उपासिका राधाले नै गर्न सक्छिन् भने । अनि त्यहाँका व्यक्तिहरूको दृष्टि प्रेम अगाधा राधातिर केन्द्रित भयो । राधा पनि शर्मिली भएर चुपचाप एकातिर बसेकी थिइन् । आफ्नो मनमा कृष्णको मूर्ति राखेर उनले त्यो छिद्रपूर्ण घडा उचालिन् । अनि रौंको डोरीमा चढेर (टेकेर) तीन पटक यमुना नदी वारपार गरिन् । उनले छिद्रपूर्ण घडामा पानी भरिन् र अपूर्व प्रेम एवं सतीत्वले गर्दा एक थोपा पानी पनि घडाबाट चुहिएन। उनले प्रसन्न हुँदै पानी भरेर ल्याइन् । अनि कृष्णका मुखमा त्यही जल छर्कियो र श्रीकृष्ण स्वस्थ भएर उठे । सम्पूर्ण उपस्थित समुदाय राधाको प्रेम एवं सचचरित्र देखेर छक्क परे । समस्त व्रज मण्डलमा उनको सतीत्वको जयजयकार मनाइयो।

राधारानीको चरित्र अलौकिक चमत्कार पूर्ण संस्करण हो। त्यो हाम्रो संस्कृतिको इतिहासमा एक ज्योतिर्विन्दु जस्तै चम्किरहेको छ । राधा विना हामी कृष्णको कल्पना गर्न सक्दैनौं र कृष्ण विना राधाको कल्पना पनि गर्न सक्दैनौं । राधा कृष्णका नाम हाम्रो हिन्दू देशका समस्त भक्तमा भक्ति भावन रस–माधुर्य एवं अपूर्व उपास्य भावना एकत्रित गरिएको छ । राधाक प्रभावबाट व्रज (क्षेत्र) प्रदेशका कण कण साक्षात् तीर्थ राज बनेको छ । उनको नाम लोक जीवनका समस्त भव बाधाहरूलाई हटाउनमा पूर्ण सक्षम भएको छ । राधा सतीहरूको मणिमाला सुमेरु हुन् भन्न सकिन्छ । कृष्णको पूर्ण शक्ति नै राधा मानिएकी छन् । राधा विना श्रीकृष्ण निस्प्राण हुन्छन् ।

रुक्मिणी

रुक्मिणी महाभारत कालकी आदर्श नारी हुन् । उनको आदर्शता गृहकुशलता आदिले हिन्दू संसारै ज्योतिर्मय बनेको छ ।

विदभ नरेश महाराज भीष्मक अत्यन्त नीतिवान थिए । रुक्मिणी उनै राजाकी छोरी थिइन् । विदर्भ नरेश कहां ठूल ठूला ऋषिमुनि एवं प्रकाण्ड विद्वानहरू बरावर आउने गर्दथे । मधुसूदनको महिमा गान गर्ने गर्दथे र स्वयं महाराज भीष्मक पनि उनका प्रिय भक्त थिए । रुक्मिणी पनि आफ्ना पिताका साथमा रही कृष्णका अलौकिक शक्ति र गुण सुन्ने गर्दथिन् । भगवान कृष्णको चर्चा हुँदा रुक्मिणीले भाव विभोर भएर उनैसँग विवाह गर्ने मनमनै अठोट गरेकी थिइन् ।

रुक्मिणी यौवनावस्थामा प्रवेश गरे पछि महाराज भीष्मक चिन्तित हुँदै गए । राजाले आफ्नी महारानीसँग छोरीको विवाह बारे चर्चा गरे । छोरीले पनि सुटुक्क यो कुरा थाहा पाइन् । त्यसैले श्याम सुन्दरसँग आफ्नो विवाह गरियोस् भन्ने कुरा साथीद्वारा आमालाई भन्न लगाइन् । महारानीले पनि छोरीको मनसाय महाराजलाई सुनाइन् । छोरीको इच्छा-लाई दुवैले स्वीकारे । तर रुक्मिणीका दाज्यू रुक्मी श्रीकृष्णसँग द्वेष राख्दथे । तसर्थ आफ्नी बहिनीको विवाह कृष्णसँग नगराई शिशुपाल-सँग सम्पन्न गराउने आफ्नो विचार आमा बाबु दुवैलाई सुनाए

उसको विचारमा कृष्ण नीच कुलमा जन्मेको हो, उसका बाबु आमाको पत्ता छैन, युद्धमा मगध देशमा जरासिन्धबाट पराजित भई भागेको हो। ऊ जरासिन्धका डरले ऋषिधरा छोडेर समुद्र किनारमा गएर बसेको थियो। त्यस्तो डरपोक नीच कालो कृष्णसँग अपूर्व गुणले युक्त भएकी रुक्मिणीको विवाह गरिदिन उनी चाहँदैनथे। यसको लागि जोसँग लड्न परे पनि अथवा युद्ध गर्न परे पनि उनी तयार थिए।

तर महाराजले आफ्नी छोरीको स्वयंम्वर मधुशूदनसँग नै गर्ने आयोजना गरेका थिए। सारा देशका राजाहरूलाई निमन्त्रणा पठाए र श्री कृष्णजीलाई एउटा चिठी लेखी एउटा भरपर्दो दूतलाई द्वारका पठाए। राजाले दूतसँग मौखिक समाचार समेत भनी पठाए "हजूर पाल्नु भई मेरी छोरीलाई वरण गर्नु होस्" महाराज भीष्मकको यो प्रस्ताव सम्पूर्ण मन्त्रीगण एवं सभासदबाट समर्थन भयो। सभासदले मात्र होइन महाराजका छोराहरू रुक्मरथ, रुक्मबाहु, रुक्मकेश र रुक्ममालीले समेत राजाको प्रस्तावलाई प्रशन्नतापूर्वक स्वीकारे। तर महाराजाका जेठा छोरा युवराज रुक्मले यो प्रस्ताव स्वीकारेनन् आफूले मनपराएको शिशुपाल कहाँ पनि स्वयंवरको निमन्त्रणा पठाउने कुरा महाराजसँग विन्ति बिसाए। महाराज आफ्नो जेठो छोरा रुक्मको उग्र स्वभावसँग बिलकुल परिचित थिए। त्यसैले चेदिराज शिशुपाललाई समेत स्वयंवरको लागि निमन्त्रणा कार्ड पठाए। रुक्मिणीले पनि पिता एवं दाज्यूको कुरा नमिलेको थाहा पाइन्। त्यसैले उनले श्रीकृष्णलाई आफ्नो र राजा भीष्मकको इच्छा साथै आफ्ना दाज्यू रुक्मिको विपरित विचार व्यक्त गरेर चिठ्ठी लेखिन्। साथै आफ्ना नारायणी सेना साथमा ल्याउन नबिर्सनु भनी आग्रह गरिन्। राक्षसी विवाहको परम्परा अनुसार उनी एकदिन अगाडि श्री जगदम्बिका भगवतीका मन्दिरमा पूजा गर्न जाने बेलामै उनलाई अपहरण गर्न अनुरोध गरिन्।

रुक्मिणीको पत्र लिएर एकजना विद्वान ब्राह्मण द्वारका गए र उक्त पत्र श्रीकृष्णलाई दिए। भोलिपल्ट बिहानै कृष्णको रथ तयार भयो। अनि विभिन्न शस्त्र अस्त्रले सजाएको रथमा बसेर श्रीकृष्ण विदर्भतर्फ प्रस्थान

गरे। वलराम पनि यो खवर सुनेर जरुर विदर्भमा घमासान युद्ध हुनेछ भन्ने ठानी नारायणी सेनासँग उहीं पुगे । उता रुक्मिणी कृष्णको आगमनको प्रतीक्षा गरिरहेकी थिइन् । स्वयंम्वर हुन केवल तीन दिन मात्र बाँकी थियो। उनी शङ्का उपशङ्का महाशङ्का गर्दैथिइन् । त्यही चिठी लिएर जाने ब्राह्मण आएर रुक्मिणीलाई भगवान मधुसूदन आई पुगेको खवर सुनाए र साथमा वलरामले अजेय नारायणी सेना पनि ल्याएको सुनाए । यो सुनेर रुक्मिणी हर्षले ज्यादै विभोर भइन् ।

चेदीराज शिशुपाललाई पनि विदर्भमा सङ्घर्ष अवश्य हुन्छ भन्ने शङ्का थियो । उनले पनि ठूल्ठूला राजा महाराज, जरासिन्ध दन्तवक्र, पौण्ड्र आदिलाई निमन्त्रणा गरे । सबै आफ्ना सेना लिएर विदर्भ पुगे महाराज भीष्मकले पनि सबैको यथोचित स्वागत गरेर उचित आवास प्रदान गरे । श्रीकृष्ण र वलरामलाई हार्दिक प्रेमपूर्वक स्वागत गरे । अनि दुवै दाज्यू भाइका निमित्त अत्यन्त सुन्दर आवासको व्यवस्था गरे। श्रीकृष्ण एवं वलरामको आगमन सुनेर सारा नगर निवासी दर्शन गर्न आएका थिए। सबैले आ-आफा इष्ट देवताको प्रार्थना गरेर विदर्भ कुमारी रुक्मिणीको वरण श्रीकृष्णले नै गरुन् भन्ने चाहना गरे। तर जरासिन्धले कृष्ण आएको देखेर शङ्कित भएर कृष्णका विरुद्ध षडयन्त्र रच्न लागे

स्वयंम्वरको एकदिन अगाडि रुक्मिणी आफ्ना साथीहरूका साथ देवीको मन्दिरमा गइन् । यता सम्पूर्ण आगन्तुक राजाहरू आफ्ना आफ्ना सेनाहरुका साथ युद्धका लागि तम्तयार थिए । रुक्मिणीलाई अपहरण गरिने छ भन्ने शङ्का सबैलाई थियो । राजा भीष्मकले पनि छोरीलाई मन्दिरबाट फर्कनलाई रथ पठाए। रुक्मिणी मन्दिरबाट निस्केकी मात्र के थिइन् चारै तिरबाट राजा महाराजाहरूको भीड देखिन् । उनको अपूर्व सौन्दर्य देख्दा घेरै जसो राजाहरू वेहोस भए। त्यसवेला रुक्मिणी पनि भगवान कृष्णजीलाई खोज्दै थिइन् । एककासी उनले भगवान श्रीकृष्ण मुस्कुराइरहेको देखिन् । रथमा गरुडध्वज फहराइरहेको थियो ।

रुक्मिणी श्रीकृष्णको रथतिर यसो बढेकी मात्र के थिइन्, भगवान

विद्युत गतिले अघि बढेर रुक्मिणीलाई हातले उठाएर रथमा राखीहाले। अरु हेरेको हेर्‍यै भए। त्यसपछि रथको ध्वजा फहराउँदै सम्पूर्ण राजाहरूका बीचबाट उनको रथ निस्क्यो। बल्ल पो अरु राजाहरूको होश आयो। यो देखेर सम्पूर्ण राजाहरू भगवानका पछि पछि लागे। झटपट बलरामले पनि नारायणी सेनाद्वारा ती सबैलाई बीचैमा रोकिदिए। दुवै थरीका बीच भयङ्कर युद्ध भयो। विदर्भ कुमारी डरले थरथर कापिन्। यो देखेर भगवान श्रीकृष्णले रुक्मिणीसँग नारायणी सेनालाई कसैले जित्न सक्दैनन् भने। दुवैका बीच घनघोर युद्ध भयो, जरासन्ध, शिशुपाल आदि पराजित भएर त्यहाँबाट फर्के। रुक्मिणीका दाज्यू रूक्मिले यो सुनेर कृष्णलाई "म अहिल्यै मार्दछु र बहिनी साथै लिएर माल आउँछु "भन्ने प्रतिज्ञा गरे। रुक्मिले आफ्नो विशाल सेना लिएर भगवान कृष्णको पिछा गरे। रुक्मिका सेना एवं श्रीकृष्णका सेना बीच ठूलो युद्ध भयो। श्री श्याम सुन्दरले विदर्भ सेनाको अस्त्र शस्त्र रथ समेत काटी दिए। तैपनि रुक्मी ढाल तलवार लिएर कृष्णका साथ लड्न लागे। श्री कृष्णले पनि उसका तलवार कैयौं टुका पारेर स्वयं रुक्मीलाई नै मार्न तयार भए। यो देखेर रुक्मिणी दाज्यूको प्राण जान लाग्यो भन्ने शङ्काले रूँदै भनिन् "हे त्रैलोक्य नाथ! दाज्यूको प्राण भीक्षा माग्दछु, दाज्यूको प्राण नलिइयोस्।" रुक्मिणीको यस्तो विन्ति भाव सुनेर भगवान हाँस्दै रुक्मीको कपाल र दाह्री जुङ्गा तलवारले मुडिदिए।

त्यसपछि विदर्भ कुमारी लिएर द्वारका पुगी शास्त्रका विधि अनुसार रुक्मिणीका साथ विवाह गरे। महाराज भीष्मक छोरीको विवाह श्री मधु-सूदनका साथ भएको हुँदा हर्षले विभोर भए। रुक्मिणीलाई अनेक बहुमूल्य रत्न एवं हात्ती, घोडा ,अनगिन्ती गाई दाइजो दिए। रुक्मिणीले आफ्नो अस्तित्वको पूर्ण समर्पण नै श्रीकृष्णको व्यक्तित्वमा गरेकी थिइन्। द्वारकामा उनका हजारौं दास दासीहरू थिए ,तपानि उनले श्रीकृष्णको सेवा आफ्नै हातले गर्दथिन्। कृष्णका मनका कुरा समेत उनले थाहा पाउँदथिन्। श्री कृष्ण रुक्मिणीलाई अगाध माया स्नेह गर्दथे। रुक्मिणी

पनि आफ्ना आराध्यदेव कृष्णलाई उत्तिकै प्रेम गर्न्ना वहाउथिन् । जस्तो सीता रामको मेल मिलाप थियो उस्तै रुक्मिणी र कृष्णमा पनि थियो र रुक्मिणीनै सीताको पुनर्रुप मानिन्छ ।

केही वर्ष पछि रुक्मिणीवाट क्रमसः दश छोरा जन्मे । प्रद्युन, चारुदेष्ण, सुदेष्ण, चारुदेह, सुचारु चारुगुप्त, भद्रचारु, चारुचन्द्र, विचारु र चारुका नामवाट संसार विख्यात भएका छन् । एक पटक श्रीकृष्ण रुक्मिणीका साथ खोपीमा विश्राम गरेका थिए । दुवैका वीचमा विभिन्न वार्तालाप भएको थियो । श्रीकृष्णले ठट्टा गर्दै रुक्मिणीलाई भने "तिमीलाई माग्न कस्ता कस्ता वीर राजाहरू आएका थिए । तर तिमीले तिनीहरूलाई स्वीकारिनौ । अर्काका हाहा र लैलैमा लागेर त्यस्ताको कुरा सुनेर मलाई स्वीकार्यौ । मसँग केही छैन, न त म कुनै ठूलो प्रशंसनीय वीर पुरुष हूँ । त्यस्ता कुरामा तिमी जस्ती राजकुमारीले मोहित हुनु हुदैनथ्यो । मसँग धन पनि छैन, म कहिल्यै स्त्रीप्रति मोहित हुन्न र सन्तानको इच्छा पनि कहिल्यै गर्दिन । त्यसैले तिमी-जस्ती रुप र गुणले युक्त भएकी राजकुमारीले आफ्नो इच्छानुसार कुनै राजकुमारलाई वरण गर्नु नै कल्याण हुने थियो ।

भगवान श्रीकृष्णका मुखवाट यति के सुनेकी थिइन्, रुक्मिणी मूर्छा परिहालिन् । हृदयदेखिनै कृष्णलाई चाहनेले उनैका मुखवाट यस्ता कटु हृदय विदारक शब्द सुन्नु पर्दा त्योभन्दा दुःखको कुरा जीवनमा अरु कुनै थिएन । उनी धेरै वेरसम्म विचेत भइन् । उनको यस्तो हालत देखेर कृष्णले आफ्नो काखमा लिएर सह्याले । रुक्मिणीको मूर्छा खुले पछि यो सवै ठट्टामा भनेको हूँ भने । रुक्मिणीले आफ्नो आँशु पुछेर श्रीकृष्णलाई भनिन्, "हो हजूरले भन्नु भएको ठीकै छ । ममा हजूरकी पत्नी हुने योग्यता र गुण छैन होला । जे होस् म जन्म जन्मान्तरमा हजूरकै पत्नी भएर जन्मौं ।

लोपामुद्रा

लोपामुद्रा सच्चरित्रकी महिमामयी विभूतिहरू मध्ये एक हुन् । यस्ती महानारीको जन्म संवन्धित एक अति प्रसिद्ध कथा छ । एक पल्ट महर्षि अगस्त्य कुनै कामले वाहिर गएका थिए । उनले वाटोमा केही व्यक्तिहरू टाउको तलतिर झारेर एउटा मूढोमा झुण्डिरहेका देखे । यो देखेर महर्षिलाई आश्चर्य र कुतुहल लाग्यो र उनीहरूलाई यस वारेमा सोध पुछ गरे । महर्षिले सोद्धा खेरी तिनीहरूले त्यसवारेमा भने "हामी तिम्रा पूर्खा हौं । तिम्रो एउटा पुत्र होला कि भन्ने आशामा हामी यस मूढामा झुण्डिएका छौं । तिम्रा सन्तानवाट हाम्रो ठूलो उद्धार हुनेछ । अनि तिमीले पनि सद्गति प्राप्त गर्नेछौं ।" महर्षिले पनि तिनीहरूलाई आश्वासन दिए । तर कुन चाहि स्त्रीलाई आफ्नी पत्नी वनाऊँ भन्ने एक विषम समस्या खडा भयो । त्यही समयमा विदर्भ नरेशका ब्राह्मणहरूको वरदानवाट एक अत्यन्त रुपवती पुत्री उत्पन्न भएकी थिइन् । उनको रुपले चन्द्रमाको शोभा पनि लजाऊँथ्यो । त्यसैले उनको नाम लोपामुद्रा राखिएको थियो । उनी रुप, गुण, शील, सदाचार, विवेक र संयमकी खानी थिइन् ।

लोपामुद्राको रुप एवं महिमा अगस्त्य ऋषिले सुनिसकेका थिए । त्यसकारण उनैलाई मनमनैले पत्नीको रुपमा स्वीकारेर एक दिन विदर्भ नरेश कहाँ गएर लोपामुद्रालाई मागे । राजाले आफ्नी एक्ली छोरीलाई

त्यस्ता वैरागी तपस्वीलाई कसरी दिऊन् पनि ? तर त्यस्ता परम तपस्वीका प्रभावले भयभीत थिए विदर्भ नरेश । आफ्ना पिताको यस्तो स्थिति देखेर लोपामुद्रा स्वयं उपस्थित भएर भनिन् "पिताजी ! हजूर मेरा लागि दुखित नहुनु होस् । मलाई महान् ऋषिको सेवामा समर्पित हुन दिनुहोस् । यसैबाट हामी दुवैको भलो हुनेछ ।" आफ्नी स्नेही छोरी लोपामुद्राको यस्तो दृढ विचार देखेर राजाले शास्त्रीय विधि अनुसार अगस्त्यका साथ विवाह सम्पन्न गराइ दिए । विवाह पश्चात महर्षिले भने "देवी ! तिमी आफ्ना यी समस्त राजसी वस्त्राभूषण यहीं उतारी देऊ। आश्रममा तिम्रा आभूषणको रक्षा हुन असम्भव छ" । राजसी सुखमा हुर्के बढेकी राजकुमारी लोपामुद्राले तुरुन्त समस्त वस्त्राभूषण उतारेर गेरु वस्त्र धारण गरिन् । अनि सहर्ष आफ्ना पतिको छायानुगामिनी बनेर वनमा ऋषिका पछि लागिन् । उनले आफ्नो विगत जीवन बिसिदिइन् । उनी एक निष्ट तपश्विनी जस्तै भइन् तापनि आत्म साधनमा मात्र लीन नभएर सदा गृहिणी बनी आदर्श परिवार, घर व्यवहार सञ्चालन गर्न लागिन् । महर्षिको तप साधनामा अरु सघाउ गर्नका निमित्त उनी सधै सतर्क रहन्थिन् । महर्षिका आज्ञालाई परमेश्वरकै आज्ञा मान्दथिन् । उनी तनमन अथवा प्राणै दिएर पनि आफ्नो लक्षमा केन्द्रत हुन्थिन् । शास्त्रानुसार लोपामुद्राका सुन्दर व्यवस्थित कार्यका कारणलेनै अगस्त्य महर्षिको आश्रम समस्त भारत वर्षमा सर्वश्रेष्ठ मानिएको थियो ।

लोपामुद्राको आफूप्रतिको भक्ति र उनको अमूल्य गुणले गर्दा महर्षि अगस्त्य ज्यादै प्रशन्न भएका थिए । त्यसकारण त्यस्ता महान् तपस्वीले पनि आफ्नी पत्नीलाई जसरी भएपनि सुख दिने विचारले धनको अभिलाषा गर्न लागे । एक दिन महर्षि राजा इल्वलका दरवारमा गए र आफ्नो उद्देश्य प्रकट गरे । राजा इल्वल पनि आफूले कमाएको धन ऋषिलाई दिन पाउँदा ज्यादै प्रशन्न भएर थुप्रै धन सम्पति दिएर विदा दिए । लोपामुद्रामा भएका सदाचार सच्चरित्र, धर्मपरायणता आदि सद्गुणका कारणले गर्दा महर्षिको

अत्यन्त प्रिय थिइन् । राज दवारमा हुर्की बढेर पनि उनले आफ्नो तपस्वी पतिको अनुकूल जीवन व्यतित गरिन्, अद्वितीय बनिन् ।स्वयं महर्षि अगस्त्यले यसलाई स्वीकारेर लोपामुद्रालाई अगाध प्रेमले आफू नजिक बोलाएर भने पनि "हे कल्याणी ! म तिम्रा सदाचारले ज्यादै सन्तुष्ट भएको छु" ।

लोपामुद्राले आफ्नो दैनिक चर्याद्वारा सती नारीहरूका लागि जुन आदर्श प्रस्तुत गरिन् त्यो सिद्धान्तका दृष्टिले पनि उत्कृष्ट मानिएको छ । उनीहरूद्वारा प्रतिपादित मार्गमा हिन्दु-नारीहरूले आफ्नो आत्म कल्याण गर्न सक्ने मात्र होइन, घर गृहस्थीलाई समेत स्वर्ग समान बनाएर परिवार समाज राष्ट्र एवं मानवताको मङ्गलमय शृंगार गर्न सक्दछन् । लोपामुद्राको यस्तो आदर्श गुणले त्यसवेलाका विश्वविश्रुत विभूतिहरू पनि महासतीको जीवनवाट प्रेरणा लिन कहिलेकाही उनका आश्रममा आउने गर्दथे । सीताका साथ राम अगस्त्य एवं लोपामुद्राका आश्रममा आएका थिए । त्यसैगरी देवताहरूलाई लिएर गुरु वृहस्पतिले महारानी सती लोपामुद्राको सतीत्व एवं पातिव्रत्य धमका वारेमा महर्षि अगस्त्यसँग जे भने त्यो कुरा भारतका सती नारीहरू प्रति एक अप्रतिम प्रणति मानिएको छ ।

वृन्दा

कालनेमीकी छोरी वृन्दा जन्मैदेखि वत्तीस लक्षणले युक्त थिइन्। उनी वाल्यावस्थादेखि नै भोली भाली र परम आस्तिक थिइन्। सुसंपन्न कुलमा जन्मेकी वृन्दालाई वैभवशाली पिताको घरमा सुख भोगको केही कमी थिएन। यस्तो धनाढ्य घरमा हुर्के बढेकी भए तापनि उनले महान् तपस्वीनी जस्तै सरल जीवन विताएकी थिइन्। आफ्ना घरमा आउने जाने अतिथिहरूसंग ज्यादै शिष्ट व्यवहार गर्दथिन्। एकदिन नारदजी कालनेमी कहाँ आएका वेला साक्षात् दीप शिखा जस्ती तेजस्वीनी वृन्दालाई देखेर ज्यादै प्रशन्न भए। तर तुरुन्तै महर्षि दुःखित पनि भइहाले। वृन्दाका पिताले ऋषि दुःखी हुनको कारण सोद्धा उनले वृन्दालाई त्यहाँबाट हटाएर भन्न लागे– "हे महामना। तपाईकी छोरी रुप गुण शील स्वभावमा अद्वितीय छन्। यिनको विवाह पनि अत्यन्त वलवान एवं यशस्वीसँग हुनेछ। उनको आसुरी स्वभावले तीनै लोकलाई थर्कमान गर्न सक्ने छ र युद्धमा भगवान शङ्करले मात्र उसलाई मार्न सक्ने छन्।" यस्तो रहस्य थाहा पाएर कालनेमी चिन्तामे आकुल व्याकुल भए। नारदले पनि यति भनेर आफ्नो वाटो लताए। वृन्दाले यो सवै वृतान्त थाहा पाइन् र उनले मनमनै प्रतिज्ञा गरिन्– "मेरो पातिव्रत्य धर्म अटल रहेसम्म एकजनाको त के कुरा सयौं शङ्कर लड्न आए तापनि मेरा पतिलाई मार्न सक्ने छैनन्।"

वर्ष वित्दै गए वृन्दाले पनि विस्तारै यौवन शिखरमा पाइलो हालिन्।

उनी विवाह योग्य भइन् र नारदको भविष्य वाणी पूर्ण भयो। उनको विवाह ब्राह्मण कुलीय असुर नीतिधारी जलन्धरका साथ सुसम्पन्न भयो। विवाहको बेला जलंधर वृन्दाको साथमा अग्नि देवताको प्रदक्षिणा गरिरहेका थिए अकस्मात जलन्धरको शिरको माहुर (मङ्गल मुकुट) भूइँमा खस्यो। यो अशुभ सूचक थियो। पुरोहितलाई शङ्का भयो र विवाह स्थगित गर्ने सल्लाह दिए। तर वृन्दाले अत्यन्त दृढतासाथ अनुरोध गरिन्– जलन्धर मेरा पति भई सके, मैले पनि यिनैलाई मनले वरण गरी सकेकी थिएँ। साध्वी नारीले सनातन धर्मानुसार केवल एकै पटक मात्र वरण गर्दछन्। म मेरै भाग्यमा भर पर्दछु। म आफ्नो पातिव्रत्य धर्मबाट मेरा पतिको मङ्गल गर्नेछु।" वृन्दाको इच्छानुसार उनका पिता कालनेमीले आफ्नी छोरीको जलन्धरका साथ विवाह गरिदिए। जलन्धर वृन्दाका साथ आफ्नो शहरमा गए। त्यस दिनदेखि वृन्दाका लागि जलन्धर नै आराध्यदेव, साधना, तप आदि भए।

परम प्रतापी जलन्धरको जन्म विचित्र एवं अलौकिक छ। एक पटक देवराज इन्द्र ऐरावतमा चढेर भगवान शङ्करको दर्शन गर्न शिवलोक गएका थिए। बाटोमा महाभयङ्कर आकृति भएको एक जना पुरुष देखे। देवेन्द्रले ऊसँग भगवान शङ्कर कहाँ हुनुहुन्छ भनी सोधे। तर त्यस भयङ्कर पुरुषले न त उत्तर दियो न त इन्द्रलाई बाटो छाडिदियो। देवराजलाई ज्यादै रिस उठ्यो र त्यस पुरुष उपर उनले आफ्नो वज्र प्रहार गरे। वज्र अत्यन्त गर्जनका साथ त्यस पुरुषको टाउकोमा लाग्यो। वज्र लाग्नाले उसको मस्तकबाट भयङ्कर ज्वाला निस्क्यो। इन्द्रले ध्यान गरेर हेर्दा ती पुरुष स्वयं भगवान सदाशिव रहेछन्। देवराज डरले भयभीत भए। तैपनि शङ्करको क्रोध शान्त भएन। यो कुरा देवगुरू बृहस्पतिले पनि थाहा पाए। उनी आएर भगवान शङ्करको विभिन्न स्तुति गरे। अनि शिवजी प्रशन्न हुँदै भने– "मेरो त्रिनेत्र खुली सक्यो। यसको ज्वाला कहिल्यै निस्फल हुँदैन।" गुरू बृस्हपतिले बहुत विनय गर्दा भगवान शङ्करले त्यस ज्वालालाई समुद्रमा फ्याक्दै भने– यस ज्वालाबाट एकजना परम प्रतापी

वीरको जन्म हुनेछ। त्यसले तीनै लोक जित्ने छ र देवतालाई समेत त्रास दिनेछ।" देवगुरुले फेरि प्रार्थना गर्दा बल्ल त्रिनेत्रधारी शिवजीले भने- "हुन्छ त्यस वीरको संहार पनि मैले नै गर्ने छु।

भगवान शङ्करको ज्वाला जब समुद्रमा परेथ्यो त्यसबेला भयङ्कर बडवानल उद्दीप्त भयो र चारै दिशामा कंपन समेत भयो। त्यसबाट एउटा बालक उत्पन्न भएर भयङ्कर स्वरले रून लाग्यो। त्यो डरलाग्दो स्वरले ब्रह्माजीको आसन समेत हल्लिन लाग्यो। उत्तीखेरै समुद्र देवता वरूण ब्रह्माजी कहाँ गए। ब्रह्माजीले सोधे– "यो बालक कसको हो?" समुद्रले उत्तर दिए, "यो मेरो बालक हो। तपाईले यस बालकलाई पालन पोषण गरेर उत्तम संस्कारले युक्त गरिदिनु होस्।" ब्रह्माजीले त्यस बालकलाई आफ्नो काखमा राखे। काखमा लिने बित्तिकै बालकले ब्रह्माजीको दाह्री समातेर बलपूर्वक तान्न लाग्यो। यसले गर्दा ब्रह्माजीका आँखाबाट आँसु चुहियो। यसैकारण त्यस बालकको नाम जलन्धर राखियो।

ब्रह्माजीले पनि त्यस बालकलाई विभिन्न शास्त्र पढाएर सर्वशास्त्र वेत्ता बनाए। उसले अतिउग्र तपस्या गऱ्यो र उक्त कठोर तपस्याले ब्रह्माजी ज्यादै खुशी भए र उसलाई शङ्कर बाहेक सबैबाट अजेय बनाए। ब्रह्माका वरदानको प्रभावले जलन्धरले तीनै लोक जितेर देवताहरूलाई स्वर्गबाट धपायो। सबै देवताहरू मिलेर कैयौं पटक जलन्धरसँग युद्ध गरे। तर जहिले पनि उनीहरू हारेरै भागे। यही परम प्रतापी ज्ञानी जलन्धरको विवाह सती वृन्दाकासाथ भयो। वृन्दाले पातिव्रत्य धर्मको उत्कृष्ट साधना गरेरै देखाइन्। उनको यो धर्म ज्यादै अद्वितीय थियो। जब जलन्धर घरबाट बाहिर निस्कन्थ्यो युद्धमा होस् वा अन्य कुनै कार्यमा, उसकी पत्नी वृन्दाले आफ्नो पतिको निरन्तर ध्यान गर्दथिन्। वृन्दाको सतीत्वले नै कसैले पनि उसलाई मार्न सक्दैनथे। पत्नीको सतीत्वले नै ऊ प्रतिपल सुरक्षित रहन्थ्यो। देवेन्द्रको वृत्रासुरघाती वज्र, वरुणको पाश, यमराजको कालदण्ड, कार्तिकेयको पिनाक यी सबै हतियारहरू

जलन्धरका सामुमा खेलौना जस्तै थिए । संसारभरका राजाहरूको कुनै गणना नै थिएन । हर-प्रकारबाट पराभूत भएरै देवराज अन्य प्रमुख देवता-हरूका साथ भगवान शङ्करका शरणमा गए । जलन्धरले पनि यो खबर पाएपछि उनलाई अपमानित गर्ने उद्देश्यले कैलाश पर्वततिर शङ्कर भेट्न गयो जलन्धरले पार्वती देख्दा उनको रूपमा मुग्ध भयो । भगवान शङ्करसँग उसको भेट भएन । आफ्नो राजधानी तर्फ आएर सेनापतिलाई पार्वती पक्रेर ल्याउन आदेश दियो ।

यो कुरा थाहा पाएपछि भगवान शंकर ज्यादै नै क्रुद्ध भए । कैलास पर्वतमा शम्भूको रणभेरी बज्यो । भयंकर भूतप्रेत पिचास समूहका साथ सबै देवताहरू इन्द्रका नेतृत्वमा जलन्धरसंग लडाई गर्न ताँती लागे । वीर जलन्धर पनि आपनो सेनाका साथ रणभूमिमा आयो । भगवान शंकर एवं असुराधिपति जलन्धरका बीचमा ठूलो संग्राम भयो । कैयौं दिनसम्म लड्दा पनि भगवानले उसको कपालको एउटा रौंसम्म पनि झार्न सकेनन् । शिवको त्रिनेत्र ज्वाला, रुद्ररोष, सृष्टि विनाशक त्रिसुल आदि सारा बल विफल भए । यस्तो युद्ध जीवनभर भगवान शंकरले कतै गरेकै थिएनन् । सम्पूर्ण देवता एकातिर लागेर लडाइ गर्दा पनि जलन्धरलाई जित्न नसक्दा देवताहरू ज्यादै दुःखित भए ।

देवताहरू उदास एवं दुःखित थिए । उनीहरूमा जुन होस्, उत्साह, रणजागृति थियो त्यो सबै सेलाउँदै गयो । खास गरेर वृन्दाको पातिव्रत्य धर्मले नै जलन्धरको पूरा रक्षा भएको थियो । उनको सच्चरित्रका सामु जुनसुकै शक्ति पनि तुच्छ हुन्थ्यो । भगवान शंकरले समेत जलन्धरलाई जित्न सकेनन् भने उसलाई मार्ने शक्ति कोसंग होला भन्ने कुराले देवगण ज्यादै चिन्तित भए । भगवान् शंकर एवं ब्रह्माजीका साथ सबै देवताहरू सनातन विष्णु भगवानका शरणमा गए । अनि जलन्धरको विजयमा विचार गर्न लागे । यस विषयमा केवल विष्णु भगवानलाई मात्र थाहा थियो र सम्झाए पनि – "हे देवाधिदेव ! हे प्रलयंकर भगवान शंकर । जबसम्म घरकी परम सती पत्नी वृन्दा पतिको ध्यानमा व्यस्त

हुन्छिन्, उनको पातिव्रत्य धर्म अखण्ड हुन्छ, त्यसबेलासम्म एक शंकरको शक्तिको त के कुरा गर्नु तीनै परम देवताहरू एकापट्टि मिलेर जलन्धरसंग घनघोर संग्राम गरे तापनि उसलाई कसैले जित्नै सक्दैन । मार्न ता परै जाओस उसको कपालको एउटा रौं समेत झार्न सकिन्न । सतीत्व तेज तीनै देवताको सम्मिलित बल एवं शक्तिभन्दा पनि ज्यादै प्रचण्ड हुन्छ ।

यो रहस्य बुझेर भगवान शंकर चिन्तित भए । शंकर असुराधिपति जलन्धरसंग महाघोर संग्राम गर्दा पनि उसलाई मार्न असफल नै भए । महापराक्रमी जलन्धरका सामु शिवको त्रिनेत्र एवं भैरव, वीरभद्रको संहारक शक्ति समेत हीन भयो । असुरेश जलन्धरकी पत्नी वृन्दा हरहमेशा हृदयमा पतिकै ध्यान र मन्त्रणा गर्दथिन् । त्यसैले जबसम्म वृन्दा जलन्धरको मङ्गल ध्यान गर्दछिन् त्यसबेलासम्म उसलाई कसैले मार्न ता परै जावस् डेक चलाउन पनि सक्दैनथे । सतीत्व– तेज सर्वोपरि हुन्छ । बरु छल गरेर नै वृन्दाको सतचरित्र नष्ट गरेमा मात्र जलन्धरलाई मार्न सकिन्छ । अथवा केही समयको लागि वृन्दाले जलन्धरको चिन्तन गर्न छोडिन् भने त्यसै बीचमा उसलाई मार्न सकिन्छ भन्ने सबैले निश्चय गरे ।

यस कठिन कार्यलाई सबै देवताहरूले विष्णु भगवानको जिम्मामा सुम्पिदिए । अर्को दिनमा भगवान शंकर र जलन्धर दुईका बीचमा महाघोर संग्राम भयो । यता भगवान विष्णु जलन्धरको रूप लिएर उसकी पत्नी वृन्दाको महलमा गए । बिना सूचना असमयमै आपनो घरमा आएको देख्दा उनलाई आश्चर्य लाग्यो । जलन्धर भेषधारी विष्णुले भने– "प्रिय आश्चर्य नमान, तिम्रो सतीत्वको बलका प्रभावले नै आज शंकरलाई जितें । उनी रणभूमिबाट विमुख भएर भागे ।" अनि वृन्दा प्रसन्न भएर जलन्धरको पाउ छोइन् र स्वागत गरिन् । भगवान विष्णुले भने "आज म धेरै थाकेको हुँदा सुत्ने इच्छा छ" । वृन्दाले तुरुन्त ओछ्यान तयार पारिन् । उनलाई सुताएर गोडा मिच्न लागिन् । आपनो पति आफूसंगै भएकाले उनले पतिको चिन्तन गर्न छोडिन् । त्यसबीच भगवान शंकरले आपनो अंगुष्ट चक्रद्वारा जलन्धरलाई मारे । मृत्यु पश्चात् जलन्धरको काटिएको पाखुरा वृन्दाको नजीकै आएर

खस्यो। उनी झस्यांङ्ग भइन्, तर भगवान निदाएको बहाना गर्दै सबै हेरिरहेका थिए। अनि वृन्दाले विष्णुलाई झ्यांगल–झुङ्गल गरेर भनिन्– "तपाई मेरा पति जलन्धर हुनुहुन्छ या अर्कै छलिया ? तुरुन्त बताउनु होस्, मैले आजसम्म कुनै परपुरुषको स्पर्शसम्म पनि गरेकी छैन।" अनि घोरिदै विष्णुले आफ्नो वास्तविक रूपधारण गरेर ओछ्यानबाट उठे। विष्णुको यस्तो छल देखेर वृन्दा हाहाकार गर्दै उठिन् र क्रोधित हुँदै विष्णुलाई सराप दिइन्। "सनातन स्वामी एवं जगत् नियन्ता भएर पनि तिमीले दुष्ट काम गऱ्यौ। यदि मेरो सतीत्व अखण्डित छ भने तिमी तुरुन्तै जड पाषाण भई हाल।"

यसरी वृन्दाको सराप परे पछि भगवान विष्णु नतमस्तक स्वीकार्दै वृन्दासंग भने– "हे देवी ! तिम्रो सतीत्व अखण्डित छ, अब तिमीले सती धर्मलाई पालन गर। तर अर्को जन्ममा तिम्रा अङ्गबाट तुलसी, धात्री कुश, अमला र पिपल यी चार पवित्र वृक्ष उत्पन्न हुनेछन्। म नर्वदाका किनारमा शालिग्राम एवं पाषाण बनेर प्रकट हुनेछु। अनि सधैं तिम्रो तुलसी रूपलाई आफ्नो शिरमा धारण गरूँला। सतीको स्थान सधैं मेरो शिरमा रहने छ।" अनि वृन्दाले पनि तुरुन्तै भगवान विष्णुको महामायालाई प्रणाम गरेर आफ्नो योग शक्तिबाट अग्नि प्रकट गराइन् र विष्णुले देख्दा देख्दै उनी भष्म भइन्।

यो महासति वृन्दाको परम पावन कथा हो। वृन्दा आफ्नो पातिव्रत्य धर्म पालनाले सतीनारीहरूको सर्वोच्च पदाधिकारिणी बनिन्। जगत पालक त्रिलोकीनाथ विष्णु सती वृन्दाको तुलसी रूपलाई निरन्तर आफ्नो शिरमा धारण गर्दछन्। जबतक शालिग्राममा तुलसी पत्र र दल चढाईदैन भगवान शालिग्रामको उपासना त्यसबेलासम्म अधुरो नै रहनेछ। जबतक आकाशमा सूर्य उदाउँछन्, त्यसबेलासम्म सती वृन्दाको सतीत्व ज्योति पृथिवीमा झलमलाउने छ। सती वृन्दाको सतीत्व सुनौला अक्षरमा अमिट रहेको छ।

शतरूपा

मानव सृष्टिको अरुणोदयको वेला थियो। त्यसवेला महासती शतरूपा आफ्ना पति महाराजा मनुका सेवामा रत थिइन्। पति सेवा नै जीवनको महान् लक्ष्य थियो महासती शतरुपाको । आफ्नो महान् शक्तिद्वारा उनले सनातन भगवानकी आमा बन्ने सौभाग्य समेत प्राप्त गरिन्। उनको परम तेजका कारणले साक्षात् भगवान जगत् नियन्ताले नै शतरूपाको पुत्र भएर उनका काखमा खेल्दै बालक्रिडा गर्नु पऱ्यो। यो उनको परम सच्चरित्रको प्रभाव थियो। त्यसैले निर्गुण निराकार ब्रह्मलाई साकार एवं सगुण रुपमा यही पृथिवी धाममा अवतरित हुनु पऱ्यो ।

सृष्टिको शुरू शुरुमा ब्रह्माले सनकादि पुत्रहरूको सृष्टि गरे, तर तिनी-हरू निवृत्तिपरायण भए पछि उनलाई ज्यादै दुःख लाग्यो। ब्रह्माजी जस्ता सृष्टिकर्ता पनि दुःखित भएकाले उनको शरीर दुई भागमा विभाजित भयो- रजोगुण र तमोगुण । अनि यही विभाजनको दक्षिण एवं वाम भागबाट एक पुरुष र एक नारीको सिर्जना गरे। दक्षिण भागबाट उत्पन्न मनु र वाम भागबाट उत्पन्न नारी शतरुपा नामबाट सर्व विख्यात भए। महाराज मनु ब्रह्मावर्तका अधिश्वर बने । अनि शतरुपा मनुकी पत्नीका रुपमा समावृत भइन्। उनी वैभवशाली थिइन्, तापनि पतिसेवामा हर-हमेशा

तल्लीन भइरहन्थिन् । नारीहरूमा जति सद्गुण छन् ती सद्गुणीको आदि विधात्री शतरुपा नै थिइन् । मनु शतरुपा दुबैजना तपस्यामा लीन भएर शक्ति प्राप्त गरे । ब्रह्माले पनि यिनीहरूलाई आफ्नो सृष्टिको भार सुम्पि-दिए । उक्त सिर्जनाको अभिभारा सफलतापूर्वक बहन गर्न उनीहरूले फेरि सकल कारण स्वरुपिणी आद्याशक्ति भगवतीको आराधना गरे । भगवती खुसी भएर मनु तथा शतरुपाको इच्छानुसार प्रजाको सृष्टि कार्य निर्दिष्ट चलिरहोस् भनी वरदान दिइन् । सतरुपा अत्यधिक लजाउँथिन् । प्रथम पटक महाराज मनुको स्पर्श पाउँदा उनी लाजले भुतुक्क भएर धेरै समय-सम्म विभिन्न रुप धारणा गर्दै लुकिरहिन् । तर शतरुपाले जुन रूप लिएर बस्थिन् महाराज मनु पनि त्यही रुप धारण गरेर उनी कहाँ पुगी हाल्दथे । यसैकारण उनी अनेक जीवात्माकी आमा बनिन् । उनमा अनेक रुप धारण गर्ने शक्ति एवं कारणले गर्दा उनलाई शतरुपा भनिएको हो ।

आदि दम्पत्ति मनु एवं शतरुपाको जीवन धर्म सम्मत थियो । उनीहरूको धर्माचरणको महिमाका शताधिक कथा उपनिषद एवं पुराणहरूमा लेखिएको पाइन्छ । मनु तथा शतरुपाका दुई छोरा थिए– उत्तानपाद र प्रियव्रत र तीनजना छोरीहरू थिए । तिनीहरूको नाम आकूति, प्रकृति र देवहूति थियो । देवहूतिको विवाह परम तपस्वी मुनि कर्दमका साथ सम्पन्न भएको थियो । सनातन भगवानका अंशावतार भगवान कपिलको जन्म यिनै देवहूतिका गर्भबाट भएको हो । भगवान कपिल सांख्य शास्त्रका प्रणेता थिए ।

मनु महाराज तथा शतरुपाले धेरै समयसम्म राजसी सुख भोग गरे । यसरी सांसारिक भोग विलासमा डुब्दा बुढेसकालले छोइसक्यो, तैपनि तृप्त नभइने देखेर मनुराजा तथा शतरुपा रानी , बैले आफ्नो शेष जीवन भगवान चिन्तनमा बिताउने विचार गरे । भगवान भक्ति विना जिन्दगी असफल हुने रहेछ भन्ने सोचेर एक दिन युवराज उत्तानपादलाई राज्यभार सुम्पेर तपस्याका लागि उनीहरू जङ्गलतर्फ गए । उनीहरू वेद

विख्यात भक्तिका अति पावन तीर्थ नैमिशारण्य तर्फ प्रस्थान गरे र ज्ञान भक्तिका साक्षात् रुप मनु र शतरुपाले नैमिष क्षेत्र स्थित सारा तीर्थहरुको दर्शन गरे। त्यसपछि आफ्नो जीवन सार्थक बनाउने उद्देश्यले नित्य निरञ्जन नारायणको दर्शन गर्ने अभिलाषाले अखण्ड तपस्यामा लीन भए। पतिव्रणकी अनुगामिनी शतरुपा पनि अगुण अखण्ड अनादि अखिलेश्वर प्राप्तिका लागि ज्यादैउग्र तपस्यामा लीन भइन्। आदि दम्पत्तिको यस्तो कठोर तप साधना देखेर ब्रह्मा, विष्णु, एवं महेश्वर धेरै पटक वरदानका लागि त्यहाँ आए। देवताहरूले आदि दम्पतिलाई तिनीहरूको इच्छा माफिक वरदान माग भन्दै धेरै पटक सम्झाए। अन्तमा दम्पतिको उत्कृष्ट तपस्याको चरम सीमा देखेर विश्व निवास ब्रह्मले आफ्नो परम रुप धारण गरी वरदान दिन त्यहाँ प्रकट भए। नील कमल वर्ण, कैयौं काम देवताहरूलाई लज्जित गर्ने सौन्दर्ययुक्त भएर तिनीहरूको सम्मुख प्रकट भएका थिए। भगवानका बायाँ भागमा जगत्को मूल आधा शक्ति श्रीसीताजी शुसोभित थिइन्। मनुले अलौकिक सौन्दर्य मनभरि पान गरेपछि हात जोड्दै भन्न लागे– "हे विश्वनियन्ता ! मलाई तपाई जस्तै छोराको आवश्यक छ, त्यसैले तपाईको जस्तै रुप, गुण शक्ति आदिले पूर्ण भएको छोरो पाउँ। यही मेरो शत शत अनुरोध छ।"

प्रिय भक्तको चातुर्य बुझेर विश्वनियन्ता भगवानले भने– "हे वत्स ! मैले म जस्तै छोरा कहाँबाट ल्याउन सक्छु ? बरू म आफै तिमीहरूको छोरो भएर जन्मने छु।" यस पछि देवी शतरुपासंग इच्छा लागेको वरदान माग भने। देवीले भनिन् – "राजाले मागेकै वरदान मलाई प्रिय लाग्दछ। तर तपाईले मलाई जुन वरदान दिनुहुन्छ, उसको प्रमाणका लागि मलाई यस्तो ज्ञान, सुख, एवं भक्ति दिनु होस्, जसमा म तपाईकी आमा बनेर मोह ग्रस्त नबनौं। त्यसैबाट मलाई सुख र शान्ति प्राप्त हुनेछ। यही नै मेरो भक्ति हुनेछ, यसैबाट प्रभुचरण प्राप्त भएर हामी कृतकृत्य

हुनेछौं। प्रभुको यही नै हामीप्रतिको कृपा हुनेछ।" शतरुपाका यस किसिमका वचन सुनेर जगत नियन्ता मुस्कुराउँदै भने– "तिम्रो जे इच्छा छ सो पूर्ण गराउन मलाई कुनै कठिनाई छैन। तिम्रो विवेक र अलौकिक बुद्धि चातुर्य देखेर म मुग्ध छु। तिमीहरूको इच्छालाई म पूर्ण गराउने छु।" भगवानलाई पुत्र रुपमा प्राप्त गर्नु बाहेक भक्तितर्फ उन्मुख हुन पनि शतरुपाको तीव्र आकांक्षा थियो। सोही बुझेर भगवानले पनि उनीहरूको सम्पूर्ण इच्छा पूर्ण गराई दिए। तर यही वेला फेरि मनुले ऐश्वर्य भक्तिको सार्थ वात्सल्य प्रति अर्थात् पुत्र विषयक प्रेम मागदै पुत्र वियोगमा बाँच्न नपरोस् भन्ने विन्ति गरे। भगवान खुशी भएर तथास्तु भने। यसैले मनु तथा शतरुपा लगातार दशरथ भएर जन्मदा शतरुपा कौशल्या भएर जन्मेका थिए। त्यस्तै वसुदेव भएर जन्मदा देवकी भएर जन्मिन्। र सम्भल ग्रामवासी एक ब्राह्मण रुपमा जन्मेर भगवानलाई राम, कृष्ण आदि पुत्रको रूपमा प्राप्त गरे। मनुको प्रार्थना अनुसार दशरथ, वसुदेव सम्भल ग्रामका ब्राह्मण सबैले पुत्र वियोग सहन नसकेर नै देहत्याग गरेका छन्।

त्यसपछि परम ब्रह्मका आज्ञाले मनु एवं शतरुपा अनन्त कालसम्म स्वर्गको सुख भोग्नका लागि परमधाम गए। त्रेतायुगमा मनु शतरुपाले अयोध्यामा दशरथ कौशल्याका रुपमा जन्म लिए। परम ब्रह्मको स्वरुप भगवान राम पूर्व जन्ममा दिएको वरदान अनुसार कौशल्याका काखमा पुत्र रुपमा अवतरित भए। यो आदि माता शतरुपा कै सतीत्वको प्रभावले गर्दा स्वयं विष्णु भगवान उनीहरूका पुत्र बन्न परेको हो।

शबरी

जहाँ सरलता हुन्छ, त्यहाँ भगवानको निवास हुन्छ । सरलता नै पवित्रता अर्थात् छलकपट छद्म, वक्रता भेद, पापाचार लोभ मोह मद क्रोधादि विकारवाट रहित जीवनको नाम हो । यदि पवित्र जीवन छैन भने हामीले पवित्रतम परमात्मालाई प्राप्त गर्न सक्दैनौं । सरल चित्त हृदय नै निर्मल हुन्छ । निर्मल हृदयमा जगतका अधिपति रामको निवास हुन्छ। भगवान भन्नु हुन्छ, निर्मल र सरल चित्त भएका भक्त नै मेरा हृदयमा स्वतः वस्तछन्, जसरी लोभीका हृदयमा धनै मात्र जपना हुन्छ । गीतामा भनिएको छः—

पत्रं पुष्पं फले तोयं यो मे भक्त्या प्रयच्छति
तदहं भक्त्युप हृतमश्नामि प्रयतात्मन ।। गीता ९।२६

हामीले आफ्नो मनको सारा विकारवाट स्वतन्त्र भई सरल चित्त अकुटिल चिन्तन गर्‍यौं भने हामी पनि भगवानका सच्चा भक्तमा समावेश हुन्छौं । शवरी पनि परम भक्त थिइन् । उनी एक अखण्ड ज्योति भई समस्त आर्य भक्ति इतिहासमा दीप्तमान भएकी छन् । यसबाट हाम्रो आत्म विभोर हुन्छ ।

शवरी पम्पासर नजिक एउटा छाप्रोमा वस्दथिन् । उनका नजिक परम ब्रह्मनिष्ट महात्मा मतंगको आश्रम थियो । महर्षि मतङ्ग निज

ब्रह्म मुहुर्तमानै नियमित रुपले पम्पासरमा स्नान गर्न जाने गर्दथे । उनका शिष्यहरू पनि साथसाथै स्नान गर्न आउँदथे । ऋषि हर-हमेशा आफ्ना शिष्यहरूलाई शाश्वत उपदेश दिने गर्थे । एकदिन उषाकालमा ऋषि आफ्ना सबै शिष्यहरूलाई उपदेश दिदै थिए – "तिमीहरू आफ्नो जीवनलाई पवित्र एवं निर्मल बनाऊ । सरलतालाई वरण गर । जीवन पवित्र छैन भने परमात्मा प्राप्ति हुनै सक्दैन । मन, वचन र कर्मले पवित्रता पालन गर्नु पर्दछ । पवित्र भोजन सफा कपडा, पवित्र विचार, पवित्र कर्म गर्नाले आफ्नो प्रत्येक व्यवहार पवित्र हुन्छ । जीवन भन्नु नै आत्मबल सम्झनु पर्दछ । प्रेम, माया ममता समस्त जड वा चैतन्य केन्द्रीभूत भए पछि मात्र तिमीहरूमा स्वतः आत्मबल उत्पन्न हुनेछ । आत्मामा बसेको आत्माराम सबै रुपमा देखिन्छ । ईश्वरीय सृष्टिका सम्पूर्ण जड वा चेतन तत्वलाई समान देख्नु नै ईश्वर प्राप्ति गर्नु हो । यही नै जीवनको सच्चा धर्म हो र यसलाई पालन गर्न नरनारी, धनी गरीब, जाति कुल उचनीच कुनैमा पनि भेदभाव गर्न हुँदैन ।"

महर्षि तथा उनका समस्त शिष्य मण्डली यस्तो उपदेश दिएर गइसकेका थिए । शवरीले पनि त्यहाँ कुनै वृक्षको अडेस लाएर ऋषिका अमृत वचन सुनिरहेकी थिइन् । उनका आँखाबाट भल्भली आँसुका धारा बगिरहेका थिए । तैपनि उनलाई ऋषिका पाउमा पस्निे साहस भने थिएन । अब ता त्यस भूमिमा महर्षिका पाउका चिह्न मात्र थिए । शवरी तिनै पदचिह्नमा घोप्टिइन् । यो नै उनको अमूल्य अमृत भण्डार थियो ।

शवरीको चरित्र करुणा, दया, मायाममता एवं सरलताको त्रिवेणी जस्तै बगिरहन्थ्यो । बाल्यावस्थामा उनले सावाँ अक्षर चिन्ने समेत मौका पाइनन् । महाक्रूर व्याधा भीलको कुलमा शवरी जन्मेकी थिइन् । ती सबै हिंसक स्वभावका थिए । शिकार खेलेर पशुपंक्षीका मासुले आफ्नो जीविका चलाउदथे । वनमा चरिरहेको मृगलाई मार्नु निर्दोष चराचुरुङ्गीलाई वाण हान्नु नै खेलवाडको कुरा थियो । यस्तो निर्मम हत्या गरी आफ्नो शान

देखाउँदा शवरीका आँखाका आँसु थामिदैनथे । उनका मनमा विद्रोहका सुइरा चल्दथे । यस्ता विभिन्न घटनाले शवरीको हृदयमा भीषण हाहाकार चल्दथ्यो । उनी एकान्तमा बसेर वेस्करी रुन्थिन् र मनको भीषण ज्वाला-लाई आँसुले शान्त गर्दथिन् । अनि अक्सर गरेर सोच्दथिन्, "भगवानले मानिसको जन्म दिएको छ, मानिस दया माया र ममताले पूर्ण हुनु पर्दछ किनभने मानिसले आफ्नो कर्तव्य बिर्सेर पाप कर्म गर्दै आएको छ । पशु-पक्षीको न त घरवास छ न उनीहरूले आफ्नो व्यथा अरूलाई सुनाउन सक्छन्, त्यस्ता दीन प्राणीहरूलाई शक्तिशालीहरूले आफ्नो बल चातुर्य देखाएर मार्दछन् ।" यस्तो अन्तर वेदनाले उनी सधैं रुन्थिन् । शवरीले कुनै पशुलाई बाण हानेको देख्दा या कुनै प्राणी मर्न नसकी छटपटाई रहेको देख्दा आफ्नै छातीमा बाण लागेर छटपटिए झैं दुःखले विह्वल हुन्थिन् । यस्ती महामना थिइन् शवरी ।

शवरी विस्तार यौवनको खुट्किलामा पुगिन् । उनका आमाबाबुलाई छोरीको विहाको लागि चिन्ता हुन लाग्यो । उनीहरूले कुनै स्वजातीय योग्य पुरुषका साथ उनको विवाह गरिदिन चाहन्थे । खोजतलाश गर्दा वल्ल तल्ल आफ्नै स्वजातीय युवक पाइयो । केटाले केटीलाई देख्ने वित्तिकै मञ्जूर पनि गरिहाल्यो र विवाह हुने दिन पनि निश्चित भयो । शवरीको भावी पति निपुण शिकारी थियो । ऊ शिकार खेल्नमा यस्तो निपुण थियो कि उसको बाणबाट कुनै पशुपंक्षी फुत्केर जान सक्दैनथे । एक एक बाणले कैयौं पन्छी मारेर खसाल्दथ्यो पनि । बेतोडले दगुरि-रहेको मृगलाई उसले समात्न सक्दथ्यो । शवरीले उनको भावी पतिको हिंसात्मक प्रशंसा सुनेकी थिइन् । यसले गर्दा उनको मुटु नै छिया छिया हुन्थ्यो । उनी अति नै रुन्थिन्, धेरै जसो एकान्तमा बसेर भगवान-सँग हात जोडेर विन्ति गर्दथिन्– "हे ईश्वर ! म मूर्ख छु, असल खराब कुनै कुरा छुट्याउन सक्दिन । हजूर दयाका खानी हुनुहुन्छ, मलाई शरण लिनु होस् । यो पाप कर्मबाट बचाउनु होस् । म यस्तो महापातकी व्याधाको हातमा नपरौं, मलाई बचाउनु होस् ।"

शायद भगवानले शवरीको विनम्र पुकार सुने होलान् । उनैका प्रेरणाले शवरीलाई सुमार्ग पैल्याउन मुस्किल परेन । उनले आफ्नो जीवनपथ निश्चित गरिन् । विवाहको दिनभन्दा दुई दिन अघि आधारातमा चारैतिर अन्धकार भएको बेला उनी एक्लै घरबाट बाहिर निस्किन् । शवरी सधैंका लागि अथाह मार्गतिर लागिन् । कहाँ गइन्, के गरिन् मरिन्, या बाँचिन् उनका आमा बाबुलाई थाहै भएन । तिनीहरूले शवरीको पत्ता लगाउन सकेनन् । उनले त्यस दिनदेखि हिंसक जीवनदेखि टाढा बस्ने, आजीवन ब्रह्मचारिणी बन्ने एवं बाँचुन्जेलसम्म उनै दयालु भगवानको भजनमा दत्तचित्त हुने निर्णय गरिन् । उनलाई आमा बाबु कसैको माया लागेन । अन्धकार रात्रीमा रातभर उनी घना जङ्गल हुँदै हिँडी नै रहिन् । यो ठाउँमा पुग्ने भन्ने कुनै लक्ष्य नै थिएन । विस्तारै पूर्व दिशामा उषाका मधुर किरण फैलिन शुरू भयो । त्यति बेलासम्म उनलाई भोक, प्यास, थकाइ, निद्रा थाहै भएन । न त उनलाई जङ्गलका हिंसक पशुहरूको डर नै लाग्यो । आखिर उनी पंपासर नजीकै पुगिन् । ठीक त्यही समयमा महाविद्वान तेजस्वी मतंग ऋषि आफ्ना केही शिष्यहरूका साथ स्नान गर्नआउँदै थिए । स्नान सकेपछि ऋषिले आफ्ना शिष्यहरूलाई उपदेश दिएको शवरीले सुनिन् । ऋषिका उपदेशले उनको मनमा दिव्य प्रभाव पऱ्यो र जीवनको प्रकाशद्वार खुलेको जस्तो भान भयो । निस्पट्ट अँध्यारोमा दिव्यज्योतिको प्रादुर्भाव मनमा आयो र अपूर्व शान्ति प्राप्त भयो । जीवनभर त्यहींनै बस्ने निश्चय गरिन् । तर तुरुन्तै आफू अछुता भएकी सम्झिन् । उनलाई कसैले छुँदैनन् । त्यसैले त्यहाँ बसेर के गर्ने ? जरूर ऋषिहरूले पनि उनलाई छिःछिः र दुरदुर गर्नेछन् । शायद उनीहरूको तपस्यामा पनि कुनै बाधा पर्न सक्छ । अनि उनले ऋषि–आश्रमभन्दा केही टाढा एउटा सानो स्याउलाको छाप्रो बनाएर बसिन् ।

पूर्वजन्मको संस्कार एवं ऋषिहरूका सत्संगले गर्दा शवरीलाई चेतना आयो । भगवान आफ्ना प्रिय भक्तहरूकै उपकारका लागि जन्म लिन्छन् र दर्शन पनि दिन्छन् । यदि आफू भगवानको भक्तिमा लगनशील हुन सकेमा

जरूर दर्शन दिनेछन् भन्ने सोचेर शवरीले ऋषिमुनिको सत्संग गर्ने प्रण गरिन् । उनी एक प्रहर रात बाँकी छँदै खेरी उठेर मतंगादि ऋषिहरू पम्पासरमा नुहाउन जाने बाटोमा सधैं कुचो लगाएर सफा गर्दथिन् । बाटोका चुच्चो परेका ढुङ्गाका टुकाहरू पन्छाई दिने गर्दथिन् । ऋषिहरूका पाउमा नबिजोस् भन्नाका लागि पानी छर्केर बाटोमा फूलहरू ओछ्याई दिने गर्दथिन् । ऋषि बाहिर निस्केपछि कुटीमा होम या यज्ञको लागि सुकेका समिधा खोजेर राखिदिन्थिन् । ऋषिहरू स्नान गर्दा नगर्दै यी सारा काम सकेर पम्पासर नजीकपुगेर कुनै रूखको पछाडिबाट नित्य भगवत चर्चा सुन्ने गर्दथिन् ।

शवरीको यही नै दैनिक चर्या थियो । ऋषिमुनिहरूलाई आफ्नो गुरु मानेर उनीहरू हिंड्ने बाटो सुविधा गराई दिएर उनीहरूका प्रवचन एकान्तमा बसेर सुन्ने गर्दथिन् । यी सबै लुकिछिपी गरिएकोमा मुनिहरू आश्चर्य भए । आफ्ना शिष्यहरूलाई यो मान्छेको पत्ता लगाऊ भनी अह्राए । एक दिन शिष्यहरूले ननिदाई चियो वस्ता यो सबै पत्ता लाग्यो । शवरी बाटो सफा गर्ने बेलामा भगवानको नाम पनि जपी नै रहन्थिन् । भगवानले मेरो पुकार जरूर सुन्नेछन् भन्ने उनलाई पूर्ण विश्वास थियो, उनको यही नै मूल मन्त्र थियो ।

"राम राम जपिरहन्छु
जबतक तनमा प्राण रहन्छ
एक दिन यी शब्दहरू
पर्ने छन् प्रभुका कान "।

"काम गर्दै जाऊँ नाम जप्दै जाऊँ" यही नै शवरीको विश्वास र साधना थियो । शिष्यहरूले शवरीलाई समातेर मतंग ऋषिका सामू उभ्याइदिए । उनी डरले थर थर काँपिरहेकी थिइन् उनमा बोल्ने साहस थिएन । तेजले प्रज्ज्वलित महर्षि मतंगले उनलाई देखे । अनि भने "तिमी परम भक्त हौ, तिम्रो जात र कुलको भगवान भक्तिमा कुनै बाधा पर्दैन । आजदेखि तिमी

मेरो आश्रम नजीकै आएर बस। तिम्रोलागि एउटा कुटीको व्यवस्था मिलाई दिन्छु।" अनि सारा शिष्यहरू आश्चर्य हुँदै एकले अर्काको मुख हेर्न लागे। शवरीलाई त भने जस्तो सौभाग्य मिल्यो। उनी प्रेम र भक्तिले गद्‌गद् भइन्। हर्षाश्रु बगाउँदै ऋषिलाई हात जोडेर एक टकले हेररिहिन् उनको भाग्यको ढोका वल्ल खुल्यो। महर्षि मतंगको यस किसिमको निर्णयले त्यहाँका सारा ऋषिहरू रिसले चूर भए। अनि आपसमा कुराकानी भयो "एउटी भील जातकी नारी आश्रममा कसरी वस्तछे हेर्रौं?" तर मतंग ऋषि आफ्नो निर्णयमा अडिग थिए। शवरीको सानो छाप्रो महर्षि मतंगको कुटी संगै बनाइयो। अरू ऋषिहरूले उनलाई घृणा र तिरस्कारको दृष्टिले हेर्दथे। तैपनि उनी आफ्नो धर्म र सेवाबाट कहिल्यै विमुख भइनन्। आफू-प्रति महर्षिका शिष्यहरूको कुव्यवहार हुँदा पनि उनले आफ्नो नियमित कार्य गर्न छोडिनन्।

एक पटक त्यहाँ एउटा आश्चर्यको घटना घट्यो। एकजना ऋषि नदी स्नान गरेर आफ्नो कुटी तर्फ फर्कदै थिए। शवरी आफ्नो दैनिक कार्यमा व्यस्त थिइन् र भगवानको ध्यानमा पनि एकाग्र थिइन्। अपर्झट उनीबाट ऋषिलाई छोइएछ र ऋषि रिसले क्रुद्ध हुँदै भने "नीच जातकी आइमाई भएर मलाई छोइस् मलाई फेरि नुहाउन जानु पऱ्यो।" यो कुराले शवरीको चित्त दुखेन, उनको आत्मा राममै तल्लीन थियो। जब ऋषि पुनः स्नान गर्न पम्पासरमा पुगेका थिए, त्यस सरोवरमा कीरै कीरा देखिए। सबै पानी रगतमा परिवर्तन भयो। ऋषि ननुहाईकनै फर्के। शवरीलाई कण कणमा भगवानको दर्शन प्राप्ति भयो। आश्रम वरिपरिका फूलका बोटलाई उनले आमाले गरे जस्तै सेवा गर्दथिन्। जब कुनै फूलको बोट ओइलायो या हाँगा भाँचियो भने शवरी असाध्ये रून्थिन्। महात्मा मतंग उनका लागि भगवान जस्तै पूज्य थिए।

शवरीले दिलोज्यान दिएर ऋषिहरूको सेवा गर्दथिन्। उनले ऋषि-हरूले खाएर बचेको जुठो कुरा खाएर प्राण रक्षा गरेकी थिइन्। तैपनि ऋषिहरूले उनको रिस र विरोध गर्ने गर्दथे। उनी ज्यादै सरल विचारकी

थिइन् र सधैं सधैंको घृणा र तिरस्कारले उनी ज्यादै दुःखीत भए मतंगका नजीकै गएर रून लाग्थिन् " हे महात्मा ! म तपाईकै आधार भरोसामा बाँचेकी छु। ऋषिहरूले फ्याँकेको जुठो खाएर प्राण धानेकी छु। पाप कर्मले गर्दा ऋषिहरू मदेखि रुष्ट भएका छन्। खास गरेर तिनीहरूको कुनै दोष छैन होला वरु दोषता मेरै होला।" शवरीको सरल स्वभाव देखेर महर्षि द्रवित भएर भने "शवरी! तिमी निश्चिन्त भएर बस। रामकै भक्ति गरेर उनकै नाम जपेर जिन्दगी बिताऊ। भक्तजनको लागि राम हितकारी हुनुहुन्छ। उनैले तिमीलाई यो भवसागरदेखि पार लगाउन छन्। जसको दर्शन पाउन तिमी उत्सुक छौ उनै राम यहाँ आएर तिमीलाई अवश्य दर्शन दिनेछन् र तिम्रो साधना एवं मनोकामना पूर्ण हुनेछ। अब म पनि जान लागेको छु,चिन्ता नगर्नु।"बिचरी शवरीको लागि भगवान राम सिवाय कोही भएनन्। उनलाई पूर्ण विश्वास थियो "मेरा पूज्य गुरुदेवको वाणी सत्य हुनेछ। जानकी पति अवश्य नै मेरो कुटीमा आउनु हुनेछ, रामको दर्शन पाएर देह पवित्र हुनेछ।" यही नै कल्पना गरेर रामकै भरोसामा शवरी बाँच्न लागिन्।

महर्षि मतंग भवसागरबाट पार भइसके तापनि उनलाई भगवान रामको पूर्णभक्त बनाइसकेका थिए। उनी रामकै भक्तिमा तल्लीन थिइन्। राम कहिले आउनु हुन्छ भन्ने बाटो हेर्दथिन्, र अवश्यनै दर्शन पाउनेछु भन्न हेतुले प्रत्येक दिन बाटो सफा गर्दथिन् र कतै सानो आवाज आयो कि लौ राम आउनु भयो, उहाँकै पाइलाको आवाज हुनु पर्दछ भनेर बाटोतिर हेर्न जान्थिन्। शवरी महान् भक्त थिइन्।

शवरीको अन्तर्हृदयको पुकारा रामले सुनेर चौध वर्षको वनवासको समयमा लक्ष्मण साथै उनको वासस्थान सोध्दै सोध्दै आए। यो देखेर सबै ऋषिहरू आश्चर्य चकित भए। शवरी सधैं सधैं भगवान रामको बाटो हेर्दथिन्। स्वागतका लागि वनबाट सुन्दर फूल र बयर ल्याएर राखेकी थिइन्। उनले स्वयं भगवान राम आएर उनको कुटीको पत्ता लगाएको कुरा पनि थाहा पाइन्। रामको दर्शन पाउँदा उनको हर्षको सीमा नै रहेन

मतंग ऋषिको वचन सत्य भयो । आफ्नो कुटीको ढोकामा उभिएका भगवान देखेर शवरी बोल्नै सकिनन्, हर्षाश्रुका अविरल धारा बगे । बल्ल बल्ल शवरी भगवानका चरणमा परिन् । आँशुले पाउ पखालिए । धेरै बेरपछि उनले "हे मेरा प्राणाधार ! हजूरका लागि मैले वनबाट बयर ल्याएर राखेकी छु" भनी विन्ति गरिन् । राम प्रशन्न हुँदै बयर खाए । बयर ज्यादै स्वादिलो थियो । आफ्नी आमाले स्नेहपूर्ण भोजन गराएको जस्तो रामलाई अनुभव भयो । शवरीको जिन्दगीभरको भगवान दर्शन पाउने प्रयास पूर्ण भयो र हात जोडेर विन्ति गरिन्– "म अछुती र मूर्ख छु," यति के भनेकी थिइन् भगवानले उनलाई चुप गराए ।

शवरीको भक्ति शुद्ध थियो । उनको हृदय नवधा भक्तिले पूर्ण भएको थियो । भगवान रामले उनको नवधा भक्तिको रहस्य समेत बताए । रामबाट यस्ता रहस्य बोध भएकोमा उनी आफूलाई धन्य सम्झंदै भगवानको जय जय पुकारिन् । भगवान राम र शवरीका बीच भएको सम्वाद अन्य ऋषिहरूले सुनिरहेका थिए । उनीहरूको आफूले शवरीप्रति गरेको कुव्यवहारले आत्म ग्लानी भयो र उनीहरूले पनि शवरीको जय जयकार मनाए । त्यसपछि लक्ष्मणजीले सबै ऋषिहरूलाई शरोवरमा कीरै कीरा भएको मुख्य कारण बालब्रह्मचारिणी परम भक्त शवरीको तिरस्कार, घृणा गर्नु र मतंग जस्ता ऋषिलाई द्वेष गर्नु नै मुख्य कारण हो भने । अनि शवरीको छुवाइले सरोवरमा पानी निर्मल हुनेछ भनेर उनलाई उक्त तलाउमा जान भगवानले आज्ञा दिए । शवरीको स्पर्शले सरोवर फेरि निर्मल भयो ।

शवरीलाई दर्शन दिएपछि भगवान त्यहाँबाट गए । शवरी पनि छट-पटाउन लागिन् । उनको मुटु मन्दिरका भगवान नै गए भने उनी कसरी बाँच्ने ? उनको अरू कुनै इच्छा थिएन, आत्म परमात्मासंग लीन हुन छटपटायो । सब ऋषिहरूका सामूमा उनले आफ्नो देह मुक्त गरिन् । उनको आत्मज्योति परम ज्योतिमा मिलन भयो । भगवान रामकी शवरी जस्ती प्रिय भक्त शायद अन्य थिएनन् । आर्य नारीका शुद्ध प्रतिरूप शवरी हुन् भन्न सकिन्छ । उनी धन्य हुन् ।

सन्ध्या–अरून्धती

ब्रह्माका अनेक मानस पुत्र पुत्री मध्ये सन्ध्या पनि एक हुन्। किशोरावस्थामा पुग्ने वित्तिकै उनले ज्ञान प्राप्तिका लागि तपस्या गर्ने इच्छा गरिन्। तर तपस्या गर्ने विधि विधान उनलाई थाहा हुन नसकेर अलमलि रहेकी थिइन्। यसैले ज्यादै दुःखी भएर चन्द्रभागा पर्वतको वृहल्लोहित नामक सरोवर वरिपरि एकान्तमा त्यसै डुलिरहेकी थिइन्। उनी हरघडी तपस्याकै बारेमा सोचिरहेकी हुन्थिन् र यसका बारेमा कसैले केही बताई देला कि भन्ने आशै आशमा डुबिरहेकी थिइन् "तँ चिता म पुऱ्याउँला" भन्ने भगवानको आदेशानुसार नभन्दै त्यस्तो सुनसान सरोवरनिर अकस्मात महर्शि वशिष्ठ देखापरे। उनी ज्यादै अचम्भित भइन्। महर्षि वशिष्ठले यस्ती सुन्दरी एकलासको पर्वतमा एक्लै डुलिरहेकी देखेर केही नबुझे जस्तै गरी त्यहाँ किन टहलिरहेकी र किन उदास देखिएकी भनेर सोधे। सन्ध्याले पनि ब्रह्मचर्यको तेज र असीम ज्ञानले धपक्क बलेका महर्षि देखेर अति खुशी हुँदै आफ्नो अभिलाषा बताइन्। सन्ध्यालाई चाहिएको केवल तपस्या मार्ग निर्देशन थियो। त्यसैकारण सर्वज्ञ वशिष्ठ पनि निकै खुशी भए। उनले पनि सन्ध्या सुन्दरीलाई भगवान विष्णुको आराधना गरेर नै आफ्नो अभीष्ट प्राप्त गर्न सकिन्छ भने। धर्म, अर्थ, काम, एवं मोक्षका दाता परम ज्योति स्वरूप भगवान विष्णु नै हुन्। उनको आराधना गरेर आफ्नो जीवन सफल गर्न सकिन्छ। त्यसकारण शंख चक्र, गदा पद्म लिएका भगवान विष्णुको ध्यान गरेर ॐ नमो वासुदेवाय ॐ भन्ने मन्त्र जप्न लगाए।

मन्त्र मात्र होइन तपस्याका अन्य विधि विधानमा पनि महर्षि वशिष्ठ खप्पिस थिए । यसकारण उनले अझ विस्तृत रूपमा उनलाई तपस्या मार्ग देखाए । "ॐ नमो वासुदेवाय ॐ" जप्दा मौन भएर मनलाई स्थिर गराउन सल्लाह दिए । मन्त्रादिमा मात्र होइन स्नान पूजा आदि गर्दा पनि मौन रहनु पर्छ र प्रथम छ दिनसम्म केही खाँदै नखाने केवल तेश्रो दिनको रातीमा र छैटौं दिनको रात्रीमा केही पात खाएर जल मात्र पिउने सल्लाह दिए । त्यसपछि अर्को हप्ताको तीन दिन तीन रातसम्म निर्जल उपवास वस्नु पर्नेछ भनी राम्ररी सम्झाए । यसरी दोस्रो हप्ता बितेपछि हरेक तेस्रो रात केही भोजन गर्ने सल्लाह दिए । तर सबभन्दा मुख्य कुरा उनी मौनव्रती हुनुपर्दछ । यसै गरेमा परात्पर भगवान विष्णु खुशी भएर सन्ध्यालाई दर्शन दिनेछन् र उनको अभिलाशा पूर्ण हुनेछ ।

महर्षि वशिष्ठको यस्तो सल्लाह पाएर तत्पकालै उनी तपस्यामा लीन भइन् । उनकै उपदेश अनुसार कैयौं वर्ष बिताइन्, कठोर व्रतसाधनामा अभिमुखी भइ नै रहिन् । भक्तको एकोहोरो तपस्यावाट भगवान खुशी नहुने कुरै छैन । सन्ध्याको यस्तो कठोर तपस्यावाट भगवान विष्णु आफ्नो मनोहर स्वरुप दर्शन दिन सन्ध्याको अगाडि पुगे । भगवानले सन्ध्यालाई दिव्य ज्ञान, दिव्य दृष्टि र दिव्य वाणी दिएर उनको मनोकांक्षा थाहा पाउने प्रयास गरे । सन्ध्या आफ्नो सामुन्ने भगवान विष्णु प्रकट भएको देखेर ज्यादै खुशी भइन् र उनले तीनवटा वरदान मागिन् । उनको प्रथम माग अनुसार कुनै पनि प्राणीको मनमा जन्मने वित्तिकैदेखि काम विकार उत्पन्न नहोस्, उनी अखण्ड पतिव्रता बनून् र तेस्रो माग अनुसार उनका पति बाहेक जसले उनलाई कुदृष्टिले हेर्ला उ नपुंसक बनोस् ।

भगवान विष्णु सन्ध्याको यो माग सुनेर साह्रै प्रशन्न भएर भने– "कुनै पनि प्राणी यौवनावस्थामा पुगेपछि मात्र कामवासना युक्त हुनेछन् । साथै उनलाई अखण्ड सौभाग्यवती बन्ने सुअवसर प्रदान गर्ने उनका भावी पति पनि सन्ध्या सँगसँगै सात कल्पसम्म जिउनेछन् भनी वरदान दिए ।

उनले सन्ध्यालाई अग्निमा हामफालेर आफ्नो नश्वर शरीर त्यागी नवजीवन प्राप्त गरी आफ्नो इच्छा भएको व्यक्तिसँग विवाह गर्ने सल्लाह समेत दिए।

विष्णुका सल्लाह अनुसार त्यही चन्द्रभागा नदी किनारामा महर्षी मेधातिथि वाह्र वर्षसम्मको यज्ञ गरिरहेका रहेछन्। कुनै पनि महर्षिले नदेख्ने रुप लिएर उनी त्यही यज्ञकुण्डमा हामफाल्न गइन्। यसैबेला उनले अग्निपुत्री बन्ने मौका पाइन्। त्यसबेला उनले पतिको रुपमा महर्षि वशिष्ठलाई नै चाहेकी थिइन्। अग्नि देवले पनि भगवानको आज्ञानुसार सन्ध्याको शरीर जलाएर सूर्य मण्डलमा प्रविष्ट गराइदिए। उनको शरीरको माथिल्लो भाग सूर्योदय मानेर ,प्रातः सन्ध्या र अन्य शेष भागबाट सूर्यास्तको 'गोधुली सन्ध्या' बन्यो। भगवानको कृपाले उनको आत्मालाई एउटी सुन्दरी बालिकामा प्रविष्ट गराएर महर्षि मेधातिथिको यज्ञकुण्डमा प्रकट गराइ दिए। आफ्नो यज्ञको फल स्वरुप यस्ती अलौकिक सुन्दरी बालिका पाएर महर्षि पनि ज्यादै खुशी भए। अनि उनले ,'अरुन्धती' नामकरण गरे। अरुन्धतीको अर्थ हो धर्मलाई रोध नगर्ने। नाम अनुसार नै अरुन्धतीले कहिल्यैपनि वसैको मेधातिथिको होस या वशिष्ठको धार्मिक कार्यमा अवरोध गरिनन् बरु झन् उत्कर्ष गराइन्। यिनै अरुन्धतीलाई नवयौवना बनेपछि महर्षि वशिष्ठसँग विवाह गरिदिए। यिनै अरुन्धतीलाई कसैले मेधातिथिकी छोरी मान्दछन् भने कसैले ब्रह्माकी मानस सुपुत्री।

आर्य भूमिमा अरुन्धती जस्ता अनेक महामानवीहरूले जन्म लिएका छन्। उनीहरूको आफ्नो तप, धर्म, सत, एवं पातिव्रत्य धर्मका कारण पृथिवी भर नै आर्यावर्तको नाम सर्व विख्यात भएको छ। यति मात्र होइन विज्ञान नीलो आकाशको शून्य पटमा संपूर्ण भुवनभन्दा पनि माथि नक्षत्रमा चम्किने अक्षरले भारतीय महिमा अङ्कित भएको पाइन्छ। यहाँका धेरै जसो सती नारीहरूको स्थान ज्यादै उच्च छ। हामीले पौराणिक ग्रन्थ पल्टाएर अध्ययन गर्दा हर्षले विभोर भइ आफूलाई महाधन्य सम्झन्छौं। एउटी महासतीको अमर गाथा गाउदै एउटा होइन चार चार नदीहरू अनन्त कालदेखि आज्ना तरङ्गका बीणाद्वारा सादर एवं सोल्लासपूर्ण झंकृत् गरिरहेका पनि पाउँछौं

वस्ता महामानवी सतीहरूमध्ये आफ्नो पूर्वतेजबाट प्रकाशित भएकी क्षमा, दया करूणायुक्त अहङ्कार शून्य लज्जा, विनय, विवेक एवं ज्ञानमय तपस्याको सङ्गमस्थली परम साध्वी माता (मानवी) अरून्धती हुन्। साधना, तप, त्याग एवं सर्वसिद्धिको सर्वोच्च शिखरका श्रेष्ठ महर्षि वशिष्ठकी पत्नी अरून्धतीको स्मरण मात्रले पनि हाम्रो हृदयमा पवित्रताको गङ्गा प्रवाहित हुन्छ ।

महासती अरून्धतीले आफ्नो सतीत्व एवं पातिव्रत्य धर्मका कारणले अक्षय पद प्राप्त गरेकी छन्। उनले सप्त ऋषिहरूका बीचमा भएका महर्षि वशिष्ठको अनन्तकालदेखि परिक्रमा गर्दै आएकी छन्। मानव संसारको कुरै छैन, देव संस्कृतिको इतिहासमा रुप, गुण, शील तप आदि बारेमा उनी बराबर आजसम्म कोही पाइएका छैनन्। महर्षि वशिष्ठका साथ सप्तऋषिहरूको मण्डलमा अरू छ जना ऋषिहरू पनि छन्। तर त्यस मण्डलमा अरु कुनैपनि ऋषि पत्नीहरूले स्थान पाएकां छैनन्। केवल अरून्धतीले मात्र त्यस किसिमको अक्षय पद प्राप्त गरेकी छन्। उनको गुण एवं महिमाले गर्दा हिन्दूहरूले आफ्ना नव वधूहरूलाई अरून्धतीको दर्शन गराएर सम्पूर्ण आदर्शताको अनुयायी बनून भन्ने आशिर्वाद दिन्छन्। उनैको भावले वरको जीवन पवित्र एवं मङ्गलमय बनोस् भन्ने कामना गर्दछन्।

चन्द्रभागा नदीका पावन किनारामा महर्षि मेधातिथिको तपोवनमा अरून्धतीको बाल्यकाल महर्षिका संरक्षणमा बितेको थियो। उनी बाल्यकालदेखि नै धर्म मर्यादाका विधिवत पालना गर्दथिन्। धर्मलाई कुनै प्रकारको अतिक्रमण अरून्धतीले कहिल्यै गरिनन्। महर्षि मेधातिथिको आश्रम सदा सर्वदा उनको प्रतिभा एवं पवित्रताले पुलकित भएको हुन्थ्यो। महर्षिका रेखदेखमा उनी हुर्केकी थिइन्। जब अरून्धती दश एघार वर्षकी भइन् स्वयं ब्रह्माजी महर्षि मेधातिथिका आश्रममा आएर भने "महर्षि अब अरून्धतीको पढाइको व्यवस्था गर्नुहोस्। तपाईकी यज्ञपुत्री सर्वगुण सम्पन्न भएकी छन्। विश्वका कुनै नारीले पनि यिनलाई शिक्षा दिन असमर्थ हुनेछन्। वैपनि यिनीलाई कुनै विदुषी सती नारी कहाँ शिक्षाको लागि पठाउनु

होस् । म यति भन्दछु कि नारीलाई शिक्षा नारीकै निर्देशनमा हुनु अत्यावश्यक पर्दछ । तपाईकी छोरीलाई शिक्षा दिन शिक्षिकाको रूपमा भगवती, सावित्री एवं वेहुला उपयुक्त छन् ।

ब्रह्माजीका आदेशानुसार महर्षि मेधातिथि सूर्यमण्डल गए जहाँ सती सावित्री पद्मासनमा विराजमान थिइन् । महर्षिले सती सावित्रीसँग आफ्नी पुत्री अरुन्धतीको शिक्षा दीक्षाको बारेमा अति विनम्रतासाथ निवेदन गरे । सो निवेदन सुनेर सावित्रीले भनिन् "त्यस्तो कुन विद्या हो जुन अरून्धतीलाई थाहा नभएको होला ? तैपनि ब्रह्माजीको आदेश एवं विष्णुका आशिर्वादले म अरुन्धतीलाई शिक्षा दीक्षा दिन स्वीकार्दछु ।" ठीक त्यसै वेला वेहुला पनि मानस पर्वततिर जादै थिइन् । त्यहाँ सावित्री, सरस्वती एवं वेहुला गायत्री एवं द्रुपदा धर्म चर्चा गर्नका लागि दिन दिनै एकत्रित हुन्थे । सावित्री महर्षिका साथसाथै त्यहाँ पुगिन् । पञ्च महासतीहरूलाई प्रणाम गरे पछि महर्षिले सावित्री एवं वेहुला दुवैको संरक्षणमा अरून्धतीलाई सुम्पिदिए । परम युगल सतीहरूको निर्देशनानुसार अरून्धतीले सात वर्षसम्म अध्ययन गरिन् र यति सानो अवधिमा नै उनी सावित्री एवं वेहुला-भन्दा बढी विद्वान् भइन् ।

एकदिन सावित्रीले ब्रह्माजी एवं महर्षि मेधातिथिसँग भनिन् "अरून्धीत विवाह योग्य भइन् । धर्म शास्त्रमा नीति निपूण समेत भइन् । कुनै योग्य वरको तलास गरेर विवाह गरी दिन आवश्यक छ ।" सती सावित्रीका अनुमतीनुसार ब्रह्मा विष्णु एवं शङ्करका साथ महर्षि मेधातिथि मानस पर्वततिर गए । त्यहाँ एक कन्दरामा युग वरेण्य प्रचेता महर्षि वशिष्ठ साधनामा तल्लीन थिए । समस्त पर्वत महर्षिका तेजोदीप्त प्रभावले गर्दा जगमगाइ रहेको थियो। महर्षि वशिष्ठलाई प्रणाम गरेर मेधातिथिले आफ्नो निवेदन व्यक्त गरे। महर्षि वशिष्ठ पनि अन्तरयामी हुँदा अरुन्धतीका विषयमा पूर्ण जानकारी थिए । परम प्रतापी महर्षि वशिष्ठलाई देख्दा अरुन्धतीको मन ज्यादै प्रशन्न भयो । त्रिदेवीका उपस्थितिमा अरुन्धतीको विवाह महर्षि वशिष्ठका साथ सुसम्पन्न भयो । यसै अवसरमा ब्रह्मा, विष्णु,

एवं महेश्वरद्वारा अभिषेक गर्दा जुन जलधारा बगेको थियो उही जलधारा गोमती, सरयू, क्षिप्रा र महानदीका नामले संसारभर विख्यात भएको छ । ब्रह्माद्वारा प्रदत्त विमानमा वशिष्ठले सपत्नीक देवलोकको भ्रमण गरे । अनि हिमालयको काखमा आश्रम बनाएर अरुन्धतीका साथ तपस्यामा तल्लीन भए ।

महासती अरुन्धतीको अखण्ड सतीत्वमा तीनै लोक आश्चर्य चकित थियो। एक पटक अग्नि देवताकी पत्नी स्वाहाले महासती अरुन्धतीको रुप धारणा गर्न निकै प्रयत्न गरिन् । तर उनले अरुन्धतीको रुप धारणा गर्न नसक्दा अरुन्धतीको पाउ परेर भनिन् "देवी ! तपाईको सतीत्व ज्यादै अपूर्व छ । यस किसिमको पातिव्रत्य पालन गर्ने नारी तपाई वाहेक विश्वमै कोही छैनन् । आजदेखि जुनसुकै कन्याले अग्निका सामु आफ्नो पतिको पाणिग्रहण गर्ने वेलामा तपाईकै स्मरण गर्नेछन् र उनीहरू सदा-सौभाग्यवती बन्नेछन् ।" एक दिन अरुन्धतीको पातिव्रत्य धर्म परीक्षा गर्ने विचारले सूर्य, अग्नि एवं ईन्द्र समेत तीनै देवताहरू अरुन्धती कहाँ गए । त्यसवेला अरुन्धती गाग्री लिएर पानी भर्न जान लागेकी थिइन् । तीनै जना देवताहरू-बाट पातिव्रत्य धर्मका विषयमा प्रश्न (जिज्ञासा) गर्दा अरुन्धतीले भनिन् "पानी भरिसके पछि मात्र तपाईहरूका प्रश्नको उत्तर दिनेछु ।"

सूर्य देवताले भने म आफ्नो तेजले गाग्री भरिदिन्छु, तर गाग्रीमा पानी एक चौथाइ मात्र भरियो । इन्द्र र अग्नि समेतले पनि एक एक चौथाइ मात्र भर्न सके । तैपनि गाग्री भरिन एक चौथाइ बाँकि नै रह्यो । तीनै देवता मिलेर पनि गाग्री भर्न नसक्दा अरुन्धतीले नारी धर्मको प्रतिपादन गरिन् । त्यस पछि गाग्री स्वयं भरियो । नारीत्वको चमत्कार देख्दा तीनैजना देवता लज्जित भई अरुन्धतीका पाउ परे ।

महासती अरुन्धतीका सच्चरित्र बारेमा विभिन्न कथा छन् । स्वय भगवती सीताले पनि उनको वन्दना गरेकी छन् । कैयौ युग वितिसके, सती शिरोमणी अरुन्धती आजसम्म पनि आकाशमा सर्वोच्च पदमा स्थिर

रहेर पातिव्रत्य धर्मको सादर उद्‌बोध गरिरहेकी छन् । यही कारणले गर्दा उनले सात कल्पको आयु प्राप्त गरिन् । यस्ती महासतीका सतको प्रभावले गर्दा कुनै पनि युगले सदा सर्वदा आफ्नो शिर झुकाएर मङ्गल वरदान पाइरहने छ ।

महासती सीता

मानव जीवन, संस्कृति, समाज तथा अन्य प्रक्रिया परात्पर भगवानलाई पनि अति नै प्रिय लाग्दछ । त्यसकारण वेलावखतमा मानव मात्रमा अन्याय, अत्याचार, अशान्ति आदि वढेमा स्वयं भगवान मानवरूप लिएर न्याय धर्म र शान्ति विस्तारित गर्न पृथ्वीमा अवतरण गरेको पाइन्छ । मानव जीवन पद्धति स्वयं भगवानलाई पनि आकर्षक भएकोले त्यस्तै जीवन यापन गर्न र मानव मात्रलाई कुमार्गवाट सुमार्गमा लैजान कहिले राम कहिले कृष्ण त कहिले बुद्ध, ईशामसिह आदि वनेर यस धरतीमा अवतरण गरेको ज्वलन्त उदाहरण हुन् । परात्पर भगवानका साथै भगवती पनि सीता, राधा, रूक्मिणी आदिको रूप लिएर नारी मात्रलाई त्याग, दया माया अनुशासन, भातृत्व आदिको महत्वपूर्ण पाठ सिकाएको पाइन्छ ।

सीता पनि यिनै भगवतीको महामानवीको रूप मानिन्छ । उनको जन्म मानवीको गर्भवाट नभई पृथ्वी माताको गर्भवाट भएको अर्थात हलो जोत्दा हलोको सियोवाट पाइएकी थिइन् । त्यसैले उनलाई सीता नामकरण गरिएको भनिन्छ । तर सीता महाराज जनककी अति प्रिय छोरी थिइन्, आफैले जन्म दिईएकी छोरी भन्दा पनि स्नेही । उनी सानैदेखि अतिनै विनम्र, सत्यवादी तथा धर्म परायण एवं तीष्ण बुद्धिमती पनि थिइन् । महाराज जनक तथा महारानी सुनयना दुवै उनलाई अतिनै मान्दथे । राजदरवारमा सीता राजा

जनक एवं सुनयनाका आखाको नानीनै थिइन् । विस्तारै विस्तारै सीतामा यौवन एवं वसन्तका पालुवा चढ्न लागे । उनको विवाहको चिन्ताले राजा रानीलाई सताउन लाग्यो । महाराज दशरथ धीर, वीर मात्र होइन महाज्ञानी पनि थिए । त्यसैले आफ्नी छोरी जत्तिकै सुयोग्य पात्रको हातमा सीतालाई सुम्पिने अठोट गरे । उनलाई थाहा थियो पारिवारिक जीवनको सफलता बराबरीमा हुन्छ । बुद्धि, बल, विवेक आदिको पारख स्वयं बुद्धिमान् वीर विवेकी भए मात्र गर्न सक्दछ । त्यसकारण सीताको कदर गर्न, सीताका विलक्षण गुण, धर्म आदिको कदर गर्न उनी जस्तै सज्जन पुरुषले मात्र जान्ने छन् भन्ने निश्चय गरे । सीता कुपात्रको हातमा नपरून् भन्ने विचार गरेर सीता स्वयम्वरको लागि एउटा सर्त राखे । महाराज जनकको पूजाकोठामा एउटा पुरानो ज्यादै गह्रौं शिव धनु राखिएको रहेछ । उक्त शिव धनु चलाउन जो कोहीले नसक्ने रहेछन्, परन्तु पूजाकोठा लिप्दा बालिका सीताले एक ठाउँबाट अर्को ठाउँमा पन्छाउँदी रहिछन् । त्यसैबाट महाराज जनकले उनको पराक्रम र बौद्धिकता आँकेर त्यस्तै बलवान् महापुरुषसंग नै सीताको स्वयम्वर गरिदिने विचारले 'जसले उक्त शिव धनुमा तांदो चढाउन सक्ला उसैसंग सीताको स्वयम्बर हुनेछ' भन्ने घोषणा गरे ।

सीता अतिनै शीलवती र सुन्दरी थिइन् । उनको शील एवं सौन्दर्यको सुवास चारैतिर फैलिरहेको थियो । बलवान् दानव सम्राट रावण समेतले उनको शील, सौन्दर्य र महनीयताको परिचय पाएर स्वयम्वरको अवसरमा आफ्नो योग्यता प्रदर्शन गर्न आएको थियो । स्वयम्वर कक्षमा अनगिन्ति राजा रजौटाहरू थिए । सुन्दरी सीता पाउन सबै लालायत थिए । तर राजाले दिएको शर्त पूरा गर्न कसैको हिम्मत भएन । शिवधनुमा तांदो चढाउन त परैजाओस् हल्लाउन पनि सकेनन् । राजा जनक र महारानी सुनयनालाई झन् बढी चिन्ता लाग्यो । तर महाराज जनकमा दृढता थियो, सीता ग्रहण गर्न योग्य पुरुष नै हुनुपर्दछ । त्यसैले उनले यो शर्तको बदर गरेनन् । आखिर शुभ मुहूर्तमा श्रीरामबाट उक्त आकांक्षा पूरा भयो, तांदो चढाउन धनु उचाल्न लाग्दा शिव धनुनै टुक्रा टुक्रा भयो ।

बतीस लक्षणले युक्त सीता महाराज दशरथको दरबारमा पनि अतिनै प्रिय बुहारी थिइन् । राजा दशरथ उनलाई आफ्नै छोरीभन्दा पनि बढी माया गर्दथे : राजकीय सम्मान एवं सुखमा चुर्लुम्म डुबाउन चाहन्थे । महारानी कौशल्या पनि रामलाई भन्दा अझ बढी नै माया गर्दथिन् । रामचन्द्र त झन् आदर्श महामानव थिए , एक पत्नीव्रत धर्मको दृढ पालक । त्यसकारण विवाहको प्रथम दिनमा नै उनले सीतासंग प्रतिज्ञा गरे "मैले आजको पावन उपलक्ष्यमा कुनै चीज दिन नसके पनि आजीवन एक पत्नीव्रत धर्म परिपालन गर्दछु ।" यो दृढ संकल्प सीताकै सौन्दर्य, शील एवं अनुराग र ओजस्वीताको परिणाम थियो ।

पारिवारिक मेल मिलापमा पनि सीताको भूमिका निकै महत्वपूर्ण थियो । उनी सबैलाई यथोचित मानमर्यादा गर्दथिन्, आफूभन्दा सानोलाई आफ्नो मातृत्व प्रदान गर्दथिन् । यसैकारण लक्ष्मण, भरत, शत्रुघ्न सबै उनलाई आमाभन्दा पनि उच्चस्थानमा राख्दथे । सबै उनकै इशारामा नाच्दथे । स्वयं राम पनि उनको शील स्वभाववाट अतिनै प्रभावित थिए । जुनसुकै र जस्तोसुकै परिस्थितिमा पनि उनको आदर्श चरित्रमा कुनै परिवर्तन आउन सकेन । महारानी कैकेयीले रामलाई चौध वर्ष वनवास पठाउन लाग्दा उनी पनि रामसंग वनमा जान तयार भइन् । तर कैकेयी दशरथ आदि कसैलाई पनि केही अपशब्द भनिनन् । उनी पतिव्रता नारी थिइन् । त्यसकारण उनको पातिव्रत्यमा आँच नपर्ने कुरामा उनलाई केही मतलव थिएन, राजसी सुखभोगको इच्छा थिएन, लोभ लालच थिएन र कसैप्रति रिस इवी पनि थिएन, केवल एउटै आदर्श थियो—पातिव्रत्य ।

सीताका आदर्श गुणले उनी महारानी बनेकी थिइन् । उनी पातिव्रत्यकी मञ्जूल मूर्ति थिइन् । उनका महान् चरित्रिले हाम्रा हृदय यति रसशिक्त एवं पवित्र बनेको छ कि उनी पौराणिक युगकी स्मृति नभई वर्तमान समयकै जिउँदी जाग्दी जीवन्त नारी जस्ती लाग्दथिन् । उनको सौन्दर्य र आदर्श चरित्रको ज्योत्स्नाले प्रत्येक मानवको हृदय आलोकित हुन्छ, शीतल हुन्छ,

स्वच्छ, शान्त र पवित्र गराउँदछ। यही आदर्श ज्योतिर्मय चरित्रले गर्दा सीतामा कहिले काहीं नारीमय कमजोरी पाइन्छ र यही कमजोरीले नै उनको जीवनमा महाविपद निम्त्याइ दियो।

छली मारिचवाट रामचन्द्रको आवाजमा 'लक्ष्मण म मरें, जल्दी धोकेवाज आवाज सुन्दा उनको हृदयले खप्न सकेन। वास्तवमा उनी सुकुमारी नारी थिइन्, विश्वको छलकपट उनलाई थाहा थिएन। त्यसकारण मारिचवाट यस्तो धोका होला भन्ने अन्दाजै गर्न सकिनन्। राममा नै उनको हृदय अड्केको थियो। त्यसकारण रामको नाममा नै उनलाई कसैले छल र ठग्न सक्थे। रामको ध्वनिसंग मिल्ने यो आर्तपुकारले उनको हृदय रहन सकेन, आफ्नो सुरक्षाका लागि वसेका लक्ष्मणलाई अनेक अपशब्द बोलेर भए पनि रामको सहयोगको लागि पठाइन्। कोमल नारी हृदयले सत्य र झूठ छुट्याउन सकेन। यही नै प्रत्येक नारीको दुर्वलता हो। छली र ढोंगी समाजमा नारीको दुर्दशा यही दुर्वलतावाट हुन्छ र यही कोमल पक्षवाट दुष्टहरू अमानवीय फाइदा उठाउँछन्। लक्ष्मण पनि सीताको चित्त वुझाउन रामको सहायतार्थ जङ्गलमा जानै पऱ्यो, तैपनि उनको सुरक्षाको लागि एउटा रेखा तानेर त्यसलाई कुनै पनि स्थितिमा पार नगर्नु भनी एकान्त कुटीमा छोडेर गए।

नारी धर्मभीरु हुन्छन्, सीतामा पनि यही कायरता थियो। त्यसकारण रावण नारीको यही कायरताको फाइदा उठाउन साधु भेष गरी उनको अपहरण गर्न आयो। लक्ष्मण रेखा पार नगरी भीक्षा दिन खोज्दा छद्म वेशी रावण मानेन, झन् धर्म, कुल, वंश आदि सवै नाश हुनेगरी श्राप दिने धम्की दियो। माया मोहले नारीलाई अन्धो वनाउँछ। सीता पनि यसैले अन्धी वनिन्। उनी जहिले पनि राम तथा इक्ष्वाकु वंशको भलो चाहन्थिन्। यिनीहरूकै भलाइमा, शुभ चिन्तनमा उनले आफ्नो जिन्दगी समर्पण गरेकी थिइन्। छद्मवेशी रावणले स्वयं सीतालाई मात्र सराप दिने भएको भए उनी विचलित हुने थिइनन्. शायद सहर्ष स्वागत गर्दथिन्, तर राम सहित

सम्पूर्ण रघुवंशकै विनाशलाई लक्ष्य गर्दा उनको कमजोर नारी पक्ष डग-मगायो। दुष्टहरू नारीको यस्तो माया ममताको कोमल पक्षलाई पत्ता लगाएर राम्रो फाइदा उठाउँछन्। रावण पनि यही लक्ष भेदन गरेर लक्ष्मण रेखा पार गराउन सफल भयो। सुन्दरी तथा पातिव्रत्यकी महान् नारी सीतालाई अपहरण गरेर क्षार समुद्र पारि लङ्कामा पुऱ्यायो। तैपनि उनको विपुल व्यक्तित्वको अगाडि रावण केही हदसम्म दच्कियो। अशोक वाटिकामा पनि सीतालाई कुनै प्रलोभनवाट पनि फकाउन नसकिएकोले फेरि एक पटक सीताको कमजोर पक्षको सहायता लिएर रावण अगाडि सऱ्यो। रावणले रामको मायावी शिर एउटा किस्तीमा राखेर एउटी राक्षसीलाई बोकाएर लग्यो र सीतालाई तिमीले आजदेखि मुक्ति पायौ, त्यसैको खुशीयालीमा यो उपहार भनेर किस्ति खोलेर देखायो। रावणवाट मुक्ति पाउने आशले सीता निकै खुशी भइन् तर रामको काटिएको शिर देखेर उनको मुटुले ठाऊँ छोड्यो, उनी खूब रोइन, मर्न नै तयार भइन्। तर त्यसवेला सीतालाई त्रिजटाले बचाइन्।

जनक नन्दिनी सीता रघुकुलकी दीप थिइन्। उनको शील सौन्दर्य नै पातिव्रत्य धर्मको उत्कर्ष हो र आर्य नारीहरूको गौरवमय विशुद्धिको प्रतीक। त्यसैकारण रावण उनको सतीत्व नाश गर्न जत्तिकै प्रयास गरे पनि सफल हुन सकेन। नारी नै नारीका शत्रु हुन्छन् र नारीवाटै नारीको विनाश, पतन अथवा संरक्षण हुन सक्छ। दुष्ट नारीवाट सज्जन नारीको पतन हुन सक्छ भन्ने तथ्य शूर्पणखावाट प्रष्ट हुन जान्छ। शूर्पणखावाट राम सीताको गुणको कदर हुन सकेन, त्यसैले लक्ष्मणलाई उक्साएर सीताको अपहरण गर्न लगाई कोमल साध्वी नारीलाई विनाशको गर्तमा धकेल्न लगाई। तर उन सीताको संरक्षण अर्का थरी नारीवाट हुनगयो। गुणको पारखी गुणी नै हुन्छन्। त्रिजटा अझ महारानी मन्दोदरी नभएका भए शायद सीता आत्महत्या गर्न वाध्य हुन्थिन्। त्रिजटाले उनलाई वाँच्ने आश्वासन दिइन् भने मन्दोदरीले रावणको अन्याय र अत्याचारलाई केही हदसम्म दमन

गर्न सफल भइन् । चारैतिर क्रूर राक्षसीहरूले घेरिएर रातदिन रावणको धम्की र उनको पातिव्रत्य धर्म नाश गर्न तत्परता देखर सीता सधैं आत्म-हत्या गर्न तत्पर हुन्थिन् । तर त्रिजटा उनलाई सम्झाइ हाल्थिन् । एक दिन राम अवश्य लङ्कामा आइपुग्नेछन्, दुष्ट दुराचारी रावणलाई मारेर सीतालाई फर्काउने छन् भन्ने आश्वासन दिएर नै सीतालाई बाच्ने प्रेरणा र धैर्यता दिन्थिन् । केही गरेर पनि सीता आफ्नो वसमा नपरेकी र मोहमा नफसेकाले रावण आफै क्रुद्ध थियो, भित्र भित्रै सन्किरहेको थियो । आइमाई त हुन् नि भन्ने धारणामा ठेस लागेकोले रावण रिसले चूर भएर तरवार लिएर सीतालाई डर र धम्की देखाउन गयो । मानेदेखि मानी हाल्छिन् नमानेमा काटिनँ हाल्छु भन्ने निश्चय गरेर सीता कहाँ पुग्यो । तर सती साध्वी सीताको कदर गर्न मन्दोदरी नै जान्दथिन्, त्यसैले रावणको पछि पछि गएर तरवार उचालेको हातलाई टचाप्प समाउन उनैले सकिन् । नारीवाट सीताको संरक्षण भयो ।

पातिव्रत्य धर्म नै सीताको शील स्वभावको उत्कर्ष थियो । त्यसैले उनको सतीत्वको नाश गर्न रावण सफल हुन सकेन । सुनै सुनले बनेको लङ्काकी श्रेष्ठ पटमहारानी बनाउने प्रलोभनवाट पनि उनी डगमगाइनन् । सधैं रामकै स्मरण गरेर आफ्नो आत्मालाई बलियो बनाई आफ्नो आचरणमा दृढ रहिन् । वरू रावणलाई सधैं तिरस्कार र घृणाका जवाफ मात्र दिन्थिन् प्रेमको स्वाँङ्ग रच्ने दुष्ट व्यभिचारी रावणलाई तिरस्कारको घुंयत्रो हान्थिन् "यस्तो निन्दनीय निशाचर रावणसँग प्रेम गर्नु त परै जाओस् बायाँ गोडाको कान्छी औंलाको नङ्को टुप्पोले पनि छुन सक्दिन ।"

हनुमानलाई पनि उनी आफ्नो छोरा जस्तै मान्दथिन् तर पनि हनुमानको पीठमा वस्न उनको पातिव्रत्य धर्मले दिएन । अशोक वाटिकावाट पीठमा बोकेर रामकहाँ पुऱ्याइदिन्छु भन्ने हनुमानलाई उनले परपुरुषको स्पर्श नगर्ने स्पष्ट जवाफ दिइन् । रावणले हरण गर्दा त उनी अनाथ असमर्थ भएकीले नै हो नत्र कुनै परपुरुषसँग उनी स्पर्श गर्दैनथिन् । वास्तवमा सीता अशोक-

वाटिका वस्ता पनि शोकको भारले थिचिएकी धुंवाको मुस्लो भित्रकी अग्नि शिखा जस्तै पातिव्रत्य धर्म र आदर्श चरित्रले धप्प बलेकी थिइन्।

रामले सीताको सतीत्वमा शङ्का गरेर रावणको अशोक वाटिकाबाट ल्याए पछि अग्नि परीक्षा गर्न लगाए। त्यसवेला सीता ज्यादै दुःखित भइन् जसको लागि उनले यति ठूलो कष्ट सहिन् उसैले झन् शंका गरेर उनको मूल्य नबुझ्नू ? नारीत्व नारीको कमजोर पक्ष हो तर पत्नीत्व र पातिव्रत्य उनका सबल पक्ष हुन्। रामले नारीको कमजोर पक्षलाई मात्र बुझ्न सके तर सबल पक्षलाई बुझ्न सकेनन्। त्यसैले उनको नारीत्व अथवा सतीत्वमा शङ्का गरे, उनको पातिव्रत्य अथवा पत्नीको महत्व जान्न सकेनन्। त्यसकारण सीता स्पष्ट भन्दछिन् "मेरो सच्चरित्रमा दोष लगाउनु कहिल्यै उचित हुँदैन। मेरो निर्वल अंशलाई तपाईले प्रस्तुत गर्नु भयो परन्तु मेरो सबल अंशलाई पछाडि धकेलिदिनु भयो। नारीको दुर्वल अंश उनको स्त्रीत्व अथवा नारीत्व र उनको सबल अंश उनको पत्नीत्व र पातिव्रत हुन्। तर हे नरशार्दूल तपाईले क्रोधको आवेशमा मेरो स्त्रीत्वमा दोषारोपण गर्नु यसलाई प्रथम स्थान दिनु भयो, परन्तु तपाईले मेरो किशोरावस्थामा न पाणि ग्रहण गरिएकी शास्त्रानुमोदित धर्मपत्नी हुँ, म तपाईको भक्ति गर्दछु र मेरो स्वभाव निश्छल र पवित्र छ भन्ने कुरा विर्सनु भयो। आश्चर्य तपाई जस्तो नरशार्दूलले मेरो स्वभाव भक्ति तथा पाणिग्रहणलाई पछाडि फ्याकेर केवल स्त्रीत्वलाई नै अगाडि राख्नु भयो र अग्नि परीक्षा गराउन लाग्नु भयो।"

पातिव्रत्य धर्मको वेदीमा आफ्नो सम्पूर्ण सुख र स्वार्थको वलिदान दिनु नै आर्य नारीहरूको आदर्शता हो। यही आदर्शको प्रतिष्ठान स्वयं महारानी सीताले गरिन्। अग्नि परीक्षामा उतिर्ण भएर पनि अयोध्यावासीहरूले उनको कुरा काट्ने र आफ्ना छोरी बुहारीमा कुप्रवृति आउने आशङ्का गर्न लागेकाले आदर्श प्रजापालक रामले सीतालाई त्यागेर वनवास पठाए। यसवेला गर्भभारले उनी आक्रान्त थिइन्। सहिष्णुताकी जीवित प्रतिमूर्ति

सीताले रामसँग कुनै विरोध गरिनन् । परन्तु जङ्गलमा पुगेपछि लक्ष्मण-लाई सोधिन् " के यस्तो विकट परिस्थितिमा उनको त्याग शास्त्रानुकुल छ या इक्ष्वाकु वंशको मर्यादानुरुप छ ?" तर उनी रामलाई अन्तर हृदय-देखि पूजा गर्दथिन् । साथै उनी भाग्यवादी अथवा कर्मवारी सिद्धान्तकी अनुयायी भएकीले जस्तोसुकै दुःखलाई पनि आफ्नै कर्मको भोग भनेर आत्म सन्तुष्टी लिन्थिन् । त्यसकारण लक्ष्मणलाई फेरि भनिन्"राम कल्याण-कारी छन् , प्रिय पात्रको कल्याण कामना गर्दछन् । त्यसकारण मेरो पनि अकल्याणको कल्पनै गर्न सक्दैनन् । अतः यो भोग मेरै पूर्वजन्मको पापको फल हुनु पर्दछ । वरु एक सामान्य प्रजाको रुपमा मेरो पनि संरक्षण होस् म पनि उहाँकै प्रजा हूँ ।"

महामानवी सीताले रामको कहिल्यै अनादर गरिनन् । वाल्मीकि कुटीमा आफ्ना छोराहरूको हेरविचार गरेर साधारण नारीले झैं ढिकी जाँतो गर्दै दिन बिताइन् । कसैसँग उनले आफ्नो दुःख पोखिनन् । दुःखको घुट्को पलपल पिउँदै आफ्ना दिन व्यतित गरिरहन्थिन् । वाल्मीकिको सल्लाह अनुसार अनेक व्रत गरेर अनुष्ठान पनि गरिन् । आखिर राम सीताको मिलन हुने हुने वेलामा फेरि अर्को परीक्षा आयो अथवा रामको सभामा गएर आफ्नो सतीत्व प्रमाणित गराउन किरिया खानु पर्ने भयो । वाल्मीकिले पनि यसबारे सीता-लाई खूब सम्झाए । तर राजा रामको र अयोध्यावासीको यस्तो प्रस्तावले महारानी सीताको हृदय झन् छियाछिया भयो । सहनुको पनि सीमा हुन्छ । सहिष्णुता र धैर्यताको बाँध फुट्यो । आखिर धरती माताको गर्भबाट आएकी सीता धरतीकै गर्भमा विलिन हुने विचार गरिन् । त्यसैले आफ्ना छोराहरू कुश र लवलाई रामको जिम्मा लगाएर पृथ्वीमातालाई पुकारिन् "यदि म पतिव्रता छु भने, राम बाहेक अन्य परपुरुष कहिल्यै नसोचेकी भए पृथ्वीमाता मलाई आफ्नो न्यानो मातृत्व दिनोस्, न्यानो काख दिनोस् ।" महामानवी सीताको यस्तो अनुरोध सुनेर धरती अकस्मात फाट्यो, पृथ्वी माता आफ्नो सत्चरित्रवान छोरी लिन आइन् । कुनै पनि छोरी

सर्वैबाट त्यागिन सक्छे तर आमाबाट कदापि त्यागिन्न । त्यसैले पृथ्वी माताले सहर्ष उनको काख दिइन्, रामका सम्पूर्ण सभासद, अयोध्यावासी-हरू हेरेका हेर्‍यै भए, उनी धरतीमै विलिन भइन् ।

यसरी महारानी सीताको चरित्र विश्वमा नै आदर्श मानिन्छ । उनको दिव्यता र अलौकिक गुणले नारीमात्रको मूल्य अझ बढाएको छ । नारी शक्तिको अगम्य स्रोत मानिएकीले तान्त्रिक पूजामा पनि नारी अर्थात शक्तिलाई महत्त्वपूर्ण स्थान दिइन्छ । सीता विश्वकै प्रदीप्त दीप शिखा हुन् र उनकै चरित्रबाट सर्वपूजित छन् । उनी मानव मात्रकी पथप्रदर्शिका हुन् आदर्शताकी प्रतिमूर्ति ।

महारानी सुमित्रा

महाराज दशरथका तीन जना प्रमुख रानीहरू मध्ये सुमित्रा एक थिइन् । उनी रामचरणानुरागी शेषावतार वीरवर लक्ष्मण एवं अजेय योद्धा शत्रु नकी आमा थिइन् । उनले हाम्रो संस्कृतिको इतिहासमा आफ्नो ज्योतिर्मय स्थान सुरक्षित गरेकी छन् । उनको आदर्श नारीत्व राजा दशरथको दरबारका लागि निकै महत्वपूर्ण थियो । क्षमा, धैर्य, भक्ति स्नेह, करुणा एवं सच्चरित्र धर्मकी उनी जीवन्त प्रतीक थिइन् । राजा दशरथबाट उनी त्यति सम्मानित थिइनन् जति कैकेयी थिइन् । महारानी कौशल्या जेठी पटरानी थिइन् तापनि कैकेयीकै ईशारामा दशरथ नाचेका थिए । सुमित्रासंग राजा सधै टाढै थिए । तर आदर्श नारी सुमित्रा एउटी सती साध्वी पत्नी बनेर आफ्ना पतिका चरणकी सतत अनुगामिनी बनेकी थिइन् । दारुण उपेक्षा एवं अपमानका तीता टर्रा घुटकालाई आंखा चिम्लेर जीवनैभर पिइ नै रहिन् । उनले कहिल्यै पनि आफ्नो दुःखमा न असन्तोष प्रकट गरिन् न त कैकेयीप्रति ईर्षा राखिन् । एक मूक विनम्रशीला नारीका रुपमा आफ्नो परिवारको मर्यादा निरन्तर कायम राख्दथिन् । यिनै विशिष्टताले गर्दा उनी महारानी कौशल्याकी ज्यादै मन परेकी थिइन् । यही मौनताले उनको भव्य व्यक्तित्व निर्माण गर्दछ र उनको आदर्श गार्हस्थ्य जीवन नै नारी सफलताको मापदण्ड

मानिन्छ । अनि उनको आदर्शताले नै सद्भावनाको वातावरण बनाएको देखिन्छ ।

महारानी सुमित्राको उत्कृष्ट त्याग र तपस्याबाट उनका छोराहरूको जुन चरित्र निर्माण भएको छ, त्यो सम्पूर्ण आमाहरूका लागि अनुकरणीय मानिएको छ । राम वनवास जाने बेलामा महारानी सुमित्राले आफ्ना छोरा लक्ष्मणलाई जुन उपदेश दिइन्, त्यो उपदेश मातृत्व नारीत्व एवं सरलताको स्वर्णिम चरम सीमा हो । उनी सधैं भन्दथिन्, उनै पुत्रवती युवती धन्य हुन्, महाभाग्यमानी हुन् जसका छोरा आस्तिक छन् र रामभक्त छन् । यदि रामभक्त नभई नास्तिक छन् भने त्यस्ती आमा बाँझी रहनु नै श्रेयस्कर हुन्छ । के आजको यस विकटपूर्ण आस्था श्रद्धाहीन विश्वमा आमाको यस्तो उपदेश एक विश्वासपूर्ण श्रद्धा एवं आस्थाको प्रकाशमान प्रदीप होइन र ? छोराको सम्यक निर्माणको दायित्व आमाकै हुन जान्छ । पुत्रलाई उन्नत शिखरमा चढाउन आदर्श मातृत्वको निकै प्रभाव मान्नु पर्दछ । तर छोरामा पिताको पनि प्रतिछवि हुने हुनाले उनको पनि छोराप्रति उत्तिकै दायित्व हुन्छ । पुत्रबाटै हिन्दूधर्म अनुसार "पु" नाम-नरकबाट पितालाई मुक्ति दिलाउँछ ।

महारानी सुमित्रा अति नै त्यागी, धैर्यशीला, सहनशीला, क्षमाशीला करूणामयी एवंम पतिपरायणा थिइन् । उनको मुखबाट कहिल्यै कसैको चित्त दुख्ने शब्द निस्केनन् र कसैको खरावी पनि चाहिनन् । अर्काको छुल्याई लगाउने बानी उनमा छँदै थिएन । उनले आफ्ना छोरा-हरूलाई पनि कहिल्यै आफ्नै सम्झिनन् । महाराज दशरथले जब पुत्रेष्टि यज्ञ गरे त्यसबेला अग्निदेव प्रशन्न भएर उनलाई खीर दिएका थिए । राजाले केवल महारानी कौशल्या र कैकेयीलाई मात्र दुई भाग लगाई बाँडे । तर सुमित्रालाई दिएका थिएनन् । कौशल्या र कैकेयीका आ-आफ्ना भागबाट झिकेर सुमित्रालाई एक भाग दिलाई दिए । कौशल्या र कैकेयी-बाट एक एक जना छोरा जन्मे तर सुमित्राबाट भने जुम्ल्याहा लक्ष्मण र

र शत्रुघ्न जन्मे । त्यसकारण उनले त्यसैवेलादेखि ती छोरा उनैका हुन् जसले उनलाई आफ्नो आफ्नो भाग खीर दिएका थिए भन्ने गर्दथिन् । लक्ष्मण रामका सेवामा र शत्रुघ्न भरतका सेवामा लगाई दिएकी थिइन् । राम र लक्ष्मण कौशल्याका छोरा तथा भरत एवं शत्रुघ्न कैकेयीका छोरा भन्ने सम्झेकी थिइन् । यसरी राम एवं लक्ष्मण अनि भरत एवं शत्रुघ्न दुवै थरी जोडी विश्व प्रसिद्ध भए । उनले दुवै छोराहरूलाई आफनो मनेर कहिल्यै अहंकार गरेको पाइँदैन ।

कैकेयी महाराज दशरथकी विशेष प्रिय थिइन् र उनमा पतिप्रेमको अहं थियो । त्यसैले सुमित्रा सदा सदानै कौशल्याकै सेवामा समय बिताउँथिन् । श्रीरामचन्द्रको राज्याभिशेपमा उनी ज्यादै प्रसन्न थिइन्, स्वयं उनले नै विभिन्न किसिमबाट घर आँगन, कोठा मणिमय आदि सजाउने गर्दथिन् । सांच्चै नै 'म ताक्छु मुढो वच्चरो ताक्छ घुंडो' भने जस्तै रामलाई राज्याभिषेकको सट्टा चौध वर्ष वनवास मिल्यो । शहरमा हाहाकार मच्चियो । महारानी कौशल्याले रोएर आफनो छोरो रामलाई वनवास जाने आज्ञा दिइन् । सीताजी पनि पछि लागेकीले उनलाई पनि रामका साथ वन जानलाई आज्ञा दिइन् । अब लक्ष्मण मात्र एक्लै कसरी रहन सक्नु र ? लक्ष्मण पनि रामसंग जाने तीव्र इच्छा गरेर आज्ञा मागे । परन्तु रामले उनलाई विभिन्न तरिकाले सम्झाए, धर्म र नीति सिकाउँदा पनि लक्ष्मण मानेनन् । अन्तमा विवस भएर आमासंग आज्ञा लिएर आऊ भने । सुमित्रा कहाँ जाँदा लक्ष्मणको मलिन मनुहार देखेर कारण सोधिन् । लक्ष्मणले संक्षेपमा सबै उनलाई सुनाए । यस्तो हृदय विदारक वाक्य सुनेर सुमित्रा मूर्छित भइन् । उनको शरीरको होश हवाश हरायो । लक्ष्मणलाई झन् बढी चिन्ता भयो कतै आफनो मायामोहले गर्दा वनमा जाने आज्ञा पाइदैन कि भन्ने डर भयो तर यो व्यर्थको शंका थियो । सुमित्राले लक्ष्मणलाई कहिल्यै पनि आफनो छोरो माथिको अधिकार भन्ने सम्झेकी नै थिइनन् । उनले त्यसबेला प्रष्ट भनिन्" बाबु । राम सीता नै तिम्रा बाबु आमा हुन् । मैले ता केवल तिमीलाई जन्म मात्र दिएकी हुँ ।

श्रीराम वनजान लागिरहेछन् भने मलाई सोध्ने कुरै छैन । तिम्रो कर्तव्यता निश्चितैछ, । यसमा दुविधा केही छ त ? तिम्रो मुख्य काम नै श्रीरामको सेवा गर्नु हो । जब राम नै यहाँ छैनन् त तिम्रो यहाँ काम छैन । निरन्तर रामका सेवामा तल्लीन रहन ठूलो सौभाग्यले मात्र पाइन्छ । यहाँ पनि रामकै सेवा गर्ने हो, परन्तु यहाँ हजारौं दासदासी भएकाले केही सेवा बाँडिन्थ्यो । तिम्रो एकलौटी सेवा कमनै थियो । तर अब तिमी एकलैले उनको सेवा गर्न पाउने भयौं । उनले फेरि भनिन् श्रीरामलाई पिता सीतालाई आमा अरण्यलाई अयोध्या सम्झेर प्रशन्नतासाथ वनमा जाऊ । उनको यही सदुपदेशले अनुप्रेरित भएर लक्ष्मण पूरा चौध वर्षसम्म रामकै अङ्ग रक्षकका रूपमा वनमा बसे । चौध वर्षको लामो अवधि भित्र लक्ष्मणले न त एक पला विश्राम नै गरे । चौध वर्षसम्म अखण्ड ब्रह्मचर्य व्रत धारण गरेर नै उनले मेघनाद जस्तोलाई समेत पराजय गरी वीर योद्धाको संहार गर्न सफल भए ।

सुमित्राले जीवनको प्रत्येक चरणमा आफ्नो सहजत प्रज्ञाशीलता एवं समभावनाको परिचय दिइन् । उनलाई थाहा थियो राजाको प्रेम कैकेयीप्रति अगाध छ । त्यसैले पति भावनाको सम्मान गर्नका लागि उनले कैकेयीलाई कहिल्यै पनि कटु शब्द प्रयोग गरिनन् । पारिवारिक मर्यादा कायम गर्न उनी अतिनै चतुर बुद्धिमति र कार्यकुशल थिइन् । महारानी सुमित्राको बौद्धिक चातुर्य चित्रकूटमा रामलाई भेट्न जाँदा पाइन्छ । राजा जनककी पत्नी सुनयनाले कैकेयीलाई "सुन्नमा सुधा र देख्नमा जहर" भन्दै धिक्कारिरहेकी थिइन् । तर महारानी सुमित्राले त्यस विवाद समाप्त गर्नलाई "देवी । रातको दुई बजी सक्यो अब तपाई विश्राम गर्नुहोस्" भनेर प्रसंग बदलिन् । वास्तवमा उनको निन्दा र घृणा रोक्नन् विश्राम गर्न अनुरोध गरेकी हुन् ।

सुमित्राको उदात्त चरित्र वृक्षको रूपमा पाउँछौं । हनुमानबाट लंकामा लक्ष्मण मूर्छित भएको समाचार सुन्दा सुमित्राले उनलाई "हे हनुमान !

रामलाई भनिदिनु यदि लक्ष्मणको मृत्यु भई हाले पनि रामले प्रशन्नतासाथ रावणलाई जितेर बाजा बजाउँदै अयोध्या फर्कनू । युद्धमा सेना कति मर्छन् कति, त्यसकारण लक्ष्मण मरिहाले पनि केही हुँदैन, तर रावण मार्ने राम सकुशल हुनै पर्दछ" भनिन् । यतिमात्र होइन महारानी सुमित्राले आफ्नो अर्को छोरा शत्रुघ्नलाई समेत आदेश दिइन्, "तिमी तुरुन्त सेना तयार गराएर रामलाई सहायता दिन लंकामा जाऊ ।" त्यसबेला यदि महर्षि वशिष्ट आएर नसम्झाएका भए शत्रुघ्नलाई पठाई छाड्थिन् ।

सीता र लक्ष्मण साथ लिएर राम वनमा गए । राजा दशरथ पनि परलोक भए । विचरा कौशल्या अपार दुःखको सागरमा डुबेकी थिइन् । त्यसैले सुमित्रा कौशल्याकै रेखदेखमा अहोरात्र संलग्न थिइन् । उनलाई आफ्नो छोराको विछोडको कुनै दुःख थिएन । वरु कौशल्याको दुःखमा नै ज्यादै दुःखी थिइन् । उनले कौशल्यालाई सुखी बनाउन सकेसम्म कोशिश गर्दथिन् र विभिन्न तरीकाले शान्त्वमा दिदै सम्झाउथिन् । "रात धेरै बिति सक्यो, अब सुत्नुहोस्" भनी सुत्न खान वस्त्र सम्झाउथिन् ।

सुमित्राको अलौकिक प्रेम पाउन ज्यादै दुर्लभ छ । उनको जीवनमा त्याग, सेवा संयम गम्भीरता एवं स्नेहको उत्कृष्ट सम्मिश्रण पाइन्छ । हाम्रो देशमा यदि यस्ता सौतेनी आमा भए घर घरमा झगडा हुने नै थिएन । यदि भगवानले सौतेनी आमा दिन्छन् नै भने सुमित्रा जस्ता सौतेनी आमा दिऊन् ।

सुभद्रा

महिमामयी रमणी रत्नहरूमध्ये द्वारकाधीश भगवान श्रीकृष्णकी बहिनी सुभद्राको एक गौरवपूर्ण स्थान छ । सुभद्राले आफ्नो प्रकाशमय जीवनमा जुन आदर्शता स्थापना गरेकी छन्, त्यो हिन्दू नारीहरूको चिर दीप्तमान प्रकाश स्तम्भ हो। यही प्रकाश स्तम्भवाट विश्व विख्यात धनुर्धारी अर्जुनलाई पतिको रूपमा प्राप्त गरिन् ।

पाँचपाण्डवले द्रौपदी विवाह गरेपछि उनीहरूले आपसमा वनाएको नियमानुसार प्रत्येक भाइसंग सम्वन्ध गर्दथिन् । द्रौपदी कुनै एक भाइका साथ एकान्तमा या अन्तःपुरमा वसेको वेलामा अर्को भाइले त्यहाँ प्रवेश गर्न हुँदैनथ्यो । यदि यो नियमलाई उल्लंघन गरेमा त्यसले वाह्र वर्षसम्म तीर्थ यात्रा गर्नु पर्ने हुन्थ्यो। वास्तवमा सवै पाण्डवहरूले यस नियमलाई पालन गरेका थिए ।

एक पटक केही डाँकुहरूले एकजना ब्राह्मणको गाई लुटेछन् । ब्राह्मणले ज्यादै आत्तिएर सहायताको लागि सज्जनहरूसंग गुहार मागे । तर उनलाई कसैले मद्दत दिएनन्। धनुर्धारी अर्जुनले उनको आर्त्तवाणी सुन्ने वित्तिकै द्रौपदीको खोपीमा रहेको गाण्डिव धनुलिएर लुटेराहरूको पिछा गर्दै दौडे । उनीहरूसंग केही वेर संघर्ष गरेपछि लुटेराहरू केही सीप नलागेर गाई छोडेर भागे । त्यसपछि अर्जुनले सवै गाई ब्राह्मणलाई बुझाए र नियम भङ्ग गरे वापत सजाय भोग्न धर्मराजसंग आज्ञा लिन गए । उसबेला

महारानी द्रौपदी धर्मराजको खोपीमा थिइन् । नियम अर्जुनद्वारा भङ्ग गरिएको थियो । तर धर्मराजले यसमा केही सन्देह मान्नु पर्दैन, यो अपर्झट आइपरेको आपद धर्म हो भनी सम्झाए! सबैले धर्मराजको कुरामा समर्थन गरे । तर अर्जुनले नियम पालन गर्ने पर्छ भन्ने कुरामा जोड दिएर तीर्थ गर्नका लागि घरबाट निस्के । विश्वका विभिन्न तीर्थहरू घुम्दै घुम्दै उनी प्रभास तीर्थमा पुगे । अर्जुन प्रभास तीर्थमा आइपुगेको कुरा श्रीकृष्णले सुनेर अर्जुनलाई भेट्न उहीं पुगे । दुवैजना खुशीले विभोर भएर आपसमा सकुशलताको आदान प्रदान भयो । अनि श्रीकृष्णले आफ्नी बहिनी सुभद्राको विवाह कुरूराज दुर्योधनका साथ सम्पन्न गराउने श्रीबलरामजीको मनसाय छ भन्ने कुरा पनि सुनाए । तर कृष्णलाई भने यो प्रस्ताव स्वीकार्य थिएन । त्यसपछि दुवै जना द्वारका आए। श्रीकृष्णका सल्लाहानुसार अर्जुनले त्रिदण्डी सन्यासीको रुपधारण गरेर सन्यासीकै भेषमा रैवतक पर्वतमा बस्न लागे ।

एक दिन द्वारकामा ठूलो उत्सव भैरहेको थियो । सारा नरनारी सम्मिलित भएका थिए र अर्जुनले सुभद्रालाई त्यहीं देखे । सुभद्रा ज्यादै रूपवती थिइन् र उनको सौन्दर्यमा अर्जुन अति नै मुग्ध भए । श्रीकृष्णले पनि अर्जुनको आशय बुझेर कन्या हरण गर्नु क्षत्रीको लागि गौरवको कुरा हो र सुभद्रालाई प्राप्त गर्ने उपाय यही मात्र छ अरू उपाय छैन भने । अर्जुनले पनि धर्मराजसंग अनुमती लिने विचार गरे । यसकारण श्रीकृष्णले एकजना विशेष दूत हस्तिनापुर पठाई दिए । अनि युधिष्ठीरले खुब खुशी भएर सहर्ष अनुमती दिए ।

एकदिन बलरामजीले अर्जुनलाई भोजनको लागि आमन्त्रित गरे । श्रीकृष्णले सुभद्रालाई अर्जुनको परिचय पहिले नै दिएका थिए। भोजन पश्चात् अर्जुन रैवतक पर्वततिर फर्केर सुभद्रालाई हरण गर्ने उपाय सोचि-रहेका थिए । श्रीकृष्णजीले वनमा गोवर्द्धन पूजा प्रचलित गरेका थिए । यसैले द्वारकाको रैवतक पर्वतमा यही पूजा हुँदैथियो । त्यही पर्वको अवसरमा सम्पूर्ण यदुवंशी नरनारी रैवतक पर्वतको पूजा गर्न भेला भएर धुमधामसंग बाजागाजा एवं नृत्यका साथ पर्वतलाई प्रदक्षिणा गर्न लागे।

अर्जुनले पनि सन्यासीको रूप त्यागेर सुभद्रालाई हरण गर्ने मौका पर्खेका थिए । ठीक त्यसैबेला सारथी विहीन एउटा रथ देखे । सोही रथमा बसेर हाँकदै सुभद्राको रथ नजीकै अर्जुन पुगे । मौका पाउनासाथ तुरुन्तै सुभद्रालाई आफ्नो रथमा बसालेर सुइंकुच्चा ठोके । यसरी सुभद्रालाई हरण गरेको देखेर यदुवंशीहरू अर्जुनका पछि लागे । धनुर्धारी अर्जुनले आफ्ना दाँतले लगाम समातेर यदुवंशीहरूलाई प्रशस्त बाँण हाने । सुभद्राले पनि आफैले लगाम समातिन् । नत्र रथ त्यति छिटो चल्न सक्दैनथ्यो । अर्जुनको भीषण बाँण प्रहारले हार खाएर यदुवंशीहरू आफ्ना घरतिर फर्के ।

यो कुरा श्रीबलरामजीले थाहा पाएर रिसले चूर भए । कृष्णकै संकेतले यो भएको हो भन्ने पनि बुझे। उनलाई कृष्ण र अर्जुनको घनिष्ट सम्बन्ध पनि थाहा थियो । अर्जुनले सुभद्रा हरण गरेर सम्पूर्ण यदुवंशको अपमान गरेकोमा समस्त यदुवंशलाई साथ लिएर अर्जुनलाई सजायँ दिन्छु भन्ने बलरामले अठोट गरे । यसमा स्वयं युधिष्ठिर सहायता दिन आए तापनि उनैलाई यसको फल चखाउँछु भन्ने बलरामको विचारलाई सारा यदुवंशीले स्वीकारे । यो कुरा श्रीकृष्णले पनि सुनेका थिए । अनि बलराम कहाँ गएर श्रीकृष्णले विनम्र अनुरोध गर्दै भने "दाज्यू मलाई क्षमा गर्नुहोस् तपाईले गरेको जुनसुकै निर्णयलाई अवश्य पालन गर्नेछु । परन्तु सम्झनुहोस् अर्जुन साधारण वीर होइनन् । उनीसंग लड्दा उनी एक्लैले हामीलाई जित्ने सम्भावना छ । हाम्रो बेइज्जत र अपयश हुनेछ । अर्को कुरा यदि हामीहरूले जितेर अर्जुनलाई हरायौं भने पनि सुभद्रालाई कसैले स्वीकार गर्दैनन् । त्यस्तै सुभद्राले पनि अन्य पुरुषलाई पतिको रूपमा कसरी स्वीकार्लिन् ? यो हुनै नसक्ने कुरा! सुभद्राले नै लगाम समातेकी थिइन् र अर्जुनलाई स्वेच्छाले वरण गरेकी हुन् । हामी क्षत्री जातिमा कन्या हरण गर्नु कुनै अपमानको कुरा होइन ।"

कृष्णजीले यसरी सम्झाउँदा बलरामको रिस शान्त भयो । अर्जुनलाई आदरपूर्वक बोलाउन पठाएर द्वारकामा विधिपूर्वक तिनीहरूको विवाह सम्पन्न भयो । वसुदेवजीले कन्यादान दिए । अर्जुन जस्ता वीर पराक्रमीसंग

आफ्नी छोरीको विवाह हुँदा ज्यादै प्रशन्न पनि भए। सुभद्रालाई बलरामले प्रशस्त धन, दौलत, बहुमूल्य रत्न एवं गाई, हात्ती, घोडा दाइजोका रूपमा दिए। अर्जुन सुभद्राका साथ एक वर्षसम्म बसेपछि तीर्थ वासको अवधि समाप्त भयो र दुबैजना हस्तिनापुर गए। सुभद्राले आमा कुन्तीलाई खुशीले गद्‌गद् हुँदै ढोगिन् र द्रौपदीलाई पनि विनम्र भावले ढोगेर भनिन् "दिदी म तपाईकी दासी हुँ र आजीवन तपाईको आज्ञा शिरोपर राखी पालन गर्नेछु।' द्रौपदी पनि प्रशन्न हुँदै सुभद्रालाई आशिक दिँदै गला मिलाइन्। सुभद्रा कुल घरानमा जन्मे बढेकी महान् आदर्श नारी थिइन्। उनले आपनो सदाचारिता एवं सेवा भावनाबाट पाण्डव परिवारमा एउटा विशिष्ट स्थान पाइन्। केही वर्ष पछि उनको गर्भबाट विश्व विख्यात वीर अभिमन्यूको जन्म भयो।

एक दिन सुभद्रा गङ्गा स्नान गर्न विचारले मध्ये रात्रीमा गङ्गा किनारमा पुगिन्। त्यहाँ एकजना पुरुष ठूलठूलो स्वरले "म गङ्गामा डुब्न जान्छु, मेरो एक मुठी स्वास त्यहीनै फाल्दछु', भनेर कराउँदै गङ्गातिर गईरहेको देखिन्। सुभद्राले त्यस पुरुषलाई बोलाएर नम्रतासाथ सोधपूछ गरिन्। त्यस पुरुषले त्यहाँ नजिकैको एउटा रुखमा आफ्नो घोडी बाँधेको थियो। सरल हृदया सुभद्राको यस्तो आश्वासन पाउँदा उसले भन्यो–"म अवन्तिपति दण्डिराज हुँ। मलाई तिनै लोकमा कसैले शरण दिएनन्। मेरो परम प्रिय घोडालाई श्रीकृष्णले हरण गर्न चाहेछन्। त्यसकारण मलाई कसले शरण दिएर कृष्णसंग शत्रुता बढाउन चाहन्छ र? म ज्यादै अभागी रहेछु।"

राजाका दीन वचन सुनेर सुभद्राको हृदय पग्ल्यो। सुभद्राले वीरोचित ढङ्गबाट अवन्तिपति दण्डिराजलाई आश्वासन दिँदै भनिन्– "म श्रीकृष्णकी बहिनी र वीर धनुर्धारी अर्जुनकी पत्नी हुँ। अनि वीर अभिमन्यूकी आमा हुँ। मेरो नाम सुभद्रा हो। म तिमीलाई अवश्य नै शरण दिन्छु। तिमीले मेरो कुनै कुरामा पनि शङ्का नमान।" यसरी सुभद्राको आश्वासन सुनेर दण्डिराज खुशीले गद्‌गद् भए। उनको घोडी श्रापभ्रष्टा

उर्वशी थिई । महर्षि दुर्वासाको श्राप अनुसार घोडी बन्नु परेको थियो । सराप दिई सकेपछि दुर्वासालाई उर्वशीको दया लागेछ । अनि ऋषिले आठ ब्रजहरू एकत्रित भएको बेलामा मात्र तिमी मेरो सरापबाट मुक्त हुनेछौ भनेका थिए । तर यो सराप कसैलाई पनि थाहा थिएन, केवल उर्वशीलाई मात्र थाहा थियो ।

सुभद्राले यो सबै रहस्य बुझिन् र आफ्ना पति वीर अर्जुन कहाँ गएर शरणागतको रक्षा गर्नु क्षत्रीको परम कर्तव्य हो । श्रीकृष्ण परम प्रिय साथी भए पनि क्षत्रीय धर्म पालन गर्नु पर्दछ भनी सम्झाइन् । तर अर्जुन त्यस कामका लागि हिचकिचाउँदै थिए । सुभद्राले अर्जुन जान नचाहे आफैं गएर भए पनि आर्या वीरङ्गनाको धर्म लोप हुन दिनेछैन भन्ने कुरा गरिन् । अभिमन्यूले पनि आमाको वीरोचित निर्णयलाई समर्थन गरे ।

यो समाचार तुरुन्त द्वारकामा पुग्यो । श्रीकृष्णले अर्जुनले युद्ध नगरुन् भन्ने ठानेका थिए । तर सुभद्राकै इच्छा मुताबिक उनी कृष्णसंग लड्न कम्बर कसे । त्यसबेला युधिष्ठिर पनि सुभद्राको दृढता देखेर चूपचाप लागे । अब अर्जुन र श्रीकृष्णको बीचमा घनघोर युद्ध भयो । सबै दिव्यास्त्रको प्रयोग भइसके पछि अर्जुनले आफ्नो पाशुपतास्त्र छोडे । यसै गरी कृष्णले आफ्नो सुदर्शन चक्र छोड्न उठाउँदा समस्त विश्व नै भय-भीत भयो । यो देखेर झटपट भगवान् शङ्कर स्वयं त्यहाँ आई श्री कृष्णको प्रार्थना गरे । भक्तका लागि आफ्नो प्रतिज्ञा भङ्ग गर्नै पऱ्यो । आशु-तोषको प्रार्थनाले भगवान श्रीकृष्ण खुशी भएर अर्जुनलाई आफ्ना हृदयमा मिलाए । आठौं ब्रज पनि एकत्रित भएपछि घोडी पनि सरापबाट मुक्त भएर उर्वशीकै रुपमा परिवर्तित भई । श्रीकृष्णले लडाईको मूल कारण नै सुभद्राको हात रहेछ भन्ने थाहा पाए । तर आफ्नी बैनीप्रति वात्सल्यता छँदै थियो ,त्यसकारण उनलाई पटक्कै रिस उठेन ।

यस किसिमसँग सुभद्राले आफ्नो पतिलाई कर्तव्य बोध गराएर नारी धर्मको सम्यक पालन गरिन् । यस्तै किसिमले आफ्नो कर्तव्यमा दृढ भएर

अर्जुनका साथ आनन्दपूर्वक धेरै वर्ष विताइन्। महाभारत युद्धको समाप्ति पछि श्रीकृष्ण सुभद्रालाई लिएर द्वारका आए। उनले आफ्ना पिता वसुदेवजीसँग महाभारतको युद्ध वारेमा सम्पूर्ण वृतान्त वताए। तर अभिमन्यू मारिएको प्रशंग नै छोडि दिएका थिए। त्यस वारेमा स्वयं सुभद्राले मुटुमा भक्कानो पारेर पिताजीलाई अभिमन्यूको मृत्युको समाचार सुनाइन्। वसुदेवजी पनि आफ्नो प्यारो नातिको मृत्यु सुन्दा ज्यादै दुःखी भए। आफ्नो प्रिय पुत्रको मृत्युको घटना सुभद्राले कहिल्यै विर्सिन सकिनन्। यसै शोकमा डुवेर सुभद्रा हस्तिनापुरमा कहिल्यै फर्किनन्। उनी मृत्यु पर्यन्त द्वारकामै वसिन्। केही वर्ष पछि सम्पूर्ण यादवहरूको विनाशको दुःखद समाचार दारुक आएर सुभद्रालाई सुनाए। त्यसवेला अर्जुन पनि द्वारकामै थिए। अनि सुभद्रा शोकाकुल भएर अर्जुनका पाउमा आफ्नो शिर झुकाएर प्राण त्यागिन्। त्यसपछि अर्जुनले विह्वल भएर आफ्नै हातले आफ्नो प्राणभन्दा प्यारी पत्नी सुभद्राको अन्त्येष्टी गर्नु पऱ्यो।

सुलोचना

सुलोचना शेषनागकी छोरी थिइन्। उनी सानैदेखि अनुशासित, धर्मावलम्वी, पितृज्ञाकी पालिका र सरल हृदया थिइन्। उनी वाल्यावस्था-देखिनै मिलनसार थिइन्। उनका अलौकिक गुण सुनेर लङ्काधिपति रावणले आफ्नो पुत्र मेघनादका लागि माग्न आफ्ना दूतहरू शेषनाग कहाँ पठाए। शेषनाग पनि यस विषयमा मञ्जुर भई सुलोचनाको मेघनादसँग विवाह सुसम्पन्न भयो। उनको सतचरित्र सूर्यको तेजभन्दा पनि जाज्वल्य एवं गङ्गाजलभन्दा पनि पवित्र थियो। आफ्नी सासू मन्दोदरीको संरक्षणमा उनको दिव्य सतीत्व विकास भएको थियो। सुलोचनाको सर्वोत्तम चरित्र, शील स्वभाव र धर्माचरणले आर्यनारीहरू उनको चरित्रको अनुकरण गर्न चाहन्थे। रावणको धनसम्पत्तिको अगाडि इन्द्र एवं कुवेर पनि गरीवमा गनिन्थे। त्यस्तो धनाढ्यको छोरा युवराज मेघनादले एउटै पत्नीका साथ आनन्द एवं सुखका दिन विताएका थिए। सुलोचना पतिव्रता भएकीले पतिलाई नै नित्यप्रति आराध्यदेव मान्दथिन्; उसैको मङ्गल कामना चिताउँथिन्। विभिन्न आर्यग्रन्थहरूमा उनको चरित्र ज्योतिर्मय विव झैं पाएका छौं। आफ्ना पतिलाई सदाचारिता पट्टि लगाउने निरन्तर उनको चेष्टा थियो। त्यसैले उनी आदर्श नारी मध्ये एक कहलिएकी छन्।

"हे शेषावतार! तपाई मेरा परम प्रतापी पतिलाई मारेर आफू वीर

हुँ भन्न घमण्ड नगर्नु होस् । मेरो यशस्वी पतिका तुलनामा तपाई एक तीलको दाना जति पनि ठहरिनु हुन्न । यो तपाई र मेरा पतिका बीचको युद्ध होइन । त्यसमा दुई महासती नारीहरू बीचको युद्ध थियो । यस युद्धमा तपाईको सहायता सती सीताको सत्चरित्र एवं रामको ब्रह्मशक्तिद्वारा गरिएको हो । म तपाईलाई वीर सम्झिन्न तपाईकी साध्वी पत्नी उर्मिला एवं सती सीताको सतीत्वप्रति म शिर झुकाउँदछु । यिनै तीन शक्तिको सम्मिलित सहयोगले मात्र मेरो पति मेघनादलाई मार्न सक्नु भएको हो ।"

माथिका वाक्यहरू लङ्काधिपति रावणकी बुहारी तथा परम योद्धा मेघनादकी पत्नी सुलोचनाका मुखबाट निस्केका हुन् भगवान राम स्वयं सुलोचनाको सत प्रतापसँग परिचित थिए । राम हृदयदेखि नै सुलोचनालाई श्रद्धा गर्दथे र शेषावतार लक्ष्मण मेघनादसँग युद्ध गर्न समरमा जाने-वेलामा रामले लक्ष्मणलाई सम्झाएका थिए । "लक्ष्मण ! आज तिमी मेघनादसँग युद्ध गर्दा अवश्य नै विजय प्राप्त गर्ने छौ । तर मेघनाद जस्तो उज्ज्वल चरित्रवान पुरुष यस पृथ्वीमा अरू कोही छैन । ऊ एक पत्नी व्रत धर्मको पूर्ण पालक छ र उसकी पत्नी सुलोचना परम पतिव्रता छन् । युद्धभूमिमा मेघनादको टाउको खस्यो भने हाम्रा सम्पूर्ण सेना र हामी विरोधी पक्षका सबै महासती सुलोचनाको प्रचण्ड तेजले भस्म हुनेछौं । युद्धमा कुनै प्रकारबाट पनि हाम्रो पराजय हुने आशै छैन । मेघनादको शिर जमिनमा पर्दै नपरोस् : यसमा तिमी ज्यादै होशियार हुनु पर्दछ ।"

जब कुम्भिलाकिल्लाबाट मेघनाद युद्धधर्मिमा जान निस्के सुलोचना पनि देवीको आराधना गर्न गइन् । महपराक्रमी मेघनाद युद्ध भूमिमा जाँदा सबै सुलोचना पनि देवीको मन्दिरमा जान्थिन् र पतिको विजय कामना गर्दै देवीको आराधनामा लीन हुन्थिन् । जैले पनि सुलोचनाकै सच्चरित्रको शक्तिबाट मेघनाथ अजेय हुन्थे । रामका निर्देशानुसार लक्ष्मण रणक्षेत्रमा आए ।मेघनाथ र लक्ष्मणका बीच दुई जनाको घेरै वेरसम्म घमासान युद्ध भयो । लक्ष्मणले रामले दिएको चेतावनी पनि सम्झेका

थिए। लडाईको अन्त्यमा ज्यादै दक्षतासाथ इन्द्रजीतको टाउको शस्त्रद्वारा काटी जमिनमा नपर्दै हनुमानले टाउको लिएर राम कहाँ आए। ठीक त्यहीबेला मेघनादको दाहिने हात काटिएर सुलोचनाको साधना स्थलमा उनको अगाडि भुइमा खस्यो। काटिएको हात देख्दा उनले असाध्यै विलाप गर्दै छाती पिटी पिटी रुन लागिन्। तर उनले जमिनमा खसेको हातलाई छोइनन्। आफ्ना पतिको हात होला भन्न उनलाई विश्वासै लागेन र आफ्नो पति बाहेक जीवनमा कसैलाई छोएकी समेत थिइनन्। त्यसकारण उनले भनिन् "यदि मेरो पतिको हात हो भने मेरो पातिव्रत्य एवं सतीत्वको शक्तिले युद्धका सारा समाचार बताईदेऊ"। एउटी नोकर्नीले जमीनमा खसेको हातमा कलम राखिदिई। सुलोचनाको सतीत्वको प्रभावले गर्दा त्यस हातले खबर लेखन लाग्यो। "हे प्रिय! यो हात मेरै हो। लक्ष्मणले मसँग पूर्वजन्मको बदला लिएर मलाई मारेका हुन्। मलाई मार्नका लागि चौध वर्षसम्म भोजन निद्रा सारा त्यागी अखण्ड ब्रह्मचर्य व्रत पालन गरेका थिए। त्यसैले मलाई मार्न सफल भएका हुन्। यो व्रत धारण नगर्ने सयौ लक्ष्मण आएता पनि मलाई मार्न सक्दैनथे। अहिले मेरो शिर रामसँग छ।"

हातद्वारा लेखिएको वाक्य पढेर सुलोचनाले ज्यादै विलाप गरिन्। विलाप सुनेर रावण मन्दोरी समेत विलाप गर्न लागे। त्यसपछि रावणले उनलाई संझाउँदै भने, "हे सुलोचना धेरै शोक नगर। भोलि नै मैले आफ्नो कराल वाणद्वारा सारा दुश्मनहरूको शर्यौं शिर काटिदिने छु र अवश्य नै तिनीहरूसँग बदला लिनेछु। तर रावणको यस्तो वाक्य सुनेर सुलोचनाले विन्ति गरिन्– "के म एउटी नारीको पतिको अभावले गर्दा शर्यौं नारीहरूको यस्तै गति गराउने? यो हुनै सक्दैन बुवा।" बुहारीका कारुणिक शब्द सुनेर रावण निरुत्तर भए। रावण र मन्दोदरीले सुलोचनालाई खूब सम्झाए। तर सुलोचना डोलीमा बसेर पतिको शीर लिन समरभूमितिर गइन्।

रासले सुलोचनाको आगमनको समाचार सुन्दा उनको मनमा विभिन्न

तर्क वितर्कले हलचल मचाउन थाल्यो । त्यहाँ भएका बाँदर यताउता लुक्न लागे । उनीहरू सुलोचनाको तेजले भष्म हुन्छौं कि भनी डराएका थिए । सुलोचना डोलीबाट ओर्लेर सोझै रामकहाँ पुगिन् । रामले श्रद्धा-पूर्वक उनीसंग भने– "देवी ! तिम्रो यशस्वी पति संसारभरका अप्रतिम योद्धा एवं परम पराक्रमी वीर र सहश्र गुणका भण्डार थिए । उनी एक नारी व्रतका पूर्ण पालक थिए । तर भाग्यले लेखेको कसैले भेट्न सक्दैन । म एउटा महान् अपराधी तिम्रो सामुमा छु र तिम्रा मर्माहत पीडाले ज्यादै दुःखी पनि छु। यस अपराधीलाई जे सराप दिन्छयौ देऊ । म महान् सतीको सराप भोग्न तयार छु।" यति भनेर राम खिन्न हुँदै शिर निहुराएर चूपचाप खडा भइरहे । सुलोचनाले भनिन् "तपाई विश्व नियन्ता हुनुहुन्छ ।" राम बीचमै बोले,– "देवी ! पतिव्रताको शक्ति अपार हुन्छ । ब्रह्मा, विष्णु र महेश्वरको सम्मिलित शक्ति पनि पतिव्रताको अगाडि मलिन नै हुन्छ। सुलो-चना ! तिमी महान् सती छौं, आदेश देऊ, तिम्रो लागि म के गरौं ?" जे हुनु भै सक्यो, अब मेरा पतिको शिर माग्न आएकी हुँ । शिर दिएर मलाई सती जाने मौका दिनुहोस् भनिन् उनले । रामले तुरुन्तै मेघनादको शिर मगाई उनलाई दिए । पतिको शिर देख्ने बित्तिकै सुलोचना अलाप विलाप गरेर रुन लागिन् । त्यसबेला राम लक्ष्मण एवं अन्य सेना समेत उनको विलापमा दुःखीत भएर रुन लागे । लक्ष्मण पनि रामसँग उभिएका थिए । अनि सुलोचनाले उनलाई देखेर भनिन्– "हे उर्मीला पति ! तपाई आफ्नो वीरतामा घमण्ड नगर्नु होस्- मेरो पतिलाई मार्ने शक्तिशाली व्यक्ति यो तीनै लोकमै थिएनन् । खास गरेर यो युद्ध दुई पतिव्रताहरूको थियो । मेरा पति एक सती नारी अपहरण गर्ने लङ्काधिपतिका छोरा थिए । उनै पिताका पालन पोषणमा हुर्केका थिए । सती सीता एवं सती उर्मीलाको सम्मिलित सतीत्वले गर्दा मेरा पति मेघनादलाई मृत्यु लोकमा पठाउन सफल हुनुभयो ।" त्यहाँ बसेका बाँदर सेना सुलोचनाको कुरा सुनेर आश्चर्य माने । मेघनादको शिर रामसँग छ भन्ने कुरा सुलोचनालाई कसरी थाहा भयो । यस्तै विभिन्न तर्कले बाँदरगणमा खासखुस चलेको

थियो । सबका घटघट अन्तरमा बस्ने रामले बाँदर सेनाको मनोभाव बुझेका थिए । "पतिवता नारीका कुनै कार्य पनि असम्भव हुँदैन । जस्तो सुकै कठीनभन्दा कठीन कार्य पनि सरल हुन्छ ।" बाँदर सेनाको मनोभाव सुलोचनाले बुझेर भनिन्– "मेरा पति मेघनादका हातले नै यो सारा समाचार लेखिदिएको हो ।" त्यसबेला बाँदर सेना चूप लागेका थिए । तर सुग्रीवले व्यंङ्ग गर्दै सुलोचनालाई भने– "निर्जीव हातले पनि कही लेख्न सक्छ ? यदि मेघनादको टाउकोलाई सुलोचनाको आज्ञाले हसाउन सकेमा मात्र म उनलाई साच्चिकै पतिव्रता नारी सम्झने छु ।" सुग्रीवका कुरा सुनेर रामले उनलाई झपार्दै भने –"मित्र ! किन तपाई नचाहिने तर्क गर्नु हुन्छ ? सती नारीको अपार शक्ति हुन्छ । तपाईलाई यस बारेमा ज्ञान छैन । अहिले यो निर्जीव शिर पनि उनको आज्ञाले हांस्न सक्दछ ।"

रामको भनाइ सुलोचनाले बुझिन् र भनिन्– "यदि म पतिव्रता नारी हूँ भने मेरो पतिको निर्जीव शिर अहिल्यै हास्ने छ ।" उनको वाक्य पूरा हुन नपाउँदै निर्जीव टाउको खित्का छाडेर हास्न लाग्यो । सुग्रीव लाजले नतमस्तक भएर रामका पछाडि छेकिए ।

सुलोचनाका लागि राम र रावण दुवैले एउटा श्रीखण्ड चिता तयार गरिदिए । समस्त बाँदर वीर सेना तथा लङ्कानिवासी यस्तो घटना हेरि-रहेका थिए । त्यतिबेला दुवै पक्षले आफ्नो शत्रुता बिसिए । राम एवं रावण दुवैले सुलोचनालाई आशिक दिएर एक क्षण शिर झुकाए । मेघ-नादको काटिएको शिर लिएर सुलोचनाले चितारोहण गर्नुभन्दा पहिले रामसँग बिन्तिगरिन् – "भगवान ! आज मेरो पतिको अन्तिम संस्कारको दिन हो । त्यसैले आज एक दिनको लागि युद्ध बन्द गरिदिनु होला ।" राम रावण दुवैका आँखा भरी आँसु छचल्किए । एकले अर्कोको मुख हेर्दै उनको निवेदनमा आफ्नो मौन स्वीकृति प्रदान गरे । सुलोचना आफ्नो पति मेघनादको शिर लिएर चितामा चढेर रावण र राम दुवैलाई नमस्कार गरिन् र भगवाको ध्यान गर्दा गर्दै चिता स्वतः प्रज्ज्वलित भयो । अनि

दुवै पक्षका दलले एकै स्वरमा सती सुलोचनाको जय जयकारको उद्घोषण गरे। चिताको ज्वालाले दुवै दलको कलुषित भाव पखाल्यो।

सुलोचनाको यस्तो महनीय चरित्रले नारीमात्रमा प्रेरणा र सच्-चरित्रको दिव्य सन्देश वर्षाई रहेको हुन्छ। उनको ज्योतिर्मय चरित्र समस्त नारी मात्रको लागि प्रेरणाको स्रोत हो।

सन्दर्भ ग्रन्थहरू

१. तुल्सीकृत रामायण– तुल्सीदास (हिन्दी रूपान्तरित)
२. वाल्मीकि रामायण– वाल्मीकि (" ")
३. श्री कृष्णचरितामृतम्– कृष्णप्रसाद घिमिरे
४. भानुभक्तीय रामायण– भानुभक्त आचार्य
५. श्री कृष्ण चरित्र– शिखरनाथ सुवेदी
६. देवी भागवत " "
७. नारी धर्म– पुरुष धर्म–खप्तड बाबा
८. संस्कृत साहित्य की इतिहास– बलदेव उपाध्याय
९. सती ग्रन्थ– अरूण वस्ती
१०. महाभारत
११. राधा उपनिषद
१२. सुत्र सागर

पत्र पत्रिका

१. कल्याण २. सरिता
३. कादम्बिनी ४. नवनीत
५. मुक्ता ६. रूपरेखा
७. रत्नश्री

Books On

Anthropology and Sociology

1. BIKAS–BINAS Development Destruction	Dixit/Ludmilla	150.00
2. The Customs and Manners of Nepal	Lall, K	30.00
3. Essays on the Ethnology of Nepal and South Asia Volume I	Macdonald, A W	125.00
4. Essays on The Ethnology of Nepal and South Asia Volume 2	Macdonald, A W	200.00
5. TheKulunge Rai:A Study in Kinship and Marriage Exchange	MCdougal, C	90.00
6. People of Nepal	Bista, D B	250.00
7. Population and Family Planning in Nepal	Tuladhar	35.00
8. Saints and Householders:A Study of Hindu Ritual and Myth Among the Kengra Rajputs	Campbell, G	75.00
9. Tinglatar:Socio–Econmic Relationship of a Brahmin Village in Eastern Nepal	Prindle, P H	125.00

Available at

RATNA Book Distributions (P) Ltd,
Bagbazar, Kathmannu, Nepal
Phone 223026

२१८

1598

for that magic sparkle.....
Brighter®
TOOTH PASTE
TOOTH BRUSH

लेखिकाका कृतिहरू पढ्नुहोस्

१. जलन (कविता संग्रह, २०३७)
२. बाँच्ने रहर (कविता संग्रह २०३९)
३. मातृ-व्यथा (कविता संग्रह, २०४१)
४. इन्दु (खण्ड काव्य,२०४२)
५. तिरस्कृत आत्मा (खण्डकाव्य, २०४३)
६. साहित्यिक फुलवारीका फूलहरू (समालोचना,२०३७)
७. चार नारी हस्तक्षर (समालोचना, २०४२)
८. कार्यशील महिलाको भूमिका (निबन्ध संग्रह)
९. नेपाल भारतका केही नारी प्रतिभा (नारी परिचय, २०४४)
१०. अञ्जु (सामाजिक खण्ड काव्य, २०४६)
११. पौराणिक नारी परिचय, २०४८

मुद्रक:— मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौं।